## सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारा



चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

chautaramun@gmail.com chautaramun.gov.np 011-620313, 477

चौतारा साँगाचोकगढी नगरपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना

"चौतारा साँगाचोकगढी सम्बृद्धिको आधार
शिक्षा, कृषि, पर्यटन र पूर्वाधार"

# चौतारा साँगाचोकगढी नगरपालिकाको

१४ औं नगर सभाबाट स्वीकृत

# प्रथम पञ्चवर्षीय आवधिक योजना



## आर्थिक वर्ष २०८०/८१ देखि २०८४/०८५ सम्म

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

# विषय-सूची


| विवरण | पेज नं. |
|---|---|
| शब्द संक्षेप | ३ |
| परिच्छेद - १: परिचय | ४ |
| १.१ पृष्ठभूमि | ४ |
| १.२ प्रथम पञ्चवर्षिय योजनाको उद्देश्य | ५ |
| १.३ प्रथम पञ्चवर्षिय योजना तर्जुमा प्रक्रिया | ५ |
| १. ३.१ प्रथम पञ्चवर्षिय योजना तर्जुमाका प्रक्रिया | ५ |
| १. ३.२ योजना तर्जुमा कार्यशाला | ६ |
| प्रथम पञ्चवर्षिय योजनाको दस्तावेज तयारी | ८ |
| परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धीको समीक्षा | ९ |
| २.१ नगरपालिकाको परिचय | ९ |
| २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना | ९ |
| २.२ आर्थिक विकास अवस्था | ११ |
| २.३ सामाजिक विकासको अवस्था | १३ |
| २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था | १४ |
| २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था | १७ |
| २.६ सुशासन तथा संस्थागत व्यवस्था | १९ |
| परिच्छेद ३: दीर्घकालीन सोच तथा विकासको अवधारणा | २१ |
| ३.१ पृष्ठभूमि | २१ |
| ३.२ प्रमुख समस्या तथा चुनौती | २२ |
| ३.३ प्रमुख सम्भावना तथा अवसर | २४ |
| ३.४ निर्देशक सिद्धान्त | २४ |
| ३.५ सोच, लक्ष्य तथा उद्देश्य | २६ |
| ३.६ परिमाणात्मक लक्ष्य | २९ |
| ३.७ लगानी, स्रोत अनुमान र बाँडफाँट | ३१ |
| ३.८ दीगो विकासका लक्ष्यहरूसँग प्रथम पञ्चवर्षिय योजनाको तादात्म्यता | ३१ |
| ३. ९ प्रथम पञ्चवर्षिय योजनाको लक्ष्य | ३२ |
| ३. १० प्रथम पञ्चवर्षिय योजनाका प्राथमिकताका क्षेत्रहरू | ३२ |
| ३.११ अपेक्षित उपलब्धी | ३३ |
| परिच्छेद - ४ : आर्थिक क्षेत्र | ३४ |
| ४.१ कृषि तथा पशुपंक्षी विकास | ३५ |
| ४.२ सिंचाई विकास | ४४ |
| ४.३ पर्यटन, सँस्कृति तथा सम्पदा | ४७ |

४.४ उद्योग, वैंकिङ्ग र सहकारी व्यवसाय ....................................................................................................५१

परिच्छेद - ५ : सामाजिक विकास.................................................................................................................. ५६
५.१ शिक्षा....................................................................................................................................................५७

५.२ स्वास्थ्य सेवा .......................................................................................................................................... ६४

५.३ खानेपानी तथा सरसफाई........................................................................................................................ ६९

५.४ महिला, बालबालिका तथा जेष्ठ नागरिक .................................................................................................. ७३

५.५ आदिवासी, जनजाति, दलित, उत्पीडित वर्ग उत्थान ...................................................................................... ७८

५.६ युवा तथा खेलकूद.....................................................................................................................................83

परिच्छेद - ६: भौतिक पूर्वाधार विकास...........................................................................................................८८

६.१ सडक तथा यातायात ...............................................................................................................................८८

६.२ संचार..................................................................................................................................................... ९३

६.३ विद्युत तथा उर्जा ..................................................................................................................................... ९६

६.४ भवन तथा बस्ती विकास ........................................................................................................................... ९९

परिच्छेद ७: वन, वातावरण संरक्षण एवं विपद व्यवस्थापन...........................................................................१०३
७.१ वन विकास तथा वातावरण संरक्षण ........................................................................................................ १०३

७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन........................................................................................................ १०७

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन...................................................................................................... १११

७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता...........................................................११५

परिच्छेद ८: संस्थागत विकास तथा सुशासन ..............................................................................................१२०
८.१ संथागत सुशासन तथा क्षमता विकास .......................................................................................................१२०

८.२ न्याय तथा कानून .................................................................................................................................... १२५

परिच्छेद ९: कार्यान्वयन व्यवस्था ...............................................................................................................१२६
९.१ पृष्ठभूमि .................................................................................................................................................१२६

९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना ...........................................................................................१२६

९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट...........................................................................................................१२६

९.४ स्रोत अनुमान तथा प्रक्षेपण ......................................................................................................................१२८

९.५ स्रोत परिचालन रणनीति ..........................................................................................................................१३१

९.६ प्रथम पञ्चवर्षिय योजना कार्यान्वयन..........................................................................................................१३२

९.७ अनुगमन तथा मूल्याङ्कन .........................................................................................................................१३२

अनुसूची तालिका......................................................................................................................................... १३५
अनुसूची - १: समस्या विश्लेषण तालिका...................................................................................................... १३५

अनुसूची - २: सम्भावना विश्लेषण तालिका...................................................................................................१५१

# शब्द संक्षेप

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| के.जि. | : | किलोग्राम |
| कि.मी | : | किलो मिटर |
| क्वि. | : | क्विन्टल |
| न.वि.स | : | नगर विकास समिति |
| न.पा. | : | नगरपालिका |
| गै.स.स. | : | गैर सरकारी संस्था |
| जि.स.स. | : | जिल्ला समन्वय समिति |
| जि.प्र.का. | : | जिल्ला प्रशासन कार्यालय |
| जि.प्रा.का. | : | जिल्ला प्राविधिक कार्यालय |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| प्रा.लि. | : | प्राईभेट लिमिटेड |
| रा.यो.आ. | : | राष्ट्रिय योजना आयोग |
| स.डि.का. | : | सहकारी डिभिजन कार्यालय |
| हे. | : | हेक्टर |
| ART | : | Antiretroviral Therapy |
| CBO | : | Community Based Organisation |
| CPR | : | Contraceptive Prevalence Rate |
| DACC | : | District AIDS Coordination Committee |
| DPHO | : | Distract Public *Health* Office |
| D-WASH | : | District Water Sanitation and Hygiene |
| EIA | : | Environmental Impact Assessment |
| GER | : | Gross Enrolment Ratio |
| HCT | | HIV/AIDS Counseling and Testing |
| HMIS | : | Health Management Information System |
| HP | : | Health Post |
| IEE | : | Initial Environmental Examination |
| LDRMP | : | Local Disaster Reduction Master Plan |
| M-WASH | : | Municipality Water Sanitation and Hygiene |
| NDHS | : | Nepal Demographic and Health Survey |
| NER | : | Net Enrolment Ratio |
| NGO | : | Non-Government Organization |
| ODF | : | Open Defecation Free |
| OVOP | : | One Village One Products |
| PHC | : | Primary Health Care |
| SDIC | : | Support for Development Initiative Consultancy |
| SHP | : | Sub Health Post |
| 3G | : | Third Generation |
| WASH | : | Water Sanitation and Hygiene |

# परिच्छेद - १: परिचय

## १.१ पृष्ठभूमि

नेपालमा संघीयताको स्थापना र कार्यान्वयन पश्चात स्थानीय तहहरूलाई समावेशी र विकास तथा शासन प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्ने प्रयासहरूको सुरूवात भईसकेकोछ । यसबाट जनताले प्राप्त गर्ने सेवा सुविधाहरू छिटो, छरितो र प्रभावकारी भई स्थानीय तहमा सुशासन, विकास तथा समृद्धिको राष्ट्रिय लक्ष्य समेत पूरा हुने अपेक्षा समेत गर्न सकिन्छ । स्थानीय तहहरूको विकास-निर्माण कार्य स्थानीय जनता मार्फत होस् र विकासको प्रतिफल पनि तिनै स्थानीय जनताहरूले सजिलै उपभोग गर्न पाउन भन्ने संघ तथा प्रदेश सरकार र स्थानीय नागरिकको समेत चाहना भएको हुँदा हाल स्थानीय सरकारहरूलाई तिनै किसिमको (व्यवस्थापकीय, कार्यपालिका तथा न्यायिक) शासकीय अधिकारहरू प्रदान गरिएको छ । यस्तो गहन भूमिका र जिम्मेवारी वहन गर्ने क्रममा स्थानीय तहका लागि स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिहरूको ठूलो भूमिका रहेको हुन्छ, जस्ले स्थानीय तहका लागि संविधानले दिएका एकल तथा साझा अधिकारहरूसँग सम्वद्ध सेवा प्रवाहलाई जनताको घरदैलोमा पुर्याउन विद्यमान प्रशासनिक संरचनालाई चुस्तदुरूस्त बनाई कार्यान्वयनमा ल्याउन सक्छन ।

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ ले स्थानीय तहहरूको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था गरेको छ । ऐनको दफा २३ मा स्थानीय तहहरूले आफ्ना योजना आँफै बनाई कार्यान्वयन गर्ने व्यवस्था भएको पाईन्छ । सोहि ऐनको उपदफा (१) मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्न सक्नेछ भन्ने रहेकोछ । यसरी उपदफा (१) बमोजिम योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ । उपरोक्त कानूनी महत्वका आधारमा चौतारा साँगाचोकगढी नगरपालिकाले आगामि ५ वर्षका लागि (आ.व. २०८०/०८१-२०८४/०८५) पञ्चवर्षिय नगर विकास योजना तर्जुमा गर्न गईरहेको छ । यसैको आधारमा चौतारा साँगाचोकगढी नगरपालिकाले वार्षिक रूपमा योजना कार्यान्वयन गर्ने स्पष्ट मार्गदर्शन प्राप्त गर्न सक्छ, भने योजना अवधिको अन्तमा आएर के कति ठोस उपलब्धी हासिल भयो भन्ने कुराको बस्तुगत मूल्यांकन गर्न समेत सक्दछ । यसले, नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन तथा संस्थागत विकास क्षेत्रका साथसाथै नागरिकले प्राप्त गर्ने सेवा प्रवाहलाई सरल, सहज, प्रभावकारी र समावेशी बनाउन र स्रोत उपयोगको वास्तविक स्थिति चित्रण गर्न मदत पुर्याउंछ । तसर्थ, आवधिक नगर विकास योजनालाई समग्र रूपमा नगर विकासको मार्ग निर्देशको रूपमा समेत चित्रित गरिएको छ ।

यसरी तर्जुमा गर्न लागिएको प्रथम पञ्चवर्षिय योजनाको मूल उद्देश्य बिभिन्न विषय क्षेत्रगत आवश्यकताहरुको सम्बोधन गर्ने चौतारा साँगाचोकगढी नगरपालिकाको एकीकृत नगर विकास योजना तर्जुमा गर्नु हो । तथापि, यस योजनाका अन्य विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् । बदलिंदो राजनैतिक परिवेश र समावेशी विकासको मागलाई प्रभावकारी रूपमा सम्बोधन गर्ने नीतिहरू तर्जुमा गर्ने भन्ने रहेकोछ । नगरपालिकालाई निर्देशित गर्ने दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, विकासको प्राथमिकता, क्षेत्रगत विकास सम्बन्धी नतिजाहरू, सूचकहरू, सामुदायिक उत्थानशिलताका कार्यक्रमहरू पहिचान गर्ने तथा सोका लागि आवश्यक बजेटको पूर्वानुमान गर्ने र बहुक्षेत्रगत लगानीका क्रियाकलापहरूको खाका तयार गर्ने हो ।

## १.२ प्रथम पञ्चवर्षिय योजनाको उद्देश्य

प्रथम पञ्चवर्षिय योजनाको उद्देश्य चौतारा साँगाचोकगढी नगरपालिकाको एकीकृत नगर विकास योजना तर्जुमा गर्नु हो। तथापि, यस प्रथम पञ्चवर्षिय योजनाका अन्य विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- ☞ बदलिँदो राजनीतिक परिवेश र समावेशी विकासको मागलाई प्रभावकारी रुपमा सम्बोधन गर्ने नीतिहरु तर्जुमा गर्ने,
- ☞ नगरपालिकालाई निर्देशित गर्ने दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, विकासको प्राथमिकता, क्षेत्रगत विकास सम्वन्धी नतिजाहरू, सूचकहरू, तदनुसारका कार्यक्रमहरू पहिचान गर्ने तथा सोका लागि आवश्यक बजेटको पूर्वानुमान गर्ने र बहुक्षेत्रगत लगानीका क्रियाकलापहरूको खाका तयार गर्ने।

## १.३ प्रथम पञ्चवर्षिय योजना तर्जुमा प्रक्रिया

स्थानीय सरकार संचालन ऐनको दफा २४ को व्यवस्था अनुसार विषय विज्ञको सहयोगमा नगरपालिकाको विषयगत समितिहरूको बृहत छलफलबाट प्रथम पञ्चवर्षिय योजनाको मस्यौदा तयार पारी नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत गरिएको छ।

### १. ३.१ प्रथम पञ्चवर्षिय योजना तर्जुमाका प्रक्रिया

- ☞ कार्य विवरणमा उल्लेख स्थानीय सरकार संचालन ऐनको दफा २४ को व्यवस्था अनुसार विषय विज्ञको सहयोगमा नगरपालिकाको विषयगत समितिहरूको बृहत छलफलबाट प्रथम पञ्चवर्षिय योजनाको मस्यौदा तयार पारी नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत।
- ☞ वस्तुस्थिति र समस्या तथा सवालहरूको आधारमा लक्ष्य, उद्देश्य तथा नतिजाहरू कार्यनीतिको प्रतिपादन गरी विभिन्न विषयगत योजनाहरू तथा दीर्घकालीन भौतिक एवं सामाजिक विकास योजनाको तर्जुमा र कार्यक्रमहरूको प्रस्तावना।
- ☞ प्राविधिक, आर्थिक र संस्थागत पक्षलाई दृष्टिगत गरी योजनाहरू कार्यान्वयनको लागि वित्तीय विश्लेषण र लगानी योजना तयार।
- ☞ २०७२ सालको भूकम्प पछिको पुनर्लाभिका प्रगतिहरु, समस्याहरूबारे तथ्याङ्क र जानकारी सङ्कलन, विकासका समुदायहरूको प्राथमिकताहरू संकलन गर्न र विकासका प्रमुख सवालहरू बुझ्न १४ वडाहरूमा समूहगत छलफल।
- ☞ नगरपालिका सम्बन्धी विभिन्न पुस्तक, लेख, अनुसन्धानात्मक कृतिहरू, नगरपालिकाको वार्षिक प्रतिवेदन, वार्षिक कार्यक्रम, प्रथम पञ्चवर्षिय योजना तर्जुमा राष्ट्रिय अवधारणा, योजना मापदण्ड, भौतिक विकास योजना प्रतिवेदन आदि संकलन तथा अध्ययन।
- ☞ प्रथम पञ्चवर्षिय योजना तर्जुमा सम्बन्धी पहिलो गोष्ठीबाट निर्देशन भएका पाँचवटा विषयगत समितिहरू (आर्थिक विकास, सामाजिक विकास, भौतिक तथा पुर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन तथा संस्थागत विकास) गठन ।
- ☞ दीर्घकालीन सोचको बारे नगरपालिकाको सबै तहमा छलफल भई समयको परिवर्तन सँगै विकासका नया सिद्धान्त, सम्भावना र समस्याहरूलाई समेत सम्बोधन गर्ने उद्देश्यले दीर्घकालीन सोचको तर्जुमा गरी अगाडी बढ्ने सहमति।

☞ तर्कबद्ध प्रणालीमा आधारित विषयगत क्षेत्रका विकास योजनाहरू तथा बहुक्षेत्रगत लगानी कार्यक्रम मस्यौदा सम्बन्धित उप-समितिहरू र निर्देशन समितिमा प्रस्तुतीकरण तथा सुझावहरू संकलन।

☞ सहभागितात्मक अन्तिम कार्यशाला गोष्ठीमा प्रथम पञ्चवर्षिय योजनाको मस्यौदा प्रस्तुतीकरण, सुझाव संकलन  र प्रथम पञ्चवर्षिय योजनाको अन्तिम मस्यौदा तयारी।

☞ यस योजनालाई नगरपालिकाको विकासको समग्र पक्षहरूलाई समेट्दै अन्य सबै खालका योजनालाई दिशानिर्देश गर्ने हिसाबमा तर्जुमा गरिएको।

☞ स्थानीय तह सञ्चालन सम्बन्धी संघीय कानून स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकाले योजना बनाउँदा प्राथमिकता दिनु पर्ने विषयहरूका अतिरिक्त विकासका कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह तथा अन्य नगरपालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरू समेत तोकेको छ। यो योजना तर्जुमा गर्दा उपरोक्त विषयहरूलाई समेत मध्यनजर गरिएको छ।

☞ प्रथम पञ्चवर्षिय योजनाको मस्यौदा उपर विषयगत समितिहरु, नगर कार्यपालिकामा छलफल र स्वीकृतीका लागि नगर सभा समक्ष सिफारिस।

☞ नगर सभाबाट प्रथम पञ्चवर्षिय योजनाको स्वीकृती।

## १. ३.२ योजना तर्जुमा कार्यशाला

## पूर्व तयारी छलफल एवम् सहमति निर्माण

प्रथम पञ्चवर्षिय योजनाका तयारी प्रक्रियालाई व्यवस्थित र प्रभावकारी रुपमा संचालनका लागि मार्गनिर्देशन गर्ने उद्देश्यले २०७८ पौष २१ गते नगरपालिका र परामर्शदाताहरूका वीचमा पहिलो बैठक गरी प्रथम पञ्चवर्षिय योजना तर्जुमाका सम्बन्धमा ब्यापक छलफल गरिएको थियो। उक्त कार्यक्रममा योजना तर्जुमाका प्रस्तावित विधि र प्रक्रिया, संलग्न जनशक्ति तथा प्रस्तावित समय सीमाका बारेमा जानकारी गराइएको थियो। यस कार्यक्रममा नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, सदस्यहरू, नगरपालिकाका कर्मचारीहरू लगायतको  उपस्थिति रहेको थियो। उपरोक्त छलफल पश्चात् योजना तर्जुमाका बिभिन्न चरणहरूमा प्रवेश गर्ने सहमति बनाईएको थियो। सोहि अनुरूप प्रारम्भिक तथा द्वितीय श्रोतबाट सूचकहरू सम्बन्धी तथ्याकं संकलनको काम प्रारम्भ गर्ने निर्णय गरियो।

## आधार रेखा सूचना संकलन तथा वस्तुस्थिति विश्लेषण

योजना तर्जुमाको लागि आवश्यक नगरपालिकाको भौगोलिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्थाको सूचनाहरू संकलन गर्ने र ती सूचनाहरूलाई विषयगत क्षेत्रका आधारमा सूचकहरू निर्माण गरी आ.व. २०७९/०८० लाई आधार बर्ष मानी आधार रेखा  तथ्याकंहरू  संकलन गरियो। यसका लागि परामर्शदाता संस्थाका तथ्याकं विज्ञहरूबाट तथ्याकं संकलन र बिश्लेषण गरियो। यसरी प्राप्त गरिएको आधाररेखा सूचनालाई चौतारा सांगाचोकगढी नगरपालिकाका सवै शाखाहरूसंगको आवश्यक समन्वयमा रुजु गरी विभिन्न क्षेत्रका सूचकहरूको आधार रेखा तयार पारिपको थियो। यसरी तयार पारिएको तथ्याङ्कलाई बिषयगत योजना तर्जुमा कार्यशालाबाट ५ बर्षको लक्ष तय गरियो।

**वडास्तरीय कार्यशाला**

प्रथम पञ्चवर्षिय योजना तर्जुमाको लागि आवश्यक योजनाहरूको संकलन, सोको लागि आवश्यक बजेट र कार्यान्वयन गर्ने निकायहरूको तथ्याकं संकलन र विश्लेषण समेत नगरपालिकाका सवै वडाहरूमा गरियो । यसका अलावा वडास्तरका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिहरूको विश्लेषण गरियो । यसका अलावा नगरपालिकाका लागि ५ बर्षमा गरिने कार्यक्रम तथा बजेटको पहिचान तथा विश्लेषण गरियो ।

**समुहगत छलफल**

यस आवधिक विकास योजनाको दीर्घकालीन दृष्टिकोण, रणनीति र उद्देश्यहरूलाई मार्गदर्शन गर्न २०७२ को भूकम्प पछिका पुनर्लाभिका प्रगति र मुद्दाहरूबारे तथ्याङ्क र जानकारी सङ्कलन गरिएको थियो । सबै १४ वडाहरूमा समूहगत छलफलहरू (FGDs) विकासका समुदायहरूको प्राथमिकताको लागि भेला गर्न र विकास मुद्दाहरू बुझ्नको लागि सञ्चालन गरिएको थियो ।

**अन्तरक्रिया तथा राय संकलन कार्यक्रम**

योजना प्रक्रिया र मूलप्रवाहमा DRR, ADP र PDP मा उत्थानशिलता र पुनर्लाभिका प्राथमिकताहरू सम्बन्धी यस आवधिक विकास योजना तर्जुमाको प्रारम्भिक चरणमा संलग्न कार्यकारी समितिका सदस्यहरूलाई एक अभिमुखीकरण कार्यक्रम जाइकाको प्राविधिक सहयोगमा आयोजना गरिएको थियो । यो अभिमुख॥चौतारा साँगाचोकगढी नगरपालिकाको नेतृत्वमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रिकभरी प्लानिङ प्लानिङ तथा वित्तीय योजना विज्ञहरुले सो कार्यक्रमलाई सहजीकरण गरेका थिए ।

**दीर्घकालीन सोच कार्यशाला**

संकलित तथ्यांकहरूमा आधारित रही वस्तुगत विवरणको प्रारम्भिक खाका तयार गरिसकेपछि विषयगत योजना तर्जुमा कार्यशाला संचालन गरी ५ वटा विषयगत क्षेत्रहरूको दीर्घकालीन सोच र सोको आधारमा नगरपालिकाले विगतमा तयार पारेको दीर्घकालीन सोचलाई परिमार्जन गरी परिबर्तित अवस्थामा नया दीर्घकालीन सोच निर्माण गरियो । उपरोक्त कार्यशालामा नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, सदस्यहरूलगायत कूल ४० जनाको उपस्थिति रहेको थियो । उपरोक्त गोष्ठीमा सर्वप्रथम नगरपालिका वस्तुस्थिति विवरणको सारांश प्रस्तुत गरी सहभागीबाट आवश्यक सल्लाह सुझाव संकलन गरियो । दीर्घकालीन सोच तर्जुमा गर्ने दौरानको सुरूमा प्रथम पञ्चवर्षिय योजना अवधारणा, दीर्घकालीन सोचको स्थान, महत्व र आवश्यकता तथा यसका चरित्र लगायतका विषयमा सहभागीलाई प्रष्ट पारीयो । तत्पश्चात सहभागी सबैलाई आफूले देख्न चाहेको नगरपालिकाको आदर्श अवस्थाका बारेमा लेख्न लगाइयो । यसपश्चात् सबै सहभागीलाई पाँचवटा समूहमा विभाजन गरी सहभागीबाट आएको आदर्श अवस्थालाई सुधार गरी प्रस्तुत गर्न लगाइयो ।

**विषय क्षेत्रगत कार्यशालाहरू**

नगरपालिकाको समस्या तथा सम्भावनाको विश्लेषण गरी नगरपालिकाको समग्र विकासका लागि समस्या तथा सम्भावनाबाट प्राप्त हुन सक्ने प्रतिफलहरूको बारेमा छलफल गरियो । समष्टिगत रूपमा नगरपालिकाको सम्भावना तथा समस्याको समाधानका उपायहरू खोजी तिनको बारेमा छलफल गरी कार्यक्रम तथा तिनका सूचकहरू समेत बनाउने काम भयो ।

उपरोक्त कार्यशालामा प्रथम पञ्चवर्षिय योजना तर्जुमाका लागि विकासका समग्र विषय क्षेत्र समेट्ने गरी विभिन्न पाँच विषयगत समितिहरू आर्थिक विकास समिति; सामाजिक विकास समिति; भौतिक पूर्वाधार विकास

समिति; वन, वातावरण तथा विपद् व्यवस्थापन समिति, र संस्थागत विकास तथा सुशासन समिति गठन गरियो। चौतारा साँगाचोकगढी नगरपालिकामा दोहोरिने विपदबाट विकासलाई जोगाउन विपद् जोखिम न्यूनीकरण र सामुदायिक उत्थानशिलता निर्माण गर्ने काम एक्लो क्षेत्र नभई अन्य सबै क्षेत्रमा मूलप्रवाहमा ल्याउनुपर्ने विषयमा समितिले छलफल गरेको छ।

प्रथम पञ्चवर्षिय योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण नगरपालिकाका सरोकारवालाहरूसँग सहभागितामूलक छलफलबाट गरिएको थियो। नगरपालिकाको आधार रेखा सूचना तथा कार्यशाला गोष्ठीका सहभागीहरूसँगको छलफलबाट प्राप्त भएका सम्भावना र समस्या समाधानका उपायहरूका बारेमा लिपिबद्ध गरियो। नगरपालिकाको नेतृत्वमा यसका सरोकारवालाहरुको अर्थपूर्ण सहभागितामा विषयगत प्रमुखहरूको सहभागिता भएको उक्त कार्यक्रमलाई सम्बन्धित क्षेत्रका विषय विज्ञको सहजीकरणमा सञ्चालन गरियो। यस कार्यक्रममा नगर विकासको लक्ष्य, उद्देश्य, नीति, निर्देशक सिद्धान्त निर्धारण सहित आधाररेखा सूचना सहितको नतिजा खाकामा ढाल्ने कार्य गरियो। नगरपालिकाको दिर्घकालीन सोच, लक्ष्य, उद्देश्य, नीति, निर्देशक सिद्धान्तसँग मेल खाने गरी ५ वर्षे कार्यान्वयन योजना निर्माणका लागि ५ वटा विषयगत समूहमा छलफल गरी प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूमा व्यापक रूपमा छलफल गरी निष्कर्षलाई प्रस्तुत गरी सुझाव संकलन गरियो। यसरी संकलन गरिएको योजना तथा आधाररेखा सूचनालाई नगरपालिकाको वस्तुस्थिति विवरणसँग रूजु गरी विभिन्न क्षेत्रको आधार रेखा सूचनासँग दाँजेर पुनर्लाभ र सामुदायिक उतथानशिलताको समेत विश्लेषण गरियो। यस अवसरमा नगरपालिकाको सबल पक्ष, कमजोर पक्ष, अवसर चुनौति तथा समस्या समाधान गर्ने रणनीति तथा कार्यनीतिहरू तय गरियो। यसका साथै प्रथम पञ्चवर्षिय योजनाको ५ वर्षे योजना कार्यान्वयनका लागि अनुमानित बजेट, कार्यान्वयन वर्ष तथा आयोजना सञ्चालन हुने स्थान सहितको प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको पहिचान गरियो।

**प्रथम पञ्चवर्षिय योजनाको दस्तावेज तयारी**

यस गोष्ठीमा नगरपालिकाका समष्टिगत लक्ष्य प्राप्त गर्न यसको वर्तमान आर्थिक तथा मानवीय स्रोत साधनलाई आधार मानी सरोकारवालाहरूका प्रत्यक्ष सहभागितामा स्थानीय तहको अधिकार क्षेत्रका सबै विषय समावेश गरिएको ५ बर्षे प्रथम पञ्चवर्षिय योजनाको दस्तावेज लेखन कार्य गरियो।

# परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धीको समीक्षा

## २.१ नगरपालिकाको परिचय

चौतारा साँगाचोकगढी नगरपालिका वागमति प्रदेश अन्तर्गत सिन्धुपाल्चोक जिल्लामा पर्दछ। १६५.२५ वर्ग.कि.मि. क्षेत्रफल रहेको यस नगरपालिकाको पूर्वमा सुनकोशी र बलेफी गाउँपालिका, पश्चिममा इन्द्रावती गाउँपालिका, उत्तरमा जुगल गाउँपालिका र दक्षिणमा काभ्रेपलाञ्चोक जिल्ला पर्दछ। चौतारा साँगाचोकगढी नगरपालिकालाई मिति २०७३ फागुन २२ गते साविकको चौतारा नगरपालिका, स्याउले, बतासे, ईर्खु, कदमबास, साँगाचोक र ठूलोसिरुवारी गा.वि.स. समावेश गरी जम्मा १४ वडा कायम गरिएको छ। सिन्धुपाल्चोक जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरूमा विकासको राम्रो सम्भावना बोकेको नगरपालिकाको रुपमा चौतारा साँगाचोकगढी नगरपालिका रहेको छ। यसका अतिरिक्त यहाँका सचेत राजनीतिक दल र उत्प्रेरित नगरवासी समेत यो नगरपालिकाका उत्थानशील अनि दिगो विकासको मानव श्रोतका रुपमा रहेका छन्।

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

चौतारा साँगाचोकगढी नगरपालिका हालको नयाँ संरचना अनुसार वागमति प्रदेश अन्तर्गत रहेको पहाडी जिल्ला सिन्धुपाल्चोकमा पर्दछ। यो नगरपालिका समुद्री सतहबाट ६२० मिटर उचाइदेखि २५०० मिटरसम्मको उँचाईमा फैलिएर रहेको छ। यो नगरपालिकाको भू-आकृति तथा माटोको बनोट मुख्यतया तीन भागमा विभाजन भएको देखिन्छ जुन निम्नअनुसार छन्।

***(क) लेकाली भाग (२१३४ मि.भन्दा माथि)***

२१३४ मि.भन्दा माथिको भागलाई लेकाली भागमा विभाजित गरिएको छ। यो भाग सामान्यतया २१३४ मिटरभन्दा अग्लो, हिउदमा निकै जाडो हुने हिंउ पर्ने तथा ग्रेनाईट ढुङ्गा, दर्शन ढुङ्गा आदि प्रशस्त पाईने गर्दछ। अन्न उत्पादनपनि कम हुने यस क्षेत्रमा पशुपालनमा भेंडा, वाख्रा, चौंरी आदि पाल्ने गरिन्छ। अन्नमा आलु, मकै, जौ, फापर, कोदो मात्र उत्पादन हुने यस क्षेत्रमा सल्लो गुरास, धुपी, खर्सु  बाँझ आदि विरुवा पाईन्छन्।

***(ख) पहाडी भाग (९१६-२१३४ मि.)***

१०६१ मिटर उचाइदेखि २१३४ मिटरसम्मको भाग पर्ने स्थान पहाडी भागमा पर्दछ। स्वस्थ्यकर हावापानी समेत भएको यस भेगमा पाखो बारीमा समेत राम्रो खेती हुन्छ, जहाँ मकै, गहुँ, धान, कोदो, आलु उत्पादन गरिन्छ। यस भेगको जंगलमा कटुस, चाँप, ओखर, चिउरी, पीपल, टिमुर, चिलाउने, साल आदिका रुख पाईन्छन्। यस क्षेत्रमा सवै किसिमका जातजातिका वसोवास रहेको पाईन्छ।

***(ग) बेशी क्षेत्र (६२०-९१५ मि.)***

तराई तथा भित्री मधेशको समेत हावापानी पाउने यस भेगमा समथर खेतबारी रहेकोले राम्रो खेती हुन्छ। घनाबस्ती समेत रहेको यस क्षेत्रमा व्यापारिक कृयाकलाप फस्टाउनुको साथै साना घरेलु उद्योगहरू समेत रहेको छन् । साल, साझ, शिरिस, वैदार, बाँस, निगालो, चिउरी आदिका रुखहरू पाइन्छन्। धान, मकै, गहुँ, तोरीको खेती गरिन्छ। यस क्षेत्रमा गर्मीमा बढी गर्मी र हिउँदमा न्यानो हावापानी कायम हुन्छ।

### २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

चौतारा साँगाचोकगढी नगरपालिकाको कूल क्षेत्रफल १६५.८६ वर्ग कि.मि. मध्य विद्यमान भू-उपयोग हेर्दा नगरका ६०.८८% (१००.६१ वर्ग कि.मि.) जग्गा खेतियोग्य जमिनको रुपमा रहेको छ भने २१.०२% (३४.७४ वर्ग कि.मि.) वनले ओगटेको छ। नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित

यस नगरपालिका खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ । त्यस्तै, नगरपालिकामा जल क्षेत्रले ०.३८% (०.६२१ वर्ग कि.मी ) भूभाग ओगटेको छ । झाडीले १३.०१% (२१.४९ वर्ग कि.मि), घाँसले ३.५१% ( ५.८० वर्ग कि.मि.), बालुवाले १.१८% (१.९५ वर्ग कि.मि.) र अन्यले ०.०२% (०.६५ वर्ग कि.मि.) ओगटेको छ । नगरमा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरबासीहरूको आर्थिक अवस्था वृद्धि गर्न र वातावरणमा प्रतिकूल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरू अवलम्बन गर्न सकिन्छ । प्राकृतिक सम्पदा माथि भुकम्प, बाढी, पहिरो, जलवायु परिवर्तन आदिको प्रभाव पर्ने गरेको विगतका घटनाहरुले पुष्टि गर्दछ । यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भू-उपयोगको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका २.१: भू-उपयोगको विवरण**

| क्र.स. | भूउपयोग | क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|
| १. | खेतियोग्य जमिन | १००.६१ | ६०.६६ |
| २. | वन क्षेत्र | ३४.७४ | २०.९५ |
| ३. | घाँसे क्षेत्र | ५.८ | ३.५० |
| ४. | झाडी | २१.४९ | १२.९६ |
| ५. | जलिय क्षेत्र | ०.६२१ | ०.३७ |
| ६. | वालुवा | १.९५ | १.१८ |
| ७. | बस्ती तथा आवास | ० | ०.०० |
| ८. | अन्य | ०.६५ | ०.३९ |
| | जम्मा | १६५.८६१ | १००.०० |

स्रोत: चौतारा साँगाचोकगढी नगरपालिका वास पार्श्वचित्र, २०७५

### २.१.३ जनसांख्यिक अवस्था

घरधुरी तथ्याङ्क सर्वेक्षण, २०७८ अनुसार सिन्धुपाल्चोक जिल्लाको कुल जनसंख्या २६२८५२ मध्ये यस १६.३४% जनसंख्या यस नगरपालिकामा रहेको देखिन्छ । जस अनुसार ११५९० परिवार संख्यामा कूल ४२६६८ जनसंख्या रहेको छ । यस मध्ये महिला २२६०१ र पूरूष २००६७ रहेको देखिन्छ । यस्तै, नगरपालिकामा विभिन्न धर्म मान्ने जातजातिहरूको बसोबास रहेको छ । जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धैरे २३.२९% तामाङ, दोस्रोमा १८.७६% क्षेत्री, तेस्रोमा नेवार १८.२३%, चौथो र पाँचौमा क्रमश: पहाडी ब्राह्मण ११.३०% र सन्यासी/दशनामी ९.३४% रहेका छन् । त्यसैगरी माझी, कामी, मगर, दमाई, ढोली र अन्य जातजातिहरूको पनि बसोबास रहेको छ । चौतारा साँगाचोकगढी नगरपालिका कूल १६५.२५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको १४ वडाहरू रहेका छन । तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरूमा पुरुषको जनसंख्या भने कम अर्थात ८४ जना देखिन्छ । अर्कोतर्फ प्रतिवर्ग किलोमिटर क्षेत्रफलमा ३१० जनाको दरमा जनघनत्व रहेको देखिन्छ । अर्थात् नगरपालिकाको कूल क्षेत्रफलले कूल जनसंख्यालाई भाग गर्दा प्रतिवर्ग किलोमिटर क्षेत्रफलमा ३१० जनसंख्या पर्न आउँछ । क्षेत्रफलको हिसाबले वडा नं. १ सबै भन्दा बढी क्षेत्रफल भएको वडा हो भने जनसंख्याको हिसाबले वडा नं. ५ सबैभन्दा बढी जनसंख्या भएको वडा हो भने वडा नं. १४ मा सबैभन्दा कम घरपरिवार र कम जनघनत्व देखिन्छ । यस तथ्याङ्कलाई विश्लेषण गर्दा दुई पक्षहरू स्पष्ट देख्न सकिन्छ । पहिलो जनघनत्व दोस्रो लैङ्गिक अनुपात । जनघनत्वको हिसाबले

वडा नं. ५ सबैभन्दा बढी जनघनत्व भएको वडा हुनुका पछाडि अन्य वडाहरूको तुलनामा वडा नं. ५ मा रहेका विभिन्न मानवीय सुविधाहरू शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सुरक्षा, व्यापार आदिको सघनता हो । तसर्थ योजना निर्माणमा जनघनत्व र त्यसलाई प्रत्यक्ष प्रभाव पार्ने तत्वहरूको अध्ययन गर्नु अर्थात जनसंख्या वितरणलाई क्षेत्रगत, पिछडिएको बर्ग र जातिगत हिसाबले सन्तुलनमा राख्न मानवीय सुविधाहरूमा केन्द्रित हुनुपर्दछ । अर्कोतर्फ पुरुषको तुलनामा महिलाको जनसंख्या बढी हुनुसमेत जनसांख्यिक विश्लेषणको महत्वपूर्ण पाटो हो ।

## २.२ आर्थिक विकास अवस्था

यस नगर पालिकाका मुख्य आर्थिक क्रियाकलापहरूमा कृषि, व्यापार व्यवसाय, पर्यटन, नोकरी र विकल्पमा वैदेशिक रोजगार रहेको देखिन्छ ।

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

प्राकृतिक सम्पदाको हिसाबले यो नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटोको धनी हुनुको साथै जलाधार भएको नगरपालिका हो । नगरपालिकाको अर्थ व्यवसाय कृषि, उद्योग, व्यापार, पर्यटन सेवामूलक व्यवसाय, नोकरी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ । उपयुक्त हावापानी, माटोको बनोट भएकाले भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको क्षेत्रहरूमा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन । प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, मकै, गहुँ, कोदो, मास, आलु, मुसुरो, अरहर, तोरी आदि हुन् ।

समग्रमा, यस नगरपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफुल, उखु, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छन भने जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कृषि कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि गर्नुका साथै माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई नगरकै माछाले बजार लिने सम्भावना रहेको छ । तथापी आधुनिक कृषि प्रविधि, मल र औजारको अभाव, स्थानीय विपद्का कारण बढ्दै गएको असर र यसको अधिकतम लागत मूल्यका कारण यसको प्रयोगमा कमी आएको र कृषि उत्पादनमा अपेक्षा अनुसार वृद्धि हुन सकेको छैन ।

नगरपालिका क्षेत्रमा कृषि, लघु व्यवसाय, उद्योग, व्यापार, पोखरीहरूमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन् । चौतारा साँगाचोकगढी नगरपालिकाको क्षेत्र हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ । नगरपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेका छन् । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनुको साथै सोको अधिकतम लागत मूल्यले गर्दा सोको प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन । नगरपालिकामा रहेको उर्वर भूमिको उच्चतम वैज्ञानिक रूपमा सदुपयोग हुन सकिरहेको छैन भने अर्कोतर्फ माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ । जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि गर्दै आत्मनिर्भरता तर्फ अघि बढ्नु पर्ने आवश्यकता देखिन्छ ।

### २.२.२ पर्यटन तथा सँस्कृति

पर्यटन तर्फ चौतारा-पाँचपोखरी सडक निर्माण गरी दारेगौडावाट प्याराग्लाइडिङ सञ्चालनको सम्भाव्यता अध्ययन र कार्यन्वयनमा जोड दिनु आबश्यक छ । गौरती, भिमेश्वर, हर्लङ वर्लङ, साँगाचोकगढी, भदौरे गणेश, रानीपोखरी, ओखरेनी, पात्लेपानी, सुनकोशी, इन्द्रावतीका तिरहरु आदि स्थानहरुको संरक्षण गर्दै पूर्वाधार विकासबाट पर्यटकहरुलाइ आकर्षित गर्नुपर्ने देखिन्छ । चौतारा साँगाचोकगढीमा रहेका ऐतिहासिक सभ्यता र शासन प्रणालीवारे उचित स्थानमा संग्रहालय स्थापना गरी पर्यटन क्षेत्रको पहिचान गरि उपयुक्त ठाउमा होम स्टेको अवधारणालाइ मुर्तरुप दिन सकिन्छ । ओखरेनी क्षेत्रमा हाइ भ्यू टावर, आहाल डाँडामा जुलोजिकल पार्क, रानीपोखरीमा भ्यू टावर,जल्किनेमा भ्यू टावर, होम स्टे र पिकनिक स्पोर्ट निर्माण गर्नसकिने प्रशस्त संभावनहरू देखिन्छन् ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

आर्थिक विकास अन्तर्गत स-साना उद्योगहरु, सेवामूलक व्यवसाय, नोकरी, व्यापार, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन् । यसका अलावा, मील, फर्निचर उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशुपालन आदि यस नगरपालिकामा रहेका घरेलु उद्योग व्यवसायहरू हुन् ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

नगरपालिका तथा देशमै बेरोजगारी बढ्दै गइरहेको र देशमा रहेका सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस नगरपालिकाका इच्छुक युवाहरूलाई सीपमुलक तालिम प्रदान गरी नगरपालिकामा रोजगारी श्रृजना भएमा नगरपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठूलो योगदान पुर्‍याउने प्रशस्त सम्भावना देखिन्छ । नगरपालिकाको औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरूमा व्यापार, व्यवसाय, लघु उद्योग, नोकरीका साथै वैदेशिक रोजगारी हुन् । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश: आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ ।

नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले ग्रामीण पहुँच विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दूध चिस्यान केन्द्र, कोल्ड स्टोर, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ । स्थानीय बजारहरूमा नवप्रवर्तन, पहुँच र जडानको माध्यमबाट किसान समूहहरूलाई सशक्तिकरण गर्न सामुदायिक उत्थानशील परियोजनाहरू (CRPs) मार्फत रोजगारीका अवसरहरू सिर्जना गरी सम्पूर्ण नगरपालिकाको आय वृद्धि गर्ने ठूलो अवसर रहेकोछ । यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

स्वास्थ्य तर्फ सेवा दिने संस्थाको बिवरण हेर्दा चौतारा अस्पताल, बतासे स्वास्थ्य चौकी, कुविण्डे स्वास्थ्य चौकी,स्याउले स्वास्थ्य चौकी, पिपलडाँडा स्वास्थ्य चौकी,सानोसिरुवारी स्वास्थ्य चौकी, साँगाचोक स्वास्थ्य चौकी, इर्खु स्वास्थ्य चौकी, कदमवास स्वास्थ्य चौकी र ठूलोसिरुवारी स्वास्थ्य चौकी रहेका छन् ।

### २.३.२ शैक्षिक विकास

यस नगरपालिकामा कुल जनसङ्ख्याको ६३.२३ प्रतिशत व्यक्तिहरू साक्षर रहेको देखिन्छ, जसमध्ये पुरूषको साक्षरता दर ७२.०५ प्रतिशत छ भने महिलाको साक्षरता दर ५५.९२ प्रतिशत रहेको छ । शिक्षा नीति तथा कार्यक्रम अन्तर्गत कोभिड १९ महामारीको प्रभाव न्यूनीकरण र व्यवस्थापनलाई प्रभावकारी बनाउन ध्यान दिइएको छ । कोरोनाका कारण नियमित पठनपाठन हुन नसकेकाले वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरणका विविध आयामलाई प्रभावकारी ढंगले अवलम्बन र कार्यान्वयन गरिएको छ ।

### २.३.३ खानेपानी तथा सरसफाइ

यस नगरपालिकामा रहेका ११५९० घरपरिवारहरू मध्ये धारा-पाइप मार्फत आपूर्ति गरिएको पानी पिउनेको संख्या १३,२५१ अर्थात ९१.०१ प्रतिशत भएकाले सामान्यतया धेरैजसो घरपरिवारले धारा-पाइपको पानी पिउने गर्दछन् भन्न सकिन्छ । यद्यपि दोस्रोमा ढुङ्गेधारा को पानी पिउने परिवारको संख्या ६२६ अर्थात ४.३० प्रतिशत रहेका छन् । अन्य श्रोत प्रयोग गर्नेको संख्या नगन्य रहेको छ । नगरपालिकामा रहेका कूल ११५९० घरपरिवारहरू मध्ये ७,६५२ अर्थात ५२.५६ प्रतिशत घर परिवारहरूमा १ देखि १५ मिनेट टाढाको श्रोतहरूबाट पिउने पानी ल्याउनुपर्ने देखिन्छ । दोस्रोमा ३,२७५ अर्थात् २२.४९ प्रतिशत घरपरिवारहरूमा पानीको श्रोत आफ्नै घर परिसर भित्र रहेको तथ्याङ्कले देखाउँछ । भने तेस्रोमा १,९५० अर्थात १३.३९ घरपरिवारहरू १६ देखि ३० मिनेट टाढाको श्रोतहरूबाट पिउने पानी ल्याउने गरेको देखिन्छ । साथै नगरपालिकामा ३० मिनेट देखि २ घण्टाभन्दा बढी टाढाको श्रोतहरूबाट समेत पिउने पानी ल्याउने घरपरिवार पनि रहेको देखिन्छ । अधिकांश परिवारको खानेपानी स्रोतमा राम्रो पहुँच भएता पनि नगरपालिकाका केही भागमा खासगरी २०७२ को भूकम्पबाट स्रोत र आपूर्ति प्रणाली प्रभावित भएका स्थानमा खानेपानीको समस्या रहेको तथ्याङ्कले देखाएको छ ।

नगरपालिकामा रहेका कूल घरपरिवारहरू मध्ये १०,६०४ अर्थात ७२.८३ प्रतिशतले फ्लस भएको (सेप्टीट्याङ्क) चर्पी, ३,३८६ अर्थात २३.२६ प्रतिशतले साधारण चर्पी, ३६० अर्थात २.४७ प्रतिशतले सार्वजनिक ढलयुक्त चर्पी, ४१ अर्थात ०.२८ प्रतिशतले सामुदायिक चर्पीको प्रयोग गरेको पाइयो । साधारण चर्पी प्रयोग गर्नेको संख्या करिब आधा हुनु र २३.२६ प्रतिशत घरपरिवारहरूले चर्पीको प्रयोग नै नगर्नुले व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यमा जोखिम बढी रहेको देखाउँछ ।

खानेपानी तथा सरसफाई तर्फ प्रत्येक टोलमा खानेपानी धारा निर्माण अभियान संचालन गरी खानेपानीको साथ साथै सरसफाई तथा पूर्ण सरसफाई कार्यक्रम संचालन गरिएको छ । खानेपानी आयोजनालाई दीगो र टिकाउ बनाउनको लागि समुदायलाई योजना हस्तान्तरण गरी समुदायबाट नै मर्मत सम्भारको व्यवस्था मिलाउँदै खानेपानी नपुगेका टोल र बस्ती हरूमा लिफ्टिङ तथा ग्राभिटि मार्फत खानेपानीको व्यवस्था गरिएको छ ।

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

वडागत जनसंख्याको महिला पुरुषको अनुपात विवरण समेत वडामा महिलाको जनसंख्या पुरुषको भन्दा बढी देखिन्छ । लैङ्गिक अनुपातलाई हेर्दा प्रति १०० जना महिलामा ८४ पुरुषको संख्या देखिन्छ ।

तत्कालीन चौतारा नगरपालिका सन् २०१४ मा नै बाल श्रम मुक्त क्षेत्र घोषणा गरिएको गरिएको थियो जसले गर्दा नगरपालिका र समग्र जिल्ला भरमै बालश्रम न्यूनीकरण हुँदै गएको थियो।

विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि  गरी आर्थिक गतिविधिहरूको माध्यमद्वारा रोजगारीको अवसर श्रृजना गर्ने, कृषि क्षेत्रको व्यवशायीकिकरण र आधुनिकीकरण गर्ने, सुशासन प्रबर्धन गरी सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म पुऱ्याउने योजना अघि बढेको छ।  भूकम्पपछिको पुननिर्माण, विपद् व्यवस्थापनमा भएका पहल लगायतका गतिविधिमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई यथोचित सम्बोधन गर्ने प्रयास गरिएको छ।

नगरपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ११९५७ अर्थात २३.२९ प्रतिशत तामाङ, दोस्रोमा ९६३५ अर्थात १८.७६ प्रतिशत क्षेत्री, तेस्रोमा नेवार १८.२३ प्रतिशत, चौथो र पाँचौमा क्रमश पहाडी ब्राह्मण ११.३० प्रतिशत र सन्यासी/दशनामी ९.३४ प्रतिशत रहेका छन्। त्यसैगरी माझी, कामी, मगर, दमाई/ढोली र अन्य जातजातिहरूको पनि बसोबास रहेको छ। यसरी जातीय हिसाबले विविधतायुक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ वसेको पाइन्छ। तामाङ, नेवार मगर जस्ता जनजातिहरूको तथा खस ब्राह्मण क्षेत्रीहरुको थातथलोको रुपमा समेत रहेको यो नगरपालिकामा तामाङ, नेवार मगर जस्ता जनजातिहरूको लगायत अन्य जातजातिको मौलिक संस्कृति, परम्परा, भाषा र रहनसहनलाई संरक्षण गरी उनीहरूको पहिचान कायम राख्ने कार्यक्रमहरूको निर्माण गर्नु आवश्यक छ।

### २.३.५ युवा, खेलकुद तथा कला

विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन्। यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरू रहेका छन् भने त्यस्तै क्रिस्चियन र इस्लाम धर्म मान्ने मानिसहरू पनि छन्। सबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन्। जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होली, चैते दशैं, साउने-माघे सङ्क्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोहश्राद्ध, छोनाम (न्वागी), कूल-थानी पूजा, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, प्रणय दिवस आदि चाडपर्वहरू रहेका छन्। यसैगरी चौतारा साँगाचोकगढी नगरपालिका सँस्कृति, कला, भाषाका दृष्टिकोणले धनी नगरपालिकाका रुपमा रहेको छ। नगरपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरूको बसोबास रहेको छ। आ-आफ्नो जाति तथा धार्मिक आस्था अनुरुप विभिन्न संस्कृति अवलम्बन गरेको देखिन्छ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

चौतारा साँगाचोकगढी नगरपालिकाको सडक सञ्जाल अरनिको राजमार्ग हुदै देशको राजधानी र अन्य क्षेत्रसँग जोडिएको छ। मध्य पहाडि राजमार्गले समेत यस नगरपालिकालाई छोएको हुनाले अरू सम्भावनाहरू बढेको देखिन्छ। नगरपालिकाको सबै वडाहरूमा सडक, विद्युत, संचार जस्ता सुविधाहरूको पहुँच क्रमश वद्धि भएको देखिन्छ। यसका अतिरिक्त अधिकांश क्षेत्रहरू क्रमश विकसित भैरहेका देखिन्छन्। नगरपालिकामा

अधिकांश भू-भागबाट नगरपालिकामा बसाइसराइको क्रम वृद्धि भइरहेको र नगरपालिकाका अन्य क्षेत्रहरूमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादिको समयमै विकास गर्नुपर्ने देखिन्छ । नगरबासीहरूलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरू, सम्बन्धित वडा मै स्थापना गरी सेवा प्रवाह गर्ने वडा समिति स्थापना गरी सेवा प्रवाह भै रहेका छन् ।

चौतारा साँगाचोकगढी नगरपालिका विषम भौगोलिक अवस्था भएपनि सुमधुर जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ । हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथै यातायातको आंशिक सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुर्याइएको पाइन्छ । यसका साथै विभिन्न स्थानहरूमा नगरपालिकाहरूले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम साथै स-साना व्यापारिक केन्द्रको रुपमा क्रमिक विकास भइरहेको छ ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना तथा सेड र भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ । यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशित रुपले मूल्य वृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ ।

नगरपालिका क्षेत्रको व्यवस्थित रुपमा विकास गर्न अझ राम्रो बनाउने अवधारणा बमोजिम मोटर सडक, खुला क्षेत्रको व्यवस्था, चारतर्फी तारबार र भौतिक तथा पूर्वाधार बस्ती निर्माण लगायतका जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ । विपद् उत्थानशिल भौतिक पूर्वाधार एवं संरचना निर्माण गर्नका लागि विभिन्न मापदण्डहरु निर्माण गरी लागू गरिएको छ । एकीकृत बस्तीका लागि भूमि विकास कार्यक्रम सञ्चालन गर्दा सहरी विस्तार, विपद् सुरक्षा र जोखिम संवेदनशीलताका लागि प्रस्तावित क्षेत्रहरूलाई सहयोग गर्न प्राथमिकता दिनुपर्छ ।

सरकारी आवास अनुदानको मापदण्ड नपुगेका नाममात्रका घटनाहरू बाहेक, २०७२ को भूकम्पबाट प्रभावित लगभग सबै घरहरू निर्माण भएका छन् । नगरपालिकामा रहेका कूल ९,१०९ घरपरिवारहरूमध्ये लालपुर्जा भएको आफ्नै जमिनमा घर भएकाहरूको संख्या ८,०११ अर्थात ८७.९५ प्रतिशत, लालपुर्जा नभएको जमिनमा घर बनाउनेको संख्या ९१७ अर्थात १०.०७ प्रतिशत र बाँकी थाहा नभएको घरपरिवारहरू रहेका छन् । लालपुर्जा नभएको जमिनमा घरहरू निर्माण गर्नेको संख्यामध्ये धेरै वडा नं.८ र ११ मा छन् । यसरी लालपुर्जाविहिन घरपरिवारहरू सुकुम्बासी भएकोले राज्यले यस्ता घरपरिवारहरूको सुनिश्चित आवासको व्यवस्था गरिदिनुपर्दछ । यस्ता भूमिहिन वर्गको समुचित व्यवस्थापन गर्नुपर्ने दायित्व नगरपालिकामा रहेको छ ।

### २.४.२ सडक, पुल तथा यातायात

चौतारा साँगाचोकगढी नगरपालिकाको सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार भएको छैन । जसका कारण नगरपालिकाका बिभिन्न भेगहरूमा उत्पादन हुने खाद्यान्न, दलहन, फलफुल, दुग्ध उत्पादन आदि वस्तुलाई बजारसम्म पुर्याउन असहज देखिन्छ । नगरपालिका क्षेत्रभित्र पर्ने सडकहरु चौतारा-स्याउले, नौविसे-चौतारा, चौतारा-सानोसिरुवारी-झ्रयाडी, चौतारा-पिपलडाँडा-झ्रयाँडी, जल्किने-ठूलोसिरुवारी, जल्किने-कदम्वास-भैसे,नरसरि-स्वाराथोक-चेरे, खत्रिथोक-टुनिवोटे, जलकिने-कार्किटार-सुकुटे, मानेडाँडा-फलाटे-भिमटार, नरसरि-फलाटे-भिमटार, मेल्चौर-सालविसैना, चौतारा-वतासे सडक कालोपत्रे गर्नुपर्ने देखिन्छ । एकीकृत शहरी विकास आयोजना जस्तै जग्गा एकीकरण, वाटोको मापदन्ड, खानेपानी, ढल, सिचाइ, विद्यालय, उद्यान, खेलकुद

मैदान आदीलाइ एकिकृत योजनाको रुपमा अगाडी वढाइनु पर्छ । चौतारा रिङरोड र चौतारा-सानोसिरुवारी-ठुलोसिरुवारी-डडुवा-साँगाचोक-कदमवास-इर्खु-कुभिन्डे-स्याउले-पिपलडाँडा हुदै सानोसिरुवारी जोड्ने रिङरोडको कार्य थालनी गरी कालोपत्रे समेत गर्नुपर्ने देखिन्छ । बलेफि-कुभिन्डे-वतासे-सेलाङ र अस्पतालवाट गिदाने-झयाडी जोड्ने सडकको स्तरोन्नतरी, ग्राभेलिङ र कालोपत्रे समेत गर्नुपर्ने देखिन्छ । सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनीसम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ । यहाँ यातायात साधनको उपयोग हेर्दा मोटरबाईक, बस, जिप, ट्र्याक्टर, ट्याक्सी, माईक्रो बस लगायतका यातायातका साधन दैनिक रुपमा सञ्चालन हुने गरेको पाइन्छ । नगरपालिकामा सार्वजनिक सवारीको प्रयोग सीमित मात्रामा हुने गरेको पाइन्छ । यसका अतिरिक्त, सडक निर्माणले विपद् सुरक्षा, पहिरो न्युनिकरण, उचित सडक छेउको ढल निकास प्रणाली र जोखिमपूर्ण ढलान व्यवस्थापनका लागि बायो इन्जिनियरिङलाई समेत ध्यान दिनुपर्ने देखिन्छ ।

यहाँको यातायातका साधनको प्रयोग हेर्दा मोटरसाइकल, बस, जिप, ट्र्याक्टर, ट्याक्सी, माइक्रो बसलगायतका यातायातका साधन दैनिक रुपमा सञ्चालन हुने गरेको पाइएको छ । नगरपालिकामा सार्वजनिक यातायातको प्रयोग सीमित छ । काठमाडौं उपत्यकाबाट चौतारा जाने बस तथा अन्य सवारी साधन मुख्य छन् ।

चौतारा साँगाचोकगढी नगरपालिकाका सबै वडामा सडक सञ्जाल विस्तार भएतापनि ग्रामिण सडकहरुमा बाह्रै महिना सवारी संचालन हुन सकेको छैन । सडकको स्तरोन्नती गर्न सके नगरपालिकाका विभिन्न भागमा उत्पादित खाद्यान्न, दाल, फलफूल, दुग्धजन्य पदार्थ आदि बजारमा सहजै ढुवानी गर्न सकिने देखिन्छ ।

## २.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

नगरपालिकामा घरपरिवारहरूले दैनिक बत्ती बाल्न प्रयोग गर्ने इन्धनको स्रोत विशलेषण गर्दा नगरपालिकाका कूल घरपरिवारहरूमध्ये ९९.०७ प्रतिशतले विद्युत, १९ अर्थात ०.१३ प्रतिशतले सोलार. र बाँकीले अन्य इन्धनको स्रोत प्रयोग गर्ने न्युन पाइयो । यस तथ्याङ्कलाई हेर्दा ग्रामीण विद्युतीकरणमा व्यापक विकास भई नगरपालिकामा विद्युतको पहुँच लगभग सतप्रतिशत देखिन्छ भने विद्युत सेवाको पहुँच नपुगेको परिवारहरू नगन्य रहेको देखिन्छ । नगरपालिकाको कूल घरपरिवारहरूमध्ये ८२.३४ प्रतिशतले काठदाउरा, र १७.०१ प्रतिशतले एल.पी ग्याँसको प्रयोग गर्दछन् भने मट्टितेल, बिजुली गोबरग्याँस, गुइँठा र अरु प्रयोग गर्ने जनसंख्या नगन्य रहेको पाइयो ।

## २.४.४ सूचना, सञ्चार तथा प्रविधि

चौतारा साँगाचोकगढी नगरपालिकामा स्थानीय एफ.एम स्टेसनहरू र रेडियो नेपाल लगायत विभिन्न अन्य स्टेसनहरू काठमाडौंबाट नै सिधा प्रशारण हुन्छन् । यसका अलावा नगरपालिकामा NTC, World Link, Vianet आदि कम्पनीहरूले इन्टरनेट सेवा पुर्याउँदै आइरहेका छन् विभिन्न केवल नेटवर्क तथा सेटलाइट च्यानल जस्तै डिस होम आदिद्वारा नगरपालिका बासीहरूले मनोरन्जनात्मक टेलिभिजन कार्यक्रमहरू हेर्ने गरेको पाइन्छ । चौतारा साँगाचोकगढी नगरपालिकामा अन्तर्राष्ट्रिय स्तरका बीबीसी नेपाली सेवा तथा राष्ट्रिय स्तरका रेडियो नेपालको साथै स्थानीय एफ.एम. पनि प्रसारण हुने गरेको पाईन्छ । जसबाट नगरपालिकाका वासिन्दाले प्रत्यक्ष लाभ लिइरहेका छन् । सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरपालिकाका १४ ओटै वडाहरूमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । नगरपालिकाको केही क्षेत्रहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुर्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो भएको देखिन्छ ।

सञ्चार क्षेत्रमा हुलाक सेवाको इलाका हुलाक र अतिरिक्त हुलाक कार्यालयले सेवा पुर्याइरहेका छन् । यहाँ भएका हुलाक कार्यालयहरूबाट नगरपालिका भित्र र नगरपालिका बाहिर एवम् विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन्। यद्यपि संचार र यातायातका सेवामा भएको तीब्र र उच्च विकासले हुलाक सेवा प्रयोगकर्ताको संख्या घट्दै गैरहेको छ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

नगरपालिकाको कूल क्षेत्रफल मध्य सामुदायिक वन, ३११.०२ हे., ३.२८ हे.कबुलियति वन, र धार्मिक वन र निजी वन समेत उल्लेख्य रहेको पाईन्छ । वन क्षेत्र केही वेशी भू-भागदेखि महाभारत पहाडसम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ । उष्ण र समशीतोष्ण प्रदेशीय भएको यस नगरपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ। यहा पाईने वनका प्रजातिहरूमा जस्तै सालको वन, खयर, सिसौ अर्थात मिश्रित वन र झाडी बुट्यान रहेका छन् । यस नगरपालिकाले २०७२ को भूकम्पबाट ठूलो क्षति व्यहोरेको थियो। क्षति र नोक्सान यति महँगो थियो कि यस क्षेत्रमा विरलै उभिएका घरहरू देखिन्थे। मौसमी जंगलमा लागेको आगलागी, चट्याङ, नदी किनारका बस्तीमा बाढी र प्राय सबै उच्च पहाडी क्षेत्रमा मौसमी खडेरीले पनि यस क्षेत्रलाई असर गर्दछ।

### २.५.१ वन तथा जैविक विविधता

यस नगरपालिकामा वनजंगलले ३४.७४ वर्ग कि.मि अर्थात २१.०२ प्रतिशत भूभाग ओगटेको छ । नगरपालिकाको कूल क्षेत्रफल मध्ये ५९२४.२१ हे. सामुदायिक वन, ३११.०२ हे. कबुलियति वन, ३.२८हे . धार्मिक वन र निजी वन पनि उल्लेख्य रहेको छ । वन क्षेत्र केही वेशी भू-भागदेखि महाभारत पहाडसम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ।

यस नगरपालिकामा पाइने प्रमुख वनस्पतिका प्रजातिहरूमा साल, अस्ना, चाँप, खोटे सल्लो, चिलाउने, गोब्रे सल्लो, कटुस, उत्तिस, सिमल आदि पाइन्छन्। यसै गरी जन्तुहरूमा चितुवा, चित्तल, बँदेल, रतुवा लगायत अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा मयुर, कालिज, ढुकुर, तित्रा, कोइली आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन्।

यस नगरपालिकामा उष्ण र समशीतोष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, अस्ना, चाँप, खोटे सल्लो, चिलाउने, गोब्रे सल्लो, कटुस, उत्तिस, सिमल, खसुर आदि जातका बोटविरुवाहरू पाइन्छन्। गैर काष्ठ पैदावारको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका कुरिलो, काउलो, सेतक चिनी, मजिठो, चिराइतो, वन लसुन, हलहले हलिक, तेजपात, हड्चुर, दार, पिप्ला, पाखनवेद, गुर्जो लहरा, लोक्ता, सतुवा, रिट्ठा, दारुहल्दी, हर्रो, बर्रो, विषफेज, दालचिनि, छतिवन, टटेलो, लघुपत्र, कालो मुसली आदिजस्ता वन पैदावारहरूको उपलब्धता रहेको छ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

नगरपालिकाका नदी तथा खोला किनारका भागहरू बाढी पहिरो तया भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। प्राकृतिक वातावरणलाई असर गर्ने र जोखिम संवेदनशीलतालाई ख्याल नगरी प्राकृतिक स्रोतको जथाभावी दोहन गर्ने मानवीय गतिविधिका कारण नगरपालिका क्षेत्रमा अनियन्त्रित वन डढेलो, पहिरो बढ्ने, प्राकृतिक पानीका मुहान सुक्दै गएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरूमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ। मूलतः

नगरपालिकाका खोलाहरूको वरिपरि नै केन्द्रित भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशील क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकूल प्रभाव पारेको छ। यसक्रमलाई रोक्नको लागि ढल निकासको व्यवस्था मिलाउनुपर्ने देखिन्छ। त्यस्तै, अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालीन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने, मध्यकालीन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरि वृक्षारोपण गर्ने र दीर्घकालीन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्नेतर्फ तदारुकताको साथ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ

भूकम्पीय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औँ स्थानमा रहेको र नगरपालिकामा भूकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागू नभएको अवस्थामा जुनसुकै समयमा पनि विपदको सामना गर्नुपर्ने अवस्था हुन सक्छ। यसका अलावा नगरपालिकामा विशेषतः साना खोला र खोल्साहरू बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरूले आसपासका भूभागहरू बर्षेनी डुवान र कटान गरी क्षति पुर्याई रहेको अवस्था छ। भौगोलिक रुपले विकट तथा नाङ्गा डाँडा पाखाहरू तथा भूकम्प प्रभावित भीर पाखाहरूमा बर्षेनी पहिरो जाने गरेकोछ, जसबाट बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन्। यसका अलावा केहि नगन्य रूपमा नगरपालिकाको घनावस्ती रहेका अति विपन्न समुदायका घरहरू सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको पाईन्छ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

अव्यवस्थित भूउपयोग र अनियन्त्रित भौतिक पूर्वाधार, प्राकृतिक स्रोतको निरन्तर दोहन, एकीकृत योजनाको अभाव, जोखिम संवेदनशील योजनाको अभाव र विगतका विपद्बाट प्राप्त ज्ञान र अनुभवलाई विचार नगर्ने, अव्यवस्थित कार्यान्वयनको फलस्वरूप बढेको विकासको कारण प्राकृतिक स्रोत र वातावरणमा असर परेको छ। तीब्र रुपमा बढिरहेको जनसंख्या तथा अव्यवस्थित शहरीकरणका कारण शहरी क्षेत्रको फोहर व्यवस्थापन चुनौती पूर्ण हुँदै गएको छ। परिणामस्वरुप पर्यावरणीय क्षयीकरण र बारबार हुने प्राकृतिक प्रकोपहरूका कारण प्रदुषण तथा प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरु समेत विनाशको जोखिममा रहेका छन। सार्वजनिक स्थानहरु जस्तै नदी किनारहरु, सडक किनारा, मन्दिरहरु, शिक्षण संस्थाहरु, व्याापारिक तथा औधोगिक प्रतिष्ठानहरु तथा निजी घर परिसरहरुमा खुल्ला फोहर फाल्ने कार्यले सामाजिक क्षेत्रमा नकारात्मक परिणामहरु ल्याउनुका साथै मानव स्वास्थ्यमा समेत गम्भीर असर पार्ने खतरा बढ्दै गएको हुँदा फाहोर मैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी ब्यबस्थित गर्न वान्छनीय भएको तथा सरसफाई एवं फोहरमैला ब्यबस्थापन गर्ने बिषय नेपाल सरकारले प्रतिबद्धता व्यक्त गरेका दीगो बिकासको लक्ष्य समेत भएको सन्दर्भमा नगर कार्यपालिकाको बैठकबाट चौतारा साँगाचोकगढी नगरपालिकाको फोहोरमैला ब्यबस्थापन तथा सरसफाई कार्यविधि, २०७५ बनाई लागू गरेको छ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

सिन्धुपाल्चोक जिल्लामा ७१ स्थानका २४२ बस्तीहरु भूकम्प, पहिरो, कटान र तटबन्धको विफलता, खडेरी आदिको जोखिममा रहेको भूगर्भविद्को टोलीले गरेको अध्ययन प्रतिवेदनमा उल्लेख छ। जसमध्ये, चौतारा साँगाचोकगढी नगरपालिकामा ४ वटा वस्तीहरू जोखिममा रहेका छन । यस नगरपालिकामा अवस्थित वन जंगलहरु वर्षेनी डढेलोबाट प्रभावित हुने गरेको छ । जलवायु परिवर्तनबाट भएको तापक्रम बृद्धि, खडेरी, अनाबृष्टिका कारण डढेलोको प्रकोप वर्षेनी बढ्दै गईरहेको छ। डढेलोको प्रकोपबाट सरकाद्वारा ब्यवस्थित वन जंगल र सामुदायिक वनहरु दुवै प्रभावित भएका छन्। विभिन्न किसिमका विपद्को दृष्टिकोणले नगरपालिकाको ठूलो हिस्सा उच्च जोखिममा रहेको छ । नगर विपद् व्यवस्थापन योजना, २०७० तर्जुमा गरिएको छ । नगरपालिकाका सबै वडाहरूमा गरिएको प्रारम्भिक छलफलका आधारमा र नेपाल सरकारको स्थानीय निपद् तथा जलयु उत्थान्शील योजना, निर्देशिका २०७४ मा भएका औजार प्रयोग गरी पहिरो तथा भूक्षय, आगलागी, खडेरी, हुरीबतास र महामारी यस नगरपालिकामा प्रमुख विपदको कारण रहको पाईन्छ । विपदलाई नगरपालिकाले ब्यबस्थापनपन गर्न विपद ब्यबस्थापन शाखाको स्थापना, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को तर्जुमा र बार्षिक कार्यक्रम, बजेट तथा नीति मार्फत प्रमुख प्राथमिकतामा राखेको पाईन्छ जस्तै: चौतारा साँगाचोकगढी नगरपालिका जनप्रतिनिधिहरुले आफुले पाउने सेवा सुबिधा कटौती गरी नगर बिपद ब्यबस्थापन कोषमा रकम जम्मा गर्ने गरेका छन्। यस प्रथम पञ्चवर्षिय योजनाको विकास र कार्यान्वयन गर्दा विपद् जोखिम व्यवस्थापनलाई विशेष ध्यान दिनुपर्ने मुद्दाका रूपमा राखिएको छ। जोखिम संवेदनशील भूमि उपयोग योजना, जलवायु संवेदनशील विकास, विपद् तथा जलवायु प्रतिरोधी योजना, विपद् पुनर्लाभ खाका, प्रकोभ नक्साङ्कन लगायतका नीति तथा उपकरणहरुको प्रयोग गर्न जरुरी छ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने प्रमुख दायित्व स्थानीय सरकारको रहेको छ। स्थानीय सरकारको फराकिलो अधिकार क्षेत्र, साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएको छ। स्थानीय तहमा जनप्रतिनिधिहरू निर्वाचित भई शासन व्यवस्था संचालन गरेको यथार्थता एकातिर छ भने अर्कोतर्फ प्रयाप्त जनशक्तिको अभाव र नगरपालिकाको कमजोर संस्थागत क्षमताले गर्दा विकासका कामहरूले उल्लेखनीय गति लिन सकेको देखिंदैन। यद्यपि, नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरूको भवन तथा त्यसका लागि आवश्यकता अनुसारको भवन, फर्निचर, यातायात तथा उपकरणहरूको व्यवस्थाका लागि केहि काम भईरहेको छ भने जनप्रतिनिधिहरूलाई योजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा प्रचलित कानून आदि सम्बन्धी तालिमको व्यवस्था भैसकेको छ। नगरपालिकाको आन्तरिक स्रोतको वृद्धिको लागि आवश्यक योजना निर्माण गरी अगाडी बढने सोच नगरपालिकामा देखिन्छ।

नगरपालिकाको समग्र समन्वय र विषयगत निकायहरूको विषयगत क्षेत्रको नेतृत्वमा नगर विकासको विद्यमान स्थितिको चित्रण गर्दै विकासका सम्भावना र आवश्यकताका आधारमा नगरपालिकाको रणनीतिक तथा वार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, आयोजना तथा कार्यक्रमको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणाली संस्थागत भएको पाईन्छ। यसबाट नगरको एकीकृत विकासमा स्थानीय तथा वाह्य श्रोत साधनको पहिचान तथा परिचालन र नगर विकासका सरोकारवाला (सरकारी, गैर सरकारी, निजी र नागरिक) बीच समन्वय, सहकार्य तथा साझेदारीमा अभिवृद्धि भई विकासका प्रयासहरू व्यवस्थित, नतिजामूलक तथा प्रभावकारी हुदै गएको स्पष्ट छ। संस्थागत विकास तथा सेवा प्रवाह

अन्तर्गत सबै वडामा सार्वजनिक सुनुवाई सम्पन्न गरिएको छ। नगरपालिकामा डिजिटल नागरिक वडा पत्रको व्यवस्था गरिएको छ। अनुगमन प्रणालीलाई व्यवस्थित गरिएको छ, कानुनले दिएका अधिकारहरूलाई कार्यान्वयन तथा संस्थागत गर्न विभिन्न ऐन तथा नियमहरू बनाई तिनिहरूको कार्यान्वयन गरी नागरिकहरूलाई सेवा उपलब्ध गराईएको छ । अनुगमन र मूल्याङ्कन प्रक्रियालाई अझै व्यवस्थित, जनकेन्द्रित, पहुँचयोग्य, सहभागिता मुलक, समयसापेक्ष र सूचकमा आधारित बनाउन आवश्यक छ । यस योजनाले आयोजनाहरूको तर्जुमा र कार्यान्वयनमा जनताको सहभागिता अभिवृद्धि गर्ने उद्देश्य राखेको छ । विकास निर्माणका काम उपभोक्ता समितिबाट गर्न सकिने, बैंक खाता नगर मै गएर खोलिदिने र उपभोक्ता समितिबाट हुने काममा धैरै सरलीकरण गरिएको छ । विकासको रणनीतिक योजना बनाएर अगाडी बढेको छ ।

# परिच्छेद ३: दीर्घकालीन सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

चौतारा साँगाचोकगढी नगरपालिकाले यस प्रथम पञ्चवर्षिय योजना मार्फत समग्र लक्ष्य नगरपालिका वासीको साझा भविष्य कोर्न सवै सरोकारवालाहरूसँगको समझदारीमा साझा दस्तावेज तयार गरी नगरपालिकाको दीर्घकालीन सोच, नगर विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गर्दै एकीकृत विकासका लागि भविष्यको मार्गचित्र तयार गरेकोछ।

नगरपालिकाको समग्र विकासका प्रमुख सम्भावना, अवसर, समस्या तथा चुनौतीहरूको लेखाजोखा गरी नगरपालिकाको दीर्घकालीन सोच तय गरिएको थियो। प्राकृतिक, भौगोलिक, सामाजिक, साँस्कृतिक, राजनीतिक र ऐतिहासिक दृष्टिले यो नगरपालिका सिन्धुपाल्चोक जिल्लाको मात्र नभई बागमती प्रदेशकै महत्वपुर्ण नगरपालिका हो। देशको राजधानी काठमाण्डौ देखि चिनको स्वशासित क्षेत्र तिब्बतसँग जोडने सडकको समेत यस नगरपालिकाको भूभाग भएर जाने हुनाले यसको महत्व अझ बढेको छ। तर हालको आर्थिक, सामाजिक, मानवीय र भौतिक विकासको गति, लगानी आदिको अवस्थालाई हेर्दा अपेक्षाकृत रूपमा नतिजाहरूको प्रभावकारितामा वृद्धि हुन सकिरहेको छैन। नगरपालिकाभित्र कृषि, पर्यटन उद्योग तथा अधिकांश घरधुरीको मुख्य पेशा कृषि नै भए पनि आम्दानीको प्रमुख श्रोतमा भने विस्तारै परिवर्तन आएको छ। विगत २० वर्षअघि करिब २०५५ सालतिर अधिकांश घरधुरीको आम्दानीको मुख्य श्रोत कृषि एवम् ज्यालादारी रहेकोमा हाल आएर कृषि तथा ज्यालादारी लगायत वैदेशिक रोजगारी, व्यापार व्यवसाय , नोकरी पनि आम्दानीको मुख्य हिस्साका रूपमा बढ्दै गएको देखिन्छ। यस आवधिक विकास योजनाले प्रत्येक विकास क्षेत्रको लागि अनुसन्धान, विकास र स्मार्ट योजनाहरू मार्फत सामुदायिक उत्थानशिलता अभिवृद्धि गर्ने गरी परिवर्तनशील परिप्रेक्ष्य र जनताका बदलिंदै आवश्यकतालाई ध्यानमा राखेको छ। दिगो विकास लक्ष्यहरू प्राप्त गर्न, विपद् विरुद्ध विकास लाभहरू सुरक्षित गर्न र समुदायहरूको उत्थानशिलता बढाउन, विपद्, र जलवायु जोखिम न्यूनीकरण उपायहरू साथै अनुकूलनका उपायहरू प्रत्येक विकास परियोजनाहरूको अभिन्न अंग हुन आवश्यक छ। यसलाई ध्यानमा राखी यो योजना कार्यान्वयन गर्दा सामुदायिक उत्थानशील परियोजना (**CRPs**) लाई उचित प्राथमिकता दिइनेछ। वैदेशिक रोजगारी अहिलेको प्रमुख आम्दानीको श्रोत बन्न पुगेको छ। करिव ७५ प्रतिशत घरधुरीबाट रोजगारीको लागि विदेश गएको अनुमान गर्न सकिन्छ।

सम्भावना तर्फ, चौतारा साँगाचोकगढी नगरपालिकामा मात्र दैनिक २५ सय लिटर दूध उत्पादन हुँदै आएको छ, मासु, मकै तथा गोलभेंडा लगायतका तरकारी उत्पादनमा समेत यो नगरपालिका आत्मनिरभर भएको देखिन्छ। तथापि, यातायातका साधनको नियमित संचालनको अभाव र चर्को भाडादरका कारण ग्रामीण भेगका कृषिजन्य उत्पादनहरू सम्बन्धित ठाउँसम्म पुऱ्याउन अप्ठेरो अवस्था रहेको छ।

शिक्षातर्फ कुरा गर्दा यस नगरपालिकामा कूल जनसङ्ख्याको ६३.२३ प्रतिशत व्यक्तिहरू साक्षर रहेको देखिन्छ, जसमध्ये पुरूषको साक्षरता दर ७२.०५ प्रतिशत छ भने महिलाको साक्षरता दर ५५.९२ प्रतिशत रहेको छ। विद्यालय जाने उमेरभन्दा माथिल्लो उमेर समूहका करिब ९८ प्रतिशत बालबालिका बिद्यालय गएको अनुमान छ। बालबालिकालाई विद्यालय पठाउने प्रवृत्तिमा मात्रात्मक तथा गुणात्मक दुबै रूपले सुधार भएको देखिन्छ। त्यस्तै, खेलकुदको पूर्वाधार तथा खेलकुद विकासको दृष्टिकोणले भने नगरपालिका प्रारम्भिक अवस्थामा रहेको पाईन्छ। विद्यालयस्तरमा हुने केही प्रतियोगिताहरू बाहेक अन्य नियमित खेलकुद प्रतियोगिताको अभ्यास हुने गरेको छैन। खेलकुदका लागि मैदान वा कभर्ड हलको अभाव रहेको छ भने नगरपालिकामा प्रदेश तथा राष्ट्रियस्तरका खेलाडीहरू उत्पादन गर्नु नगरपालिकाको मुख्य चुनौती रहेको छ।

स्वास्थ्य सेवा तर्फ यस नगरपालिकामा सेवा दिने संस्थाको बिवरण हेर्दा चौतारा अस्पताल, बतासे स्वास्थ्य चौकी, कुविण्डे स्वास्थ्य चौकी,स्याउले स्वास्थ्य चौकी, पिपलडाँडा स्वास्थ्य चौकी,सानोसिरुवारी स्वास्थ्य चौकी, साँगाचोक स्वास्थ्य चौकी, इर्खु स्वास्थ्य चौकी, कदमवास स्वास्थ्य चौकी र ठूलोसिरुवारी स्वास्थ्य चौकी रहेका छन।

यी स्वास्थ्य संस्थाहरूबाट नगरवासीहरूलाई आवश्यक आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउँदै आईरहेका छन, ठूलो विरामीका लागि काठमाण्डौ रिफर गर्ने गरिएको पाईन्छ। खानेपानीमा यस नगरपालिकाको ८०% घरधुरीमा खानेपानीको सुविधा पुगेको छ।

चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरू, आर्थिक अभ्यास र उपलब्ध मानवीय पूँजी तथा पूर्वाधार लगायतको अवस्थालाई अध्ययन गर्दा यस नगरपालिकामा विकासका सम्भावनाहरू प्रशस्त रहेका छन। ऐतिहासिक महत्व बोकेको चौतारा साँगाचोकगढी नगरपालिकामा साँस्कृतिक विविधता रहेको छ। ऐतिहासिक महत्व बोकेको चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्रमा साँस्कृतिक विविधता रहेको छ। यस नगरपालिकामा मुख्य कामकाजी भाषा नेपाली भएता पनि स्थानीय मौलिक भाषा समेत बोलीचालीमा रहेको पाइन्छ। धार्मिक रूपमा हिन्दु धर्मालम्बीहरूको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा इसाईको पनि उल्लेख वसोवास रहेको छ। प्रमुख चाडहरूमा दशै, तिहार, उधौली-उभौली, ल्होसार, माघे सङ्क्रान्ति, कृष्णाष्टमी, तिज, जनैपूर्णिमा आदि रहेका छन्। धार्मिक तथा भाषिक रूपमा करिव एकरूपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न  क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन्।

सडक यातायात तर्फ यस नगरपालिकाका सबै सडकहरूमा यातायातका साधन त चल्ने तर केहीलाई छोडेर कच्ची र मौसमी प्रकृतिका मात्र छन। नगरपालिकाका सबै १४ वटा वडाहरूमा बाटो ट्र्याक खोल्ने कार्य सम्पन्न गरिएको छ। भौगोलिक विकटताका कारण पहुँचको दृष्टिकोणबाट दुर्गममा रहेका बस्तीहरूलाई पालिका केन्द्र र वडा केन्द्रसम्म पुग्ने सडक निर्माण कार्यलाई उच्च प्राथमिकता दिईएको छ। सडक यातायातको कुरा गर्दा ट्र्याक खोलिएका यहाँका सबै सडकहरू नाली बिहिन र धुले सडक देखिन्छन, जो प्राय ईन्जिनियरिङ्ग डिजाईन नगरी निर्माण गरिएका छन्।

बस्ती  विकासको दृष्टिकोणबाट हेर्दा यो नगरपालिकाको माहाभारत पहाडको डाँडो तथा सुनकोशी र इन्द्रावती नदी किनारमा रहेको देखिन्छ। यहाँ छरिएका बस्ती  तथा घरहरू प्रशस्तै छन्। बस्ती  विकासको लागि यहाँ वेग्लै नीति तथा कार्यक्रम  बनाउनु आवश्यक देखिन्छ। हाल बिना योजना बस्ती  विस्तार भईरहेकाले पछि समस्या उत्पन्न हुने देखिन्छ।

ऊर्जाको श्रोतमा पनि उल्लेख्य परिवर्तन आइरहेको देखिन्छ। करिब २० वर्ष अगाडि सम्म धेरै घरधुरीले बत्तीका लागि खासगरी मट्टितेल प्रयोग गर्ने गरेको पाइन्थ्यो भने हाल आएर सरकारी तवरबाट ९९% घरधुरीमा बिजुली बत्तीको पहुँच पुगेको छ। यस्तै खाना पकाउने प्रयोजनको लागि २० वर्ष अघि जस्तै हाल सम्म सवै घरधुरीको मुख्य श्रोत दाउरा रहेको छ। सडक सुविधासँगै बजार क्षेत्रहरूमा  विस्तारै ग्याँस तथा बिजुली  खाना पकाउने मुख्य ऊर्जाको रूपमा स्थापित हुँदै गएको देखिन्छ।

सञ्चारतर्फ खासगरी मोबाइल सेवामा उल्लेख्य प्रगति भएको देखिन्छ। हाल करिब ९७ प्रतिशतभन्दा बढी घरधुरीमा मोबाइल सेवा भएको पाइन्छ। तथापि, नगरपालिका केन्द्र र बजार क्षेत्रमा ल्याण्डलाईन सेवा पनि उपलब्ध छ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

यस नगरपालिकाको विकासका प्रमुख समस्या तथा चुनौतिहरूलाई देहाय बमोजिमको प्रस्तुत गरिएको छ।

- अद्यावधिक सहित नगर प्रोफाईल निर्माण हुन नसकेको।
- भौगोलिक विकटताको कारण सबै टोलबस्तीहरूमा समान रूपले भौतिक पूर्वाधार खडा गर्न कठीनाई छ।
- वार्षिक समीक्षा गरिएपनि सुझावहरूलाई कार्यान्वयन गर्न नसकिएको।
- बजेट विनियोजन गर्दा प्राथमिकताका क्षेत्रभन्दा बिना मूल्याङ्कन पूर्वाधार क्षेत्रमा अधिक बजेट छुट्याउने प्रचलन रहेको।

- ☞ विकास योजनाहरूमा जोखिम जानकारी, जोखिम संवेदनशील योजना र विपद् जोखिम न्यूनीकरणलाई प्राथमिकीकरणको कमी रहेको।
- ☞ भौगोलिक रूपमा भिरालो भू-धरातल भएकाले पहिरोबाट जोगाउन कठिनाई रहेको।
- ☞ प्राकृतिक तथा मानवीय क्रियाकलापबाट सिर्जित प्रकोपबाट हुने विपद् न्युनीकरणको लागि विपद् जोखिम योजना बनाई कार्यान्वयन गराउन नसकिएको।
- ☞ भौगोलिक विकटताको कारण सबै टोल बस्तीहरूमा सडकको स्तरोन्नति गर्न सकिएको अवस्था नभएको।
- ☞ निर्माण गरिएका सडकहरूमा जैविक इन्जिनियरिङ, ड्रेनेज व्यवस्थापन, भुइँचालो संरक्षण जस्ता संरक्षणका उपायहरू नसमेटिएको।
- ☞ सडक मापदण्ड बमोजिम सडक बिस्तार गर्ने कार्य चुनौतीपूर्ण रहेको।
- ☞ कच्ची तथा धुले सडकको स्तरोन्नती गरी बाह्रै महिना यातायात सेवा संचालन गर्नु अहिलेको प्रमुख चुनौती रहेको।
- ☞ परम्परागत खेती प्रणालीमा अपेक्षित सुधार हुन नसक्नु, जमिनको वितरण तथा उपयोगमा वैज्ञानिकीकरण हुन नसकेको।
- ☞ सहभागितामूलक, जनकेन्द्रित प्रमाण र अनुसन्धानमा आधारित परियोजनाको डिजाइन र कार्यान्वयनको अभावमा विकासका लाभहरू दिगो हुन सकेको छैन र त्यसले नगरपालिकाका जनताको समग्र उत्थानशिलतामा योगदान दिन असमर्थ रहेको।
- ☞ गुणस्तरीय कृषि सामग्रीको उपलब्धता हुन नसक्नु र कृषि प्रविधिको समुचित प्रयोग हुन नसकेको।
- ☞ नगरपालिका भित्र चौतारा बाहेक अन्य क्षेत्रमा व्यबस्थित बजारको विकास हुन सकेको छैन। बैंक तथा वित्तीय संस्थाको पर्याप्तता नभएको हुँदा उद्योगी, व्यवसायीका लागि कर्जाको सुविधा उपलब्ध ननभएको।
- ☞ खानेपानी आपूर्ति, ढल निकास, फोहोर व्यवस्थापन र सार्वजनिक शौचालयको अभाव, वातावरण संरक्षण र फोहोर व्यवस्थापनको ठोस योजना नभएको।
- ☞ समूहगत खेती, लघु उद्यम, पर्यटन प्रवर्द्र्धनात्मक गतिविधिहरू जस्ता समुदायको नेतृत्वमा रहेका परियोजनाहरूलाई विशेष प्राथमिकतामा राख्न नसकिएको।
- ☞ प्राथमिकताको आधारमा भन्दा पनि वडा स्तरीय गौरवका योजना छनौट गर्नमा प्रतिस्पर्धा भएको।
- ☞ पर्यटन प्रवर्द्धनका लागि न्यूनतम भौतिक पूर्वाधार तयार भइनसकेको।
- ☞ नगरपालिकाको क्षेत्र भित्र आवश्यक रोजगारमूलक उद्योगधन्दा, कलकारखाना पर्याप्तता नभएको।
- ☞ सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरूको समन्वय हुन नसकेको।
- ☞ कृषियोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसकेको।
- ☞ योजनाबद्ध बस्ती बिकासको हुन नसकेको।
- ☞ आकासे पानीमा निर्भर सिचाई तथा परम्परागत कृषि प्रणाली कायमै रहेको।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

प्राकृतिक सम्पदाले भरिपूर्ण तीर्थस्थल, ऐतिहासिक स्थलको संरक्षण र पर्यटनलाई चौतारा साँगाचोकगढी नगरपालिकाले विगतबाट सिकेर विशेष प्रवर्द्धन गर्ने, विपद्बाट जोगाउने, राम्रो र सुदृढ बनाउँदै जनता केन्द्रित बनाउने, पहुँचयोग्य र आर्थिक उत्थागशिलताको लागि आम्दानी सिर्जना गर्ने गतिविधिहरूमा जोड्ने सम्भावना रहेकोछ। समग्र विकास निर्माणको लागि चौतारा साँगाचोकगढी नगरपालिकाबाट पारित भएका ऐन कानुन र उक्त ऐन कानुन अनुसार सेवाग्राहीहरूलाई गुणस्तरीय सेवा दिने निर्वाचित जनप्रतिनिधिहरू यहाँका विकासका सम्भावनाहरू हुन्।

चौतारा साँगाचोकगढीमा घरेलु तथा साना उद्योग तर्फको नीति लोप हुन लागेका स्थानीय सीपहरूको खोजी गरी संरक्षण तथा प्रवर्द्धनका लागि सीप विकासका तालिमहरू संचालन भएका छन। नयाँ व्यवसायका क्षेत्रहरूको पहिचानको लागि उद्यमशीलता सम्बन्धी तालिमका कार्यक्रमहरू संचालन गर्दै घरेलु उद्योग सम्बन्धी तथा आर्थिक उत्थानशिलता सम्बन्धि कार्यक्रम समन्वय, साझेदारी तथा सहकार्यमा अगाडि बढेको छ।

यस नगरपालिकामा प्राकृतिक रुपमा नदी तथा खोलाहरू भएको र केही अन्य ठाउँहरूमा ताल निर्माण गरी सिँचाई, लघु जलविद्युत तथा माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै उत्पादनले माछाको माग पूर्ति गर्न सक्ने सम्भावना रहेको छ । नगरपालिकामा रहेको विभिन्न ऐतिहासिक, प्राकृतिक,साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

- ☞ उर्बर कृषि जमिन, पोखरी र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ।
- ☞ शिक्षा केन्द्रहरूको संचालनमा व्यवस्था हुंदै गएको तथा शिक्षित मानवीय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ।
- ☞ मानिसहरूले ठूला विपत्तिहरू र परिणामहरू देखेका छन् र यसबाट प्राप्त शिक्षालाई सुरक्षित, राम्रो र बलियो पूर्वाधार निर्माण र जीविकोपार्जनमा कार्यान्वयन गर्दैछन् ।
- ☞ प्रकोप र विपद् जोखिमप्रति जनताको अज्ञानता घटेको छ र अहिले बढी संवेदनशील छ। नगरपालिकाले जनताको जीवन र जीविकोपार्जनलाई जोगाउन धेरै जोखिम न्यूनीकरण र व्यवस्थापनका गतिविधिहरू कार्यान्वयन गर्न सक्छ।
- ☞ युवा जनसमुदायको बाहुल्यता देखिन्छ।
- ☞ राष्ट्रिय राजमार्ग प्रणालीसंग आवद्ध भएको छ।
- ☞ पर्यटन क्षेत्रको विकास हुँदै गरेको .

## ३.४ निर्देशक सिद्धान्त

विकासको दीर्घकालीन सोच तथा लक्ष्यतर्फ उन्मुख हुनका लागि देहाय अनुसारका निर्देशक सिद्धान्तहरू देहाय अनुसार हुनेछन्:

- ☞ **भूउपयोग, वस्ती विकास र व्यवस्थित सहरीकरण :** उपलब्ध भूमिको अधिकतम र दीगो उपयोगका लागि भूउपयोग योजना तर्जुमा गरी सोही अनुसार वस्ती क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, खुला मैदान आदिको निर्धारण र कार्यान्वयन गरिनेछ। वस्ती विकासकालागि आवश्यक सडक, भवन

लगायत पूर्वाधार निर्माण गर्दा राष्ट्रिय तथा प्रदेशस्तरीय मापदण्डहरूसँग तादात्म्यता हुने गरी नगर स्तरीय मापदण्डहरुको निर्माण र कार्यान्वन गरिनेछ ।

- ☞ सहभागितामूलक **विधि र नागरिकको आबद्धता**: योजना तर्जुमा, कार्यान्वन तथा अनुगमनमा सम्बन्धित सबै सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिनेछ । योजना तर्जुमा र कार्यान्वयनमा गर्दा नागरिकका अपेक्षा, आवश्यकता र भावनाको कदर गरिनेछ ।
- ☞ **आधुनिक प्रविधिमा जोड** : सूचना तथा सञ्चार लगायत क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गरी नगरपालिका भित्र सार्वजनिक निकायहरुबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो बनाइ सवैको पहुंचमा वृद्धि गरिनेछ ।
- ☞ **मानव अधिकार र सामाजिक न्याय** : विश्वव्यापी आधारभूत मानव अधिकारहरूको सुनिश्चित गर्दै न्यायपूर्ण तथा समतामूलक समाजको निर्माणमा जोड दिइनेछ ।
- ☞ **सरकारी, निजी र गैरसरकारी क्षेत्रबीच साझेदारी** : उपलब्ध तथा सम्भावित श्रोतहरूको अधिकतम उपयोगका लागि सरकारी, निजी र गैरसरकारी क्षेत्रबीच साझेदारी अघि बढाइने छ ।
- ☞ वातावरण **सन्तुलन र दीगो विकास** : विकास निर्माणका काम तथा प्राकृतिक श्रोतको उपयोग गर्दा वर्तमान तथा भविष्यका पिंढीको आवश्यकता समेतलाई मध्यनजर गरी समुचित उपयोगमा ध्यान दिइनेछ । यसका अलावा विकास योजनामा दीगोपना, वातावरणमैत्री तथा विपद् व्यवस्थापन संवेदनशीलतालाई अनिवार्य रुपमा सबै योजनाको अभिन्न अंगका रुपमा विश्लेषण तथा अंगीकरण गराइनेछ । प्राकृतिक स्रोत साधनको दोहनलाई प्रभाव मुल्यांकनका आधारमा परिचालन गरिनेछ । स्थानीय योजनाहरुलाई जलवायु अनुकूलनयुक्त बनाउन ध्यान दिइनेछ ।
- ☞ **स्थानीय स्रोत परिचालन र व्यवस्थापनः** स्थानीय विकासका लागि आवश्यक मानवीय तथा वित्तीय साधन स्रोतको स्थानीयस्तरमा अधिकतम परिचालन गरिनेछ । विभिन्न बिषय क्षेत्रमा दक्ष, सीपयुक्त मानव जनशक्ति उत्पादन तथा क्षमता विकासका लागि विशेष लगानी गरिनेछ । स्थानीय विकासमा उपभोक्ता समितिको भरपुर परिचालन र उपभोक्ता समितिलाई निश्चित आचारसंहिताको पालना गर्न प्रेरित गरिनेछ ।
- ☞ अभियानात्मक **विकास र सामाजिक न्यायः** नगरपालिकाको द्रूततर विकास तथा सामाजिक न्यायका लागि नियमित विकास प्रक्रियाभन्दा अभियानात्मक विकास गतिविधिलाई अगाडी बढाइनेछ । अभियानात्मक विकासका लागि प्रमुख प्राथमिकताका आधारमा नमूना विकास, महिला उपर हुने भेदभाव विरुद्धका अभियान, दलित उपरका सामाजिक भेदभाव विरुद्धको अभियान, वालविकास र उचित शिक्षाको अभियान, वातावरण संरक्षण, कृषि तथा पशुपालन प्रणालीमा व्यवशायिकरण तथा सुधार, घरेलु उद्योग तथा रोजगारीका अवसर सिर्जना गर्ने क्षेत्रमा केन्द्रित गरिनेछ
- ☞ **संस्थागत विकास तथा सुशासन** : स्थानीय शासनमा जवाफदेहिता, पारदर्शिता, सार्वजनिक सेवा सुविधाको प्रभावकारी वितरणका लागि नगरपालिकाका विकासका नेतृत्वकर्ता साझेदार निकाय (बिषयगत निकाय र गैसस) समेतको क्षमता विकास कार्यलाई सँगसँगै अगाडी बढाइनेछ र उपयुक्त लगानी गरिनेछ । विकास साझेदारहरुबीचको समन्वय र सहकार्यलाई प्रबर्धन गरिनेछ । स्थानीय विकासमा नागरिक समाज र सञ्चारक्षेत्रको साझेदारीलाई प्रोत्साहित गरिनेछ । यसवाट सुशासनका लागि आवश्यक जवाफदेहिता, पारदर्शिता, जन सहभागिता, उत्तरदायीपनको प्रवर्धन हुनेछ । आफ्ना काम, कारबाही प्रति सम्बन्धित सबैलाई जवाफदेही वन्ने वातावरण बन्नेछ । योजना पद्धतिलाई

सूचनामा आधारित र नतिजामूलक बनाइनेछ । नगरपालिकाका काम कारबाही तथा निर्णयहरूलाई पारदर्शी बनाइनेछ । वस्ती, वार्ड देखि नगरपालिकास्तरका सबै तहका सबै कार्यक्रममा स्थानीय समुदायको समान सहभागिता कायम गरिनेछ ।

☞ **नतिजामूलक** व्यवस्थापन **प्रणाली** : योजनाको तर्जुमा, अनुगमन तथा मूल्यांकनमा नतिजामूलक ढंगलाई जोड दिइनेछ । हरेक विषयगत क्षेत्रको उद्देश्य, प्रतिफल, हालको अवस्था तथा आगामी पाँच वर्षपछिको अवस्था झल्काउन सूचकहरूको प्रयोग गरिनेछ । योजनाको अनुगमन, मूल्यांकनका क्रममा यी सूचकहरूलाई आधार मानिनेछ । आयोजना तथा कार्यक्रमको तेश्रो पक्षद्वारा अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

☞ **प्रथम** पञ्चवर्षिय **योजना तथा बार्षिक योजनाबीच तालमेल**: आबधिक योजनाका प्राथमिकतायुक्त क्षेत्र, बिषयको सम्वोधन गर्ने गरी नगरपालिकाको बार्षिक योजना तर्जूमा तथा कार्यान्वयन प्रक्रियालाई अगाडी बढाइनेछ । योजनाको बार्षिक समीक्षामा आबधिक योजना अनुसार के कति उपलब्धी हासिल भए भन्ने बिषयमा अनिवार्य रुपमा समीक्षा गर्ने र नगरपालिकाले वार्डहरुलाई बार्षिक रूपमा बजेट सिलिंग र मार्गदर्शन प्रदान गर्दा आगावियोको के कुन बिषय क्षेत्रलाई सम्वोधन गर्ने भन्ने समेत खुलाई पठाइनेछ ।

☞ **अझ राम्रो** बनाउने **अवधारणा (BBB) र सुरक्षित दृष्टिकोण मार्फत कार्यान्वयन:** विगतका विपद्हरूबाट सिकेका कुराहरूलाई ध्यानमा राखी योजनाहरू तर्जुमा, कार्यान्वयन र अनुगमन गरिनेछ ताकि यस योजनाको कार्यान्वयनबाट हुने विकास लाभहरू सुरक्षित, थप बलियो होस् । उत्थानशिल योजनाहरू सङ्कलन र कार्यान्वयन गर्दा सामुदायिक उत्थानशिल परियोजनाहरू (CRPs) लाई उचित प्राथमिकता दिइनेछ ।

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

विगतमा गरिबी निवारण मुलुकको योजनाबद्ध विकास प्रक्रियाको प्राथमिकता रहँदै आएको थियो । सातौं योजनाको अन्त्यसम्म मुलुकमा गरिबीको रेखामुनि रहेका नेपालीहरूको जनसंख्या ४८ प्रतिशतको हाराहारीमा थियो जस्लाई दसौं योजना लागु गर्दा करिब ३१ प्रतिशतमा झार्न गरिबी न्यूनीकरण रणनीतिपत्रकै रूपमा लागु गरियो । यद्यपि, बाह्रौं योजनासम्म आइपुग्दा गरिबीको अनुपात २५ प्रतिशतमा झ-यो र हाल यो २१ प्रतिशतको हाराहारीमा रहेको आँकलन छ । तर कोभिड पछि गरिवीको अनुपात ३०% भन्दा माथिको अनुमान छ । तथापि, यी प्रथम पञ्चवर्षिय योजनाहरूले लक्षित गरेका कार्यक्रम वा सरकारले सञ्चालन गरेका अन्य गरिबी न्यूनीकरण सम्बन्धी कार्यक्रमले गरिबीको अनुपात यसरी ह्वात्तै घटाएको भने होइन, किनकि प्रथम पञ्चवर्षिय योजना र सरकारको वार्षिक बजेट तथा कार्यक्रमबीच स्पष्ट तालमेल भएको पाईदैन । नगरपालिकाले विपद् पुनर्लाभको लक्ष्य उल्लेखनीय रुपमा हासिल गरेको भएपनि जनताको आर्थिक पुनरुत्थान अपेक्षाभन्दा निकै कम भएको छ । तथ्याङ्क सङ्कलन चरणमा आर्थिक सङ्कट र आवास पुन:निर्माणका लागि लिईएको बैंक ऋणले यस नगरपालिकाका सम्पूर्ण जनसङ्ख्याको जीवनस्तरमा ह्रास ल्याउने देखिएको छ । उत्थानशिल जीविकोपार्जनका प्रवर्द्धनात्मक परियोजनाहरू मार्फत आर्थिक पुनरुत्थानलाई सम्बोधन गर्न विशेष प्राथमिकताको आवश्यक छ ।

पन्ध्रौं पञ्चवर्षिय योजना कार्यान्वयनको अन्त्य तिर आइपुग्दा पनि मुलुकले यस सन्दर्भमा सोचे जस्तो उपलब्धी हासिल गर्न नसकेको तथ्य आईरहंदा पन्ध्रौँ योजनामा विगतका कमी कमजोरीहरूलाई सुधार गरी परम्परागत सोचबाट हटेर अग्रगामी सोच तर्फ सरकार उन्मुख भएको छ । यस बिषयका साथै संविधानमा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति लगायतका अन्य व्यवस्था, दीगो विकासका लक्ष्य र अन्तर्राष्ट्रिय परिदृश्य तथा सरकारका प्रतिबद्धताहरूलाई ध्यानमा राखि संघीय सरकारले पन्ध्रौँ योजनाका लागि

**'समृद्ध नेपाल, सुखी नेपाली'** बनाउन २५ वर्षका लागि दीर्घकालीन सोचको प्रारूप सहितको परिदृश्य तयार गरेको छ। उक्त सोच हासिल गर्ने आधार योजनाका साथ स्थानीय तहमा दीर्घकालीन सोच र प्रथम पञ्चवर्षिय योजनालाई समेत मार्गदर्शन गर्ने गरी यो पन्ध्रौं योजना तर्जुमा गरिएको छ। यसका अलावा नेपालको संविधानले तीनै तहका सरकारहरूको एकल तथा साझा अधिकार सूचीको व्यवस्था गरी सहकारिता, समन्वय र सहअस्तित्वमा आधारित संघीय शासन व्यवस्थाको सिद्धान्त अवलम्बन गरेको छ। तसर्थ, सबै तहका सरकारहरूको कार्य जिम्मेवारी अनुसार दीगो विकासका लक्ष्य हासिल गर्ने दिशामा क्रियाशील हुनु जरूरी छ। वागमती प्रदेशको प्रथम प्रथम पञ्चवर्षिय योजनाले तय गरेको दीर्घकालीन सोच **"संस्कृति, कृषि, उद्योग, पर्यटन, मानव पूँजी र पूर्वाधार; सुसंस्कृत, सुखी र समृद्ध प्रदेशको आधार"** भन्ने रहेको छ। यस सोचकालागि योगदान पुर्याउन यस नगरपालिकाको अवस्था विश्लेषण, जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूको परिवर्तनको चाहना समेतलाई मध्यनजर गर्दै उपस्थित सहभागीहरूलाई आफ्नो ५ बर्षे दीर्घकालीन सोच र लक्ष्य को निर्धारण गरेको छ।

**"चौतारा साँगाचोकगढी सम्बृद्धिको आधार-शिक्षा, कृषि, पर्यटन र पूर्वाधार !!"**

सहभागितात्मक विधिबाट तय गरिएको यस दीर्घकालीन सोचले नगरपालिका भित्र शिक्षामा गुणस्तरीयता, कृषिमा उत्पादन तथा आधुनिकीकरण गरी आकर्षक रोजगारी र आम्दानी वृद्धिका अवसरहरू सिर्जनाका साथै पर्यटन विकासका लागि आवश्यक पूर्वाधारहरूको विकास द्वारा विद्यमान प्रकृति उपयोग बाट आत्मनिर्भर नगरपालिका निर्माण गर्ने दीर्घकालीन गन्तव्यका रूपमा परिकल्पना गरिएको छ। तथापि, समय क्रमसंगै नगरपालिकाको दीर्घकालीन सोचको समयको परिवर्तन सँगै विकासका नयाँ सिद्धान्त, सम्भावना र समस्याहरूलाई समेत सम्बोधन गर्नका लागी र पन्ध्रौं राष्ट्रिय योजनाको दीर्घकालीन सोच "**समृद्ध नेपाल, सुखी नेपाली ।**" र बागमति प्रदेशको प्रथम आधार-पत्रले तय गरेको दीर्घकालीन सोच "***उच्च, फराकिलो र दिगो आर्थिक बृद्धि सहितको समृद्ध प्रदेश***" लाई समेत ध्यानमा राखेर नगरपालिकाको समग्र विकासलाई निर्देशित गर्न नगरपलिकाले विगतमा तयार पारेको दीर्घकालिन सोचलाई केहि परिमार्जन गरिएकोछ।

उपरोक्त विश्लेषणका आधारमा आ.व. प्रथम पञ्चवर्षिय योजनाको अन्यसम्म पुग्दा चौतारा साँगाचोकगढी नगरपालिका तलको अवस्था सम्म पुग्न सकिन्छ भन्ने लक्ष्य निर्धारण गरिएको छ। यसकालागि विषयगत क्षेत्रका आधारमा देहायका उद्देश्यहरू निर्धारण गरिएकोछ।

**तालिका ३.१: विषयगत क्षेत्रका उद्देश्यहरु**

| | | |
|---|---|---|
| **आर्थिक विकास** | **समष्टीगत उद्देश्य** | **स्थानीयस्तरमा उत्पादन तथा सेवाजन्य रोजगारीका अवसर वृद्धि भई नगरपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने।** |
| | **क्षेत्रगत उद्देश्यहरू** | ☞ सामुदायिक सयन्त्रहरुको सशक्तीकरण मार्फत कृषि व्यवसायीकरणमा जोड दिंदै कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी जनताको जीवनस्तरमा आर्थिक पुनर्लाभ हासिल गर्ने।<br>☞ सिंचाई प्रणालीहरूको उचित व्यवस्थापन गरी कृषि उत्पादन र उत्पाकत्वमा वृद्धि गर्ने।<br>☞ पशुपंक्षी पालनलाई व्यवसायिक बनाई रोजगारीका अवसरहरू श्रृजना गरी आर्थिक पुनर्लाभ हासिल गर्ने।<br>☞ साना तथा घरेलु उद्योग, सहकारी र पर्यटन, व्यवसायलाई नपाको आर्थिक विकासमा मुल प्रवाहीकरण गरी स्थानीय समुदायमा स्वरोजगारी श्रृजना गर्दै |

| | | |
|---|---|---|
| | | आयआर्जनमा वृद्धि गर्ने । |
| **सामाजिक विकास** | **समष्टीगत उद्देश्य** | ☞ शिक्षा, स्वास्थ्य तथा खानेपानीको सेवा सुबिधामा सुधार गर्दै स्थानीय विकास र शासनमा महिला, बालबालिका, दलित, युवा, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत विपन्न क्षेत्र र वर्ग समुदायका व्यक्तिहरूको पहुँच अभिवृद्धि गर्ने । |
| | **क्षेत्रगत उद्देश्यहरू** | ☞ विद्यालय भर्ना प्रकृयालाई सहजता बनाई गुणस्तरीय शिक्षा सेवा प्रवाह गरिनुका साथै प्राविधिक शिक्षा सम्बन्धी पूर्वाधार निर्माण गर्ने ।<br>☞ स्वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता वृद्धि गरी नगरवासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउनुका साथै स्वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता वृद्धि गरिनेछ ।<br>☞ समुदायको स्वास्थ्य अवस्थामा सुधार ल्याउन खानेपानी तथा सरसफाईको संस्थागत विकासमा सुधार ल्याउने ।<br>☞ सामुदायिक सशक्तीकरण मार्फत महिला, बालबालिका, जेष्ठ नागरिक, असहाय, एकल महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउने ।<br>☞ सामाजिक तथा जातीय विभेद अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने<br>☞ खेलकुदको विकासका लागि आवश्यक भौतिक संरचनाको निर्माण गरी खेल गतिविधिको व्यवसायीकरण गर्ने ।<br>☞ नगरपालिकाका सबै संरचनाहरूमा यूवाहरूलाई समावेश गरी आर्थिक पुनर्लाभ तथा सामाजिक जनचेतनाका माध्यमद्वारा यूवा बेरोजगारी न्यूनिकरण गर्ने । |
| **भौतिक पूर्वाधार विकास** | **समष्टीगत उद्देश्य** | ☞ सडक यातायात लगायत अन्य विकास पूर्वाधारका क्षेत्रमा नगर वासीहरूको पहुँचमा अभिवृद्धि गर्ने । |
| | **क्षेत्रगत उद्देश्यहरू** | ☞ सडक यातायातको स्तरोन्नति गरी आवागमनमा सहजता ल्याई स्थानीय उत्पादनलाई बजार सम्म पुर्‍याउने<br>☞ सूचना तथा संचारमा नगरपालिका वासीको पहुँच र उपयोगमा वृद्धि भई जीवनस्तरमा सुधार ल्याउने ।<br>☞ विद्युत सेवामा नगरपालिका वासीको पहुँच र उपयोगमा वृद्धि भई जीवनस्तरमा सुधार ल्याउने ।<br>☞ सार्वजनिक पूर्वाधार निर्माण र व्यवस्थापन सम्बन्धी नीतिहरू सरोकारवालाहरूको सहकार्यमा निर्माण गरी प्रभावकारी ढंगमा लागु गर्ने । |
| **वन वातावरणीय तथा विपद् व्यवस्थापन** | **समष्टीगत उद्देश्य** | ☞ वन, वातावरण प्राकृतिक तथा जैविक सम्पत्तिको संरक्षण, सम्वर्द्धन र वितरण प्रणालीमा सुधार भई नगरपालिकामा विपद व्यवस्थापन सम्बन्धी दीगो उपायहरू अवलम्वन गर्ने । |
| | **क्षेत्रगत उद्देश्यहरू** | ☞ समुदायको संलग्नतामा थप वृद्धि गर्दै दीगो वन व्यवस्थापन र भू संरक्षणका माध्यमबाट जैविक विविधताको संरक्षण तथा रोजगारीमा वृद्धी गर्ने । |
| **संस्थागत विकास** | **समष्टीगत उद्देश्य** | ☞ नगरपालिका वासीलाई गुणस्तरीय, छिटो, छरितो, प्रभावकारी र पारदर्शी सार्वजनिक सेवा प्रदान गर्न सक्षम स्थानीय शासन पद्धतिको संस्थागत विकास गर्ने |
| | **क्षेत्रगत उद्देश्यहरू** | ☞ स्थानीयस्तरमा प्रवाह हुने सवै संघसंस्थाका सेवाहरूलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी बनाउने |

### ३.६ परिमाणात्मक लक्ष्य

उपरोक्त समष्टिगत र क्षेत्रगत उद्धेश्यहरू हासिल गर्न तल उल्लेखित सूचकहरू तय गरिएको छ, जसले अगमि ५ बर्षमा यस नगरपालिकामा गरिने समग्र विकासको अवस्थालाई चित्रित गरेकोछ।

**तालिका ३.२: विकासको समष्टिगत तथा अपेक्षित अवस्था**

| अपेक्षित उपलब्धी | सूचकहरू | २०७९/०८० आधार वर्ष | २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|
| **आर्थिक विकास** | | | |
| उत्पादनमूलक क्षेत्रहरूको व्यवसायीकरण मार्फत उत्पादकत्वमा वृद्धि गरी स्थानीय स्तरमा स्वरोजगारी श्रृजना गरी जनताको आर्थिक जीवनस्तरमा सुधार आएको हुनेछ। | प्रति ब्यक्ति प्रतिवर्ष खाद्यान्न उपलब्धता (के.जी.) | २५ | ५० |
| | नपाको कृषि क्षेत्रको कूल गाह्रस्थ उत्पादन (रू. करोड) | १७ | २८ |
| | कृषि क्षेत्रको वृद्धि दर (प्रतिशतमा) | ७.५ | ८.५ |
| | पशु उत्पादन वृद्धिदर (प्रतिशत) | ५ | १५ |
| | पशुपालन क्षेत्रमा रोजगारीमा वृद्धी (प्रतिशत) | २ | ५ |
| | पशु विकास समूह गठन (संख्या) | ३५ | ४० |
| | सिंचित क्षेत्र (रोपनी) | ८५०० | १०५०० |
| | कुलो विस्तार (कि.मि.) | १० | ७५ |
| | पर्यटन उद्यमीहरूको आम्दानीमा वृद्धि (प्रतिशत) | १० | ३५ |
| | पर्यटक वास वस्ने होटलको व्यवस्था (संख्या) | ४० | ५२ |
| | व्यवस्थित होमस्टे संख्या | १ | १५ |
| | चालु साना तथा घरेलु उद्योग (संख्या) | १२०० | १५०० |
| | साना तथा घरेलु उद्योगमा रोजगारी (संख्या) | २७८१ | ३५०० |
| | उद्यमीहरूको आयमा वृद्धि (प्रतिशतं) | २५ | ५० |
| | वित्तिय संस्थाहरूमा जनताको पहुंच (प्रतिशत) | १०० | १०० |
| | सहकारी मार्फत रोजगारीको अवसरमा वृद्धि (प्रतिशत) | २५ | ५० |
| **सामाजिक विकास** | | | |
| शिक्षा तथा सामुदायिक स्वास्थ्यमा गुणस्तरियता अभिवृद्धि गरीनुका साथै सशक्तीकरण मार्फत महिला, बालबालिका का तथा जेष्ठ नागरिकहरूको सामाजिक अवस्थामा सुधार | विद्यार्थीको भर्नादरमा वृद्धि (प्रतिशत) | ९६ | ९९ |
| | कूल साक्षर जनसंख्या प्रतिशत | ६४ | ७० |
| | पुरूष साक्षरता प्रतिशत | ७४ | ८० |
| | महिला साक्षरता प्रतिशत | ६० | ६५ |
| | प्राथमिक तहको सिकाइ उपलब्धीमा वृद्धि (प्रतिशत) | ७७ | ८२ |
| | विचैमा विद्यालय छोड्ने दरमा न्यूनता (प्रतिशत) | ३ | ० |
| | ३ देखि ५ वर्ष उमेर समुहका बालबालिकाहरूको प्रारम्भिक बालविकास केन्द्रमा भर्ना दर (प्रतिशत) | १०० | १०० |
| | नगरपालिकाद्वारा सवै विद्यालयको वार्षिक अनुगमन (पटक) | १२ | १२ |
| | स्वास्थ्य सेवामा पहुँच (प्रतिशत) | १०० | १०० |
| | पूर्ण खोप प्राप्त बालबालिका (प्रतिशत) | ७५ | ९५ |

| अपेक्षित उपलब्धी | सूचकहरू | २०७९/०८० आधार वर्ष | २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|
| आएको हुनेछ। | नगरबासीको औसत आयु (वर्ष) | ७१ | ७६ |
| | वाल मृत्यू दर | ४.५ | २.५ |
| | आधा घण्टाभित्र स्वास्थ्य सेवामा पहुंच भएको जनसंख्या | ७८ | ९० |
| | सुरक्षित पिउने पानीको प्रयोग गर्ने जनसंख्या (प्रतिशत) | ३० | ८० |
| | एक घर एक शौचालय (प्रतिशत) | १०० | १०० |
| | हरेक क्षेत्रमा महिलाको निर्णायक भूमिकामा सहभागिता (प्रतिशत) | ४० | १०० |
| | घरेलु हिंसाको न्यूनिकरण (प्रतिशत) | ७५ | १०० |
| | सहकारीमा आबद्ध महिला (संख्या) | ६५० | १५०० |
| | महिला उद्यमीहरूको संख्या | १०० | २५० |
| | विद्यमान नीति निर्माणमा दलितहरूको सहभागीता (प्रतिशत) | २५ | ४० |
| | सम्पूर्ण समावेशीकरणका नीतिहरूको प्रभावकारी कार्यान्वयन (प्रतिशत) | १०० | १०० |
| | व्यवस्थित खेल मैदान निर्माण (सख्या) | ५ | १५ |
| **पूर्वाधार विकास** | | | |
| सार्वजनिक पूर्वाधारको विकास र व्यवस्थापन सरोकारवालाहरूको सहकार्यमा निर्माण गरी नगरवासीको पहुँच र उपयोगमा सहजता भएको हुनेछ | कालोपत्रे सडक लम्बाई (कि.मि.) | १०० | ५०० |
| | बजार तथा सेवा केन्द्रमा पुग्न लाग्ने औसत समय (घण्टा) | १.०० | ०.१५ |
| | १२ महिना यातायात सुचारू सवै खाले सडक (कि.मि.) | ३०० | ५५० |
| | कूल घरधुरी मध्ये केन्द्रीय विद्युत् सेवा उपभोग गर्ने (प्रतिशत) | १०० | १०० |
| | केन्द्रीय विद्युत् सेवा विस्तार भएका बस्ती (प्रतिशत) | १०० | १०० |
| | भवन आचार संहिता लागु भई घर निर्माणमा सोको कार्यान्वयन (प्रतिशत) | ५० | १०० |
| **वन वातावरण र विपद् व्यवस्थापन** | | | |
| जैविक विविधताको संरक्षणका लागि समुदायको संलग्नतामा थप वृद्धि गर्दै दीगो वन व्यवस्थापन र भू | बनजंगलमा रूख विरूवाले ओगटेको क्षेत्रफल (प्रतिशत) | २२ | ३० |
| | कृषि वन समूह बिस्तार (संख्या) | १५ | ३५ |
| | उपजलाधार क्षेत्र निर्धारण गरी व्यवस्थापन योजना वनाउने (संख्या) | १ | ६ |
| | क्षतिग्रस्त भूमी पुनरूत्थान (हे.) | १२५ | २७५ |

| अपेक्षित उपलब्धी | सूचकहरू | २०७९/०८० आधार वर्ष | २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|
| संरक्षणका माध्यमबाट तथा रोजगारीमा वृद्धि भएको हुनेछ। | फोहोरमैलाको व्यवस्थित र दीगो व्यवस्थापन भएका वार्ड (संख्या) | २ | १४ |
| | आपतकालीन केन्द्रको स्थापना (नपा) | १ | १ |
| | बिपद व्यवस्थापन योजना निर्माण र अद्यावधिक (संख्या) | ० | २ |
| **संस्थागत विकास** | | | |
| स्थानीय स्तरमा प्रवाह हुने सवै संघसंस्थाका सेवाहरू समावेशी र प्रतिफलमूलक भएको हुनेछ। | नपाको क्षमता विकास योजना निर्माण र अद्यावधिक | १ | १ |
| | नगर प्रथम पञ्चवर्षिय योजना निर्माण र अद्यावधिक तथा मूल्याकंन | १ | १ |
| | नगरिक वडा पत्र अनुसार सेवा प्रवाह (प्रतिशत) | १०० | १०० |
| | मेल मिलाप केन्द्रहरूका स्थापना | १४ | १४ |

### ३.७ लगानी, स्रोत अनुमान र बाँडफाँट

प्रथम पञ्चवर्षिय योजना २०८०/०८१ देखि २०८४/०८५ सम्मको अनुमानित लगानी र सोही समयमा नगरपालिका भित्रको खर्च सम्बन्धी बजेटको प्रक्षेपण ४ अर्व २६ करोड  ७२ लाख ०३ हजार रूपैंया गरिएको छ। भने सोही अवधिमा नगरपालिकाको आय तर्फ ३ अर्व १५ करोड  ८४ लाख ७१ हजार रूपैंया गरिएको छ। यसरी योजना अवधिमा नपूग हुने रकम रू. १ अर्व १० करोड ८७ लाख ३२ हजार  रूपैंया देखिन्छ, जो कुल अनुमानित बजेटको २५.९८ प्रतिशत मात्र देखिन आउछ।

### ३.८ दीगो विकासका लक्ष्यहरूसँग प्रथम पञ्चवर्षिय योजनाको तादात्म्यता

दीगो विकास लक्ष्य २०३० ले 'विकास' लाई एकीकृत तरिकाबाट व्यापक रूपले मानवीय अवस्थामा सुधार गर्दै आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय तथा संस्थागत विकास गर्ने माध्यमका रूपमा हेर्दछ। दीगो विकास लक्ष्यले विकासको आधारभूत मानवीय आवश्यकता जस्तै भोकमरी तथा गरिबीको अन्त्य, सबैका लागि सुरक्षित खानेपानी तथा सरसफाइको सुनिश्चितता जस्ता विषय समेटेको छ। गुणात्मक जीवनका पक्षहरूमा यसलाई स्वस्थ जीवन एवम् सम्पन्नता, गुणात्मक शिक्षा तथा जीवन उपयोगी सिकाइ एवम् उच्च मानवीय आकांक्षा (लैंगिक समानताको प्राप्ति, असमानताको कमी, शान्ति स्थापना, न्यायमा पहुँच, समावेशी संस्थाहरू) का आधारको तयारीका रूपमा हेरिएको छ। यसका अलावा दीगो विकास लक्ष्यले विकासलाई अधिकारमुखी विकासको फराकिलो दायराबाट समेत हेरेको छ। दीगो विकास लक्ष्यमा पृथ्वी, मानव,  समृद्धि,   शान्ति र साझेदारी सहित  पाँच वटा स्तम्भलाई केन्द्रमा राखी  ब्यापक छलफल गरिएको छ।

स्थानीय तहमा दीगो विकासको लक्ष्यलाई स्थानीयकरण गर्ने सम्बन्धमा यसले तय गरेका १७ लक्ष्य, १६९ सहायक लक्ष्य र करीब ३०० मापनयोग्य सूचकहरू मध्य १६ वटा लक्ष्यहरू र त्यससँग सम्बन्धित सहायक लक्ष्य र सूचकहरूलाई यस आवधीक योजनासँग तादात्म्यता बनाउन यसले तय गरेका उपलब्धी, प्रतिफल, सूचक, कार्यक्रम र बजेट तदनुरूप बनाईएको छ।

### ३. ९ प्रथम पञ्चवर्षिय योजनाको लक्ष्य

पन्ध्रौँ राष्ट्रिय योजनाको प्रमुख लक्ष्य "समृद्ध अर्थतन्त्र, सामाजिक न्याय, परिष्कृत जीवन सहितको समाजबाद उन्मुख लोककल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नती हुने आधार निर्माण गर्ने" र बागमती प्रदेशको प्रथम प्रथम पञ्चवर्षिय योजनाले तय गरेको लक्ष्य "सामाजिक न्याय सहितको उच्च दिगो र फराकिलो आर्थिक बृद्धिदर हासिल गर्दै जीवनस्तरमा सुधार ल्याउने" लाई समेत योगदान पुऱ्याउने गरी यस नगरपालिकाको विकासको लक्ष्य "नगरवासीको समन्यायिक रूपमा सामाजिक तथा आर्थिक विकास गरी जीवनस्तरमा उल्लेख्य सुधार ल्याउने रहेको छ।

### ३. १० प्रथम पञ्चवर्षिय योजनाका प्राथमिकताका क्षेत्रहरू

नगरपालिकासँगको छलफल कार्यक्रम पश्चात विषयगत क्षेत्रहरूलाई देहायको प्राथमिकतामा राखीएको छ। नगर विकासका पाँच वटा विषयगत क्षेत्रहरु सो अन्तर्गतका ११ वटा विषयगत उपक्षेत्रहरुको प्राथमिकताक्रम देहायअनुसार निर्धारण गरी विषयगत क्षेत्र योजना तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**तालिका ३.३: विषयगत आधारमा विकासको प्राथमिकता क्रम**

| विषयगत क्षेत्र | विषय क्षेत्रगत प्राथमिकता |
|---|---|
| आर्थिक विकास | १. कृषि, सिंचाई तथा पशुपालन |
| | २. पर्यटन |
| | ३. उद्योग, वाणिज्य, बैकिङ्ग तथा सहकारी |
| सामाजिक विकास | १. शिक्षा, खेलकूद, युवा तथा संस्कृति |
| | २. स्वास्थ्य तथा जनसंख्या |
| | ३. खानेपानी तथा सरसफाई |
| | ४. महिला, बालबालिका तथा लक्षित वर्ग |
| भौतिक पूर्वाधार विकास | १. यातायात तथा सडक |
| | २. विद्युत् तथा वैकल्पिक ऊर्जा |
| | ३. सूचना तथा सञ्चार |
| | ४. वस्ती तथा शहरी विकास र आवास तथा निर्माण |
| वन तथा वातावरण व्यवस्थापन | १. वन, भू-संरक्षण तथा जैविक विविधता |
| | २. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता |
| | ३. भूसंरक्षण तथा जलाधार व्यवस्थापन |
| | ४. वातावरण तथा फोहोरमैला व्यवस्थापन |
| संस्थागत विकास र सुशासन | १. संस्थागत र क्षमता विकास<br>२. स्रोत परिचालन<br>३. स्थानीय सुशासन<br>४. विकास व्यवस्थापन<br>५. समुदाय सशक्तिकरण |

### ३.११ अपेक्षित उपलब्धी

यस नगरपालिकाको ५ वर्षे दीर्घकालीन सोच तय गर्ने शिलशिलामा र बिषयगत क्षेत्रका योजना बनाउने शिलशिलामामा नगरपालिकाका सम्पूर्ण पदाधिकारीहरू, प्रमुख राजनीतिक दल, विषयगत शाखा प्रमुख तथा अन्य सरोकारवालाको उपस्थितिमा आगामी पाँच वर्षभित्र नगरपालिकालाई के कस्तो देख्न चाहनुहुन्छ भनी मष्तिष्क मन्थन र छलफल गरिएको थियो । उक्त छलफलमा सहभागीबाट  अभिव्यक्त चाहानाहरु समेतको आधारमा निम्न अनुसार अपेक्षित उपलब्धी निर्धारण गरिएको छ ।

- सबै नगरवासीहरूका लागि आधारभूत स्वास्थ्य र शिक्षाको पहुँच पुगेको,
- सबै कृषियोग्य जमिनको पहिचान र वर्गीकरण भएको र ती जमिनमा माटो र हावापानी सुहाउँदो खेती भएको,
- आधुनिक कृषि, पशुपालन, उद्योग, व्यवसायको विकास भई सबै युवाहरूले नगरपालिका भित्रै रोजगारी प्राप्त गरेको,
- नगरपालिकाका सबै वडा कार्यालय सम्म पुग्ने पक्की सडक, विद्युत्, खानेपानी, विद्यालय, दूरसञ्चार, सिंचाइ लगायत सबै आधारभूत भौतिक पूर्वाधारहरू सबै वडाको आवश्यकता अनुसार पूर्ण भएको,
- तयार गरिने पूर्वाधार वातावरणमैत्री, बालमैत्री, अपांगमैत्री र विपद् प्रतिरोधी भएको,
- आधुनिक प्रविधियुक्त छिटो, छरितो सेवा दिने र सबै नागरिकको पहुँचमा भएको नगरपालिका,
- हरियालीयुक्त र स्वच्छ वातावरण युक्त भएको नगरपालिका,
- खाद्यान्न र रोजगारीमा आत्मनिर्भर तथा गार्हस्थ उत्पादन सकारात्मक भएको नगरपालिका,
- पक्की सडक, खानेपानी आपूर्ति, विद्युतीकरण, इन्टरनेट, फोहोर व्यवस्थापन सहितको आधुनिक बसाइ युक्त बसोवास भएको नगरपालिका,
- पर्यटन, धर्म संस्कृति तथा परम्पराको प्रवर्द्धन  भएको नगरपालिका,
- नगरपालिका वासीहरू सुरक्षित वासस्थानमा बस्न पाएको,
- मानिसको सोच र व्यवहारमा सकारात्मक परिवर्तन भएको र भ्रष्टाचारमुक्त सुशासनयुक्त नगरपालिका

## परिच्छेद - ४ : आर्थिक क्षेत्र

नगरपालिकाको कूल जनसंख्या मध्ये कृषिमा निर्भर ८५.०२ प्रतिशत, वैदेशिक रोजगारमा १५.४५ प्रतिशत, नेपालमै रोजगार १३.४२ प्रतिशत, व्यापार व्यवसायमा ६.७७५ प्रतिशत र अन्य विद्यार्थी तथा बालबालिकाहरूको संख्या ३४.९७ प्रतिशत रहेको छ भने कूल घरधुरी मध्ये ६०.१८ प्रतिशत घरधुरीलाई ६ महिना भन्दा कम र १८.४५ प्रतिशत घरधुरीलाई मात्र ६ महिना भन्दा बढी समयलाई कृषिजन्य उत्पादनले धान्ने अवस्था देखिन्छ र बाँकी ९.७६ प्रतिशत घरधुरीले खेतीपाती गर्दैनन् । त्यस्तै, वार्षिक आम्दानीबाट ३४.५४ घरधुरीलाई सजिलै पुग्छ, १६.७१ लाई मजदुरी गर्नपर्दछ, २७.४२ प्रतिशतलाई ऋण थप्नु पर्दछ र बाँकी २४.७८ प्रतिशत घरधुरीले मात्र वार्षिक आम्दानीबाट वचत गर्न सकिने अवस्था छ । कृषिबाटै नगरपालिकावासीलाई आत्मनिर्भर बनाउन र उत्पादनमा जोड्न विभिन्न खालका अनुदान तथा विउपल वितरण, बाख्रा, मौरीका घार, प्लास्टिक पोखरी तथा टनेल आधुनिक मासु पसल सुधार तालिम, बाली संरक्षणका सामाग्री वितरण लगायत किसानलाई प्रत्यक्ष उत्पादनसँग जोड्ने कार्यक्रम सञ्चालनमा छन। यसका अलावा नगरपालिकामा डेरी समेत सञ्चालनमा ल्याईएको छ। दैनिक १५ सय लिटर दूध नगरपालिका बाहिर जाने गरेको छ। यो नगरपालिका मासुमा आत्मनिर्भर भइसकेको छ । प्राङ्गारीक मलको प्रयोगमा व्यापक वृद्धि वृद्धि गराउन प्रोत्साहन गरी पशुपालनलाई दीगो बनाउन निश्चित क्षेत्र तोकी डाले तथा भुई घाँस खेतीलाई प्रोत्साहन गरिएकोछ । साथै, आत्मनिर्भर र उत्थानशिल हुने गरी कृषि तथा पशु उत्पादनमुखी, व्यवसायमुखी तथा स्वरोजगारमुखी कार्यक्रमहरू जसबाट यहाँको जनजीविकामा गुणात्मक सुधार आउनेछ नगरपालिकको प्राथमिकता निर्वाहमुखी अवस्थाबाट आधुनिकीकरण तथा व्यवसायीकरणमा हुनेछ र तदनुसारको कार्यक्रम तथा बजेटहरूको व्यवस्था हुनेछ यसबाट नगरपालिकावासीहरूको जनजीविकामा गुणात्मक सुधार आउनेछ ।

यो विषयगत क्षेत्रसँग दीगो विकास लक्ष्य १ ले प्रस्ताव गरेको अनुरूप सन् २०३० सम्ममा सबै स्थानबाट सबै मानिसहरूको अति गरिवीको अवस्थालाई अन्त्य गर्ने विषयसँग अन्तर-सम्बन्ध राख्दछ। यसका लागि राष्ट्रिय रूपमा परिभाषित गरिवीको रेखामुनि रहेका महिला, पुरूष र सबै उमेरका जनसमुदाय बीचको गरिवीको अनुपातलाई उल्लेख्य रूपमा घटाउने परिमाणात्मक लक्ष्य राख्दछ । उक्त प्रक्रियाले गरिव र विपन्नहरूलाई केन्द्रित गरी राष्ट्रिय रूपमा उपयुक्त सामाजिक संरक्षण प्रणाली र कदमहरू लागू गर्ने परिकल्पना गर्दछ। यस विषयगत क्षेत्रले आर्थिक स्रोतमा सबैको समान अधिकार सुनिश्चित गर्न तथा आधारभूत सेवाहरूमा पहुँच पुर्याउन र आर्थिक, सामाजिक तथा वातावरणीय संकटले निम्त्याउने विपन्नता र गरिवीविरूद्ध मजबुत ढंगबाट जुदसै विपन्नता न्यूनीकरण गर्ने मुद्धामा बिशेष प्रथामिकता दिएकोछ। उपरोक्त उपलब्धीहरू हासिल गर्न यस गाँउपालिकाले आर्थिक विकासका लागि देहायको दीर्घकालीन सोच तय गरेको छ।

### दीगो आर्थिक विकासका लागि कृषि, पर्यटन, उद्योग, र सहकारी मार्फत् रोजगारी !!

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस नगरपालिकाले स्थानीय स्तरमा उत्पादन तथा सेवाजन्य रोजगारीका अवसर वृद्धि गरी नगरपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने उद्देश्य राखेको छ । जसका आधारमा आर्थिक विकास क्षेत्रको कार्यक्रम तथा बजेटहरूको व्यवस्था तय गरेमा यस नगरपालिकावासीहरूको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

## ४.१ कृषि तथा पशुपंक्षी विकास

### ४.१.१ पृष्ठभूमि

चौतारा साँगागढी नगरपालिका पहाडी समशितोष्ण प्रकारको हावापानी रहेका हुँदा यहाँ कृषिको व्यवसायीकरणका लागि प्रर्याप्त सम्भावना र अवसरहरू रहेका छन् । खाद्यान्न, दलहन, मसला, फलफूल बालीहरू व्यवसायिक रूपमा उत्पादन गर्न सकिने सम्भावना रहेको छ । यसका अलावा पशुपालनका लागि समेत प्रशस्त सम्भावना समेत रहेको छ । यो क्षेत्रलाई वढी व्यवस्थित राख्न र पशुसेवालाई जन समुदायको घरदैलोमा पुर्याई कृषकहरूको कार्य संचालन गर्नका लागि नगरपालिकाले सहजीकरण गरिरहेको छ । स्थानीय स्तरमा पशुपालन व्यवसायलाई वढी व्यवस्थित, आयआर्जनको मूल माध्यम बनाउनका लागि यस नगरपालिकामा विविध किसिमका सेवाहरू उपलब्ध भईरहेका छन् । यसका अलावा, उपयूक्त हावापानीका कारण नगरपालिकामा पशुपालन व्यवसाय अन्तरगत गाई, भैंसी, भेडा, बाख्रा, बंगूर, कुखुरा व्यवसायिक रूपमा पालन गर्ने किसानहरूको सोच रहेको पाईन्छ । यस व्यवसायलाई प्रभावकारी रूपमा संचालन गर्नको लागि समुदायमा आधारित नश्ल सूधार, पशु आहाराको विकास, पशु स्वास्थ्य तालिम तथा प्रसार, बजार विकास जस्ता कार्यक्रमहरू संचालन हुनसके आर्थिक पुनर्लाभ हुन सक्ने सम्भावना देखिन्छ । पशुजन्य पदार्थ र वार्षिक उत्पादन तथा निर्यातको अवस्थालाई हेर्दा दुध, मासु, उन तथा फुल उत्पादनमा मात्रात्मक वृद्धि भएको देखिन्छ । तथापि, यी पदार्थहरूले नगरपालिका भरीको मागलाई आपूर्ति गर्ने अवस्था भएको देखिंदैन । जसको फलस्वरूप नगरपालिका बाहिरबाट समेत आयात भईरहेको छ ।

यो नगरपालिका काठमाण्डौ र चिनिया बजार जोडने अरनिको राजमार्गले राजधानी र चिनिया बजारसँग जोड्ने काम गरेको छ भने बर्दिबास-खुर्कोट-मध्यपहाडी राजमार्गले तराइको बजारलाई जोडेर सहज पहुँचका बनाएको छ । यसले खाद्यान्न, तरकारी, फलफुल तथा पशुपाजन्य उत्पादन र बजारीकरणको सम्भावनामा वृद्धि भएको छ । यसप्रकारको उत्पादन र बजारीकरणको प्रकृयमा समुदायस्तरका नगरबासीलाई जोड्न सके थप रोजगारीका अवसर तथा आम्दानीमा समेत पर्याप्त वृद्धि गरी कृषकहरूको जीवनस्तरमा सुधार ल्याई आर्थिक पुनर्लाभ हासिल गर्न सकिने देखिन्छ । नगरपालिका भित्र सम्भावना र अवसर हुँदाहुँदै पनि कृषी प्रणाली व्यवसायिक हुन सकिरहेको छैन । एकातिर नगरपालिका खाद्यान्नमा आत्मनिर्भर हुन सकेको देखिँदैन भने अर्कोतिर कुल खेतीयोग्य जमिनको ठूलो हिस्सा निर्वाहमुखी खेती प्रणालीमा आधारित रहेको देखिन्छ । विद्यमान समस्याहरूको समाधान र उपलब्ध सम्भावना र अवसरको अधिकतम उपयोग गर्दै यहाँको कृषी पेशालाई व्यवसायिक, प्रतिस्पर्धी तथा मर्यादित बनाउनु पर्ने खाँचो देखिएको छ । विकाससँग सम्वन्धित विभिन्न विषयगत निकायहरूका प्रतिवेदनका आधारमा कूल जनसंख्याको ८७ प्रतिशत जनसंख्या कृषि पेशामा आधारित रहेको छ । समूहमा आधारित सामुदायिक उत्थानशिल परियोजनाहरू मार्फत जनताको आर्थिक सशक्तिकरण पनि सुनिश्चित गर्न आवश्यक छ ।

कृषि विकास सेवालाई दीगो विकासको लक्ष्य २ सँग प्रत्यक्ष रुपमा जोडिएको छ, जस्ले भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा हासिल गर्ने तथा उच्च पोषण र दीगो कृषिको प्रवर्द्धन गर्ने र सन् २०३० सम्ममा भोकमरीको अन्त्य गर्ने सोच राखेको छ । साथै, सबै मानिसहरूलाई सुरक्षित, पोषणयुक्त र वर्षभरीलाई पर्याप्त खाद्यान्नको पहुँच सुनिश्चित गर्न जोड दिन्छ । यसका लागि कृषि उत्पादनलाई दोब्बर गर्ने र साना खाद्य उत्पादकहरूको आय र खाद्यान्न आपूर्तिको श्रृङ्खलामा सुधार एवं तिनको पहुँच सुचिश्चित गर्ने विषय पर्दछन् । यसले दीगो खाद्य उत्पादन प्रणाली र सबल कृषि अभ्यासहरूको कार्यान्वियनको सुनिश्चितताालाई परिमाणात्मक लक्ष्यको रूपमा किटान गरेको छ । यस पालिकासँग खाद्यान्न बचतको अवस्था, खाद्यान्न वितरण र पहुँचमा समानता पाइँदैन ।

### ४.१.२ समस्या तथा चुनौती

- कृषि उत्पादन तथा उपादकत्वमा कमि र माटोको उर्बरा शक्तिमा ह्रास तथा माटोमा अमलीयपनाको वृद्धि ।
- आधुनिक उपकरणको अभाव हुनुका साथै बजारको समस्या र महङ्गो ढुवानी, उन्नत विउको, मल, तथा किटनासक औषधिको अभाव।
- कृषिको विशिष्टीकरण, ब्यापारीकरण तथा प्राविधिक ज्ञानको कमिका साथै कृषकले समयमा कृषि सेवा तथा प्राविधिक सहयोग नपाउनु।
- स्थानीय तथा रैथाने जातका अन्नबाली र वीउहरू लोप हुदै जानु। सुहाउदो जलवायु अनुसारको फलफूल खेतीको विकास नहुनु
- कार्यालय लगायत फिल्डमा गएर किशानलाई निर्देशन गर्न पर्याप्त दक्ष मानव स्रोतको कमी हुनु
- खेतिवालीमा बादर आतंक
- रासायनिक मल तथा किटनासक औषधिको अभाव
- कृषि उत्पादनका लागि बजारको अभाव
- गुणस्तरीय बिउबिजनको अभाब
- वर्षभरी सिंचाइ सेवा उपलब्ध हुने पानीको मुहानको पहिचान तथा संरक्षण नहुनु
- भैरहेका र संचालित सिंचाइ सेवा उपलब्ध गराउने संरचनाहरूको उचित मर्मत संभार र संचालनमा कमी
- १२ महिना पोषिलो पशु आहाराको उपलब्ध हुन नसक्नु
- बिशिष्टिकृत पशु स्वास्थ्य सेवाको अभाव
- उत्पादित पशुजन्य उत्पादन र पदार्थहरूलाई बजारसम्म पुर्याउन समस्या
- कृषि पेशाको संस्थागत विकास गर्न नसकिनु तथा कृषकलाई यस पेसाप्रति जागरूक हुनको लागि प्रयाप्त प्रोत्साहनको कमि।
- उत्थानशिल विकास प्रकृयाको कमी।

### ४.१.३ सम्भावना तथा अवसर

- बजारको विस्तार भईरहेको अवस्थामा बेमौसमी तथा अन्य ताजा तरकारी खेतीका लागि बजारको सुबिधा,
- पहाडी धरातलको र प्रयाप्त वन जंगलको उपलब्धताका कारण मौरी पालन व्यवसायको सम्भावना,
- स-साना सिंचाइ मार्फत बेसी क्षेत्रमा खाद्यान्नको उत्पादन,
- शीत भण्डारको स्थापनाकालागि नगरपालिकाको बिशेष प्राथमिकता।
- उन्नत पशुपालन प्रणालीका लागि प्रयाप्त लगानीको अभाव
- बजारको विस्तारका कारण प्रयाप्त कुखुराको माग र व्यवसायीहरूको त्यस तर्फको आकर्षण ।
- उन्नत गाइ भैसी तथा वाख्रा पालनतर्फ किसानहरूको आकर्षण।
- पशुजन्य उत्पादन र पदार्थहरूको बढ्दो माग।

## ४.१.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

उपरोक्त उल्लेखित विद्यमान अवस्था, अवसर र चुनौतीका आधारमा यस नगरपालिकालाई कृषि तथा पशूपालन क्षेत्रको विकासका क्षेत्रमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

**व्यवसायिक कृषि र पशुपालन!**
**उत्पादन र उत्पादकत्व वृद्धिका लागि व्यवशायिकरण !!**

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस नगरपालिकाले स्थानीयस्तरमा कृषिर र पशुपालन पेशामा अधिकाधिक जनसंख्यालाई आकर्षित गर्दै रोजगारीका अवसर वृद्धि गरी नगरपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने उद्वेश्य राखेको छ। जसका आधारमा कृषि विकास र र पशुपालन क्षेत्रको कार्यक्रम तथा बजेटको व्यवस्था तय गरेमा यस नगरपालिकावासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य :** व्यवसायिक कृषि र पशुपालन क्षेत्रको पेशाका माध्यमबाट उत्पादन वृद्धि गरी रोजगारीका अवसर सृजना गर्नुका साथै नगरपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार ल्याउने।

**उद्देश्य :** कृषिको व्यवसायीकरणमा जोड दिंदै कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नुका साथै स्वस्थ पशुपंक्षीको उत्पादनमा वृद्धि गर्दै रोजगारीका अवसरहरू श्रृजना गर्ने।

### रणनीति

- परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण र ब्यावसायीकरण गरिनेछ।
- पशुपंक्षी पालनलाई आधुनिक र व्यवसायिक बनाउदै लगिने छ।
- सिंचाई सुबिधा भएको क्षेत्रमा समुदायमा आधारित ब्यावसायिक तरकारी खेतिलाई प्राथमिकता दिइनेछ। तरकारीमा नगरपालिकालाई आन्मनिर्भर बनाईनेछ।
- तरकारी संकलन गरी नगरपालिका भन्दा बाहिर लैजाने सहकारी संस्थालाई निकासी तरकारीको परिमाणको आधारमा नगरपालिकाले अनुदान दिने व्यवस्था मिलाउनेछ।
- वडाले आफ्नो वडामा व्यावसायिक उत्पादनको लागि “एक बस्ति, एक उत्पादन” लाई प्राथामिकतामा राखि आवश्यक बजेट समेत विनियोजन गरी व्यावसायिक उत्पादनमा जोड दिइनेछ।
- चियाखेतीको अध्ययनबाट संभाव्य देखिएका स्थानहरुमा निजीक्षेत्र, सहकारी तथा संघ सस्थाको सहयोगमा व्यावसायिक खेती सुरु गरिनेछ।
- सबै वडामा कम्तिमा एउटा कृषि सहकारी संस्था स्थापना गरिनेछ।
- “फोहोरलाई मोहोर” मा रुपान्तरण गर्न कम्पोष्ट मल नीति बनाई लागू गरिनेछ।
- नगरपालिकाले खाद्यान्न, तरकारी तथा फलफुलको उपयुक्त माटोको पहिचान गरी कृषकहरुलाई सिफारिस गर्न माटो परीक्षणको कार्यक्रम सञ्चालन गर्नेछ।
- कृषि उपजको बीमा कार्यक्रमलाई सञ्चालन गर्न संघ तथा प्रदेशको सहयोगमा अगाडी बढाइनेछ।

- ☞ नगर क्षेत्रभित्र रहेको कृषि विषयको अध्ययन हुने विद्यालय वा संस्थासंग समन्वय गरी साझेदारी कार्यक्रम संचालन गरिनेछ।
- ☞ "किसान पेन्सन कार्यक्रम" को सुरुवात गरिनेछ।
- ☞ "बारी बाँझो नराखौं, माटोले मागेको रोपौँ" भन्ने अभियान अन्तरगत कृषकलाई माटोको प्रकार गुणस्तर हावापानी अनुकूल खेती गर्न मल, बिउ, प्राबिधिक सेवा उपलब्ध गराईनेछ।
- ☞ सबै प्रकारका जमिनलाई खेर जान नदिन कृषि योग्य भूमिको पूर्ण उपयोग गरी सघन खेती प्रणालीको माध्यमबाट कृषि उत्पादन गर्ने नीति कार्यन्वयनमा ल्याइनेछ।
- ☞ संकलन केन्द्र मार्फत कृषि उपजको बजारीकरणको प्रवन्ध गरिनेछ साथै मिनि कोल्ड स्टोरको विस्तार गरिनेछ।
- ☞ नेपाल राष्ट्र बैंकको मौद्रिक नीति अनुसार कृषिमा सहुलियतपूर्ण व्याजदरको सुविधालाई नगरपालिका जमानतमा बसी सहकारी, बैंक तथा वित्तिय संस्थाद्वारा कर्जा उपलब्ध गराईने कार्यलाई निरन्तरता दिइनेछ ।
- ☞ स्थानीय प्रजातिको धान, मकै, कोदो, कोसेवाली लगायतका अन्नहरुको संरक्षणको लागि स्थानीय बीउ संरक्षण र विकास गर्ने गरी संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा बिउ उत्पादन केन्द्र तथा विउ बैंकको स्थापना गर्ने नीति लिइनेछ।
- ☞ मौसमी तथा बेमौसमी तरकारी उत्पादनको लागि बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई तालिम दिई स्वरोजगार तथा आत्मनिर्भर हुने व्यवस्था गरिनेछ।
- ☞ नगर कै अगुवाइमा रासायनिक मल आपूर्तिको व्यवस्था मिलाइनेछ। र रासायनिक मल आपूर्तिको व्यवस्था सहज बनाउन ढुवानीमा अनुदान दिने व्यवस्था मिलाइनेछ।
- ☞ कृषि उत्पादकत्व बृद्धिको लागि अनुदानमा आधुनिक कृषि यन्त्र तथा अन्य औजार वितरणलाई निरन्तरता दिइने छ।
- ☞ व्यावसायिक कृषि उत्पादनमा कृषकलाई सघाउ पुर्याउन "प्रत्येक किसान उत्पादक बनौ, प्रत्येक उत्पादनलाई उद्यममा जोडौँ" भन्ने उद्घोष सहित सोहि अनुसारका कार्यक्रमहरु संचालन गरिनेछ।
- ☞ "उन्नतिका लागि युवा जाँगर, विकासका लागि व्यवसायिक उत्पादन" भन्ने उद्देश्य सहित बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई कृषि र उद्योग व्यवसायमा आकर्षित गर्न विशेष प्राथमिकता सहित कार्यक्रमहरु संचालन गरिनेछ।
- ☞ नगर कृषि विकास बोर्ड गठन गरी आवश्यक स्थानीय कार्यान्वयन इकाईहरु गठन गर्ने नीति अवलम्बन गरिनेछ।
- ☞ निःशूल्क माटो परीक्षणको व्यवस्था गरिनेछ। बाली विमालाई व्यवस्थित गरीने छ।
- ☞ फौजी किरा, सलह जस्ता प्रकोपको नियन्त्रण गर्न "बाली संरक्षण आपतकालीन कोष"को व्यवस्था गरिनेछ।
- ☞ निम्न आय भएका एकल महिलाहरुलाई लक्षित गरी उप-मेयर बाख्रा पालन सहयोग कार्यक्रम संचालन गरिनेछ।
- ☞ दुधालु भैँसीलाई मासुको प्रयोजनको लागि बेच बिखन गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।
- ☞ पशु विमा कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

☞ नगरपालिकालाई अण्डा, मासु र मा आत्मनिर्भर बनाउन अनुदानलाई प्रभावकारी बनाइने छ।

☞ बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई व्यवसायिक पशुपालनमा आकर्षित गर्न कार्यक्रमहरु संचालन गरिनेछ।

☞ नगरवासीको रोजगारी र आयमा बृद्धि गर्न कृषि र पशुपालन व्यवसायलाई अनुदान उपलब्ध गराइने छ ।

☞ बिपन्न, जोखिमयुक्त तथा संकटासन्न समुदाय तथा व्यक्तिको आयआर्जन बृद्धि गर्न कृषि विमा कार्यक्रम सञ्चालन तथा विस्तार गरिनेछ ।

☞ बिपन्न, जोखिमयुक्त तथा संकटासन्न समुदायको उत्थानशिलताको लागि विशेष कृषि अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

☞ निर्वाहमुखी कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीकरण गरी स्वरोजगार सृजना गरिनेछ ।

☞ तरकारी, भैसी तथा बाख्रा उत्पादन बृद्धि गर्न अनुदान र प्रोत्साहन गरिनेछ ।

☞ समुहगत कार्यको अवधारणा अनुसार आर्थिक तथा सामाजिक विकास प्रकृयामा बञ्चितीकरणमा परेका समुदायलाई मुल प्रवाहीकरणमा ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ (जस्तै कृषि अनुदान, सिपमुलक तालिम, विमा, सहुलियत ऋण, व्यवसायीक क्षमता अभिबृद्धि तालिम, प्रोत्साहन तथा पुस्कार)।

☞ स्थानीय उत्पादनहरुको बजार प्रबर्द्धन गर्न बिपन्न, जोखिमयुक्त तथा संकटासन्न व्यक्ति तथा समुदायस्तरमा समुह तथा सञ्जालहरुलाई सक्रिय बनाईनेछ।

☞ विकास साझेदारहरुको सहयोगबाट आयआर्जन तथा उत्पादन सम्बन्धी सिपमुलक विभिन्न तालिम कार्यक्रमलाई निरन्तरता दिने

☞ सामुदायिक संजाल बनाई दिगो तथा उत्थान्शील समाज निर्माण गर्नको लागि परिचालन गरिने छ ।

☞ नगरपालिकामा सिंचाई विस्तार गर्न नयाँ नयाँ प्रविधिहरु अबलम्वन गरिनेछ ।

☞ सिंचाईका कार्यक्रम निर्माण गर्दा विपद् उथ्थानशिल हुने गरी निर्माण गरिनेछ।

☞ कार्यक्रमहरु सञ्चालन गर्दा बिशेष समुह जस्तै अति-बिपन्न, अति संकटासन्न, विपद् प्रभावित हरुलाई बिशेष प्रार्थमिकता दिइने छ।

☞ भूगर्भीय अध्ययनका आधारमा जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरि मूल संरक्षण, व्यवस्थापन तथा सिंचाई सुबिधा विस्तार गरिनेछ।

### ४.१.५ कार्यक्रम तथा आयोजना

☞ कृषि पकेट क्षेत्र बिकास अध्ययन कार्यक्रम

☞ कृषि पकेट क्षेत्र बिकास कार्यक्रम (अध्ययन प्रतिबेदनका आधारमा तरकारी, फुलफुल तथा अन्न उत्पादन पकेट क्षेत्रको बिकास, प्रबर्द्धन क्रियाकलापहरु सञ्चालन)

☞ रैथाने बाली संरक्षण कार्यक्रम (बिउ सकलन सरक्षण र बितरण)

☞ व्यवसायिक तरकारी पकेट क्षेत्र विकास कार्यक्रम।

☞ तरकारी बजारीकरण कार्यक्रम (संकलन केन्द्र तथा चिस्यान केन्द्र स्थापना, स्थानीय बजार हाट बजारको प्रबर्द्धन, आदि)

- ☞ व्यवसायिक फलफूल वाली विकास कार्यक्रम।
- ☞ स्थानीय फलफुल प्रशोधन केन्द्र स्थापना (लप्सी क्यान्डी, जुस आदी)
- ☞ कृषि उपज उत्पादन, प्रशोधन तथा वजारीकरण प्रबर्द्धन कार्यक्रम।
- ☞ कृषि उत्पादन तथा भण्डारण पूर्वाधार विकास कार्यक्रम।
- ☞ क्षमता विकास कार्यक्रम तथा अनुदान सहयोग कार्यक्रम।
- ☞ कृषि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास।
- ☞ व्यवसायिक पशुपंक्षी विकास कार्यक्रम।
- ☞ पशुपंक्षीपालन क्षमता विकास कार्यक्रम।
- ☞ पशु विकास पूर्वाधार निर्माण।
- ☞ पशुपंक्षी विकास कार्यक्रमका लागि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास।
- ☞ समुहमा आधारित व्यवसायिक पशुपालन कार्यक्रम (सामुदायिक समुहहरुमा)
- ☞ पशुपालन पकेट क्षेत्र निर्धारण कार्यक्रम (अध्ययन प्रतिबेदनका आधारमा कुखुरा पालन, गाई, भैसी तथा बाख्रा पालन र दूध पकेट क्षेत्रको बिकास)
- ☞ साना किसान प्रवर्धन कार्यक्रम (सहकारी तथा बचत समुहहरुको माध्यमबाट स्थानीय कृषकको उत्पादन प्रबद्र्धन, व्यवस्थापन तथा बजारीकरण गर्ने)

### ४.१.६ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **उपलब्धी** : कृषि पेशालाई व्यवसायीकरण गरी किसानको जीवनस्तरमा सुधार आएको हुनेछ। | प्रति ब्यक्ति प्रतिवर्ष खाद्यान्न उपलब्धता (के. जी.) | २५ | २७ | २९ | ३२ | ३५ | ४० |
| | नपाको कृषिक्षेत्रको कूल गाहस्थ उत्पादन (रू. करोड) | १७ | २० | २२ | २५ | २८ | ३० |
| **प्रतिफल नं १** : जनताको खाद्य तथा पोषण सुरक्षामा सुधार भएको हुनेछ । | कृषि क्षेत्रको वृद्धि दर (प्रतिशतमा) | ७.५ | १० | १५ | २० | २५ | २८ |
| | बार्षिक प्रति व्यक्ति तरकारी उपभोग (के.जी.) | १०० | १५० | २०० | २५० | ३०० | ३२० |
| | बार्षिक प्रति व्यक्ति फलफूल उपभोग (के.जी.) | २५ | ५० | ७५ | १०० | १५० | २०० |
| | बार्षिक प्रति व्यक्ति आलु उपभोग (के.जी .) | १०० | १२० | १५० | १७५ | २०० | २२० |
| | दलहन (के.जी.) | १०० | १५० | १७५ | २०० | २५० | २८० |
| **प्रतिफल नं २** नगदेवाली, मौसमी तथा वेमौसमी तरकारी तथा फलफूल खेतिको क्षेत्र विस्तार, बजार व्यवस्थापन तथा वाली सघनतामा वृद्धि भई आय आर्जनमा वृद्धि भएको हुनेछ। | व्यवसायिक बेमौसमी तरकारी खेति (हे.) | २२.५ | २५ | ३० | ३५ | ४५ | ५० |
| | खाद्यान्न न्युन रहेका वार्ड (संख्या) | ३ | १ | ० | ० | ० | ० |
| | फलफुल खेति (सुन्तला, कागति) विस्तार (हे) | ६६.६५ | ७० | ७५ | ८० | १०० | ११० |
| | तरकारी, फलफूलको संकलन केन्द्रको स्थापना (संख्या) | १ | २ | १ | १ | १ | ८ |
| **प्रतिफल नं. ३** किसानहरूमा कृषि सम्बन्धी ज्ञानको पहुँचमा वृद्धि भएको | अगुवा कृषक संख्या | ३९ | १३९ | २३९ | २८० | ३०० | ३३० |
| | व्यवसायिक कृषिमा आबद्ध कृषकको | २० | ७० | १२० | २०० | २५० | २७० |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| हुनेछ। | संख्या | | | | | | |
| | कृषि व्यवसायसंग सम्बन्धित टेक्निसियन संख्या (सरकारी तथा प्राईभेट) | ३० | ४० | ५० | ७५ | १२५ | १४० |
| | आधुनिक प्रविधि अवलम्बन गर्ने कृषक (संख्या) | १४ | २८ | ४२ | ५६ | ७० | ८५ |
| | कृषक समुह संख्या | ३९ | ४२ | ४५ | ४८ | ५० | ५५ |
| | कृषि सहकारी संख्या | २२ | २४ | २६ | २८ | ३० | ३५ |
| **प्रतिफल नं. ४** उत्पादनको व्यवस्थित भण्डारण प्रशोधन र बजारको व्यवस्थापन भई कृषकहरूको आय स्तरमा वृद्धी भएको हुनेछ। | कृषि तालिम प्राप्त कृषकको संख्या | १० | २० | ३० | ४० | ५० | ६० |
| | कृषि अवलोकन भ्रमण गर्ने कृषकको संख्या | २९ | ४० | ५० | ७५ | १०० | १३० |
| | मिनी कोल्ड स्टोर संख्या | २ | २ | ३ | ५ | १० | २० |
| **उपलब्धी :** स्वस्थ पशुपंक्षीको उत्पादनमा वृद्धि भई रोजगारीका अवसर हरू श्रृजना भएका हुने छन। | पशु उत्पादन वृद्धिदर (प्रतिशत) | ५ | ७.५ | १० | १० | १५ | २० |
| | पशुपालन क्षेत्रमा रोजगारीमा वृद्धि (प्रतिशत) | २ | ३ | ५ | ८ | १२ | १७ |
| | पशु विकास समूह गठन (संख्या) | २८ | ३० | ३२ | ३५ | ४० | ४६ |
| **प्रतिफल नं १** पशुपालन सेवा सुलभ भई पशुपालन व्यवसायमा व्यवसायीकरण भई उन्नत पशुपन्क्षी पालनमा वृद्धि भएको हुनेछ। | व्यवसायिक पशु फार्म (संख्या | ५ | ७ | ८ | १० | १५ | २० |
| | कृत्रीम गर्भाधान केन्द्र (संख्या) | १ | ० | २ | ० | ० | ४ |
| | पशु उत्पादन वृद्धिदर (प्रतिशत) | ५ | ७.५ | १० | १२ | १५ | १९ |
| | पशुपालन क्षेत्रमा रोजगारीमा वृद्धि (प्रतिशत) | २ | ४ | ८ | १० | १२ | १६ |
| | उन्नत घासको क्षेत्रफल (रोपनी) | ८० | १०० | १५० | २०० | २५० | २८० |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| | अण्डा उत्पादन (वार्षिक संख्या) | १५०००० | १७५००० | २००००० | २५०००० | ३००००० | ३५०००० |
| | डेरी पसल (संख्या) | ११ | १३ | १५ | १७ | १९ | २२ |
| | पशु भेटरेनरी (एग्रोभेट संख्या) | ४ | ७ | १० | १३ | १६ | १९ |
| | बाख्रा स्रोत केन्द्र संख्या | २ | ४ | ५ | ५ | ५ | ८ |
| | पशुपालन व्यवसायसंग सम्बन्धित टेक्निसियन संख्या ( सरकारी तथा प्राईभेट) | १० | १५ | ३० | ४५ | ६० | ८० |

**अपेक्षित उपलब्धी**

- व्यवसायिक कृषिको विकास भई कृषि उत्पादनले सही बजार र मूल्य प्राप्त गरी समुदाय स्तरको गरिवी निवारणमा उल्लेखनीय योगदान पुग्नेछ।
- कृषि उपजले व्यबस्थित वजार प्राप्त गरी किसानको आयस्तरमा वृद्धि हुनेछ ।
- फलफुल खेती, व्यवसायिक तरकारी खेति लगायत माछापालन जस्ता नगदेबालीहरूको विस्तार भई कृषकको जीवनस्तरमा बृद्धि आउनेछ।
- जमिन बांझो राख्ने प्रबृत्तिमा न्यूनीकरण भई जनताको खाद्य तथा पोषण सुरक्षामा सुधार भएको हुनेछ ।
- प्रथम पञ्चवर्षिय योजनाको आधार वर्षसम्म यस नगरपालिकाका कृषकहरू पशुपालन व्यवसाय प्रति उन्मुख नभईरहेको अवस्थामा यस आवधिक योजनाको लक्षित वर्ष सम्ममा कृषकहरू पशुपालन व्यवसाय प्रति आकर्षित भई व्यवसायिक रूपमा पशुपंक्षीको उत्पादन वृद्धि गरी कृषकको आम्दानीमा वृद्धि गरेका हुनेछन।

## ४.२ सिंचाई विकास

### ४.२.१ पृष्ठभूमि

यस नगरपालिकामा साना तथा मझौला र मौसमी तथा स्थाई सिंचाईका योजनाहरू संचालनमा आएका छन। इन्द्रावती नदीको फाँट, जलबिरे खोलाको फाँट र सुनकोशी नदीको वरीपरीका फाँट यस नगरपालिकाको प्रमुख अन्न उत्पादनको पकेट क्षेत्र मानिन्छन, जहाँ १२ महिना सिंचाईको सुबिधा हुनुका साथै २ बाली धानको खेति हुने सम्भावना छ।

### ४.२.२ समस्या तथा चुनौती

- लागत अनुसारको योजनाहरूबाट प्रतिफल प्राप्त नहुने, पहाडी धरातलका कारण अधिकाशं जमिनमा सिंचाईं सुविधाको अभाव।

### ४.२.३ सम्भावना तथा अवसर

नगरपालिका भित्र करिब ८००० रोपनी जमिनमा साना तथा मझौला र मौसमी तथा स्थाई सिंचाई योजनाहरु रूपमा संचालनमा आएका छन।

### ४.२.४ उपक्षेत्रगत दीर्घकालीन सोच लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच**

यस नगरपालिकामा सिँचाई क्षेत्रको विद्यमान अवस्था, यी क्षेत्रहरूका अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

**सिँचाईमा प्रविधिको प्रयोग !**
**प्राकृतिक जलस्रोतको अधिकतम उपयोग!!**

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस नगरपालिकाले स्थाई मात्रामा प्रविधिको प्रयोग गरी सिँचाई उच्च भुभागमा रहेका बारीहरूमा समेत सिंचाइ पुर्याई उत्पादनमा वृद्धि गर्ने सोच बनाएकोछ। यसले गर्दा चौतारासाँगाचोक गढी नगरपालिकावासीको जन जीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य**

सिंचाई योजनाहरूको उचित व्यवस्थापन मार्फत सिंचित क्षेत्रफल वृद्धि गरी कृषि उत्पादन र उत्पाकत्वमा वृद्धि गर्ने।

**उद्देश्य**

सिंचाईका योजनाहरूको उचित व्यवस्थापन गरी कृषि उत्पादन र उत्पाकत्वमा वृद्धि गर्ने।

**रणनीति**

☞ व्यवस्थापन गर्नका लागि संभाव्यता अध्ययन तथा DPR तयार गरी परियोजना बैंकमा समाबेश गर्दै सिंचाइ क्षेत्रको नगर गुरुयोजना निर्माण गरिनेछ। सिंचाई सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ।

☞ साना तथा मझौला सिंचाइलाई दिर्घकालीन तथा पक्की संरचनामा विकास गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

- ☞ प्रयाप्त सिंचाई सुबिधाको पूर्तिको लागि प्रदेश सरकार, संघीय सरकारसँग सहकार्य गरिनेछ।
- ☞ सिंचाईको सुबिधाको लागि बैकल्पिक पद्धति (थोपा सिंचाइ, प्लास्टिक पोखरी, आकासे पानी संकलन इत्यादि) को समेत विकास गरिनेछ।
- ☞ दैनिक जीवनमा प्रयोग पछि खेर जाने पानीलाई करेसाबारीमा प्रयोग गर्न जुठेल्नो पोखरी कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने नीति लिइनेछ।
- ☞ सिंचाई सुविधाबाट वञ्चित क्षेत्रमा बोरिङ्ग, आकाशे पानी संकलन, लिफ्ट सिस्टम लगायत अन्य बैकल्पिक सिंचाई प्रविधिको विकास गरिनेछ।
- ☞ भिरालो जग्गामा खेती गर्ने प्रविधि प्रदर्शनी गरिनेछ। कम पानी चाहिने बालीहरूको प्रवर्द्धन गरिनेछ।
- ☞ सिंचाइ योजना निर्माण गर्दा दीगो संचालन तथा उपयोगका लागि क्षेत्रगत, लैङ्गिक, जातीय समानुपातिक प्रतिनिधित्व सहितको उपभोक्ता समिति गठन गरी लक्षित वर्गलाई प्राथमिकता दिइनेछ।
- ☞ उपभोक्ता समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।
- ☞ मर्मत सम्भार कोषको विकास गरी उपभोक्ता समितिमा संकलित मर्मतसम्भार कोषबाट पारिश्रमिक सहित परिचालन गरिनेछ।
- ☞ चौतारा सांगाचोकगढी नगरपालिकाको कृषि योग्य भूमिमा भरपर्दो र दिगो सिंचाई सेवामार्फत कृषि उत्पादकत्व तथा उत्पादन वृद्धिमा सहयोग, उपयुक्त प्रविधिको छनौट गरी वर्षैभरी भरपर्दो सिंचाई सुबिधा उपलव्ध गराउने जसमा सिंचाई प्रणाली निर्माण, निर्माण सम्पन्न भएका प्रणालीहरुको मर्मत सम्भार गरी नगरपालिका क्षेत्रभित्र सिंचाई हुन बाकी रहेका कृषि योग्य क्षेत्रहरुको पहिचान गरी प्रभावकारी सिंचाईका श्रोतहरु नगरपालिकामा उपभोक्ता समिति मार्फत दर्ता गर्ने प्रावधान गरिनेछ।
- ☞ निर्माण सम्पन्न भइसकेका सिंचाई प्रणालीहरुको मर्मत संभार एवं दीगो व्यबस्थापनका लागि उपभोक्ताहरुको सहभागिता सुनिश्चित गरिनेछ।
- ☞ नगरक्षेत्र भित्रका सुख्खा क्षेत्रहरुमा थोपा सिंचाई कार्यक्रम संचालन गरिनेछ र सुख्खा क्षेत्रहरुमा प्लाष्टिक पोखरी निर्माणमा अनुदान दिने कार्यक्रम संचालन गरिनेछ।
- ☞ साना सिंचाई आयोजनाहरुमा लागत साझेदारीमा ७० प्रतिशतसम्म अनुदान दिने व्यवस्था गरिनेछ।
- ☞ सिंचाई सुविधा नभएको क्षेत्रमा प्लास्टिक पोखरी निर्माण कार्यलाई प्राथमिकता दिईनेछ। थोपा सिंचाई योजना सञ्चालन गर्न प्रत्येक वडामा कृषकलाई अनुदान दिईनेछ।

### ४.२.५ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **प्रतिफल:** खेतियोग्य जमिनमा | स्तरन्नोति गर्ने योजना | २५ | २८ | ३० | ३५ | ४० | ४२ |

| विवरणात्मक संक्षेप | सूचकरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| सिंचाईको प्रभावकारी व्यवस्थापन भई उत्पादनमा वृद्धि भएको हुनेछ। | (संख्या) | | | | | | |
| | सिंचित क्षेत्र (रोपनी) | ८५०० | ९००० | ९५०० | १०००० | १०५०० | ११००० |
| | कुलो विस्तार (कि.मि.) | १० | १० | १० | १० | १० | १० |
| | परम्परागत रूपले सिंचाई सुविधा पुर्याई रहेका सिंचाई योजना (संख्या) | ७५ | ८० | ८५ | ९० | १०० | ११० |

**अपेक्षित उपलब्धी**

सिंचाई पूर्वाधारको विकास र विस्तार भई कृषि उत्पादनमा वृद्धि भएको हुनेछ।

### ४.२.६ प्रमुख कार्यक्रम

- ☞ सिंचाई योजना निर्माण तथा मर्मत सम्भार।
- ☞ नयाँ सिंचाई आयोजना निर्माण एवं संचालन।
- ☞ सिंचाई उपभोक्ता सामतिको क्षमता विकास तथा जनशक्ति व्यवस्थापन कार्यक्रम।
- ☞ बैकल्पिक सिंचाई प्रणाली बिकास कार्यक्रम (प्लास्टि पोखरी निर्माण, पाइप सिंचाई, लिफ्ट सिंचाई, थोपा सिंचाई आदि)
- ☞ मूल संरक्षण, व्यवस्थापन तथा सिंचाई सुबिधा विस्तार कार्यक्रम

## ४.३ पर्यटन, सँस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

चौतारा साँगाचोकगढीको संस्कृति र संस्कारहरू हिन्दु धर्ममा आधारित रहेका छन् । यहाँका हिन्दु धर्मावलम्वीहरू सत्यनारायण पुजा, श्राद्ध, कर्मकण्ड साथै मठमन्दिरमा गएर पुजाआजा गर्ने गर्दछन् भने अल्पसँख्यक ईश्लाम धमार्बलम्बीहरू स्थानीय मस्जिदमा प्रार्थना  गर्ने गर्दछन । यहाँका विभिन्न  मन्दिरहरूमा विभिन्न तिथी र पर्वहरूमा पुजाआजा, दर्शन गर्ने र मेला लाग्ने प्रचलन छ, जो धार्मिक पर्यटनकीय स्थलका रूपमा प्रसिद्ध मानिन्छन । यसका साथै यस नगरपालिकामा धैरै वर्ष पहिले ब्यापारका सिलसिलामा यहाँ  आई स्थाई रूपमा बसोबास गरेका नेवार समुदायको बाक्लो उपस्थिति छ, जस्ले यहाँ सांस्कृतिक सहिष्णुता, आपसी मेलमिलाप र सद्भाव कायम गर्नमा यस खालको चलनले ठुलो सहयोग पुर्याएको देखिन्छ । यसका साथै चौतारा साँगाचोकगढी नगरपालिकामा विभिन्न रमाईला र घुम्न योग्य ठाउँहरू पनि छन । जसलाई व्यवस्थित पूर्वाधार तथा संरचनाहरू निर्माण गरेर नियमित संञ्चालनमा ल्याउने हो भने आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ ।

### ४.३.२ समस्या तथा चुनौती

पर्यटकहरूलाई निम्त्याउन अथवा यस नगरपालिकामा रहेका पर्यटकीय स्थलहरूको  जानकारी व्यवस्थित रूपमा दिने परिपाटी नभएको वा सो बारेमा ब्यापक प्रचास प्रसार हुन नसकेको, भएका सम्भावनाहरूको पनि यथोचित संरक्षणको अभाव रहेको, युवा बर्गहरूमा आफ्नो संस्कृति प्रति उदाशीनता देखिएको, धार्मिक तथा पयर्टकीय स्थलहरूमा होम स्टेको व्यवस्था नहुनु, मन्दिर छेउँछाउँका प्रकृतिक स्थलहरूको भ्रमण गर्न पदमार्ग व्यवस्थित नहुनु जस्ता समस्या विद्यमान छन् । स्थानीय समुदायमा अतिथि सत्कार, सेवा सम्बन्धी ज्ञान र सीपको समेत कमी रहेको छ । यसका अलावा नगरपालिका भित्र पर्यटनको विकासका लागि निम्न चुनौतीहरू देखिएका छन ।

- ☞ पर्यटन र पर्यटकीय स्थलबारे प्रचार प्रसारमा कमी  र यसवारेमा जानकारी गराउन नसक्नु
- ☞ बिभिन्न संचार माध्यमहरुसंग पर्यटन विकासका लागि नगरपालिकाको समन्वयमा कमी
- ☞ नगरपालिकाको आफ्नै टुरिजम पोर्टल नहुनु
- ☞ निकटवर्ती स्थानीयबासी तथा सरोकारवालाको ध्यान नपुग्नु
- ☞ पर्यटकीय पूर्वाधारको कमी
- ☞ पर्यटन विकासका लागि नगरपालिकासंग पर्याप्त बजेटको अभाव

### ४.३.३ सम्भावना तथा अवसर

यो नगरपालिकामा  धार्मिक, साँस्कृतिक एवं पर्यापर्यटनका हिसावले ठुलो सम्भावना रहेको देखिन्छ । यस  नगरपालिकामा रहेको सुनकोशी नदी किनारमा सुकुटे बिच निर्माण गरी बिदा मनाउनका लागि पर्यटनको विकासको द्वार खोलिएको छ । यस क्षेत्रमा काठमान्डौ देखि बिदा मनाउन आउने चलनको विकास बनेको छ ।  तथापि, यसकालागि नगरपालिकाले पर्यटन क्षेत्रको वृहत्तर गुरूयोजना तयार गरी कार्यान्वयन गर्न सकेमा समग्र आर्थिक सामाजिक क्षेत्रमा विशिष्ट योगदान दिनसक्ने देखिन्छ ।

### ४.३.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच**

यस नगरपालिकामा पर्यटन व्यवसायको विद्यमान अवस्था, यी क्षेत्रहरूका अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

**चौतारा साँगाचोकगढीको चिनारी पर्यटन र संस्कृति !**

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस नगरपालिकाले स्थानीयस्तरमा पर्यटन व्यवसायप्रति अधिकाधिक जनसंख्यालाई आकर्षित गर्दै रोजगारीका अवसर वृद्धि गरी नगरपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने उद्धेश्य राखेको छ । जसका आधारमा पर्यटन क्षेत्रकालागि उपयुक्त कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरी यस नगरपालिकावासीको जन जीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

**लक्ष्य :** नगरपालिकावासीहरूको समग्र आर्थिक अवस्थामा सुधार ल्याउन धार्मिक तथा पर्या-पर्यटन व्यवसायलाई यस नगरपालिकाको अर्थतन्त्रको मुल आधार बनाईनेछ।

**उद्देश्य :** पर्यटन व्यवसाय का मार्फत समुदाय स्तरमा स्वरोजगारी श्रृजना गरी आयआर्जनमा वृद्धि गर्ने।

**रणनिति**

- ☞ पर्यटन विकास तथा प्रवर्द्धन गर्न सरकारी, निजी, सहकारी र सामुदायिक संस्थासंग साझेदारी एवम् सहकार्य गरिनेछ।
- ☞ नगरभित्रको पर्यटन विकासलाई व्यवस्थित रुपमा अगाडि वढाउनको लागि संघीय सरकार, प्रदेश सरकार र सरोकारवाला संस्थाहरुसंग समन्वय गर्नको लागि आर्थिक दायित्व नबढ्ने गरी पर्यटन विकास तथा समन्वय समिति गठन गरिनेछ।
- ☞ पर्यटन पूर्वाधार विकासमा नगरपालिकाको नेतृत्वमा, स्थानीय समुदायले घरमा अतिथी सत्कारको home stay स्थापना गर्न सरकारी निकाय तथा संघ संस्था तथा निजी क्षेत्रसंग समन्वय तथा सहकार्य गरिनेछ।
- ☞ धार्मिक प्रतिष्ठानहरूको प्रबर्धन गर्दै सबै जातजातिको रीतिरिवाज परम्परा आदि झल्कने गरी सांस्कृतिक सङ्ग्रहालय बनाउन संघ र प्रदेश सरकार समक्ष पहल गरिनेछ।
- ☞ नगरलाई पर्यटकीय नगरीमा विकास गर्नको लागि नगर स्तरीय नगर पर्यटन बोर्ड गठन गरी पर्यटन सम्बन्धी कार्यक्रमलाई व्यवस्थित गरिनेछ।
- ☞ आन्तरिक एवं बाह्य पर्यटक भित्रयाउन सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान संरक्षण र विकास गरिनेछ।
- ☞ प्याराग्लाइडिङ, क्यानोइङ, रक क्लाइम्बिङ, साइक्लिङ, र्याफ्टिङ जस्ता सहासिक पर्यटनलाई सहयोग पुग्ने खालका पुर्वाधार विकास एवं प्रवर्धनात्मक कार्यक्रम संचालन गरिनेछ।
- ☞ विभिन्न पर्यटकीय स्थलहरुको पूर्वाधार निर्माण गरी होमस्टे, प्राचीन संस्कृतिको अध्ययन केन्द्र, मनोरञ्जनात्मक वातावरणको विकास गरिनेछ।
- ☞ पर्यटन विकासको गुरुयोजना निर्माण गरिनेछ साथै नगरको वृत्तचित्र, नगर गीतको प्रचारप्रसार गरिनेछ।

- ☞ यस नगरपालिकामा निर्माणाधीन राष्ट्रिय भूकम्प स्मारक पार्क निर्माण समयमा नै सम्पन्न गर्न राष्ट्रिय पुनःनिर्माण प्राधिकरण, संघीय तथा प्रदेश सरकारलाई अनुरोध गरिनेछ । २०७२ सालको बिनाशकारी भूकम्पमा परी दीवंगत भएकाहरुको स्मरणमा स्मृती संग्राहालय बनाउन पहल गरिनेछ ।
- ☞ नगरभित्रका सम्भावित विश्रामस्थल, चमेना गृह, शौचालय, पोर्टर सेल्टर, पर्यटक सूचना केन्द्र आदिमा पहुंच हुने गरी नगरपालिकाले निजीक्षेत्रसंग सहकार्य गरी पर्यटन पदमार्ग लगायत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालनको व्यवस्था गरिनेछ ।
- ☞ नगरपालिकाको पर्यटकीय स्थल झल्कने व्रोसर तथा प्रोफाइल तयार गरी प्रचार प्रसार गरिनेछ ।
- ☞ चौतारा बजार, गौँरती भिमेश्वर, हर्लङवर्लाङ, सांगाचोकगढी, जनयुद्धको उद्गम स्थल कुविण्डे, सुनकोशी नदीमा र्याफटिङ, सानोसिरुवारीमा रहेको भुतछाँगो, इर्खु रानीपोखरीबाट देखिने मनोरम दृष्यको प्रचार प्रसार गरिनेछ ।
- ☞ ऐतिहासिक सांगाचोकगढी क्षेत्रको गुरुयोजना स्वीकृत गरी संघ तथा प्रदेश सरकारको सहयोगमा पर्यटन प्रबर्द्धन गर्नका लागि सांगाचोकगढी संरक्षण विकास तथा संग्राहालय निमार्णको प्रकृया अगाडी बढाईनेछ । "साँगाचोकगढी विकास समिति" गठन गरी गढीको गुरुयोजना बमोजिमको कार्यलाई व्यवस्थित रुपमा अघि बढाइनेछ ।
- ☞ चौतारा बजारलाई पर्यटकीय तथा धार्मिक शहरको रुपमा विकास गरिनेछ । चौतारा पुरानो बजारमा रहेको भूकम्पबाट क्षतिग्रस्त कृष्ण मन्दिरलाई पुनर्निर्माण गर्नको लागि पहल गरिनेछ ।
- ☞ कदमवासको लामाचौरमा सफल परिक्षण गरिएको प्याराग्याइडिङ सेवालाई प्रबर्द्धन गरी आन्तरिक तथा वाह्य पर्यटनको विकास गरिनेछ ।
- ☞ बन्देउ सुकुटे क्षेत्रलाई विशेष पर्यटन क्षेत्रमा विकास गरिने छ भने गौंरती विकास समिति, भूकम्प स्मारक पार्क सहयोग तथा समन्वय समिति गठन गरिनेछ ।
- ☞ बुद्धपार्क निर्माणको कामलाई यस वर्ष सम्पन्न गर्ने गरी तीव्रता दिइने छ ।
- ☞ यस नगरपालिका भित्रका बिभिन्न जातजातीहरुको पर्व संस्कृति, भेषभूषा बाजा आदिको संरक्षणको लागि संग्रहालय निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।
- ☞ स्थानीय सरोकारवालाहरुसँग समन्वय गरी सुनकोशी करिडोरलाई हरियाली पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने नीति लिइनेछ साथै इन्द्रावती करिडोरलाई औद्योगिक करिडोरको रुपमा विकास गर्ने नीति लिइनेछ ।
- ☞ नगर भित्र अवस्थित जाति जनजातिहरुको संस्कार संस्कृति र पुरातात्विक सम्पदाहरुको संरक्षण तथा पर्यटन प्रबर्द्धनका लागि "घर संस्कृति अध्ययन केन्द्र" को सम्भाव्यता अध्ययन गरिनेछ ।
- ☞ बन्देउ क्षेत्रलाई ट्रान्जिट सीटीका रुपमा विकासका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- ☞ नगरका भित्रका अन्य पर्यटकीय स्थलहरु रानीपोखरी, भुतछाँगा, गौराती, हर्लाङबर्लाङ जस्ता धार्मिक तथा पर्यटकीय स्थलको विकासलाई प्राथमिकता दिइने छ ।

### ४.३.५ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **प्रतिफल :** पर्यटकीय क्षेत्रहरूको पहिचान भई पर्यटन व्यवसायका लागि आवश्यक पूर्वाधारहरूको विकास तथा विस्तार भएको हुनेछ । | पर्यटकीय क्षेत्रहरूको पहिचान (संख्या) | ७ | १० | १५ | १८ | २० | २२ |
| | पर्यटन उद्यममा संलग्नहरूको (संख्या) | २०० | ३०० | ४०० | ५०० | ५५० | ६०० |
| | पर्यटन उद्यमीहरूको आम्दानीमा वृद्धि (प्रतिशत) | ८ | १० | १२ | १५ | २५ | ३० |
| | पार्क निर्माण (संख्या) | ५ | ६ | १० | १२ | १५ | १८ |
| | वास वस्ने होटलको व्यवस्था (संख्या) | ४० | ४२ | ४५ | ४८ | ५० | ५२ |
| | सार्वजनिक शौचालय निर्माण (संख्या) | ५ | ७ | ९ | ११ | १३ | १५ |
| | सूचनाकेन्द्र निर्माण (संख्या) | ० | १ | ० | १ | १ | 3 |
| | चित्र र श्रब्य दृष्यको तयारी (संख्या) | ० | १ | १ | १ | १ | १ |
| | धार्मिक मठ, मन्दिर, मस्जिदहरूको संरक्षण (संख्या) | २८ | ३० | ३२ | ३५ | ३८ | ४१ |
| | व्यवस्थित | १ | ३ | ७ | १० | १३ | १६ |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| | होमस्टे संख्या | | | | | | |
| | पर्यटकीयस्तरको होटेल तथा रेष्टुरेण्ट संख्या | २२ | २५ | २८ | ३० | ३५ | ४० |
| | पदमार्गको निर्माण (कि.मि.) | ५ | १० | १५ | २० | २५ | ३० |
| | पर्यटन उद्यममा संलग्न (संख्या) | २०० | २५० | ३०० | ३५० | ४०० | ४५० |

**अपेक्षित उपलब्धी**

(क) पर्यटकीय क्षेत्रहरूको पहिचान हुनुका साथै आवश्यक पर्यटकीय पूर्वाधारहरूको विकास तथा विस्तार भएको हुनेछ, जस्ले आन्तरिक पर्यटनमा सघाउ पुग्नेछ ।

(ख) धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको संरक्षण र विकास हुनेछ ।

(ग) पर्यटन विकास गुरू योजना तयार गरी यससँग सम्बनधित विविध कार्यक्रमहरू संचालन हुनेछन ।

### ४.३.६ प्रमुख कार्यक्रम

- ☞ पर्यटन पूर्बाधारको बिकास (निजि क्षेत्रको सहभागितामा फन पार्क तथा वनभोज स्थलको बिकास, पर्यटनर्मागको बिकास)
- ☞ होमस्टे पहिचान तथा प्रबद्र्धन कार्यक्रम (निजि तथा सरकारी साझेदारी)
- ☞ पर्यटन प्रबर्द्धन कार्यक्रम (प्रचार प्रसार तथा क्षमता विकासः लक्षित वर्गलाई टुर गाइड तथा र्यापि्टङ्ग तालिम, स्थानीय सस्कृतिको प्रबर्द्धन, कोसेली घरको प्रबर्द्धन)

## ४.४ उद्योग, वैंकिङ्ग र सहकारी व्यवसाय

### ४.४.१ पृष्ठभूमि

यो नगरपालिका हुँदै गएको कोदारी राजमार्गले नगरपालिकालाई राजधानी काठमाण्डौ, चिनको स्वशासित क्षेत्र तिब्बत र बनेपा-बर्दिवास सडक हुँदै तराईका ठूला बजारहरूसंग जोडेको छ । जसले स्थानीय स्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गरी संचालन गर्न सकिने सम्भावना रहेको देखिन्छ । नगरपालिका क्षेत्रमा यातायात पूर्वाधारको पहुँच रहेकोछ । यहाँ विशेषगरी कृषि, पशु, जडिबुटीको उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको सम्भावना रहेको छ । यस नगरपालिका बैंङ्कहरूको समेत उल्लेख्य उपस्थितिले पूंजिको परिचालनमा सहजता थपेकोछ ।

## ४.४.२ समस्या तथा चुनौती

- ☞ लघु तथा घरेलु र हस्तकलामा आधारित उद्योगहरूको व्यवसायीकरण गर्न नसकिनु र प्रतिस्पर्धामा आउन नसक्दा विस्थापित हुनु ।
- ☞ उत्पादन र मागमा आधारित साना तथा घरेलु उद्योगको स्थापनाका लागि पकेट क्षेत्रहरूको पहिचान हुन नसक्नु ।
- ☞ साना उद्योगी तथा व्यवसायीहरूलाई कर छुट तथा प्रोत्साहनको कुनै प्याकेजहरूको व्यवस्था गर्न नसकिनु ।
- ☞ घरेलु उत्पादनका सामग्रीहरूको विक्री कक्ष तथा बजारको अभाव ।
- ☞ लगानीकर्ताहरूलाई निम्त्याउन नगरपालिकामा लगानीमैत्री नीतिहरू बनाउन र सोको कार्यान्वयन समेत गर्न नसकिएको ।
- ☞ उद्योग ब्यबसाय स्थापना तथा संचालन गर्न पूजीको अभाव रहेको
- ☞ सहकारी सँस्थाहरूको प्रभाबकारी सन्चालन हुन नसक्नु र पारदर्शिताको अभाब
- ☞ सच्चा ब्यबसायीहरू लगानी र बजारको अभावका कारण मर्कामा परेको

## ४.४.३ सम्भावना तथा अवसर

- ☞ जडिवुटी सम्बन्धी अध्यन अनुसन्धान गरी जडिवुटी खेती तथा प्रशोधनमा विस्तार गर्न सकिने ।
- ☞ मौरीपालन व्यवसाय र यसको पूर्वाधार विकासको सम्भावना
- ☞ वनमा आधारित - वावियोको डोरी, सालको पातको टपरी उद्योगहरू स्थापना गर्न सकिने
- ☞ उद्योगहरू स्थापनाका लागि बैंकिङ लगानी वढाउन सकिने ।
- ☞ काष्ठ उद्योगहरूको स्थापना गर्न सकिने । अम्रिसोको कुचो बनाउने
- ☞ यस नगरपालिकामा सहकारीहरू कानूनी रूपमा दर्ता भई स्थानीयहरूलाई सेवा दिईरहेको ।
- ☞ जडिबुटी प्रसोधन । जस्तै: दालचिनी, मसलाजन्य बाली प्रशोधन उद्योग । जस्तै: अदुवा, बेसार ।
- ☞ यो नगरपालिकामा धार्मिक, साँस्कृतिक एवं पर्यापर्यटनका हिसावले ठूलो सम्भावना रहेको देखिन्छ । यसका लागि नगरपालिकाले पर्यटन क्षेत्रको वृहत्तर गुरूयोजना तयार गरी कार्यान्वयन गर्न सकेमा समग्र आर्थिक सामाजिक क्षेत्रमा विशिष्ट योगदान दिनसक्ने देखिन्छ ।
- ☞ फलफुलको जाम जेली बनाउने उद्योग, टमाटरको रस बनाउने
- ☞ नगरपालिकामा दैनिक ४००० लिटर दूध उत्पादन हुने भएकाले दुग्धजन्य पदार्थ उत्पादन गरी बिक्री गरेर आयआर्जन गर्न सकिने
- ☞ नगरपालिकाको नियमनमा काठका विभिन्न फर्निचर बनाएर बिक्री गरी आयआर्जन गर्न सकिने

## ४.४.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

यस नगरपालिकामा उद्योग, बैकिङ्ग, र सहकारी व्यवसायको विद्यमान अवस्था, यी क्षेत्रहरूका अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ ।

## उद्योग, बैकिङ्ग, सहकारी र ब्यापार!
## चौतारा साँगाचोकगढीको अर्थतन्त्रको आधार !!

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस नगरपालिकाले स्थानीयस्तरमा उद्योग, बैकिङ्ग, सहकारी र ब्यापारका क्षेत्रमा जनसंख्यालाई आकर्षित गर्दै रोजगारीका अवसर वृद्धि गरी नगरपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने उद्वेश्य राखेको छ । यसकालागि आवश्यक कार्यक्रम र बजेटको व्यवस्था गरी यस नगरपालिकावासीको जनजिविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

***लक्ष्य :*** साना तथा घरेलु उद्योगमा अधिका जनसंख्यालाई आकर्षित गर्दै रोजगारीका अवसर वृद्धि गरी नगरपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने।

***उद्देश्य :*** साना तथा घरेलु उद्योग व्यवसायलाई नगरपालिकाको आर्थिक विकासम मूलप्रबाहीकरण गरी स्थानीय समुदायमा स्वरोजगारी श्रृजना गर्दै आयआर्जनमा वृद्धि गर्ने।

**रणनीतिहरु**

- ☞ ‘‘एक घर, एक लघु उद्यम’’ भन्ने नाराका साथ लघु उद्यमका माध्यमबाट आय तथा रोजगारी सृजना गरिनेछ।
- ☞ घरेलु तथा साना उद्योग सम्बन्धी नगरपालिकाको आधार-पत्र स्वीकृत गरी लागू गरिनेछ र नगरपालिका भित्रका लघु उद्योगहरुको प्रबर्द्धन गरिनेछ।
- ☞ स्थानीय स्रोत साधनको उपयोग गरी कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधार मानी लघु, घरेलु, साना तथा मझौला ,कुटीर उद्यमहरुलाई अनुदानको व्यवस्था गरी प्रोत्साहन गरिनेछ।
- ☞ स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गर्न प्रोत्साहन दिइनेछ।
- ☞ PPP Model मा केवलकार, जिपलाईन, पार्क तथा रक क्लाइम्वीङ स्टेसन जस्ता क्षेत्रहरुको पहिचान गरी उद्योगहरु स्थापना गरिनेछ।
- ☞ लगानी प्रबर्द्धनका लागि कर छुट तथा सहुलियतको व्यवस्था गरिनेछ र नगर क्षेत्रभित्र एक औद्योगिक ग्राम स्थापना गरिनेछ।
- ☞ व्यवसायलाई आधुनिकीकरण तथा सञ्चालनमा अनुदान सहयोग गरिनेछ र नगरपालिकाबाट व्यवसायिक सीपमुलक तालिम प्रदान गरिनेछ।
- ☞ नगरमा एक सिजनिङ प्लान्ट निर्माण गरी नगर भरी उत्पादित काठलाई सिजनिङ गरी बिक्री वितरण गरिनेछ।
- ☞ प्रविधिको विकास गर्न विभिन्न संघ संस्थाको सहयोग समेत लिई निजी क्षेत्रसंग समन्वय तथा सहकार्य गरिनेछ।
- ☞ लघु उद्यम तथा साना उद्योगहरुको तथ्याङ्क संकलन तथा उद्यमी प्रोफाईल तयार गरिनेछ।
- ☞ महिलाको नाममा दर्ता भएको उद्योगलाई ३५ प्रतिशत छुटको व्यवस्था गरिनेछ।
- ☞ स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यम प्रबर्द्धन गर्न सीप मूलक तालिम व्यवस्था गरी उत्पादित वस्तुको बजारिकणको सुनिश्चितता गरिनेछ।
- ☞ बैदेशिक रोजगारबाट फर्केका र रोजगारीका खोजीमा रहेका व्यक्तिहरुको सीपको विवरण रोजगार सूचना केन्द्रमा अध्यावधिक गरी त्यस्ता व्यक्तिहरुलाई नगरपालिका भित्र उपलब्ध हुने उद्योग, व्यवसाय, कृषि, निर्माण लगायतका क्षेत्रमा रोजगार दाता सँग समन्वय गरी रोजगार प्रदान गर्न सहजीकरण गरिनेछ।
- ☞ निर्माणाधीन औद्योगिक ग्राम सम्पन्न गर्नको लागि आवश्यक बजेट व्यवस्था गर्न संघीय सरकारसंग समन्वय गरिनेछ।

### ४.४.५ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **उपलब्धी:** उद्योग, बैकिग, र सहकारी व्यवसायलाई नपाको आर्थिक विकासमा महत्वपूर्ण हिस्साको रूपमा विकास गरी समुदाय स्तरमा स्वरोजगारी श्रृजना भई आयआर्जनमा वृद्धि भएको हुनेछ | चालू साना तथा घरेलु उद्योग (संख्या) | १३९३ | १३९८ | १४०३ | १४०८ | १४१३ | १४१८ |
| | उद्यमीहरूको आयमा वृद्धि (प्रतिशतं) | २५ | ३० | ३५ | ४० | ४५ | ५० |
| | सहकारी मार्फत रोजगारीको अवसरमा वृद्धि (प्रतिशत) | २५ | २८ | ३१ | ३४ | ३७ | ४० |
| **प्रतिफल १ :** घरेलु तथा साना उद्योगहरू स्थापना भई स्थानीय स्तरमा रोजगारीको सिर्जना भएको हुनेछ। | चालु उद्योग सङ्ख्या | १३९३ | १३९८ | १४०३ | १४०८ | १४१३ | १४१८ |
| | साना तथा घरेलु उद्योगमा रोजगारी (संख्या) | २७८१ | २७८६ | २७९१ | २७९६ | २८०१ | २८०६ |
| | उद्यमीहरूको वार्षिक आयमा वृद्धि (प्रतिशत) | २५ | ३० | ३५ | ४० | ४५ | ५० |
| | कृषि उद्योगधन्दाको विस्तार (प्रतिशत ) | १० | १५ | २० | २५ | ३० | ३५ |
| | चालु कोसेली घर (संख्या) | १ | २ | ३ | ४ | ५ | ६ |
| **प्रतिफल २ :** वित्तीय संस्थाहरूमा ग्रामीण स्तरका जनताहरूको पहुंचमा वृद्धि भई | वित्तिय संस्थाहरूमा जनताको पहुंच (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | निजि क्षेत्रका वित्तिय | ९ | ११ | १३ | १५ | १५ | १५ |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| जनताले थप कर्जा प्राप्त गरेका हुनेछन् । | संस्थाहरूको स्थापना | | | | | | |
| **प्रतिफल ३ :** गुणस्तरीय सहकारी संस्थाहरूको स्थापना तथा व्यवस्थापन भई रोजगारीको सृजना भएको हुनेछ । | कर्जा प्रवाहका लागी योग्य सहकारीहरूको संख्या | ११५ | ११८ | १२० | १२२ | १२४ | १२६ |
| | चालु सहकारी संस्था (संख्या) | ११५ | ११८ | १२० | १२२ | १२४ | १२६ |
| | सहकारी मार्फत रोजगारीको अवसरमा वृद्धि (प्रतिशत) | २५ | ३० | ३५ | ४० | ४५ | ५० |
| | सहकारीमा आबद्ध घरधुरी प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ७५ |
| | सहकारी मार्फत सिपयूक्त तालिम प्राप्त (संख्या) | ५०० | ५५० | ६०० | ६५० | ७०० | ७५० |

### ४.४.५ प्रमुख कार्यक्रम:

- ☞ स्थानीय सीप बिकास तालिम (गलैंचा, आरन सुधार, फर्निचर आदि)
- ☞ स्थानीय फलफुल प्रशोधन केन्द्र स्थापना (लप्सी क्यान्डी, जुस आदी)
- ☞ एक घर, एक लघु उद्यम कार्यक्रम (सुलभ ऋण, अनुदान, बिमा, संस्थागत विकास )
- ☞ लक्षित वर्ग स्वरोजगार कार्यक्रम (परम्परागत पेशामा आधारित व्यवसाय प्रबद्र्धन)

### ४.४.६ अपेक्षित उपलब्धी

- ☞ समुदाय स्तरमा परम्परागत तथा सानो लगानीमा घरेलु तथा साना उद्योगहरू स्थापना भई स्थानीय स्तरमा रोजगारीको सिर्जना हुनुका साथै आम्दानीमा वृद्धि भएको हुनेछ ।
- ☞ स्थानीय स्रोतमा आधारित उद्यम व्यवसायहरूको सृजना भई उद्यमीहरूको आय आर्जनमा वृद्धि हुनुका साथै गरिवी न्यूनीकरणमा टेवा पुग्नेछ ।
- ☞ आय आर्जन तथा व्यवसायका लागि बैंकहरूमा ग्रामीण स्तरका जनताहरूको पहुंचमा वृद्धि भई जनताले थप कर्जा प्राप्त गर्नेछन ।
- ☞ समुदाय स्तरमा बचत गर्ने बानीको विकास हुनुका साथै आय आर्जन तथा व्यवसायका लागि सहकारी संस्थाहरूमा जनताको पहुँच बढनुका साथै स्थानीय स्तरमा रोजगारीको सृजना भएको हुनेछ ।

## परिच्छेद - ५ : सामाजिक विकास

चौतारा साँगाचोकगढी नगरपालिका सिन्धुपालचोक जिल्लाको एक शैक्षिक धरोहरको क्षेत्र हो । यस नगरपालिका क्षेत्रभित्र आधारभूत र माध्यमिक विद्यालय गरी ५४ वटा सामुदायिक विद्यालय, उच्च शिक्षाका लागि २ वटा क्याम्पस र निजी विद्यालय ४ वटा रहेका छन । वर्तमान संवैधानिक व्यवस्था अनुरूप आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा परेकाले यस क्षेत्रको व्यवस्थापनमा नगरपालिकाको दायित्व बढेको छ । हालको अवस्था हेर्दा यस नगरपालिकामा विद्यालय शिक्षाका लागि आधारभूत पूर्वाधार तयार भएका छन् । शिक्षण संस्थाहरूमा पूर्व-प्राथमिक तहको पढाइ हुने प्राथमिक विद्यालयदेखि माध्यमिक तह कक्षा-१२ सम्म पढाइ हुने विद्यालयहरू सवै वडामा रहेका छन् । तर गुणस्तरका हिसाबले शिक्षाको अवस्था भने सन्तोषजनक छैन । नगरपालिकाका धेरैजसो विद्यालयमा ए प्लस वा ए ग्रेडमा उत्तीर्ण गर्ने विद्यार्थी पाउन मुश्किलको अवस्था छ । प्राविधिक शिक्षा तथा उच्च शिक्षाका लागि क्याम्पसहरू प्रर्याप्त छैनन् ।

नगरपालिका वस्तुस्थिति विवरण २०७५ अनुसार यस नगरपालिकाको स्वास्थ्य सेवातर्फ स्वास्थ्य चौकी, नगरघर क्लिनिक, र खोप क्लिनिक गरी जम्मा ५४ वटा केन्द्रबाट स्वास्थ्य सेवा उपलब्ध भईरहेकोछ । ९० प्रतिशत वालवालिकाले विभिन्न स्वास्थ्य संस्थाहरूबाट खोप सेवा प्राप्त गरेको देखिन्छ । कुपोषणको अवस्था हेर्दा अझै ०.०५ प्रतिशत वालिवालिका कुपोषणको शिकार भैरहेका देखिन्छन । यस क्षेत्रमा बर्थिंङ सेन्टर संचालनमा रहेको छन ।

यस नगरपालिकाको शिक्षा, आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसफाई, लक्षित वर्ग तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकूद र कला, भाषा तथा संस्कृति लगायत स्थानीय तहको लागि उपलब्ध सामाजिक विकासको उद्वेश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

उल्लेखित अवस्थाका वावजुद पनि नगरपालिकाका जनप्रतिनिधि, तथा स्थानीय जनप्रनिधिहरू यस नगरपालिकामा परिवर्तन प्रति आशावादी रहेको पाईन्छ । सार्वजनिक शिक्षामा गुणस्तरीय विकास, शिक्षक-विद्यार्थी तथा अभिभावकहरूको सार्वजनिक विद्यालय शिक्षा प्रतिको प्रतिवद्धता, शैक्षिक पूर्वाधारको प्रतिको प्रतिवद्धता र विद्यायलयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री बनाउने विषयका कार्यक्रमहरूको प्राथमिकताले विद्यालयहरूमा व्यवसायिक शिक्षाको अवसर पनि प्राप्त हुनेछ । त्यसैगरी, नगरपालिका भित्र भएका स्वास्थ्य संस्थाहरूलाई व्यवस्थित ढंगबाट संचालन गर्नुको साथै सरूवा रोग नियन्त्रणका उपायहरू अवलम्बन गरिनेछ र सचेतना कार्यक्रमहरू पनि संचालन गरिनेछन । महिला, बालबालिका, ज्येष्ठ नागरिक अल्पसंख्यक आदिलाई सहयोग पुग्ने खालका कार्यक्रमहरू संचालन गरिनेछ । यस माध्यमलाई प्राथमिकतामा राख्नुको औचित्य संवैधानिक अधिकारका रूपमा रहेको शिक्षा तथा स्वास्थ्यको प्रबर्द्धनको लागि नगरपालिकाबाट शिक्षा स्वास्थ्य तथा लक्षित समूहका अन्य कार्यक्रमहरूमा समेत बजेटको अंश विनियोजन गरिनेछ ।

सामाजिक विकाससंग सम्बद्ध सेवाहरूलाई दीगो विकास लक्ष्यहरूसंग प्रत्यक्ष रूपमा जोड्नका लागि लक्ष्य ३ - स्वस्थ जीवनको सुनिश्चित गर्ने र सबै उमेरका सबैलाई तन्दुरूस्त बनाउने, लक्ष्य ४ - समावेशी तथा समतामूलक गुणस्तरयुक्त शिक्षाको सुनिश्चित गर्ने एवं आजीवन सिक्ने भावनाको अभिवृद्धि गर्ने, लक्ष्य ५- लैङ्गिक समानता सुनिश्चित गर्दै सबै महिला तथा बालिकाको सशक्तीकरण गर्ने, र लक्ष्य ६ - सबैका लागि खानेपानीको उपलब्धता र सरसफाइको दीगो व्यवस्थापन गर्ने कार्यलाई आबधिक योजनासंग जोड्न र सामाजिक विकास क्षेत्रका लागि अपेक्षा गरिएका उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएकोछ ।

**"स्वस्थ, शिक्षित,सिर्जनशिल नगर !**
**समृद्ध चौतारा साँगाचोकगढीको विकासको मुल आधार !!"**

यस दीर्घकालीन सोचका आधारमा सामाजिक विकास क्षेत्रको कार्यक्रम तथा बजेटहरूको व्यवस्था तय गरेमा यस नगरपालिकावासीहरूको जनजीवनमा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएकोछ।

## ५.१ शिक्षा

### ५.१.१ पृष्ठभूमि

विकासको अवस्थालाई मापन गर्ने, त्यसलाई महसुस गर्ने र त्यसलाई सहज उपयोग गर्न सकिने अवस्थाको सिर्जना सामाजिक विकासवाट मात्र सम्भव रहन्छ। यस अन्तर्गत समेटिएका उपक्षेत्रहरू जस्तै शिक्षा तथा मानव संसाधन, स्वास्थ्य, जनसंख्या र पोषण, खानेपानी तथा ढल निकास, महिला, वालविकास तथा अपाङ्गता, यूवा तथा खेलकुद, दलित, आदिवासी, जनजाती, अल्पसंख्यक, र संस्कृति, कला, भाषा तथा साहित्य आदि रहेकाछन्। यस नगरपालिकामा हाल सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण अनुसार ६० वटा बालविकास केन्द्र, आधारभूत र माध्यमिक तह गरेर जम्मा ७७ वटा सामुदायिक विद्यालय रहेका छन्। नगरमा ५ वर्ष वा सोभन्दा माथिको उमेर समूहका कूल जनसंख्या मध्ये ६३.४० प्रतिशत साक्षर रहेका छन्। वडागत रुपमा तुलना गर्दा सबैभन्दा बढी साक्षरता प्रतिशत वडा नं १२ रहेको छ जसको साक्षरता ७७.९७ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून साक्षरता वडा नं ३ जसको साक्षरता ५२.९१ प्रतिशत रहेको छ।

### ५.१.२ समस्या तथा चुनौती

शैक्षिक क्षेत्रमा आधारभूत, माध्यमिक, उच्च शिक्षा र प्राविधिक शिक्षामा विविध समस्या र चुनौतिहरू विद्यमान रहेका छन्। अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात मिलेको छैन भने विद्यार्थी संख्या न्यून र भौगोलिक दुरी समेतलाई मध्यनजर गर्दा केहि विद्यालयहरू गाभ्नुपर्ने अवस्थामा रहेका छन्। विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था, बाल तथा अपांगतामैत्री र भूकम्प प्रतिरोधी पूर्वाधारको व्यवस्था नभएका कारण बालमैत्री विद्यालय हुन सकेको छैन। शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर शिक्षक र सूचना प्रविधिको उपयोग र अतिरिक्त क्रियाकलापमा नियमित रूपमा जोड दिई गुणस्तरीय शिक्षामा प्रादान गर्ने तर्फ यो पालिकाले चासो देखाएको पाईन्छ।

### ५.१.३ अवसर तथा सभ्मावना

नगरपालिका क्षेत्रको कुल जनसङ्ख्याको ६३.२३ प्रतिशत व्यक्तिहरू साक्षर रहेको देखिन्छ, जसमध्ये पुरूषको साक्षरता दर ७२.०५ प्रतिशत छ भने महिलाको साक्षरता दर ५५.९२ प्रतिशत रहेको छ। तथापि चेतनाका विषयमा कतिपय समस्याहरू यस नपामा अझैपनि बिद्यमान छन। यस नगरपालिकामा विद्यालयमा निरन्तरता दर ९० प्रतिशत रहेको देखिन्छ। विचैमा विद्यालय छोड्ने दरमा न्यूनता ५ प्रतिशत, विद्यार्थीको भर्नादर सत प्रतिशत, भौतिक सुविधाको प्रयाप्तता भएका विद्यालय सत प्रतिशत, प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएका विद्यालय सत प्रतिशत, दलित, जनजाती, आदिवासी, सिमान्तकृत, उपेक्षित समुदाय, भिन्न क्षमताका वालवालिकाहरूको भर्नादर ८४ प्रतिशत रहेको देखिन्छ।

### ५.१.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

***दीर्घकालीन सोच***

यस नगरपालिकामा शैक्षिक क्षेत्रको विद्यमान अवस्था, यी क्षेत्रहरूका अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

***स्वस्थ प्रतिस्पर्धी नागरिकको उत्पादन !***
***सामाजिक विकास र समुन्नतिमा शिक्षाको योगदान !!***

उल्लेखित दीर्घकालीन सोच हासिल गर्नका लागि चौतारा सांगाचोकगढी नगरपालिकाले सबै सरोकारवालाहरू सँगको साझेदारीमा समग्र शैक्षिक प्रणालीमा सुधार गर्ने उद्वेश्य राखेको छ। जसका आधारमा शैक्षिक क्षेत्रको विकासका लागि उपयुक्त कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरी यस नगरपालिकावासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

***लक्ष्य:*** नगरपालिकाको भावी स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवनयापन गर्न चाहिने पूर्ण कार्यमूलक साक्षरता आधारभूत जीवनोपयोगी सीपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका निरन्तर एवम् समावेशी प्रयत्न मार्फत नगरपालिकाको सामाजिक-आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउनु।

***उद्देश्य:*** विद्यालय भर्ना प्रकृयालाई सहज बनाई गुणस्तरीय शिक्षा प्रवाह गरिनुका साथै प्राविधिक शिक्षा सम्वन्धी पूर्वाधार निर्माण गर्ने।

***रणनीति***

- ☞ आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नुका साथै आधारभूत तह सम्मको शिक्षालाई निशुल्क एवम् अनिवार्य र माध्यमिक तहको १० कक्षा सम्मको शिक्षालाई निशुल्क गरिनेछ।
- ☞ नगरपालिकामा कम्तिमा ५ वटा विद्यालयहरुमा प्राविधिक शिक्षा (कृषि, भेटेनरी, सुचना प्रविधि, मेडिकल, सिभिल इञ्जिनियरिङ) को पठन पाठनको व्यवस्था गर्न संघ तथा प्रदेश सरकारको सहयोग लिइने छ।
- ☞ प्रदेश तथा केन्द्र सरकारसँग समन्वय गर्दै यस नगरपालिकामा प्राविधिक महाविद्यालय स्थापनाका लागि पहल गरिनेछ।
- ☞ कार्यसम्पादनमा उत्कृष्ट शिक्षकलाई पुरस्कृत गरिनेछ। कार्यसम्पादनमा सूचकहरु नगर शिक्षा समितिले निर्माण गरी कार्यान्वयन गर्नेछ।
- ☞ नगर शिक्षा समिति र वडा शिक्षा समितिको समन्वयकारी भूमिकालाई प्रभावकारी बनाइनेछ।
- ☞ विद्यालय जाने उमेर नाघेकाहरुका लागि अनौपचारिक शिक्षा कार्यक्रम मार्फत निरन्तर तथा जीवन पर्यन्त शिक्षामा सवैको पहुँच स्थापित गरिनेछ।
- ☞ विद्यालयको संस्थागत क्षमता विकासको लागि शैक्षिक अनुदान तथा तालिम आदिको व्यवस्था गरिनेछ।
- ☞ स्थानीय समुदाय तहको मौलिक (भाषा, संस्कृति, कला, साहित्य, संगीत आदि) ज्ञान सीप संरक्षण एवं प्रबर्द्धन गर्न सहयोग गरिनेछ।
- ☞ शिक्षकहरु पेशाबाट अवकास हुन चाहेमा त्यस्ता शिक्षकहरुका लागि नियममा व्यवस्था गरी गोल्डेन ह्याण्डसेक उपलब्ध गराइनेछ।
- ☞ विद्यालय बाहिर रहेका सबै विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालय भित्र ल्याईनेछ।
- ☞ बैकल्पिक शिक्षण सिकाइलाई प्रभावकारी बनाउन विद्यालय तथा समुदाय स्तरमा इन्टरनेट जडान गरिनेछ, साथै विद्यालयहरुमा कम्प्युटरको सुनिश्चितता गरिनेछ।

- ☞ विद्यालय उमेरका सम्पूर्ण बालबालिकालाई विद्यालय ल्याऔ र पढाइमा लगाऔ कार्यक्रमलाई थप प्रभावकारी बनाई सबै विद्यार्थीले कम्तिमा माध्यमिक तह पुरा गर्ने व्यवस्था मिलाइनेछ।
- ☞ शिक्षा क्षेत्रलाई थप आधुनिकीकरण गरिनेछ।
- ☞ सबै विद्यालयहरुमा कक्षा १ देखि ५ सम्म स्थानीय पाठ्यक्रम (व्यावसायिक सीपमुलक, स्थानीय भाषा, कला, संस्कृतिमा आधारित) निर्माण गरी लागू गरिनेछ।
- ☞ एक घर एक प्राविधिक उत्पादन गर्ने नीतिलाई कार्यन्वयन गर्न नगरभित्रका प्राविधिक शिक्षालयमा अध्ययन गर्ने छात्र-छात्राको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- ☞ आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन यस वर्ष इसिडी कक्षालाई नर्सरी, एल केजी र केजीकक्षा सञ्चालन गरी सो कक्षाहरुलाई अंग्रेजी माध्यमबाट अध्यापन गराईनेछ।
- ☞ सामुदायिक विद्यालय शिक्षा प्रति विश्वसनीयता र आकर्षण बढाउनको लागि एक वडामा कम्तिमा एउटा विद्यालयलाई (शिक्षकको व्यबस्थापन, सूचना प्रविधि, पठन-पाठन) सवै हिसावले नमुना विद्यालयको रुपमा विकास गरिनेछ।
- ☞ नगर शिक्षा कोष स्थापना गरी नगरपालिकालाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनमा जोड दिइने छ।
- ☞ सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यकतामा आधारित शिक्षकहरुका लागि तालिमको व्यवस्था गरिने छ।
- ☞ विद्यार्थी संख्या, कक्षागत र विषयगतको आधारमा शिक्षक दरबन्दीको मिलान गरिनेछ।
- ☞ नगरका सबै माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी मेसिन जडान गरी नगर तथा वडा कार्यालय बाट अनुगमन गरिनेछ।
- ☞ सबै सामुदायिक विद्यालयमा (माध्यमिक तहबाट क्रमशःआधारभूत तहसम्म) विद्युतीय सूचना प्रविधि (इन्टरनेट, इमेल, वेभसाइड, नगर एप्स आदि) सञ्चालन गर्न सहयोग गरिनेछ।
- ☞ आर्थिक तथा सामाजिक रुपमा विपन्न, सीमान्तकृत समुदायका विद्यार्थीलाई माध्यमिक तहसम्मको शिक्षा अध्ययनको लागि मेयर छात्रवृत्ति कोष स्थापना गरी छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- ☞ शिक्षासंग सम्बन्धित रहेर काम गर्ने गैरसरकारी संस्था, कम्पनी, व्यक्तिगत कन्सल्टेन्सी फर्महरुको सेवालाई अनुगमन, मुल्यांकन र नियमन गरिनेछ।
- ☞ विद्यालयको नयाँ संरचना निर्माण गर्दा नगरपालिकाले स्वीकृत गरेको भवन निर्माण आचार संहितालाई अनिवार्य रुपमा पालना गरिनेछ र। नयाँ विद्यालय भवन तथा संरचना निर्माण गर्दा संरचनालाई लैगिंकमैत्री, बालमैत्री र अपांगमैत्री बनाइनेछ।
- ☞ गैर सरकारी संघसंस्थाहरुसँगको सहकार्यमा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ☞ सीमान्तकृत तथा गरिब बस्तीका कक्षा १-५ सम्मका बालबालिकाका लागि दिवा खाजाको व्यवस्था गरी विद्यार्थीको बिचैमा विद्यालय छोड्ने दरमा कमी ल्याईनेछ।
- ☞ विद्यालयहरुमा पहुँचयुक्त नवीनतम् सूचना प्रविधिमा आधारित अपाङ्ग मैत्री शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गरिनेछ।

- ☞ नगर क्षेत्र भित्र भएका विभिन्न अपाङ्गता भएका वालवालिकाहरुको तथाङ्कीय सूचना तयार गरी उनीहरुको आवश्यकतामा आधारित गुणस्तरीय शिक्षाको व्यवस्था गरिनेछ ।
- ☞ पाँच वर्ष भित्रमा प्रत्येक वडामा कम्तिमा एउटा नमूना विद्यालय बनाउने कार्यको थालनी गरिनेछ ।
- ☞ शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई थप व्यवस्थित र नियमन गरिनेछ ।
- ☞ नगर भित्रका विद्यालय तथा क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि छात्रवृत्ति प्रदान गरिनेछ ।
- ☞ विद्यालयहरुको नक्शाङ्कन गरिनेछ ।
- ☞ संस्थागत विद्यालयहरुका लागि शुल्क निर्धारण गर्ने, अनुगमन नियमन गरी नगरपालिकामा उनीहरुको व्यवसाय दर्ता गराईनेछ ।
- ☞ बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक विकास अभिवृद्धिका लागि प्रत्येक विद्यालयलाई अतिरिक्त क्रियाकलाप तथा स्काउट सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न लगाइनेछ ।
- ☞ सामाजिक सशक्तीकरण कार्यक्रम मार्फत समुहगत कार्य, सामाजिक सञ्जालको बिकास तथा सशक्तिकरण, एकिकृत तथा समावेशीको आधारमा अति सम्बेदनशिल तथा पछाडि परेका समुदायलाई उथाशिल बनाउने जस्ता क्रियाकलापलाई प्रथमिकता दिइने छ ।
- ☞ समावेबशी शिक्षा लागु गरिनेछ (दृष्टिविहिन र बहिराको लागि बैकल्पिक शिक्षाको व्यवस्था)

### ५. १.५ कार्यक्रम तथा आयोजना

- ☞ शैक्षिक पूर्वाधार विकास कार्यक्रम ।
- ☞ शिक्षा गुणस्तर अभिबृद्धि कार्यक्रम ।
- ☞ विद्यार्थी भर्ना तथा निरन्तरता अभिबृद्धि कार्यक्रम ।
- ☞ समावेशी शिक्षा प्रबर्द्धन कार्यक्रम (दृष्टिबिहिन तथा बहिराका लागि विशेष शिक्षा)
- ☞ विद्यालय व्यवस्थापन समिति र अभिभावक संघको क्षमता अभिबृद्धि कार्यक्रम (तालिम, अभिमुखीकरण, गोष्ठी)
- ☞ बालिकाका लागि महिनावारी शिक्षा कार्यक्रम (सबै विद्यालयमा विशेष कक्षाहरु सञ्चालन, तालिम)

### ५.१.६ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **उपलब्धी :** विद्यालय उमेरका सम्पुर्ण वालवालिकाहरू विद्यालयमा भर्ना भई गुणस्तरीयताका साथै प्राविधिक | विद्यार्थीको भर्नादर (प्रतिशत) | ९६ | ९७ | ९८ | ९८.५ | ९९ | १०१ |
| | कूल साक्षर जनसंख्या प्रतिशत | ६३ | ६५ | ६६ | ६८ | ७० | ७१ |
| | पुरूष साक्षरता प्रतिशत | ७२ | ७५ | ७७ | ७८ | ८० | ८२ |
| | महिला साक्षरता | ५६ | ५८ | ६० | ६२ | ६५ | ६८ |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| तथा व्यवसायिक शिक्षा प्राप्त गरी स्वरोजगार नागरिकको बिकास हुनेछ । | प्रतिशत | | | | | | |
| | प्राथमिक तहको सिकाइ उपलब्धीमा वृद्धि (प्रतिशत) | ७७ | ७८ | ८० | ८१ | ८२ | ८३ |
| | विचैमा विद्यालय छोड्ने दरमा न्यूनता (प्रतिशत) | ३ | २ | १ | १ | ० | ० |
| | ३ देखि ५ वर्ष उमेर समुहका बालबालिकाहरूको प्रारम्भिक बालविकास केन्द्रमा भर्ना दर (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | व्यवस्थापन समितिद्वारा विद्यालयको मासिक अनुगमन (पटक) | २ | २ | २ | २ | २ | २ |
| | नगरपालिकाद्वारा सवै विद्यालयको वार्षिक अनुगमन (पटक) | १२ | १२ | १२ | १२ | १२ | १२ |
| **प्रतिफल नं १:** गुणस्तरीय र एकीकृत शैक्षिक प्रणालीको विकास भएको हुनेछ। | | | | | | | |
| | विद्यालयमा कक्षा कोठाको प्रयाप्तता (विद्यालय प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | भौतिक सुविधाको प्रयाप्तता भएका विद्यालय (प्रतिशत) । | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | विषयगत तथा तालिम प्राप्त शिक्षकको उपलब्ध विद्यालय (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| | पाठ्यपुस्तक समयमै उपलब्ध हुने विद्यालय (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | पुनर्ताजगी तालिम लिने शिक्षक -प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | विद्यालय र अभिभावक बीच अन्र्तक्रिया -पटक | २ | २ | २ | २ | २ | २ |
| | प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएका विद्यालय (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | सरसफाई तथा सौचालयको व्यवस्थापन भएका विद्यालय (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| **प्रतिफल २:** प्राथमिक तहदेखि उच्च शिक्षा तहमा सबैं बालबालिकाहरूको पहुँचमा वृद्धि भई नपाको कूल साक्षरतामा वृद्धि भएको हुनेछ। | प्राथमिक तहको खुद भर्नादर (प्रतिशत) | ९७ | ९८ | ९८ | ९९ | ९९ | १०० |
| | दलित, जनजाती, आदिवासी, सीमान्तकृत, उपेक्षित समुदाय, भिन्न क्षमताका वालवालिकाहरूको भर्नादर (प्रतिशत) | ८५ | ८८ | ९० | ९३ | ९६ | १०० |
| | प्रावि विद्यार्थी टिकाउ दर (प्रतिशत) | ९२ | ९३ | ९३ | ९४ | ९५ | ९६ |
| | मावि विद्यार्थी टिकाउ दर (प्रतिशत) | ८५ | ८६ | ८८ | ९० | ९५ | ९६ |
| | प्रावि कक्षा | ३ | २.५ | २ | १.५ | ०.५ | ०.५ |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| | दोहोर्याउने दर (प्रतिशत) | | | | | | |
| | मावि कक्षा दोहोर्याउने दर (प्रतिशत) | ६ | ५ | ४ | ३ | २ | १ |
| | SEE उत्तीर्ण दर (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| **प्रतिफल ३:** नपाको सवै विद्यालय भवनहरू बालमैत्री तथा अपांग मैत्रीका रूपमा निर्माण भई शिक्षाको अबसर सवैलाई प्राप्त भएको हुनेछ । | बालमैत्री तथा अपांग मैत्री विद्यालय भवन (प्रतिशत) | ७६ | ७८ | ८० | ८२ | ८४ | ८६ |
| | शौचालय भएका विद्यालय (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | बालमैत्री तालिम लिएका शिक्षक (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | व्यवस्थित फर्निचरको सुविधा भएका विद्यालय (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| **प्रतिफल ४:** प्राविधिक र सीपमुलक शिक्षाको विकास र विस्तार भएको हुनेछ । | CTEVT बाट सम्वन्धन प्राप्त बहुउद्देश्यीय प्राविधिक शिक्षालय संख्या | २ | २ | २ | २ | २ | २ |
| **प्रतिफल ५:** युवा तथा विद्यार्थीहरूका लागि खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गराई ब्यक्तित्व विकासमा योगदान भएको हुनेछ । | खेलकुद सामग्री भएको विद्यालय संख्या | २५ | २८ | ३१ | ३४ | ३७ | ४० |
| | व्यवस्थित खेल मैदान निर्माण भएका विद्यालय संख्या | २८ | ३० | ३२ | ३५ | ३७ | ४० |

### ५.१.६ अपेक्षित उपलब्धी

- ☞ सवै बर्ग, क्षेत्र र समुदायका विद्यालय उमेरका सम्पूर्ण वालवालिकाहरू विद्यालयमा भर्ना भई स्कुल तहसम्मको शिक्षा पुरा गर्नेछन, जसको परिणामस्वरूप कूल साक्षरतामा वृद्धि भएको हुनेछ ।
- ☞ सवै विद्यालय भवनहरू बालमैत्री तथा अपांग मैत्री, तथा शौचालय मैत्रीका रूपमा निर्माण भई शिक्षाको अबसर सवैलाई प्राप्त भएको हुनेछ ।
- ☞ सबै विद्यालयहरूमा लाईब्रेरी तथा डिजिटल पद्धतिको विकास भई गुणस्तरीय शिक्षाको सुनिश्चितता हुनेछ ।
- ☞ युवा तथा विद्यार्थीहरूका लागि खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गराई ब्यक्तित्व विकासमा योगदान भएको हुनेछ ।

## ५.२ स्वास्थ्य सेवा

### ५.२.१ पृष्ठभुमि

चौतारा साँगाचोकगढी नगरपालिका सदरमुकाममा अवस्थित भएकोले गर्दा स्वास्थ्य अवस्था र स्वास्थ्य सेवामा जिल्लाका अन्य स्थानीय तहको तुलनामा केही पहुँच देखिन्छ । नगरपालिकामा जिल्ला अस्पतालका साथसाथै अन्य सञ्चालित निजी फार्मेसी, क्लिनिक तथा पोलिक्लिनिकजस्ता स्वास्थ्य संस्थाहरूले सेवा पुर्याईरहेका छन् । ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति सामान्य रहेको छ भने नगरपालिकाको केन्द्र तथा बजार क्षेत्रमा निजी तथा सरकारी स्वाथ्य संस्थाको पहुँच ग्रामीण भेगभन्दा सहज देखिन्छ । यद्यपि नगरपालिकाको आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दीअनुसार स्वास्थ्यकर्मीहरू प्रयाप्त छैनन् । ९८ प्रतिशत वालिवालिकाले विभिन्न स्वास्थ्य संस्थाहरूबाट खोप सेवा प्राप्त गरेको देखिन्छ । कुपोषणको अवस्था हेर्दा अझै ०.६ प्रतिशत २ वर्ष मुनिका वालिवालिका कमतौल र कुपोषणको सिकार भैरहेको देखिन्छ । सीमित स्वास्थ्यकर्मीहरूबाट स्वास्थ्य सेवा प्रदान गर्दै आएका स्वास्थ्य चौकीहरू जनस्तरमा रोग लाग्नु अघिको रोकथामयुक्त, प्रतिकारात्मक एवम् प्रवर्धनात्मक र उपचारात्मक सेवामा लागेको पाईन्छ । यी संस्थाहरूमा तहगत रूपमा आवश्यक भौतिक सामग्रीको अभाव केहि मात्रामा आवश्यक स्वास्थ्यकर्मी करारमा नियुक्त गरी कामकाजमा लगाईएकोले जनशक्तिको अभावले काममा बाधा नपरेको देखिन्छ । तथापि, स्वास्थ्य संस्थाहरूलाई भौतिक उपकरण सम्पन्न गर्नूपर्ने, आवश्यक जनशक्तिको आपूर्ति गर्नूपर्ने, र जनशक्तिलाई स्थाई तथा दक्ष बनाउनुपर्ने खाँचो देखिन्छ । जिल्लाको कूल जनसंख्या स्वास्थ्यकर्मीहरूको अनुपात ज्यादै न्यून रहेको छ ।

### ५.२.२ समस्या तथा चुनौती

- ☞ स्वास्थ्य चौकीको महिला र अपांगता मैत्री आफनो भवन नभएको,
- ☞ संस्थागत सुत्केरीको संख्यामा कमी, खोप लगायत गर्भवती जाँच, पोषण शिक्षामा कमी लगायतका समस्या विद्यमान रहेका छन् ।
- ☞ महिला तथा बालबालिकामा कुपोषण दर न्यून रहेको ।
- ☞ दक्ष जनशक्तिको अप्रयाप्तता एवं स्वास्थ्य संस्था भवनको अप्रयाप्तता र स्वास्थ्य सुविधा विस्तार हुन नसक्नु प्रमुख समस्याको रूपमा रहेका छन् ।

### ५.२.३ अवसर तथा सम्भावनाहरू

- ☞ स्वास्थ्यलाई पहिलो प्राथमिकता दिंदै स्थानीय तहबाट स्वास्थ्य क्षेत्रमा लगानी बढी रहेको छ ।
- ☞ स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधार निर्माणको स्थापना
- ☞ सवै वडा समेटने गरी एम्वुलेन्स सेवा संचालनमा रहेको

## ५.२.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच**

यस नगरपालिकामा स्वास्थ्य क्षेत्रको विद्यमान अवस्था, यी क्षेत्रहरूका अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

**सबै क्षेत्र, सबै समुदायको स्वास्थ्य सेवामा पहुँच !**

**गुणस्तरिय र सहज स्वास्थ्य सेवा नगरपालिकाको सोच !!**

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस नगरपालिकाले स्थानीय स्तरमा गुणस्तरिय, प्रभावकारी र सहज स्वास्थ्य सेवामा जोड दिऐको छ। जसमा सबै नागरिकहरूको समान पहुँच वृद्धि गर्ने नगरपालिकाले उद्वेश्य राखेको छ। जसका आधारमा स्वास्थ्य क्षेत्रको विकासका लागि उपयुक्त कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरी यस नगरपालिकावासीको जन जीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

***लक्ष्य:*** सबै नागरिकलाई सक्षम, र स्वस्थ बनाई उत्पादनशील जनशक्तिको उत्पादन गर्ने।

***उद्देश्य:*** स्वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता वृद्धि गरी नगरपालिकावासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउनुका साथै स्वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता र पहुँच वृद्धि गरिनेछ।

***रणनीति***

- स्वास्थ्य पूर्वाधार, औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गरिनेछ।
- स्वास्थ्य क्षेत्रमा सरकारी, निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्रको समन्वय एवं सहकार्यलाई बढाइनेछ।
- स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रवर्धनात्मक सेवा, उपचारात्मक सेवा, पुर्नस्थापनात्मक र प्रचारात्मक सेवाहरु समेटेर स्वास्थ्यका कार्यक्रमहरु बनाइनेछ।
- नसर्ने रोगहरुको प्रकोपको न्यूनीकरणको लागि स्वास्थ्य प्रवर्धनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरिनेछ।
- "इच्छाइएको गर्भ, सुरक्षित तथा स्वस्थ गर्भ"भन्ने मुल नाराका साथ हरेक गर्भलाई परिवारमा तथा समाजमा उत्सवको रुपमा स्थापित गराउन सामाजिक परिचालन गरिनेछ।
- समयानुकूल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिने छ। महामारीको पूर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकार्य योजना बनाइ लागू गरिनेछ। सर्ने रोग तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ। नसर्ने रोगको रोकथामको लागि पेन प्याकेजलाई थप व्यवस्थित गरिनेछ।
- महामारी रोग नियन्त्रण र निवारणको लागि स्वास्थ्य उपचार कोष स्थापना गरिनेछ।
- महामारीको पूर्व तयारी तथा व्यवस्थापनको लागि आर.आर.टि.लाई तयारी अवस्थामा राखिनेछ। साथै उक्त कार्यलाइ औषधी, खोप तथा स्वास्थ्य सम्वन्धी सामग्रीहरु तयारी हालतमा राखिनेछ।
- वञ्चितीकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने, सेवा निरन्तरता गराउने, स्वास्थ्य आमा समूहलाई थप सुदृढीकरण गराउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाइ उत्प्रेरित गरिनेछ।
- हरेक स्वास्थ्य संस्थामा गुणस्तर सुधार समिति गठन गरिनेछ। गुणस्तर सुधारका कार्यक्रमहरु लागु गरिनेछ।
- स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाइ प्रभावकारी वनाउन निम्न नीति तथा कार्यक्रमहरु अवलम्बन गरिनेछ।

- ☞ गुणस्तरको स्व-मूल्याङ्कन गरी उपभोक्ताको सन्तुष्टीमा वृद्धि ल्याउने क्रियाकलाप संचालन गरिनेछ । उपभोक्ता सन्तुष्टी सर्भेक्षण फारम भरी मूल्याङ्कन गरिनेछ ।
- ☞ विद्यमान आर्थिक, सामाजिक तथा लैङ्गिक असमानतावाट जनसंख्याको वृद्धि, संरचना, वितरण तथा वसाइसराई जस्ता जनसंख्या सम्वन्धी परिसूचकहरुको विष्लेष्ण गरी समस्यालाई न्यूनीकरणको प्रयास गरिनेछ ।
- ☞ मातृ तथा शिशु मृत्युदर घटाइनेछ ।
- ☞ "स्वस्थ परिवार, स्वस्थ नगर" जस्ता अभियानहरु संचालन गरिनेछ ।
- ☞ "एक वडा, एक हेलिप्याड" स्थापना गरी आकस्मिक उद्धारमा सहयोग पु¥याइनेछ ।
- ☞ योगाभ्यास गरौं,स्वस्थ रहौं भन्ने मुलमन्त्रका साथ नगरपालिकाका सवै वडाहरुमा योग शिविर सञ्चालनको लागि पहल गरिनेछ।
- ☞ नगरपालिकाभित्र पूर्ण खोप सुनिश्चितता गरिनेछ । नगरपालिकाले प्रत्येक वर्ष खोप दिवस मनाई पूर्ण खोपको अवस्थाको समीक्षा गरी आवस्यकता अनुसारका कार्यक्रम थप गरिनेछ ।
- ☞ पाँच वर्ष मुनिका वच्चाहरुको उपचार व्यवस्था कार्यक्रमलाई प्रभावकारी वनाइने छ ।
- ☞ नव विवाहित दम्पतीहरुको पहिचान गरी आवश्यक नियोजनका साधन छनौटको लागि परामर्श प्रदान गरिनेछ ।
- ☞ आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाउन यातायात खर्च व्यवस्था मिलाईनेछ ।
- ☞ गर्भवति जांच एवं स्वास्थ्य संस्थामा सुत्केरी गराउने जस्ता अभियानलाई लागू गरिनेछ । यसका लागि म.स्वा.स्व.स स्वास्थ्यकर्मी तथा जनप्रतिनिधीहरु परिचालन गरिने छ । यस अभियानको नेतृत्व नगरपालिकाको उपप्रमुखबाट गरिनेछ ।
- ☞ सुरक्षित प्रसुती सेवालाई प्रभावकारी बनाउनका लागि संस्थागत सुत्केरी निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ । आकस्मिक प्रसुति सेवालाई व्यवस्थित तथा थप जिम्मेवार बनाउन वर्थिङ सेन्टरहरुमा थप उपचार आवश्यक परेमा वा प्रेषण गनुपरेमा लाग्ने एम्वुलेन्स खर्च यस नगरपालिकावाट सोधभर्ना गरिनेछ ।
- ☞ क्षयरोगको नयाँ रोगी पत्ता लगाउनको लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरी परीक्षण
- ☞ स्वास्थ्य सेवामा सर्वव्यापी पहुंच वृद्धि गर्नको लागि एक वडा, एक स्वास्थ्य चौकी स्थापनामा जोड दिइनेछ । नयां स्थापना भएका शहरी स्वास्थ्य केन्द्रहरुलाई स्वास्थ्य चौकिमा परिणत गरि एक वडा एक स्वास्थ्य चौकी पुर्याउनको लागि संघीय तथा प्रदेश सरकारसंग समन्वय गरी सवै वडामा स्थायी दरबन्दी सहितको स्वास्थ्य चौकिको स्तरोन्नती गरिने छ । स्वास्थ्य चौकी भवन निर्माणलाई प्राथमिकता  दिइनेछ ।
- ☞ माध्यामिक शिक्षामा प्रजनन स्वास्थ्यका विषयहरुको कक्षा स्वास्थ्यकर्मीवाटै लिने ब्यवस्था मिलाईनेछ । यसका लागि स्वास्थ्यकर्मीलाई उत्प्रेरित गरिनेछ ।
- ☞ समय समयमा स्वास्थ्यका विभिन्न विषयहरुमा सडक नाटक, दोहोरी गीत, वक्तृत्वकला जस्ता प्रतियोगिता संचालन गरिनेछ ।
- ☞ यस नगरपालिकामा जडिवुटी खेतीको विस्तार गरिनेछ । यस नगरपालिकाभित्र जडिवुटी प्रशोधन केन्द्र स्थापनाको लागि संघ र प्रदेश सरकारसंग समन्वय गरिनेछ । साथै आयुर्वेद सेवाको प्रचार प्रसार र थप व्यवस्थित गरिनेछ ।
- ☞ नियमित आधारभूत स्वास्थ्य सेवामा गरिव, सीमान्कृत, दलित, महिला, बालबालिका, जेष्ठ नागरीक, अशक्त तथा अपाङ्गता भएका व्यक्ति तथा दीर्घरोगीहरुको पहुँच बढाउन स्वास्थ्य शिबिर, बिशेषज्ञ स्वास्थ्य जाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रम तय गरी सञ्चालन गरिनेछ, साथै जनतासंग डाक्टर कार्यक्रमलाइ थप प्रभावकारी बनाइने छ ।
- ☞ प्रत्येक वडाका गाँउगाँउमा खोप तथा गाँउघर क्लिनिकलाई निरन्तरता दिइनेछ ।

### ५.२.५ कार्यक्रम तथा आयोजना

- ☞ स्वास्थ्य सेवा पूर्वाधार विकास कार्यक्रम ।

- ☞ उपकरण तथा उपचार व्यवस्थापन कार्यक्रम।
- ☞ स्वास्थ्य सेवा विस्तार प्रोत्साहन कार्यक्रम।
- ☞ जनशक्ति व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम।

### ५.२.६ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **उपलव्धी :** स्वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता वृद्धि गरि नगरपालिकाबासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउनुका साथै स्वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता वृद्धि गरिनेछ। | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसंख्या प्रतिशत | ९० | ९२ | ९५ | ९६ | ९८ | ९९ |
| | स्वास्थ्य सेवामा पहुँच ( प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | आधा घण्टाभित्र स्वास्थ्य सेवामा पहुंच भएको जनसंख्या | ७५ | ७८ | ८० | ८२ | ८५ | ९० |
| | पूर्ण खोप प्राप्त बालबालिका (प्रतिशत) | ७४ | ७५ | ७८ | ८० | ८५ | ९० |
| | नगरबासीको औसत आयु (वर्ष) | ७१ | ७१ | ७२ | ७४ | ७५ | ७६ |
| | वाल मृत्यू दर | ५ | ४.५ | ४ | ३.५ | ३ | २.५ |
| | आधा घण्टाभित्र स्वास्थ्य सेवामा पहुंच भएको जनसंख्या | ७५ | ७८ | ८० | ८२ | ८५ | ९० |
| **प्रतिफल १:** महिला, बालबालिका लगायत सीमान्तकृत वर्गमा स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भई स्वास्थ्य सेवाको गुणस्तर र | चारैपटक पूर्वप्रसुती सेवा लिने गर्भवती महिला ( प्रतिशत) | २५ | २८ | ३५ | ४० | ४५ | ५० |
| | स्वास्थ्य सेवामा पहुँच ( प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | आधा घण्टाभित्र स्वास्थ्य सेवामा पहुंच भएको जनसंख्या | ७५ | ७८ | ८० | ८२ | ८५ | ९० |
| | स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्यकर्मी प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | भिटामिन ए प्राप्त गर्ने बालबालिका प्रतिशत | ९७ | ९७ | ९८ | ९९ | ९९ | ९९ |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| उपयोगमा वृद्धि भएको हुनेछ। | सरकारी स्वास्थ्य संस्थाहरूबाट सेवा लिने जनसंख्या प्रतिशत | ९९.९५ | ९९.९५ | ९९.९५ | ९९.९५ | ९९.९५ | ९९.९५ |
| | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला प्रतिशत | ३५ | ३८ | ४० | ४५ | ५० | ५५ |
| | बर्थिङ सेवा उपलब्ध संस्था संख्या | २ | ३ | ४ | ५ | ६ | ७ |
| | पूर्ण खोप वार्ड संख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |
| | झाडापखाला रोग लाग्ने दर (प्रति हजार) | १५ | १२ | १० | ८ | ५ | ३ |
| | २ बर्ष मुनिका बालबालिकाहरुमा कुपोषण दर (प्रतिशत) | २ | १.८ | १.५ | १.२ | १ | ०.५ |
| | पूर्ण खोप प्राप्त बालबालिका (प्रतिशत) | ७४ | ७५ | ७८ | ८० | ८५ | ९० |
| | दक्ष स्वास्थ्यकर्मीद्वारा प्रसुति गराउने महिला (प्रतिशत) | ३४ | २५ | ४५ | ७५ | ९० | ९५ |
| **प्रतिफल २:** स्वास्थ्य सम्बन्धी पूर्वाधार तथा औषधी, उपकरणको उपलब्धतामा वृद्धि भएको हुनेछ। | चालु अवस्थाका एम्बुलेन्स सञ्चालन -वटा) | ९ | १० | १० | ११ | १२ | १२ |
| | आफ्नै भवन भएका स्वास्थ्य संस्था (संख्या) | २० | २० | २० | २० | २० | २० |
| | शवबाहन | १ | १ | २ | २ | २ | २ |

## ५.२.६ अपेक्षित उपलब्धी

☞ गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता भई महिला, बालबालिका लगायत सीमान्तकृत वर्गको स्वास्थ्य सेवामा पहुँच वृद्धि भई नगरपालिकावासीको स्वास्थ्य स्थितिमा सुधार आएको हुनेछ। स्वास्थ्य सम्बन्धी पूर्वाधार तथा औषधी, उपकरणको उपलब्धतामा वृद्धि भएको हुनेछ।

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ पृष्ठभूमि

चौतारा साँगाचोकगढी नगरपालिकामा रहेका ११५९० घरपरिवारहरू मध्ये धारा/पाइप मार्फत आपूर्ति गरिएको पानी पिउने ९१.०१ प्रतिशत भएकाले सामान्यतया धैरैजसो घरपरिवारले धारा/पाइपको पानी पिउने गर्दछन् भन्न सकिन्छ। यद्यपि दोस्रोमा ढुङ्गेधारा को पानी पिउने ४.३० प्रतिशत रहेका छन्। अन्य श्रोत प्रयोग गर्नेको संख्या नगन्य रहेको छ। नगरपालिकामा रहेका कूल घरपरिवारहरू मध्ये ५२.५६ प्रतिशत घर परिवारहरूमा १ देखि १५ मिनेट टाढाको श्रोतहरूबाट पिउने पानी ल्याउनुपर्ने देखिन्छ। दोस्रोमा २२.४९ प्रतिशत घरपरिवारहरूमा पानीको श्रोत आफ्नै घर परिसर भित्र रहेको तथ्याङ्कले देखाउँछ। भने तेस्रोमा १३.३९ प्रतिशत घरपरिवारहरू १६ देखि ३० मिनेट टाढाको श्रोतहरूबाट पिउने पानी ल्याउने गरेको देखिन्छ। साथै नगरपालिकामा ३० मिनेट देखि २ घण्टाभन्दा बढी टाढाको श्रोतहरूबाट समेत पिउने पानी ल्याउने घरपरिवार पनि रहेको देखिन्छ। धैरैजसो परिवारमा पानीको श्रोतसम्मको सुगमता राम्रो भएता पनि नगरपालिकाको केही भागमा पिउने पानीको समस्या रहेको कुरा तथ्याङ्कले देखाउँछ।

नगरपालिकामा रहेका कूल घरपरिवारहरू मध्ये ७२.८३ प्रतिशतले फ्लस भएको (सेप्टीट्याङ्क) चर्पी, २३.२६ प्रतिशतले साधारण चर्पी, २.४७ प्रतिशतले सार्वजनिक ढलयुक्त चर्पी, ०.२८ प्रतिशतले सामुदायिक चर्पीको प्रयोग गरेको र ०.६९ प्रतिशतले भने चर्पीको प्रयोग नै नगरेको पाइयो।

### ५.३.२ समस्या तथा चुनौती

- ☞ निर्माण भएका खानेपानी योजनाहरू दीगो नहुनु
- ☞ खानेपानी व्यवस्थापन नभएर शौचालय प्रयोगमा नआएको र पुर्ण सरसफाईमा बाधा पुगेको
- ☞ बालमैत्री तथा अपाङ्गमैत्री योजना निर्माण नहुनु
- ☞ खानेपानीको मूल दर्ता नहुनु
- ☞ मर्मत सम्भार कोष नियमित संकलन नहुनु
- ☞ निर्माण भएका योजनाहरू कार्यान्वयनमा नआएको
- ☞ सार्वजनिक स्थलहरूमा फोहोर व्यवस्थापन नहुनु
- ☞ खानेपानी योजनाहरू प्रयाप्त रूपमा नहुनु

### ५.३.३ सम्भावना तथा अवशरहरू

- ☞ खानेपानीमा विनियोजन हुने बजेट वार्षिक रूपमा वृद्धि
- ☞ साना खानेपानी योजनाहरूको संचालन
- ☞ उपभोक्ता समितिको ब्यापारिक कार्ययोजना र सक्षम समिति
- ☞ आधारभूत सर्तहरू सहित मर्मत सम्भारमा अनुदान दिने प्रणालीको विकास
- ☞ पानीको सम्भावित श्रोतहरूको पहिचान तथा संरक्षण भएको
- ☞ स्थानीय स्तरको नेतृत्व तथा लगानी विकास
- ☞ खानेपानी उपभोक्ता समितिहरूको क्षमता, संस्थागत विकास तथा परिचालन
- ☞ खुल्ला दिसा मुक्त क्षेत्रतर्फ उन्मुख

- ☞ बजार तथा ग्रामीण क्षेत्रहरूमा सार्वजनिक शौचालयहरूको संचालन
- ☞ विद्यालयहरूमा लैगिंक तथा बालमैत्री शौचालयहरूको निर्माण प्रक्रियाको सुरूवात

### ५.३.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच**

खानेपानी तथा सरसफाई क्षेत्रका विद्यमान अवस्था, अवसर र चुनौतीका आधारमा विश्लेषण गर्दा यस नगरपालिकामा देहायको दीर्घकालीन सोच तय गरिएको छ।

***खानेपानी तथा सरसफाईमा समुदायको सहभागिता !***
***स्वस्थ समुदाय निर्माणमा नगरपालिकाको जवाफदेहिता !!***

यस दीर्घकालीन सोचको उपलब्धी हासिल गर्न नगरपालिकाले समुदायलाई गुणस्तरिय, प्रभावकारी र सहज रूपमा खानेपानीको उपलब्धता गराउने र सरसफाईमा जोड दिने नीति बनाएको छ। यसका लागि उपयुक्त कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरी यस नगरपालिकावासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

***लक्ष्य :*** सबै नागरिकलाई सक्षम, र स्वस्थ बनाई उत्पादनसिल जनशक्तिको उत्पादन गर्ने।

***उद्देश्य :*** समुदायको स्वास्थ्य अवस्थामा सुधार ल्याउन खानेपानी तथा सरसफाईको सस्थागत विकासमा सुधार ल्याउने।

***रणनीति***

- ☞ आगामी ३ वर्ष भित्रमा एक घर एक धारा पुर्याई गुणस्तरीय खानेपानीमा पहुच बिस्तार गरिनेछ।
- ☞ खानेपानीको संभाव्यता अध्ययन गरी खानेपानी सम्बन्धी आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरी परियोजना बैंक तयार गरी संघीय तथा प्रदेश सरकार र संघ संस्थाहरुको सहयोगमा कार्यान्वयन व्यवस्था मिलाईनेछ।
- ☞ नगपालिका क्षेत्र भित्रको अत्यावश्यक स्थान तथा वडालाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरी ठूला तथा मझौलास्तरका खानेपानी योजनाहरु संचालन गर्न संघीय सरकार तथा प्रदेश सरकार र दातृ संस्थालाई अनुरोध गरी खानेपानी योजनाहरुको संचालन गर्ने व्यवस्था मिलाइनेछ।
- ☞ खानेपानी उपभोक्ता समिति गठन, नियमन, प्रबर्द्धन तथा क्षमता विकास गरी खानेपानी तथा सरसफाइलाई दीगो विकास गरिनेछ।
- ☞ नगरपालिका क्षेत्रभित्र खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत विभिन्न गैर सरकारी संघ संस्थाहरुबीच आवश्यक समन्वय गरी योजना तथा कार्यक्रम संचालन गरिनेछ।
- ☞ नगरस्तरीय नियमित सरसफाई कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ।
- ☞ नगरपालिका क्षेत्रभित्र प्लाष्टिक ५० माईक्रोन भन्दा कमको झोला प्रयोगलाई न्यूनीकरण गर्दै लगिनेछ।
- ☞ खानेपानी तथा सरसफाइ संरचना निर्माण गर्दा अन्य बिकास संरचनालाइ असर नपर्ने गरी समन्वयमा मात्र गरिनेछ।
- ☞ शहरी तथा शहर उन्मुख क्षेत्रमा ढल तथा फोहरमैला व्यबस्थापनको कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ। स्थानीय स्तरमा कुहिने र नकुहिने फोहोर छुट्याउन तालिम, सामाग्री सहयोग गरी घरैमा फोहोर बिसर्जन

गर्न जैविक मल, गड्यौला खेती लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । कुहिने फोहोरलाई खेतवारी तथा करेसावारीमा प्रयोग गरिनेछ । ल्याण्डफिल साइटमा कम भन्दा कम फोहोर बिसर्जन गर्ने व्यवस्था गरिनेछ खानेपानीको श्रोत पहिचान भएका मुहानको संरक्षण र दर्ता गर्ने व्यवस्था मिलाउनेछ ।

- ☞ खानेपानीको श्रोत न्यून भएको स्थानहरुमा लिफ्ट खानेपानी आयोजना संचालन गरीनेछ ।
- ☞ पानीको श्रोत कम भएका बस्तीहरुमा आकासे पानी सकंलन तथा शुद्धीकरण कार्यक्रम संचालन गरिनेछ ।
- ☞ नगरपालिका प्रमुखको अध्यक्षतामा नगरस्तरीय खानेपानी तथा सरसफाई समिति र वडा अध्यक्षको अध्यक्षतामा वडास्तरीय खानेपानी तथा सरसफाई समिति गठन गरिनेछ ।
- ☞ चौतारा बजारको फोहोरमैलाको उचित व्यबस्थापनको लागि भगवती सामुदायिक वनको पार्सेल पाखामा आवश्यक जग्गा प्राप्त गरी ल्याण्डफिल्ड साइटका विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने ।
- ☞ सांगाचोक, जल्किने, बलेफि भैंसे सुकुटे र नर्सरी बजारको फोहोरमैला व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइटको लागि स्थान छनौट गरी विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य गरिनेछ ।
- ☞ सार्बजनिक स्थान र सरकारी कार्यालय, विद्यालयरूमा सफा शौचालय कार्यक्रम लागू गरिनेछ ।
- ☞ नगरपालिका भित्रका सवै घरधुरीमा अनिवार्य शौचालय निर्माण गर्न लगाई नगरलाई खुला दिसामुक्त नगरको सुनिश्चित गरिनेछ
- ☞ जापान अन्तर्राष्ट्रिय सहयोग नियोगको सहयोगमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट सञ्चालन भएको जुगल, थालखर्क, होल्चे चौतारा र नेपाल सरकारबाट सांगाचोकको जांडेखोला टुनीबोटे, हर्रे लिफ्ट खानेपानी अयोजना समयमा नै सम्पन्न गरी ब्यवस्थित रूपमा खानेपानीको वितरण गर्न सम्वन्धित सरोकारवालाहरुसंग आवश्यक समन्वय गरिनेछ।

### ५.३.५ कार्यक्रम तथा आयोजना

- ☞ स्वच्छ खानेपानी पूर्वाधार विकास कार्यक्रम ।
- ☞ खानेपानीको बैकल्पिक श्रोत व्यवस्थापन कार्यक्रम ।
- ☞ सुधारिएको चुलो प्रबर्धन कार्यक्रम ।
- ☞ सुख्खा क्षेत्रमा पानीको पुनः प्रयोग प्रोत्साहन कार्यक्रम ।
- ☞ सरसफाई पूर्वाधार विकास कार्यक्रम ।
- ☞ सरसफाई चेतना अभिबृद्धि कार्यक्रम ।
- ☞ विद्यालयमा खानेपानी तथा सरसफाई कार्यक्रम

## ५.३.६ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **उपलब्धी :** समुदायको स्वास्थ्य अवस्थामा सुधार ल्याउन खानेपानी तथा सरसफाईको संस्थागत विकासमा सुधार ल्याउने | सुरक्षित पिउने पानीको प्रयोग गर्ने जनसंख्या (प्रतिशत) | २८.६१ | ३० | ३५ | ५० | ७५ | ८० |
| | व्यवस्थित पक्की चर्पीको प्रयोग भएको घरधुरी (घरधुरी प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | लैंगिक तथा बालमैत्री शौचालय निर्माण नभएका विद्यालय (प्रतिशत) | ० | १०० | १०० | १०० | १०० | १०० |
| **प्रतिफल नं १:** खानेपानी तथा सरसफाईको संस्थागत विकास भई समुदायको स्वास्थ्य र वातावरणिय अवस्थामा सुधार आएको हुनेछ। | सुरक्षित पिउने पानीको प्रयोग गर्ने जनसंख्या (प्रतिशत) | १९.५० | २५ | ३५ | ५० | ७५ | ८० |
| | निजी धारा उपलब्ध घर | ४० | ४५ | ४५ | ५० | ५० | ६० |
| | खुल्ला दिसामुक्त वार्ड (संख्या) | ० | ५ | ८ | १० | १४ | १४ |
| | व्यवस्थित पक्की चर्पीको प्रयोग भएको घरधुरी (घरधुरी प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | फोहोर व्यवस्थापन वार्ड (संख्या) | १ | २ | ४ | ६ | १० | १४ |
| **प्रतिफल नं २:** सरसफाईका आधारभुत सर्तहरू सहित सबैको लागि शौचालय निर्माण भएको हुनेछ। | सरफाई मर्मत सुधार (प्रतिशत) | ८५ | ८५ | ८८ | ९० | ९२ | ९५ |
| | एक घर एक व्यवस्थित शौचालय (प्रतिशत) | ९८ | ९८ | ९८ | ९८ | १०० | १०० |
| | खानेपानीको सुविधा रहेका विद्यालय (६८ मध्ये) - संख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| | शौचालय भएका विद्यालय संख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| | सार्वजनिक शौचालय संख्या | ३० | ३२ | ३५ | ४० | ४० | ४० |

**अपेक्षित उपलब्धी**

- ☞ खानेपानी तथा सरसफाईको सस्थागत विकास भई समुदायको स्वास्थ्य र वातावरणीय अवस्थामा सुधार आएको हुनेछ ।
- ☞ खानेपानी तथा सरसफाईका आधारभुत सर्तहरू पुरा गर्न शौचालय निर्माण तथा ढल निकासको ब्यवस्था गरी बातावरण प्रदूषण कम भई जनताले सुबिधा प्राप्त गर्नेछन ।

## ५.४ महिला, बालबालिका तथा जेष्ठ नागरिक

### ५.४.१ पृष्ठभूमि

"जहाँ महिला सहभागिता त्यहाँ विकासमा परिपक्वता" भने झैं महिला सहभागीताले पनि यस नगरपालिकामा प्राथमिकता पाउन थालेको छ । यस नगरपालिकामा वसोवास गर्ने परिवारका सदस्यहरू कुनै न कुनै संघसंस्थामा आबद्ध रहेको देखिन्छ । कुल जनसंख्या मध्ये ४७.५२ प्रतिशत जनसंख्या महिलाको रहेकोछ । यस नगरपालिका भित्र वसोवास गर्ने धैरै परिवारका महिलाहरू सहकारी संस्थामा आबद्ध छन । समाजको हित तथा दीगो विकासका लागि यस नगरपालिकामा रहेका सामाजिक संघ संस्थाहरूले नगरपालिका भित्र विभिन्न तह तथा क्षेत्रहरूबाट विभिन्न प्रकारका योगदानहरू पुर्याइरहेका छन । सामाजिक संघ संस्थाहरूमा वन उपभोक्ता समिति, युवा क्लव, वाल क्लव, महिला तथा आमा समूह, नागरिक मञ्च, सहकारी संस्था आदि पर्दछन् । विकासको क्रमलाई नियाल्दा देशका अन्य ठांउहरू सरहनै यहाँ पनि महिलाको अवस्थामा उल्लेखनीय सुधार आउन सकेको छैन । करिव-करिव, वरावर संख्यामा रहेका महिला पुरूषको तथ्यांकलाई आधार मानी २०६८ सालमा १ देखि ५ कक्षा सम्म अध्ययनरत विद्यार्थीको संख्यालाई हेर्दा संख्यामा खासै फरक नरहेको महिला पुरूषको शिक्षा आर्जन गर्ने वाल्यवस्थाको अवसरमा ठूलो भिन्नता देखिन्छ । तथापि, अधिकांश वासिन्दा तथा शिक्षित परिवारले भने छोरा, छोरीलाई समान अवसर प्रदान गर्नु पर्ने कुरा विस्तारै महसुस गर्न थालेको पाइन्छ ।

### ५.४.२ समस्या तथा चुनौति

महिला समूह तथा समितिहरूमा सबै महिला आबद्ध नभएको, विद्यालय बीचमा नै छोड्ने, बालमैत्री विद्यालय नभएको, महिलाहरूमा व्यवसायिक सीप तथा तालिम, नेतृत्वको अभाव तथा विशेष शिक्षा प्रणालीको अभाव रहेको देखिन्छ । महिला हिंसा, यौन दुर्व्यबहार, बहुविवाह, बाल विवाह जस्ता घटनाहरू समाजमा कायम नै रहे पनि उजुरी नहुने कारणले पर्याप्त तथ्याङ्क उपलब्ध हुन सकिरहेको छैन । छोरी जन्मिए विभिन्न सुविधा दिने कार्यक्रमहरू ल्याउन सकेका छैनन् भने निर्णय प्रकृयामा सहभागिता र सेवामा समान पहुंचको कमि ।

### ५.४.३ सम्भावना तथा अवसर

साक्षर तथा सामाजिक तथा आर्थिक रूपमा महिलाको उच्च स्थान हुनुका साथै सामाजिक समावेशीकरण र महिलाको हितका सम्बन्धमा कानूनी तथा नीतिगत व्यवस्था र स्थानीय स्तरमा भए गरेका अभ्यासहरूले केही सकारात्मक परिवर्तन भएका छन् । महिला अधिकार र अवसरका सम्बन्धमा चेतनाको वृद्धि हुँदै गएको छ । वडास्तरमा महिला संजालहरू गठित र कृयाशील रहेका छन् । नगरपालिकास्तरमा महिला तथा बालबालिका शाखा स्थापना भईसकेको छ । महिला समूह समितिमा ५०/५० प्रतिशत आबद्ध रहेको, महिलाको राजनैतिक आर्थिक, सामाजिक, सांस्कृतिक आदि तहमा महिला सहभागिता बढ्दो रहेको, किशोर किशोरी शिक्षा तुलनात्मक रूपमा वृद्धि हुँदै गएको पाईन्छ ।

लगभग सबै वडाहरूमा, महिलाहरूले समूहमा आधारित आय आर्जन गर्ने गतिविधिहरू गरिरहेका छन् र CRP मार्फत आफ्नो अर्थतन्त्रलाई बलियो बनाउन सक्षम भैरहेकाछन् ।

### ५.४.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच**

पुरूष सरह महिला र बालबालिका तथा जेष्ठ नागरिकहरूको अवसर माथी समान अधिकार र पहुँच स्थापना गर्नका लागि यस क्षेत्रका अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

***सेवा प्रबाह र निर्णय प्रकृयामा सहभागिता !***
***विकासका लागि महिला, जेष्ठ नागरिक र बालबालिका!!***

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस नगरपालिकाले स्थानीयस्तरमा महिला, बालबालिका तथा जेष्ठ नागरिकहरूलाई सेवा प्रबाह र निर्णय प्रकृयामा समान सहभागिता गराउने उद्वेश्य राखेको छ। उपयुक्त कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरी यस नगरपालिकावासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

***लक्ष्य* :** महिला, बालबालिका तथा जेष्ठ नागरिकहरूलाई उच्च सम्मान दिंदै समतामूलक समाजको निर्माणमा जोड दिने।

***उद्देश्य* :** सशक्तीकरण मार्फत महिला, बालबालिका का, जेष्ठ नागरिक, असहाय, एकल महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउने।

***रणनीति***

- ☞ बालमैत्री स्थानीय सरकारको लागि तोकिएका सूचकहरु पुरा भएका वडाहरुलाई वालमैत्री वडा घोषणा गरिने छ। बाल मैत्री घोषणा भएका वडामा आगामी आ.व.देखि थप बजेट ब्यवस्था गरिनेछ।
- ☞ वालवालिकाको सहभागितामा वालवालिका सम्बन्धी कार्यक्रहरु तर्जुमा गर्ने नीति लिइनेछ।
- ☞ नगरपालिकाभित्र रहेका अनाथ तथा असाहाय वालवालिकाहरको शिक्षा,स्वास्थ्य तथा पोषणमा सहयोग पुर्याउनको लागि "अनाथ तथा जोखिमयुक्त वालवालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन ऐन, २०७५" नगर सभावाट स्वीकृत गरी कार्यान्वयनमा ल्याईनेछ।
- ☞ वालवालिकाहरुको समग्र विकासका लागि खेलकुद,मनोरञ्जन तथा सूचना प्रविधि सम्वन्धी कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ।
- ☞ वालविवाह, अनमेल विवाहलाई निरुत्साहित गर्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ☞ वालविवाह मुक्त नगरपालिका बनाउन संघ र प्रदेश सरकारसँग समन्वय गरी विशेष अभियान सञ्चालन गरिनेछ चौतारा साँगचोकगढी नगरपालिकालाई महिलामैत्री नगरपालिका बनाउन नीति निर्माणका हरेक तहमा ३३% महिला प्रतिनिधित्वलाई सुनिश्चित गरिनेछ।
- ☞ नगरस्तर र वडास्तरमा महिला सञ्जाल तथा समूह गठन गरी महिलाहरुलाई आर्थिक, सामाजिक, राजनीतिक रुपमा शसक्तीकरण गरिनेछ।
- ☞ महिला हिंसा मुक्त नगरपालिका बनाउन बिभिन्न संस्थाहरुको सहयोगमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- ☞ महिला नेतृत्व विकासमा जोड दिईनेछ । महिलाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन विभिन्न सीप तथा आयमूलक तालिमहरु सञ्चालन गरी महिलाहरुको आय-आर्जन तथा रोजगारीमा वृद्धि गरिनेछ ।
- ☞ बेचविखनमा परेर स्वदेश फर्किएका, वैदेशिक रोजगारीमा गई हिंसामा परेर स्वदेश फर्किएका, अलपत्रमा परेका महिलाहरुका लागि पुनर्स्थापना र सामाजिक पुनर्मीलनको व्यवस्था गरिनेछ ।
- ☞ विपन्नताका कारण दैनिक जीविकोपार्जनमा कठिनाई भोगिरहेका विपन्न महिला तथा एकल महिलाहरुको समूह गठन गरी उनीहरुलाई सीप र प्रविधिको माध्यमवाट स्वरोजगार वनाई आर्य-आर्जनको अवसर सिर्जना गरी जीविकोर्पाजनमा सहयोग गरिनेछ।
- ☞ चौतारा साँगाचोकगढी नगरपालिकालाई २ वर्ष भित्र बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक पूर्वाधार र सूचकहरु पुरा गर्न विभिन्न संघ, संस्थाहरुको सहयोग तथा समन्वयमा अगाडी बढाइनेछ,
- ☞ अपाङ्ग, अनाथ, असहाय तथा बेसाहारा बालबालिकाहरुको लागि हाल सञ्चालनमा रहेको बालगृहको स्तरोन्नती गरिनेछ।
- ☞ नगरपालिकाभित्र रहेका विद्यालयहरुमा वालमैत्री वातावरणमा पठनपाठनको व्यवस्था मिलाईनेछ ।
- ☞ वालवालिकाको योजना तर्जुमाका लागि आवश्यक पर्ने वालवालिका सम्वन्धी एकीकृत तथ्याङ्क तयार गरी प्रयोगमा ल्याईनेछ ।
- ☞ महिलाहरुलाई आर्थिक रुपमा शसक्तीकरण गरी आत्मनिर्भर बनाउन वडास्तरमा महिला सहकारी स्थापना गर्न पहल गरिनेछ । यसरी स्थापना गरिएका सहकारीहरुलाई अनुदान उपलब्ध गराईनेछ ।
- ☞ ‘‘एक घर एक उद्यम’’ भन्ने नाराका साथ महिलाहरुका लागि उद्यमशीलता तालिम सञ्चालन गरी महिला उद्यमीको संख्यामा वृद्धि ल्याइनेछ ।
- ☞ वैदेशिक रोजगारमा जानचाहने महिलाहरुकालागि सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी परामर्श तथा वैदेशिक रोजागारीको सिलसिलामा हिंसामा परेर स्वदेश फर्किएका महिलाहरुका लागि विशेष काउन्सिलिङको व्यवस्था सहित आयम्प्लक काममा प्रोत्साहन गरिनेछ ।
- ☞ वालिका शिक्षा, महिला आयआर्जन, प्रजनन स्वास्थ्य तथा सरसफाई र महिला सशक्तीकरणका लागि सचेतनामूलक र जागरण अभियान सञ्चालन गरिनेछ ।
- ☞ महिलाहरुको निजामती सेवामा प्रतिनिधित्व र पहुँच बढाउनका लागि नायब सुब्बास्तरको लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ ।
- ☞ विभिन्न कारणले नागरिकता बन्न नसकेर राज्यको सेवा सुविधा पाउनवाट वञ्चित भई पीडामा परेका महिलाहरुको पहिचानगरी सहज रुपमा नागरिकता उपलव्ध गराउने काममा सहयोगका लागि नगरपालिकाको उपप्रमुखको नेतृत्वमा विशेष अभियान सञ्चालन गरिनेछ ।
- ☞ शहीद परिवार तथा एकल महिलाका लागि रोजगारी बृद्धि तथा आय-आर्जनका लागि अनुदानको व्यवस्था गरिनेछ ।

### ५.४.५ कार्यक्रम तथा आयोजना

- ☞ सामाजिक सुरक्षा विशेष कार्यक्रम ।
- ☞ लक्षित समूह आर्थिक विकास कार्यक्रम ।
- ☞ लक्षित वर्गको क्षमता विकास कार्यक्रम ।
- ☞ सामाजिक सशक्तीकरण कार्यक्रम (समुहगत कार्य, सामाजिक सञ्जालको बिकास तथा सशक्तिकरण, बालक्लव, आमा समुहहरुको क्षमता बिकास आदि) ।

### ५.४.६ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **उपलब्धी: सशक्तीकरण मार्फत महिला, बालबालिका जेष्ठ नागरिक, असहाय र एकल महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थामा सुधार आएको हुनेछ ।** | महिला साक्षरता (प्रतिशत) | ५५.९२ | ५७ | ५८ | ६० | ६२ | ६४ |
| | समितिहरूमा महिला तथा लक्षित समुदायको प्रतिनिधित्व (प्रतिशत) | ३३ | ३५ | ३६ | ३८ | ४० | ४२ |
| | हरेक क्षेत्रमा महिलाको निर्णायक भूमिकामा सहभागिता (प्रतिशत) | ३३ | ४० | ७५ | १०० | १०० | १०० |
| | घरेलु हिंसाको न्यूनीकरण (प्रतिशत) | २५ | ७५ | ९० | १०० | १०० | १०० |
| | ३ देखि ५ वर्ष उमेर समूका बालबालिका प्रारम्भिक बालविकास केन्द्रमा भर्ना अवस्था (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | सहकारीमा आबद्ध महिला (संख्या) | ४५० | ६५० | ७५० | ८५० | १००० | १००० |
| | उपभोक्ता समितिमा महिला र लक्षित | ३३ | ३८ | ४४ | ५० | ६० | ७० |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| | समुदायको प्रतिनिधित्व (प्रतिशत) | | | | | | |
| | महिला उद्यमीहरूको संख्या | ८० | १०० | १२० | १५० | १८० | २०० |
| | हिंसाजन्य घटनापीडित महिलाहरूको संख्यामा न्यूनीकरण (प्रतिशत) | ३० | ३० | २५ | १५ | १० | ५ |
| **प्रतिफल नं १:** बालबालिकाको समग्र विकासका लागि नीतिगत अवस्थामा सुधार भई दक्ष जनशक्तिको उत्पादन भएको हुनेछ। | नगरपालिका नीति निर्माण तहमा महिलाहरूको सहभागिता (प्रतिशत) | ३० | १५ | २५ | ३० | ३३ | ३५ |
| | नगरपालिका नीति निर्माण तहमा बालबालिकाहरूको सहभागिता (प्रतिशत) | २३ | २५ | ३० | ३५ | ४० | ४५ |
| | वाल अधिकार प्रति अभिभावक एवं बालबालिकामा चेतना वद्धि (प्रतिशत) | ७५ | ५० | ६० | ७० | ७५ | ८० |
| | वालमैत्री सार्वजानिक भौतिक संरचना (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| **प्रतिफल २:** जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, असहाय, एकल महिलाहरूले | सामाजिक जीवनमा योगदान पुर्याएका जेष्ठ नागरिकहरूलाई विभिन्न समारोहमा वार्षिक सम्मान कार्यक्रम (सख्या) | ५० | ७५ | १०० | १०० | १०० | १०० |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| सामाजिक सुरक्षा प्रत्याभूति गरेका हुनेछन। | असहाय विपन्न जेष्ठ नागरिकहरूको सामाजिक सुरक्षाको प्रत्याभूति (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |

**अपेक्षित उपलब्धी**

- ☞ महिला सशक्तीकरणद्वारा उनीहरूको सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याई नीति निर्माण तहमा महिला सहभागितामा वृद्धि गर्ने।
- ☞ बालबालिका तथा जेष्ठ नागरिकको समग्र विकासका लागि नीतिगत अवस्थामा भएका सुधारहरू कार्यान्वयनमा आई सबै किसीमका बिभेदहरूको अन्त्य हुनेछन।
- ☞ जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, असहाय, एबं एकल महिलाहरूले सामाजिक सुरक्षा प्रत्याभूति गरेका हुनेछन।

### ५.५ आदिवासी, जनजाति, दलित, उत्पीडित वर्ग उत्थान

#### ५.५.१ पृष्ठभुमि

यस नगरपालिकामा दलित तथा जनजाति समुदायको वसोवास रहेको देखिन्छ। सामाजिक तथा परम्परागत कुसंस्कारका कारण बिभेदहरू देखिन्छन। तथापि, सामाजिक कुरीतिका रूपमा देखा परेका समस्याहरूलाई लक्षित गरी केही कार्यक्रमहरू संचालन भएका छन। नगरपालिकामा बजेट विनियोजनको सुरूवात भएको छ। संविधानले महिला, दलित, आदिवासी-जनजाति, मधेशी, मुस्लिम लगायत अल्पसंख्यक, भूमिहीन, सुकुम्बासी, अपांग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पीडित मधेशी, आदिवासी जनजाति, दलित, महिला, पिछडिएका क्षेत्र लगायतलाई मूलधारमा ल्याउने र समान अधिकारको सुनश्चितता गर्ने भनि कार्यान्वयनमा ल्याएको छ। संबिधानले दिएका मौलिक हक र अधिकारहरूलाई सुनिश्चित गर्न आदिवासी, जनजाति, दलित, उत्पीडित वर्गका अधिकारलाई संरक्षण दिने ठोस नीति स्थानीय तहहरूमा बनाउने र सोको कार्यान्वयन गरी शासन प्रणाली समावेशी बनाउन यस नगरपालिकाले आफ्ना वार्षिक नीति तथा कार्यक्रमका अलावा कानुनहरू समेत तर्जुमा गरी यी बर्गहरू माथि हुने भेदभावलाई सम्बोधन गर्ने रणनीति तय गरेको छ। तथापि, तिनको प्रभावकारितामा उल्लेखनीय सुधार हुन बांकिनै छ। यहाँ GESI (Gender and Social Inclusion) रणनीति तथा समावेशीकरण नीति अन्तरगत विभिन्न कामहरू अगाडी बढाईएकोछ।

#### ५.५.२ समस्या तथा चुनौती

- भेदभाव तथा परम्परागत सोच।
- कानूनको सही ढंगले कार्यन्वयन नहुनु।
- चेतनाको अभाव
- अर्थपूर्ण सहभागिताको समस्या

### ५.५.३ सम्भावना तथा अवसर

- सामाजिक तथा जातीय विविधता र पारस्परिक सम्मानको वाताबरण
- रोजगारी तथा अध्ययनमा आरक्षण हुनु
- लक्षित समुदाय सीप कलाको धनी हुनु
- प्रत्येक क्षेत्रमा समावेशी नीति हुनु
- धार्मिक, शैक्षिक संस्थाहरू सवल र गणस्तरीय शिक्षा प्रदान गर्न सक्षम हुनु
- स्वास्थ्य, शिक्षा, रोजगारी आदिको लागि आरक्षणको व्यवस्था गर्ने

### ५.५.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच**

यस नगरपालिकामा आदिवासी, जनजाति, दलित, वर्गको उल्लेख्य सहभागिताका कारण यहाँका अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

**विकास आयोजनाहरूमा लक्षित समुदायको प्राथमीकता**
**अवसर र निर्णय प्रकृयामा समावेशीता!!**

उपरोक्त दीर्घकालीन सोच हासिल गर्नका लागि यस नगरपालिकाले आदिवासी, जनजाति, दलित, उत्पीडित वर्गको उत्थानका लागि उपयुक्त कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरी यस नगरवासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

***लक्ष्य :***समाजमा रहेका सवै बर्ग र सबै जातका लागि समान अधिकार र समान हक स्थापित गरिनेछ।

***उद्देश्य :*** सामाजिक तथा जातीय विभेद अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने।

***रणनीति***

☞ अल्पसंख्यक जाति समुदायको आय तथा रोजगारिका लागि आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ। अल्पसंख्यक समुदायको भाषा तथा संस्कृतिको संरक्षण गरिनेछ।

☞ क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम तथा चेतनामूलक कार्यक्रमहरूको निरन्तर सञ्चालन गरी बञ्चितिमा परेका समुदायहरूलाई मूलप्रवाहीकरण गरिनेछ।

☞ लक्षित समुदायहरूको सामाजिक तथा आर्थिक उत्थानका लागि विभिन्न सरकारी, निजी एवम् गैरसरकारी क्षेत्रसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।

☞ लक्षित समुदायहरूको सशक्तीकरण तथा सामाजिक सुरक्षाका लागि क्षमता अभिवृद्धि, रोजगारी तथा चेतनामूलक कार्यक्रमहरू अभियानकै रूपमा सञ्चालन गरिनेछ।

☞ लक्षित समुदायको परम्परागत सीप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्धन तथा विकासका लागि सम्वन्धित समुदायकै अग्रसरतामा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

- ☞ क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम तथा चेतनामूलक कार्यक्रमहरू निरन्तर सञ्चालन गरी बञ्चितिमा परेका समुदायहरूलाई मूलप्रवाहीकरण गरिनेछ।
- ☞ स्थानीय शासनका सबै तह र प्रक्रियामा विपन्न तथा वञ्चितिमा परेका वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।
- ☞ क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम तथा चेतनामूलक कार्यक्रमहरूको निरन्तर सञ्चालन गरी बञ्चितिमा परेका समुदायहरूलाई मूलप्रवाहीकरण गरिनेछ।
- ☞ आदिवासी, जनजाति, दलित, महिला, बालबालिका, किशोरकिशोरी, अपाङ्गता भएका व्यक्तिहरुलाई स्थानीय सरकारको मूल प्रवाहमा ल्याउन उच्च प्राथमिकता दिई लक्षित वर्ग सम्बन्धी नीति कार्यान्वयन गरिनेछ।
- ☞ विपन्न, असहाय तथा सामाजिक रुपले पछि परेकालाई संरक्षण तथा उद्दार गर्न आवश्यक कार्यक्रम बनाइ लागू गरिनेछ।
- ☞ लैङ्गिक हिंसामा परेकालाई पुनःस्थापना केन्द्रमा अस्थायी आश्रय दिई उनीहरुको क्षमता विकास र स्वरोजगार गराउने नीति अवलम्बन गरिनेछ।
- ☞ दलितहरुलाई लक्षित गरेर सीपमा आधारित आय आर्जन कार्यक्रमलाई कार्यान्वयन गरी व्यावसायीकरण गर्ने नीति अवलम्बन गरिनेछ।
- ☞ बालबालिका, जेष्ठ नागरीक, अपाङ्गहरु, असहायहरुलाई लक्षित गरेर उनीहरुको जीवनयापनलाई सहज गराउने नीति अवलम्बन गरिनेछ।
- ☞ आदिबासी जनजातिहरुको स्थानीय भाषा संस्कृती संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ।
- ☞ दलित समुदायले संचालन गरेको ब्यवसायमा भागबाली प्रथाको पूर्ण रुपमा अन्त्य गर्दै परम्परागत पेशालाई व्यावसायिक र आधुनिकिकरण गर्न प्रोत्साहित गरिनेछ।
- ☞ दलित समुदायलाई गरिँदै आएका समुदायमा हुने गरेका दलित, महिला, वालवालिका माथिको हिंसा, जातीय भेदभाव तथा छुवाछुत आदिलाई न्युनीकरण गर्न प्रत्येक वडामा कानुनी सहायता कक्ष स्थापना गरी न्यायिक उपचारका लागि सहजिकरण गर्ने व्यवस्था मिलाइने छ।
- ☞ दलित समुदायका सीपमूलक ब्यवसायलाई संरक्षण र प्रबर्द्धन हुने गरी सहकारी गठन गर्न नगरपालिकाबाट प्रोत्साहन गरिनेछ।
- ☞ जातीय भेदभाव विरुद्धको अभियानलाई ब्यवहारिक रुपमा सफल वनाउन समाजिक सदभाव बढाउने दलित र गैरदलित समुदाय विचको अन्तरघुलन बढाउने र यस आन्दोलनमा लाग्ने अभियन्ताहरुलाई सम्मान गरिनेछ।
- ☞ प्रत्येक वर्ष जातीय छुवाछुत तथा भेदभाव नियन्त्रण दिवसलाई नगरपालिकाको आयोजनामा भव्यरुपमा मनाइनेछ
- ☞ जातीय छुवाछुत तथा उनमूलन ऐनमा भएका प्रावधान र अन्य कानुनी व्यवस्थाहरुको व्यवहारिक कार्यान्वयनको लागि सचेतनामूलक कार्यक्रम गरिनेछ।
- ☞ दलित समुदायको लोक सेवामा न्यून प्रतिनिधित्व भएकोले समुदाय लक्षित लोकसेवा तयारी कक्षाहरु सञ्चालन गरिनेछ।

☞ दलित समुदायबाट सञ्चालन हुने रोजगारमूलक कार्यक्रम सञ्चालनको लागि नगरपालिकाबाट आवश्यक सहयोग गरिनेछ।

☞ सामाजिक सशक्तीकरण कार्यक्रम मार्फत समुहगत कार्य, सामाजिक सञ्जालको बिकास तथा सशक्तिकरण, एकिकृत तथा समावेशीको आधारमा अति सम्बेदनशिल तथा पछाडि परेका समुदायलाई उथाशिल बनाउने जस्ता क्रियाकलापलाई प्रथमिकता दिइने छ।

☞ समावेशी, एकिकृत र सामुदायिक विकासको माध्यमबाट उत्थानशिल समाजको बिकास गर्ने नीति अवलम्वन गरिनेछ

☞ नगरको योजना तर्जुमा, नीति निर्माण तथा निर्णय प्रकृयामा सामाजिक समावेशीकरणलाई सुनिश्चित गरिनेछ

☞ समुदायमा आधारित पुनर्लाभिका कार्यक्रम सञ्चालन गरिनेछ

### ५.५.५ कार्यक्रम तथा आयोजना

☞ आदिवासी, जनजाति, दलित, उत्पीडितसंग समबन्धित कार्यक्रम

☞ आदिवासी, जनजाति, दलित, उत्पीडितहरू लाई नेतृत्व तथा क्षमता विकास सम्बन्धी तालिम

☞ छुवाछुत तथा सामाजिक विभेद न्यूनीकरण सम्बन्धी कार्यक्रम

☞ परम्परागत सिपको अभिवृद्धि

### ५.५.६ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **उपलव्धी:** सामाजिक लैगिंक विभेद अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने। | विद्यमान नीति निर्माणमा दलितहरूको सहभागीता (प्रतिशत) | २० | २५ | २५ | २५ | २५ | २५ |
| | स्थानीय समितिहरूमा दलितहरूको संलग्नता (प्रतिशत) | १० | १० | १० | १० | १० | १० |
| | सम्पूर्ण समावेशीकरणका नीतिहरूको प्रभावकारी कार्यान्वयन (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **प्रतिफल:** दलित वर्गहरूले समाजमा सम्मानपूर्ण स्थान प्राप्त गरेका हुनेछन। | दलितहरूको विकास तथा सशक्तीकरणका लागि तर्जुमा गरिने कार्यक्रमहरूमा वृद्धि (प्रतिशत) | १० | १० | १५ | १५ | १५ | २ |
| | स्वास्थ्यमा दलितको पहुँचमा वृद्धि (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | शिक्षामा दलितको पहुँचमा वृद्धि (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | दलित वर्गले गरेका गुनासोमध्ये सुनुवाई भएका उजुरी (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | रोजगारीमा सरकारी तहमा दलित समुदायको पहुंच (प्रतिशत) | ९ | १० | १५ | २५ | ५० | ७५ |

**अपेक्षित उपलब्धी**

- ☞ सामाजिक लैगिंक तथा जातीय, धार्मिक विभेद अन्त्य गरी समतामूलक समाजको निर्माणमा सहयोग पुग्नेछ।
- ☞ मौलिक कला, संस्कृति, सीपको जगेर्ना गरी लक्षित युवा युवतीहरूलाइ स्वरोजगार वनाउदै आयआर्जनमा उनिहरूको पहुच वृद्धि भएको हुनेछ।

## ५.६ युवा तथा खेलकूद

### ५.६.१ पृष्ठभूमि

युवा वर्ग राज्यको अजस्र स्रोत र परिवर्तनको वाहक शक्ति हो । युवाहरू आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवर्तनका संवाहक शक्ति हुन् । साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण यो वर्ग राष्ट्रको प्रमुख धरोहरको रूपमा रहेको हुन्छ जसलाई राष्ट्र निर्माणको प्रमुख स्रोत समेत मानिन्छ । यस नगरपालिकामा १६-४० वर्ष उमेर समूहको जनसंख्या कूल जनसंख्याको ३८.८५ प्रतिशत रहेको छ । गुणात्मक र सङ्ख्यात्मक दुवै दृष्टिले युवा वर्ग राष्ट्रको मेरूदण्ड भएकोले युवाहरूको सर्वाङ्गीण विकास गरी उनीहरूको क्षमतालाई विकासको मूलधारमा ल्याउनु जरूरी भएको छ । युवाहरूमा राष्ट्र, राष्ट्रियता र जनताप्रतिको बफादारी; युवाहरूका आधारभूत आवश्यकताहरूको परिपूर्ति; समानता एवं समतामूलक वितरणको सिद्धान्त; वैयक्तिक स्वतन्त्रता, विश्वव्यापी मानवाधिकारको सिद्धान्त, लोकतान्त्रिक मूल्य मान्यता; जाति, भाषा र वातावरणीय सम्पदाको संरक्षण र संबर्धन तथा सह-अस्तित्व जस्ता आधारभूत मूल्य मान्यताहरूको प्रबर्धन हेतु युवाहरूलाई मुलप्रवाहीकरण गर्न जरूरी छ ।

यस तथ्यलाई अँगिकार गरी आफ्नै ठाउंमा केहि गर्न प्रयासरत नगरपालिकाले केहि सृजनशील कामहरूको थालनी गरेकोछ । जसले गर्दा युवाहरूले समाजको राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक विकास निर्माण लगायत क्षेत्रमा नेतृत्वदायी भूमिका खेल्न सकुन ।

### ५.६.२ समस्या र चुनौती

- ☞ स्थानीय तहको योजना तर्जुमा, अनुगमन कार्यान्वयन प्रकृयाकामा युवा सहभागिताको न्यूनता
- ☞ सार्वजनिक निर्णय प्रकृयामा स्थानीय हरूको न्यून सहभागिता
- ☞ स्थानीय योजनाहरूमा युवा लक्षित कार्यक्रमहरू समावेश नहुनु
- ☞ युवानीति २०६६ स्थानीय स्तरमा कार्यान्वयन नहुनु
- ☞ युवा लक्षित स्वरोजगार, सीपमूलक र आयमूलक तालिम कार्यक्रम संचालन नहुनु
- ☞ युवाको बैकिङ तथा वित्तीय सेवामा पहुँच नहुनु
- ☞ वैदेशिक रोजगारमा जाने युवाहरूलाई सुरक्षित रोजगारी, सुरक्षा सम्बन्धी सचेतना कार्यक्रमहरू संचालन नहुनु
- ☞ युवाहरू सामाजिक हानिकारक प्रचलन बिरूद्ध परिचालन हुन नसक्नु
- ☞ नगरपालिका स्तरीय युवा संजाल गठन नहुनु
- ☞ युवाक्षमता विकास सम्बन्धी कार्यक्रम संचालन नहुनु
- ☞ युवा लक्षित प्राविधिक शिक्षामा कमि

### ५.६.३ सम्भावना तथा अवसर

- ☞ समुदायमा लैङ्गिक समताको वृद्धि ।
- ☞ समुदायमा रहेको रूढिवादी र परम्परागत सोचमा परिवर्तन भईरहेको ।
- ☞ हरेक वर्ग, जात जाती, तथा उपेक्षित समुदायहरू बिच पारस्परिक सह अस्तित्व, मेलमिलाप तथा सामाजिक एकताको वातावरण ।

- ☞ यस क्षेत्रमा खेलकुदमा प्रोत्साहनको कमि रहेको छ। पर्याप्त खेल प्रशिक्षकको व्यवस्था नभएको, खेलाडीको सम्मान गर्ने कार्य नगरिने प्रचलन र नियमित खेल आयोजना नहुने कारणले खेलकुदको विकासमा सकारात्मक प्रभाव परेको छैन।
- ☞ स्थानीयस्तरमा रोजगार हुनु भन्दा वाह्य रोजगारीमा आकर्षण बढी हुनु, स्वरोजगारका अवसरमा कमिका कारण युवा विदेश पलायन भइरहेका छन्। युवा वेरोजगारीको समस्या यस क्षेत्रमा विद्यमान रहेको देखिन्छ।

### ५.६.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच**

यस नगरपालिकामा युवा र युवा वर्गलाई खेलकुद र विकासमा समावेश गर्नकालागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

**नेतृत्वमा युवाको संलग्नता!**
**नबिन सोच र बिचारमा सहभागिता !!**

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस नगरपालिकाले युवा वर्गको सबलिकरणका लागि युवा नेतृत्व विकासको उद्बेश्य राखेको छ। उपयुक्त कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरी नगरवासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

***लक्ष्य :*** युवा बर्गलाई खेलकुद र विकासमा समावेश गरी नेतृत्वका लागि सबलिकरण गरिनेछ।

***उद्देश्य***

**उद्देश्य १ :** खेलकुदको विकासका लागि आवश्यक भौतिक संरचनाको निर्माण गरी खेल गतिविधिको व्यवसायीकरण गर्ने ।

**उद्देश्य २ :** नपाका सवै निकायहरूमा युवाहरूलाई समावेश गरी आर्थिक सशक्तीकरण तथा सामाजिक जनचेतनाका माधयम द्वारा युवा वेरोजगारी न्यूनीकरण गर्ने।

**रणनीति**

- ☞ युवा स्वरोजगार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। युवाहरुलाई स्थानीयस्तरमा रोजगारीका अवसर सृजना गर्न जोड दिइनेछ।
- ☞ वालवालिका तथा युवाहरुको शारीरीक तथा मानसिक विकासका लागि खेलकुदलाई जोड दिइनेछ।
- ☞ चौतारा टुँडिखेललाई मिनि रंगशाला बनाउन प्रदेश सरकारको कार्यक्रमलाई समय मै सम्पन्न गर्न आवश्यक समन्वय तथा सहयोग उपलब्ध गराईने छ।
- ☞ इनडोर गेमको प्रर्वद्धनको लागि मागको आधारमा ‘‘एक वडा एक कवर्डहल‘‘ निर्माण गरिनेछ।
- ☞ ३ बर्ष भित्रमा ‘‘एक वडा एक खेल मैदान‘‘ निमार्ण पुरा गरिनेछ।
- ☞ युवा तथा खेलकुद गतिविधिलाई अगाडी वढाउन यस क्षेत्रमा क्रियाशील संघ, संस्था तथा क्लवहरुसंग सहकार्य गरिनेछ।

- ☞ नगरस्तरीय खेलकुद विकास समितिबाट नगरका विभिन्न विधाका खेलकुदका गतिविधिहरुलाई योजनाबद्ध तरिकाबाट सञ्चालन गरिनेछ ।
- ☞ महिला तथा पुरुष भलिवल प्रतियोगिताहरु लगायत एथ्लेटिक्स सम्बन्धी खेलकुदहरु अन्तर विद्यालय सञ्चालन गरिनेछ ।
- ☞ अन्तर माध्यमिक विद्यालय मेयरकप प्रतियोगिता सञ्चालन गरिनेछ ।
- ☞ बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक विकास अभिवृद्धिका लागि प्रत्येक विद्यालयलाई अतिरिक्त क्रियाकलाप तथा स्काउट सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न लगाइनेछ ।
- ☞ विद्यालयहरुमा खेल मैदान विस्तारका लागि सहयोग तथा प्रोत्साहन गरिनेछ ।
- ☞ नगर स्तरीय विभिन्न खेलहरु सञ्चालनको लागि खेल सञ्चालक(रेफ्री-प्रशिक्षक) प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरिनेछ।
- ☞ विभिन्न खेलहरु वडा स्तरीय र नगरस्तरीयरुपमा सञ्चालन गरिनेछ ।
- ☞ युवालाई आय आर्जन तथा रोजगारी लक्षित "युवाको हातमा सीप तथा रोजगार कार्यक्रम" संचालन गरिनेछ ।
- ☞ प्रत्येक वडामा कम्तिमा १-१ वटा श्रममूलक रोजगारी सृजना हुने योजना तथा कार्यक्रमहरु छनौट गरिनेछ ।
- ☞ वैदेशिक रोजगारीमा जाने युवालाई प्राविधिक सीपमुलक तालिमको माग संकलन गरि विभिन्न संघ संस्थाहरुको सहयोगमा सीप मूलक तालिमको अवसर प्रदान गरिनेछ ।
- ☞ यस नगरपालिकावाट ठूलो संख्यामा वैदेशिक रोजगारीमा जाने गरेको हुँदा सुरक्षित, मर्यादित बैदेशिक रोजगारी, श्रमशक्तिको सूचना तथा तथ्याँङ्कको संकलन तथा व्यवस्थापन गर्न परियोजनालाई परिचालन गरिनेछ ।
- ☞ छ। वैदेशिक रोजगार सम्वन्धी सूचना तथा परामर्श केन्द्रको व्यवस्थापनमा सुधार गरी प्रभावकारितामा बृद्धि गरिनेछ ।
- ☞ वैदेशिक रोजगारीबाट समस्यामा परी फर्केका व्यक्तिहरुको सामाजिक पुनःएकीकरण गरिनेछ ।
- ☞ वैदेशिक रोजगारीमा जानेको तत्थ्यांङ्क सङ्कलन गरिनेछ ।
- ☞ बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना तथा स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन गरिनेछ ।
- ☞ यस नगरपालिकाको रोजगार सेवा केन्द्रबाट नगर भित्रका संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालनहुने कार्यक्रममा आवश्यक जनशक्तिहरुको विवरण संकलन गरि कम्तिमा १०० दिनको क्षमता अनुसारको काम प्रदान गरिनेछ ।
- ☞ नगरपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार बैंक स्थापना गरिनेछ ।
- ☞ बेरोजगारी यूवाहरुलाई स्वारोजगार बनाउन विशेष कार्यक्रम बनाईनेछ ।
- ☞ कोभिड-१९ को कारण स्वदेश तथा विदेशमा रोजगार गुमाएका र नगरमा स्वरोजगार बन्न चाहने नागरीक हरुलाई लक्षित गरी रोजगार मुलक कार्यक्रम सञ्चालन गरिनेछ । साथै नेपाल बैंक लि. सँग साझेदारी गरी न्यूनतम व्याजदर (२ प्रतिशत)मा ऋण प्रवाह गरी नगर स्वरोजगार कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।
- ☞ नगरबाट सञ्चालन हुने सबै खाले विकास निर्माणका कामहरुमा अनिवार्य रुपमा स्थानीय जनशक्तिलाई समावेश गरी रोजगार सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ ।
- ☞ रोजगार सिर्जना गर्दा स्थानीय स्रोत र साधनलाई उच्च प्राथमिकता दिई उद्यमशीलताको विकास गरिने छ ।

- ☞ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आन्तरिक स्रोत समेत थप गरी प्रभावकारी बनाइने छ।
- ☞ नगरमा दर्ता भएका युवा खेलकुद क्लबहरुलाई प्रोत्साहन हुने खालका कार्यक्रम ल्याइने छ।
- ☞ विजेता खेलाडीहरुलाई हौसला प्रदान गर्न पुरस्कारको व्यवस्था गरिनेछ।
- ☞ Open Gym Park को सुरुवात गरिनेछ।

### ५.६.५ कार्यक्रम तथा आयोजना

- ☞ खेलकुद पूर्वाधार विकास कार्यक्रम।
- ☞ युवा स्वरोजगार कार्यक्रम (क्षमता विकास तथा उद्यम बिकास सहयोग)।
- ☞ अन्तर पालिका तथा जिल्लास्तरीय खेलकुद प्रतियोगिता संचालन।

### ५.६.६ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **प्रतिफल :** खेलकुदको विकासका लागि आवश्यक भौतिक संरचना विकास भई राष्ट्रिय तथा स्थानीय स्तरका खेल प्रतियोगिताहरू संचालन भएका हुनेछन | नपा स्तरीय प्रशिक्षण, प्रतियोगीता संचालन गर्ने (खेल सख्या-पटक)। | १/१ | २/२ | ३/२ | ४/४ | ५/५ | ५/५ |
| | नपा स्तरीय संभावित खेलाडीको छनौट गरी तालिमको व्यवस्था गर्ने (सख्या) | ५ | ८ | १० | १४ | १५ | १५ |
| | व्यवस्थित खेल मैदान निर्माण गर्ने (सख्या) | ५ | ८ | १० | १४ | १५ | १५ |
| | मिनी कबडहलको निर्माण गर्ने (सख्या) | ५ | ८ | १२ | १४ | १४ | १४ |
| | राष्ट्रिय तथा प्रदेशस्तरीय प्रतियोगितामा खेलाडी सहभागी संख्या | १२ | १५ | १८ | २० | २५ | २५ |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| | युवा उद्यमशीलता तालिम दिने (संख्या) | ४५ | ५० | ५५ | ६० | ६० | ६० |
| | युवा स्वरोजगार कार्यक्रम संचालन गर्ने (संख्या) | ५० | १०० | २०० | ३०० | ४०० | ५०० |

**अपेक्षित उपलब्धी**

- यूवाहरूले जीविकोपार्जनका लागि सीप विकास तालिम प्राप्त गरी स्वरोजगारी बनेका हुनेछन् ।
- खेलकुदको विकासका लागि खेलको व्यवसायीकरण भई खेलाडीको जीवनस्तर माथि उकास्दै आवश्यक  भौतिक संरचना निर्माण गरी नपा स्तरका खेल प्रतियोगिताहरू संचालन भएका हुनेछन्  ।

## परिच्छेद - ६: भौतिक पूर्वाधार विकास

हालसम्म यस नगरपालिकाका सबै सडकहरूमा यातायातका साधन त चल्ने तर यी मोटरबाटाहरू केही छोडेर कच्ची र मौसमी प्रकृतिका मात्र छन । नगरपालिकाका सबै १४ वटा वडाहरूमा बाटो ट्र्याक खोल्ने कार्य सम्पन्न गरिएको छ । भौगोलिक विकटताका कारण पहुँचको दृष्टिकोणबाट दुर्गममा रहेका बस्तीहरूलाई पालिका केन्द्र र वडा केन्द्रसम्म पुग्ने सडक निर्माण कार्यलाई उच्च प्राथमिकता दिईएको छ । सडक यातायातको कुरा गर्दा ट्र्याक खोलिएका यहाँका सबै सडकहरू नाली बिहिन र धुले सडक देखिन्छन, जो प्राय ईन्जिनियरिङ्ग डिजाईन नगरी निर्माण गरिएका छन् ।

बस्ती विकासको दृष्टिकोणबाट हेर्दा यो नगरपालिकाको माहाभारत पहाडको डाँडो तथा सुनकोशी र इन्द्रावती नदी किनारमा रहेको देखिन्छ । यहाँ छरिएका बस्ती तथा घरहरू प्रशस्तै छन् । प्राय बस्तीहरू नया ट्र्याक खोलिएका सडक किनारामा गुचमुच्च अवस्थामा रहेका छन् , जो अव्यवस्थित छन् । बस्ती विकासको लागि यहाँ वेग्लै नीति तथा कार्यक्रम बनाउनु आवश्यक देखिन्छ । हाल बिना योजना बस्ती विस्तार भईरहेकाले पछि समस्या उत्पन्न हुने देखिन्छ ।

यहाँ खानेपानी पूर्वाधारको विकास त भएको तथापि, गुणस्तरमा सुधार गर्न आवश्यक छ । हालसम्म ७५ प्रतिशत घरधुरीले धाराको पानी प्रयोग गर्न सक्ने अवस्थामा रहेको छ । त्यसै गरी बजारीकरण बढदै जाँदा फोहोरको परिमाण दिन प्रतिदिन बढदै गएको छ, तर त्यसको व्यस्थापनको कुनै पूर्वाधार तयार भएको छैन । उर्जाको हिसाबले सबै घरधुरीहरू उज्यालोको लागि विद्युतको प्रयोग गर्ने गरेका छन् । संचारको कुरा गर्दा इन्टरनेटको कभरेज नगरपालिका कार्यालय, वडा कार्यालय, र अन्य सवै कार्यालयहरूमा पुगेको छ भने स्थानीय नागरिकहरूले समेत प्रयोग गरेको पाईन्छ । यस अवस्थामा भौतिक पूर्वाधिार विकासको रणनीतिक लक्ष्य व्यवस्थित बस्ती, सडक, संचार र सफा उर्जाको पहुँचमा विस्तार गर्नु रहेको छ । हालसम्म एउटा पनि एकीकृत बस्ती विकास नभएको अवस्थामा विशेष गरी वजार केन्द्रहरूमा व्यवस्थित बस्ती विकास गरिनु आवश्यक देखिन्छ । सबै वडाहरूलाई सडक सञ्जालबाट जोडिनेछ र सवै वडाहरूलाई १२ महिना चल्न सक्ने सडकले जोडने, खानेपानीको लागि थप आयोजनाको निर्माण तथा संचालित आयोजनाहरूलाई व्यवस्थित ढंगले संचालन गर्ने र विद्युत र संचारको थप विस्तार गर्ने प्रयास यहाँ रहेको पाईन्छ । यसका लागि नगरपालिकाले निम्नानुसारको दीर्घकालीन सोच तय गरेको छ ।

**" सुरक्षित र प्रविधिमैत्री पूर्वाधार !**
**खुशी नगरवासीको आधार !! "**

यस दीर्घकालीन सोचका आधारमा भौतिक पूर्वाधार विकास क्षेत्रको कार्यक्रम तथा बजेटहरूको व्यवस्था तय गरेमा यस नगरपालिकावासीहरूको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ ।

### ६.१ सडक तथा यातायात

### ६.१.१ पृष्ठभूमि

यस नगरपालिका भित्र सडकको अवस्था हेर्दा सवै वडाहरूमा सडक पुगेको छ, तथापि सडकको स्तर बृद्धि गर्न भने आवश्यक छ । हाल सम्म ११ वटा वडाहरूमा पिच सडक पुगेको छ । तथापि, पहुँचको अवस्थालाई हेर्दा ८.३८ किमि प्रति हजार जनसंख्या रहेको पाईन्छ भने करिव ९० प्रतिशत जनसंखयाको सडक यातायतमा पहुँच रहेको छ । हालैमात्र चौताराबाट काठमाडौं जोड्ने छोटो दूरीको सडक स्तरोन्नतिको काम सुरु गरिएको छ । चौतारा बसपार्क-सिपाघाट-कात्तिके-काठमाडौं

अन्तर्गतको झ्याँडी-देउराली सडक खण्ड स्तरोन्नति कार्यको शुभारम्भ गरिएको छ । यो सडक निर्माण भएर सञ्चालनमा आएमा चौतारा काठमाडौंको दूरी ५६ किलोमिटर मात्रै हुनेछ। अहिले चालू रहेको सडक चौताराबाट काठमाडौं पुग्न ८५ किलोमिटरको यात्रा तय गर्नुपर्छ । कुल सडकको अवस्थालाई हेर्दा जम्मा २०५ किमि कच्ची सडकमा बाह्रै महिना सवारी साधन चल्न सक्ने अवस्था रहेको छ । यहाँ ११ वटा झोलुंगे पुल र चौतारा साँगागढी नगरपालिकाका बिभिन्न भागहरूलाई जोडन ५ वटा पक्की मोटेरेवल पुल सञ्चालनमा छन जस्ले नगरबासीहरूलाई आतजावतका लागि थप सहज भएको छ।

### ६.१.२ समस्या तथा चुनौती

सबै वडाहरूमा १२ महिना नै सवारी संचालनमा कठिनाई एवं drain, causeway, culvert, retaining wall लगायतका संरचना ज्यादै न्यून हुनु, मापदण्डको कार्यान्वयनमा चुनौती, मोटोरेबल पुल अप्रयाप्त हुनु, झोलुंगे पुल अप्रयाप्त हुनु एवं नियमित मर्मत सम्भार नहुनु, छोटो दुरीमा यातायात संचालन नहुनु, भाडा दर एकरूपता नहुनु एवं ब्यबस्थित पेट्रोल पम्प संचालन नहुनु यातायात क्षेत्रको प्रमुख समस्याको रूपमा रहेका छन्।

### ६.१.३ अवशर तथा सम्भावनाहरू

यस नपाका हाल सम्म जम्मा ११ वटावडाहरू कालोपत्रे सडकले छोइएका छन । चौतारा बसपार्क-सिपाघाट-कात्तिके-काठमाडौं अन्तर्गतको झ्याँडी-देउराली सडक खण्ड स्तरोन्नति कार्यको शुभारम्भ गरिएको छ। सबै वडाहरूलाई सडक नेटवर्कबाट जोडिएको। नगरसम्म पुग्नका लागि सडकको ट्रयाक खोल्ने काम सम्पन्न भएको।

### ६.१.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच**

यस नगरपालिकामा सडक तथा यातायातको विकास गर्नकालागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

***विकासको मेरूदण्ड सडक पुर्वाधार र यातायात !***
***समृद्धिको यात्रामा सवै नगरवाशीको साथ!!***

सडक तथा यातायात क्षेत्रको विकासकालागि सडक यातायातको स्तरोन्नति गरी आवागमनमा सहजता ल्याउनका लागि यस नगरपालिकाले उपरोक्त दीर्घकालीन सोच तय गरेकोछ। उपयुक्त सोचलाई सफल पार्न कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरेमा यस नगरपालिकावासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

***लक्ष्य :*** सडक यातायातको स्तरोन्नति गरी सबै टोल बस्तीमा आवागमनलाई सहज र सुविधामुलक बनाईनेछ।

***उद्देश्य :*** सडक यातायातको स्तरोन्नति गरी आवागमनमा सहजता ल्याउनुका साथै स्थानीय उत्पादनलाई बजार सम्म पुऱ्याउने।

***रणनीति***

- ☞ नगर तथा वडास्तरीय सडकहरुको नगरस्तरीय सडक गुरुयोजनामा पर्ने सडकहरुको DPR गरी आयोजना वैंक तयार गरिनेछ।
- ☞ नगरपालिकाले नयां ट्रयाक खोल्ने अभियानलाई सिमित गरी सडक स्तरोन्नती जस्तै सडकको नाला बनाउने, सोलिङ्ग, ग्राभेलिङ, टेवा पर्खाल, कालोपत्रे, वायो ईन्जिनियरिङलाई प्राथमिकता दिइनेछ।
- ☞ नगर तथा वडाबाट बजेट बिनियोजन गर्दा सडक मापदण्ड पुगेको वा पुर्याउनका लागि बजेट बिनियोजन गरिनेछ।

- ☞ नमुना मेयर सडक कार्यक्रम संचालन गरी चौतारा बजारलाई केन्द्र मानी अन्य नगरपालिका तथा गाउँपालिका जोड्ने सडक र वडा कार्यालयसम्म पुग्ने रणनीतिक महत्वका सडकहरुको स्तरोन्नती गरी बाह्रै महिना सञ्चालनमा ल्याउने र ३ वर्ष भित्रमा संघीय सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदारहरुको समेत सहयोगमा कालोपत्रे गरिनेछ।
- ☞ नगरपालिकाभित्र सञ्चालित उद्योग, कलकारखाना वाट प्रभावित सडकहरुको स्तरोन्नतीमा प्राथमिकता दिईनेछ।
- ☞ सडकको नयां ट्रयाक खोल्दा नाली तथा वायोइन्जिनियरिङको व्यवस्था मिलाईनेछ।
- ☞ सडक तथा पुलहरूको निर्माण तथा मर्मतसम्भारमा सामाजिक एवम् वातावरणीय पक्षको नकारात्मक असर न्यूनीकरणको लागि आवश्यक उपायहरूको अवलम्बन गरिनेछ।
- ☞ नगर क्षेत्रभित्र आवस्यक पर्ने पक्की पुल तथा झो.पु.हरुको संभाव्यता अध्ययन गरी संघ, प्रदेश र दातृ संस्थाहरुको सहयोगमा निर्माण गर्न पहल गरिनेछ।
- ☞ नगरभित्र रहेका सडकलाई सुचीकृत गरिने नीति अवलम्वन गरिनेछ।
- ☞ सहीद चक्रपथ संघीय सरकार र प्रदेश सरकारको सहयोगमा डिपिआर तयार गरी निमार्ण गरिने छ। एकीकृत सहरी विकास आयोजनाबाट कुविण्डे देखि सानुसिरुवारी  सम्मको डिपिआर तयार भई यस आ.व.देखि सडक स्तरोन्नति तथा कालोपत्रे गर्ने काम अगाडी बढ्ने र अन्य बांकी भागको समेत श्रोत खोजी गरी डि.पि.आर. तथा निर्माण प्रकृया अगाडी बढाईने छ। यस सडकको मापदण्ड १० मि. र ३ मिटर सेडब्याक कायम गरी नगरस्तरीय घ बर्गको सडक बनाईनेछ।
- ☞ नगर र वडाले सडकमा छुट्याउने बजेटलाई सडकको स्तरोन्नतिलाई प्रमुख प्राथमिकता दिइनेछ।
- ☞ सडक मर्मत संभार कोषको स्थापना गरी सालवसाली रुपमा वजेट कोषमा राखिनेछ। आकस्मिक मर्मत संभार गर्नुपर्ने भएमा कोषको रकमवाट गरिनेछ।
- ☞ पूर्वाधार निर्माणका काममा उपभोक्ता समितिवाट काम गर्दा कम्तीमा १० प्रतिशत रकम लागत सहभागिता अनिवार्य गरिनेछ।
- ☞ नगरपालिका भित्रका सडक मापदण्ड भित्र परेका जग्गाहरुको लगतकट्टा गर्ने अभियान संचालन गरिनेछ। लगतकट्टा गर्नको लागि वडा कार्यालयवाट आवश्यक सहजीकरण गरिने छ।
- ☞ नगर भित्रका सडकहरुलाई १२ महिना नै संचालन हुने गरी ग्राभेलिङ गर्ने नीति अवलम्बन गरिनेछ।
- ☞ नगर भित्रका सडकहरुलाई बाह्रै महिना सञ्चालनमा ल्याउन स्थानीय जनशक्ति र स्रोत साधनको उपयोग गर्दै रोजगार सिर्जना हुने गरी स्तरोन्नति गर्ने नीति लिइनेछ।
- ☞ आफ्नै भवन नभएका वडा कार्यालयहरुको भवन बनाउनको लागि उच्च प्राथमिकताका साथ निरन्तरता दिइनेछ।
- ☞ नक्सा पास प्रणालीलाई थप व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ।
- ☞ नगरपालिका क्षेत्र चट्याङबाट बढी जोखिममा भएकोले भवनको नक्सा पास गरी निर्माण सम्पन्न लिन आउने क्रममा अर्थिङ्ग प्रणाली जडान अनिवार्य गर्ने नीति अवलम्बन लिईने छ।
- ☞ EIA/IEE तथा विपद जोखिम विश्लेषण गरि सडक निर्माणको कार्य गर्न बिशेष नीति अवलम्बन गरिने छ।
- ☞ सडक निर्माण गर्दा अनिर्वाय वायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरिनेछ।
- ☞ सडक, पुल, तथा अन्य सहायक सडकहरु निर्माण गर्दा विपद् उत्थानशिल विधि आत्मसाथ गर्ने नीति लागु गरिनेछ।

### ६.१.५ प्रमुख कार्यक्रमहरू

- नगरपालिकास्तरीय सडक गुरुयोजना तर्जुमा ।
- सडक पूर्वाधार विकास कार्यक्रम ।
- सडक सुरक्षा विशेष कार्यक्रम ।
- सडक मर्मत तथा सुधार कार्यक्रम

### ६.१.६ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **उपलब्धी** सडक, यातायात र अन्य सार्वजनिक पूर्वाधारको विकास र विस्तार भएको हुनेछ । | कालोपत्रे सडक लम्बाई (कि.मि.) | 68 | १०० | २०० | ३०० | ४०० | ५०० |
| | बजार तथा सेवा केन्द्रमा पुग्न लाग्ने औसत समय (घण्टा) | १.२० | १.०० | ०.४५ | ०.३० | ०.१५ | ०.१५ |
| | १२ महिना यातायात सुचारू सवै खाले सडक (कि.मि.) | २०४.७५ | ३०० | ३५० | ४०० | ५०० | ५५० |
| **प्रतिफल:** सडक तथा यातायात सेवाको गुणस्तरीयता र निरन्तरतामा वृद्धि भई आम नागरिकको पहुँच तथा उपयोगमा अभिवृद्धि भएको हुनेछ । | पिच सडकको पहुँच भएका वार्ड (संख्या) | २ | ३ | ८ | १० | १२ | १४ |
| | सडक घनत्व किमि/हजार जनसंख्या | ८.३८ | ७.३५ | ५.५० | ३श्र५ | २.५ | १.५ |
| | सडकको पहुँच भएको जनसंख्या (प्रतिशत) | ९० | ९२ | ९४ | ९८ | ९९ | १०० |
| | बजार तथा सेवा केन्द्रमा पुग्न लाग्ने औसत समय (घण्टा) | १.२० | १.०० | ०.४५ | ०.३० | ०.१५ | ०.१५ |
| | स्थानीय बजार केन्द्रहरूको संख्या | ९ | १२ | १५ | १६ | १८ | २० |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| | पिच सडकको पहुँच भएका वार्ड (संख्या) | ११ | १४ | १४ | १४ | १४ | १४ |
| | EMP/IEE/EIA गरी निर्माण भएका सडक (प्रतिशत) | ० | १० | २५ | ४० | ५० | ७५ |
| | वायो इञ्जिनियरिङ्ग प्रविधि उपयोग लम्बाइ (कि.मि.) | ० | ५ | ७ | १० | १५ | ५० |
| | दैनिक यातायातको सुविधा भएका वार्ड (संख्या) | १४ | १४ | १४ | १४ | १४ | १४ |
| | १२ महिना यातायात सुचारू सवै खाले सडक (कि.मि.) | २०४.७५ | ३०० | ३५० | ४०० | ५०० | ५५० |
| | १२ महिना यातायात सुचारू भएका वडा संख्या | ११ | १४ | १४ | १४ | १४ | १४ |
| | कालोपत्रे सडक लम्बाई (कि.मि.) | ६८ | १०० | २०० | ३०० | ४०० | ५०० |
| | ग्राभेल सडक (कि.मि.) | २४ | ३४ | ५४ | ७५ | १०० | १२५ |
| | धुले सडक स्तरोन्नति (कि.मि.) | ३५२ | १०० | १५० | २०० | २५० | ३०० |
| | सडक पुल (संख्या) | ५ | ७ | १० | १५ | २० | २५ |
| | मुख्य र सहायक नदिमा झोलुङ्गे तथा ट्रस पुल | ११ | १३ | १५ | १८ | २० | २५ |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| | संख्या | | | | | | |
| | घरधुरीबाट सेवा लिन जान लाग्ने औसत समय (घण्टा) | ०.४५ | १ | ०.७५ | ०.५० | ०.२५ | ०.१५ |
| | ढलको निर्माण लम्बाइ (कि.मी.) | १ | ६ | १० | १५ | २२ | २७ |

**अपेक्षित उपलब्धी**

- सबै वार्ड र बस्तीहरूमा सडक, यातायात र अन्य सार्वजनिक पूर्वाधारको विकास र विस्तार भएको हुनेछ।
- सडक यातायात र आवश्यक सार्वजनिक पूर्वाधार निर्माण र व्यवस्थापन सम्बन्धी नीतिहरूको सरोकारवालाहरूको सहकार्यमा कार्यान्वयन गरी दीगो पुर्बाधारको विकास भएको हुनेछ।

## ६.२ संचार

### ६.२.१ पृष्ठभूमि

यस नगरपालिकामा नेपाल टेलिकम र एनसेल मार्फत ल्याण्डलाईन र मोबाइल सेवा उपलब्ध रहेको छ। कूल घरधुरी मध्ये करीब सत प्रतिशतको मोबाइल फोनमा पहुँच रहेको अनुमान गरिएको छ। मोबाइल फोनबाट डाटा प्रयोग गरी इन्टरनेटको प्रयोग गर्ने जनसंख्या करीब ९० प्रतिशत रहेको छ। त्यस्तै, टेलिभजन् रेडियो, अनलाईन खबरमा समेत नागरिकको पहुंच रहेको छ । यस नगरपालिकामा स्थानीय एफएम रेडियो सेवाको स्थापना नभएपनि छिमेकि जिल्ला र स्थानीय तहहरूबाट संचालित एफएम रेडियो सेवाको सुविधा लिएको पाईन्छ।

### ६.२.२ समस्या तथा चुनौती

भौगोलिक अवस्थाको कठिनाईका कारण संचारको अत्यधिक महत्व भएतापनि लगानिको अभावका कारण यसबाट फाईदा पुग्न सकेको छैन । ल्याण्ड लाईन फोनको पहुँच सबै वडाको सबै ठाउँमा पुग्न सकेको छैन । अप्टिकल फाइबर सञ्चालनमा नहुँदा टावर बेसमा उपलब्ध गराइएको सेवाको गुणस्तरीयता कम छ।

### ६.२.३ अवशर तथा सम्भावनाहरू

कूल घरधुरी मध्ये करीब ९७ प्रतिशत को मोबाइल फोनमा, करीब ३६ प्रतिशतको इन्टरनेटमा पहुँच रहेको छ। त्यस्तै, टेलिभजन् रेडियो, अनलाईन खबरमा समेत नागरिकको पहुंच रहेको छ । यस नगरपालिकामा स्थानीय एफएम रेडियो सेवाको स्थापना नभएपनि छिमेकि जिल्ला र स्थानीय तहरूबाट संचालित एफएम रेडियो सेवाको सुविधा लिएको पाईन्छ।

### ६.२.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

***दीर्घकालीन सोच***

यस नगरपालिकामा संचारको विकास गर्नकालागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

***स्थानीय उत्पादनका लागि बजारमा सहयोग !***
***सूचना, संचार तथा प्रविधिको प्रभावकारी प्रयोग !!***

यस नगरपालिकाले संचार र प्रविधिको प्रयोग मार्फत स्थानीय उत्पादनलाई बजारसँग जोडने रणनीति लिएकोछ । उपयुक्त सोचलाई सफल पार्न कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरेमा नगरवासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ ।

***लक्ष्य :*** सूचना, संचार तथा प्रविधिको प्रयोग मार्फत स्थानीय उत्पादनलाई बजारसँग जोडिनेछ ।

***उद्देश्य :*** सूचना तथा संचारमा नगरपालिकावासीको पहुँच र उपयोगमा वृद्धि भई जीवनस्तरमा सुधार ल्याउने ।

**रणनीति**

- ☞ नवीन प्रविधिहरूको अधिकतम उपयोग गर्दै सूचना तथा सञ्चार सेवामार्फत सामाजिक, सांस्कृतिक विकास तथा आर्थिक समृद्धिमा टेवा पुर्याइनेछ । स्थानीय सामुदायिक एफ.एम., रेडियो तथा पत्रपत्रिकाहरुसंग समन्वय गरी “हाम्रो नगर, समृद्ध नगर” अभियानका कार्यक्रमहरुको उत्पादन तथा प्रसारण, नगर गतिविधिका सूचना प्रवाह, सुशासन, पारदर्शीता तथा जवाफदेहिताका लागि सहकार्य गरिनेछ ।
- ☞ सूचना प्रवाहकालागि सामुदायिक पत्रकार समूह निर्माणको लागि पत्रकार महासंघसँग समन्वय गरी पहल गरिनेछ ।
- ☞ नगरको सूचना प्रवाह गर्न नगर एप्स बनाई सञ्चालनमा ल्याइएकोमा यसलाई अझ थप परिस्कृत गर्दै नगरपालिकाको नीति, नियम, योजना तथा कार्यक्रमको कार्यान्वयन सम्वन्धी विषय तथा नगर गतिविधि सम्वन्धी सूचनामा सबै नगरवासीको पहुंचमा पुर्याईनेछ।
- ☞ नगरको सवै क्षेत्रमा ३ बर्ष भित्रमा तीब्र गतिको इन्टरनेट सेवाको विस्तारको लागि पहल तथा समन्वय गरिनेछ ।
- ☞ बजार क्षेत्रमा स्थानीय समुदाय, संघ, सस्था, क्लवको लागत साझेदारीमा फ्रि वाईफाईको व्यवस्था गरी संचालन गरिनेछ छ। बजार क्षेत्रभित्र संवेदनशिल स्थानहरु पहिचान गरी स्थानीय प्रहरी प्रशासनसंग समन्वयमा जडान गरी संचालनमा ल्याइनेछ ।
- ☞ नगरपालिका भित्रका विद्युतीय तथा छापा, पत्रपत्रिका संचार रेडियो, एफ एम तथा संचार जगतको क्षमता विकास तथा प्रबर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- ☞ सबै वडा तथा विद्यालयलाई प्रविधि मैत्री बनाई व्यवस्थित बनाईनेछ ।
- ☞ नगरपालिका भित्रका विद्युतीय तथा छापा, पत्रपत्रिका संचार रेडियो, एफ एम तथा संचार जगतको क्षमता विकास तथा प्रबर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- ☞ नगरका सवै वडामा सहँज सूचना प्रवाह गर्न सार्वजनिक इन्नरनेट सेवा विस्तार गरिनेछ
- ☞ नगर आपतकालिन संचालन केन्द्रमा सबै सूचना तथा तथ्यांक उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

### ६.२.५ प्रमुख कार्यक्रमहरू

- ☞ संचार प्रविधि तथा पूर्वाधार विकास कार्यक्रम ।
- ☞ सूचना तथा संचार प्रविधिमा आधारित सेवा प्रबर्द्धन कार्यक्रम ।
- ☞ नगरका सवै वडामा पूर्वसूचना प्रणलीको सहज पहुँचको लागि सार्वजनिक इन्नरनेट सेवा विस्तार

☞ सडक सूचना तथा पर्यटकको लागि सडक सञ्जाल (GIS) नक्शा तयारी तथा छपाई

☞ सार्वजनिक सुरक्षाको लागि थप सिसि क्यामेरा जडान कार्यक्रम

☞ नगरपालिका भित्र विपद् सूचना केन्द्र स्थापना तथा सञ्चालन

### ६.२.६ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| उपलब्धी : सूचना तथा संचारमा नगरपालिकावासीको पहुँच र उपयोगमा वृद्धि भई जीवनस्तरमा सुधार ल्याउने । | इन्टरनेटको सुविधा लिने घरधुरी (प्रतिशत) | ९० | ९५ | १०० | १०० | १०० | १०० |
| | मोबाइल प्रयोगकर्ता घरधुरी (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| प्रतिफल : संचारमा माध्यम र सूचनामा नागरिकको पहुँच र उपयोगमा वृद्धि भएको हुनेछ । | टेलिभिजन प्रयोग गर्ने घरधुरी (प्रतिशत) | ८५ | ८५ | ९० | ९५ | १०० | १०० |
| | इन्टरनेटको सुविधा लिने घरधुरी (प्रतिशत) | ९० | ९५ | १०० | १०० | १०० | १०० |
| | ल्याण्डलाइन टेलिफोन सुविधा (वार्ड संख्या) | १० | १० | १२ | १४ | १४ | १४ |
| | Broad Band ईन्टरनेट सेवा उपलब्ध वार्ड संख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |
| | अनलाईन समाचार संख्या | १० | १२ | १४ | १४ | १४ | १४ |
| | एफ.एम. रेडियो सर्बिस | ४ | ४ | ५ | ६ | ७ | ८ |

**अपेक्षित उपलब्धी**

सूचना तथा संचार प्रविधिमा नगरपालिकावासीको पहुँच र उपयोगमा वृद्धि भई व्यवसायका अन्य आयामहरू संचारसँग जोडीई जनताको जीवनस्तरमा सुधार आउनेछ ।

## ६.३ विद्युत तथा उर्जा

### ६.३.१ पृष्ठभूमि

चौतारा साँगाचोकगढी नगरपालिकाका करिव शत प्रतिशत घरधुरीलाई राष्ट्रिय प्रशारणको विद्युतीकरण मार्फत जोडिएकोछ। बत्ती प्रयोगको आधारमा यस नगरपालिकाको घरपरिवारको विवरण हेर्दा विजुली १००% प्रतिशत, मट्टितेल ५ प्रतिशत, सोलार १२.४८ प्रतिशत, र बांकिले अन्य स्रोतहरू प्रयोग गरेको पाइन्छ। इन्धनको रूपमा दाउरा प्रयोग गर्ने घरपरिवार ७० प्रतिशत छन, एल पि.ग्यास १९ प्रतिशत, वायो ग्यास ०.८३ प्रतिशत, र विजुली प्रयोग गर्ने घरधुरीहरू यहाँ नभएको पाईयो।

### ६.३.२ समस्या तथा चुनौती

नगरपालिका भित्र अद्यापि विद्युतको गुणस्तरमा समस्या रहेकोछ। सार्वजनिक संरचना एवं भवनहरूमा समेत गुणस्तरीय विद्युत सेवा उपलव्ध हुन नसकेको, कतिपय सीमान्तकृत बर्गहरुकोमा विद्युतको उपयोगमा पहुँच पुग्न नसकेको, बैकल्पिक उर्जा एवं सुधारिएको चुलोको प्रयोगमा व्यापकता ल्याउन नसकिएको देखिन्छ।

### ६.३.३ अवशर तथा सम्भावनाहरू

सबै जसो वडाहरूमा सामुदायिक विद्युतीकरणको कार्य थालनी भएको छ।

### ६.३.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

यस नगरपालिकामा बिद्युतमा सबै घरधुरीको पहुँच पुर्याउनकालागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

**चौतारा साँगाचोगढीको उज्यालो सोच, बिद्युत सुबिधामा सबैको पहुँच!!**

हाल यो नगरपालिका राष्ट्रिय ग्रीड लाईनमा जोडिएको अवस्थामा सबै नगरबाशीहरूको बिद्युत सुबिधामा प्रभावकारिता बढाउन र उत्पादनमुखि बनाउन यस नगरपालिकाले उपरोक्त दीर्घकालीन सोच राखेको छ। उपयुक्त सोचलाई सफल पार्न कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरेमा यस नगरवासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

***लक्ष्य:*** बिद्युत सुबिधामा सबै बस्ती सबै टोलको पहुँच पुर्याई स्थानीय उत्पादनलाई बजारसँग जोडिनेछ।

***उद्देश्य:*** विद्युत, सेवामा नगरपालिकावासीको पहुँच र उपयोगमा वृद्धि गर्दै जीवनस्तरमा सुधार ल्याउने।

***रणनीति***

- ☞ वैकल्पिक ऊर्जा विकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ।
- ☞ वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन गरिनेछ।
- ☞ वैकल्पिक ऊर्जाका माध्यमबाट स्थानीय नागरिकको आर्थिक तथा सामाजिक अवस्थामा सुधार तथा वातावरणीय दीगोपनामा सहयोग पुग्ने खालका एकीकृत कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

- ☞ लक्षित र विपन्न वर्गबाट गरिने प्रयासलाई प्राथमिकता दिइने नीति अवलम्बन गरिनेछ ।
- ☞ स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन गरिनेछ ।
- ☞ सवै वडामा विद्युत सेवा विस्तार गरिनेछ र यस नगरपालिका भित्र एक विद्युत उपशाखाको स्थापना गरिनेछ ।
- ☞ यस नगरपालिकाभित्र निर्माणको लागि अनुमति लिई हालसम्म निर्माण कार्य सुरु नगरेका जलविद्युत्त आयोजनाहरु यथाशीघ्र सुरु गराउन संघ तथा प्रदेश सरकारसंग पहल गरिनेछ ।
- ☞ नगरपालिकाभित्रका शहरी क्षेत्रहरु र मुख्य सडक तथा चोकहरुमा सोलार सडक वत्ति थप गरिनेछ ।
- ☞ यस नगरपालिकासंग जोडिएका नदी तथा खोलामा बन्दै गरेका विद्युत आयोजनाहरु समयमा नै सम्पन्न गर्न आवश्यक सहयोग तथा सहजीकरण गरिनेछ । प्रभावित क्षेत्रको लागि अधिकतम हक अधिकार स्थापित गर्न समन्वय गरिनेछ ।
- ☞ लोडसेडिङ मुक्त हुंदा पनि नियमित विद्युत्त आपूर्ति हुन नसकेको अवस्थालाई ध्यानमा राखी नगरपालिकामा निर्माणाधीन सव स्टेशनहरुलाई यथाशीघ्र सम्पन्न गर्न पहल गरिनेछ ।
- ☞ सुरक्षित विद्युत वाइरिङको लागि प्रत्येक वडामा दक्ष जनशक्ति उत्पादन गरिनेछ ।
- ☞ बिजुलीको काठको पोलहरुलाई फलामको पोलले पूर्णरुपमा विस्थापन गरि काठको पोल मुक्त नगर घोषणा गरिनेछ ।
- ☞ नगरपालिका भित्र देखिएका विद्युत सम्वन्धी सम्पूर्ण समस्याहरुको ३ वर्षभित्र दिर्घकालीन रुपमा समधान गरिने कार्यक्रम बनाईने छ । ट्रान्सफर, थ्री फ्रेज लाइनलाई नगर भरी नै विस्तार गरिनेछ ।

### ६.३.५ प्रमुख कार्यक्रमहरू

- जलविद्युत संभाव्यता अध्ययन ।
- विद्युत विस्तार कार्यक्रम ।
- सार्वजनिक क्षेत्र तथा पूर्वाधारमा विद्युत तथा बैकल्पिक उर्जा व्यवस्थापन कार्यक्रम ।
- वैकल्पिक उर्जा प्रवद्र्धन कार्यक्रम ।
- विद्युत जडान कार्यमा विपन्न पिछडिएका वर्ग सहयोग कार्यक्रम ।
- संचालित आयोजना मर्मत सम्भार तथा संचालन व्यवस्थापन कार्यक्रम ।

### ६.३.६ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **उपलब्धी :** विद्युत, सेवामा नगरपालिका वासीको पहुँच र उपयोगमा | कूल घरधुरी मध्ये केन्द्रीय विद्युत् सेवा उपभोग गर्ने (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | केन्द्रीय | १०० | १०० | १०० | १०० | १०० | १०० |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| वृद्धि भई जीवनस्तरमा सुधार आएको हुनेछ। | विद्युत् सेवा विस्तार भएका बस्ती (प्रतिशत) | | | | | | |
| **प्रतिफलः** विद्युत् तथा नवीकरणीय ऊर्जाको उत्पादन, विस्तार र उपयोगमा वृद्धि भएको हुनेछ। | विद्युत् सेवाको उपलब्धता (घरधुरी प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | एलपि ग्याँस प्रयोग गर्ने घरधुरी (प्रतिशत) | १० | १५ | २० | २५ | ३५ | ४० |
| | वैकल्पिक ऊर्जा प्रयोग गर्ने घरधुरी (प्रतिशत) | १० | १५ | २० | २५ | ३० | ३० |
| | गोबर ग्यास जडान (प्रतिशत) | ० | २ | ३ | ४ | ५ | ५ |
| | सोलार सिस्टम जडान (प्रतिशत) | २ | ३ | ५ | ५ | ५ | ५ |

**अपेक्षित उपलब्धी**

☞ विद्यूतको सहज आपूर्ति भई जनताको दैनिक जीवनयापन र व्यवसायमा सुधार आएको हुनेछ।

## ६.४ भवन तथा बस्ती विकास

### ६.४.१ पृष्ठभूमि

यस नपाका अधिकाशं बस्ती हरू पहाडी क्षेत्रमा अवस्थित छन्, जो बहुसंख्यक घरधुरीहरू औषतमा गरिवीको रेखा मुनि नै छन् । उनीहरू कम उब्जनी हुने स-साना टुक्रे जमिनमा परम्परागत निर्वाहमुखी कृषिमा संलग्न छन्, बस्तीहरू माथि डाँडामा छरिएका छन् , जहाँ आधारभुत आवश्यकताका कुरा हरू पुर्याउन या त कठिनाई छ या ज्यादै महङ्गो छ । नपा भित्र जथाभावि र बिना वातावरणीय अध्ययनका आधारमा निर्माण गरिएका सडक वरिपरि बस्ती विस्तारका प्रवृत्ति बढ्दो देखिन्छ, जस्ले कालान्तरमा समस्या निम्त्याउने प्रशस्त सम्भावनाहरू छन् । भौगोलिक विकटताले वित्तीय पहुँच, पूर्वाधार, बजार तथा आधारभूत सामाजिक सेवाबाट उनीहरू वञ्चित छन् तथा मौसमी बसाईसराई र विप्रेषणमा बढी निर्भर छन् । गरीब तथा विपन्न वर्गलाई नै विकास प्रयासको नेतृत्वदायी भूमिकामा राखेर एक्लिएको समुदायलाई विकासको मूलप्रवाहमा ल्याउन यस नपामा ठुलो चुनौती रहेको छ ।

### ६.४.२ समस्या र चुनौती

प्राकृतिक मनोरम दृष्य, वातावरणीय तथा जैविक दृष्टिकोणले सन्तुलित, भौगोलिक अवस्था भएपनि यहाँ जीवन यापनका लागि कठिनाई रहेको छ । पुरानो बस्ती हुनु, मापदण्ड अनुसारका भवन नहुनु, पूर्वाधारको विकास नहुनु यहाँको बस्ती विकासका लागि प्रमुख चुनौतीहरू रहेका छन् ।

### ६.४.३ अवशर तथा सम्भावनाहरू

यस नगरपालिकाका सबै सडक पूर्वाधारहरु, विद्युत विकास, औद्योगिक क्षेत्र स्थापना, खुला स्थान, पर्यटन क्षेत्रको मापदण्ड तयार गरी व्यवस्थित शहरी विकासको सम्भावना रहेको देखिन्छ । नगरपालिकामा हाल भूकम्प प्रतिरोधी मापदण्ड अनुसार घरहरु निर्माण भइरहेको अवस्था छ । नगरपालिकाभित्र ६ वटा स्थानमा खुला जमिन, सार्वजनिक पाटी, पौवा तथा चौताराहरु, सामुदायिक भवन, ७ वटा खेल मैदान रहेका छन् भने ३ वटा प्रमुख वजारहरु पनि संचालनमा रहेका छन् ।

### ६.४.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच**

यस नगरपालिकामा भवन तथा बस्ती विकासकालागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ ।

***व्यवस्थित बस्ति र भवन निर्माणमा सामाजिक चेतना !***
***जोखिम न्यूनिकरणमा समुदायको संलग्नता!!***

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस नगरपालिकाले समुदायको संलग्नतामा वृद्धि गर्ने उद्धेश्य राखेको छ । उपयुक्त सोचलाई सफल पार्न कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरेमा यस नगरपालिकावासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ ।

***लक्ष्य :*** व्यवस्थित बस्ती र भवन निर्माणमा समुदायको संलग्नतामा वृद्धि गरी दीगो बस्ती विकासको अवधारणालाई कार्यान्वयन गरिनेछ।

***उद्देश्य:*** सार्वजनिक पूर्वाधार निर्माण र व्यवस्थापन सम्बन्धी नीतिहरू सरोकारवालाहरूको सहकार्यमा निर्माण गरी प्रभावकारी ढंगमा लागु गर्ने ।

## *रणनीति*

- नगर भित्रको प्रमुख बजारहरुमा स्वच्छ सफा, सुन्दर बजार विशेष कार्यक्रम ल्याइनेछ ।
- नेपाल सरकार, प्रदेश सरकार र दातृसंस्थाको सहयोगमा तीन वर्ष भित्रमा स्वास्थ्य चौकीहरुको नयाँ निर्माण तथा पुनः निर्माण सवलीकरण तथा मर्मत सम्भार गरिनेछ ।
- एकीकृत वस्ती विकासलाई प्रोत्साहन दिने नीति लिईनेछ । सो स्थानमा सडक, खानेपानी, विद्युतको क्षेत्रमा प्राथमिकता दिई पूर्वाधार विकास गरिनेछ ।
- छरिएको बसोवासलाई व्यवस्थित गर्न पूर्वाधारसहितको नमुना एकीकृत बस्ती  विकासको कार्य अगाडि बढाइनेछ ।
- 'सबैका लागि सुरक्षित र सुलभ आवास' लक्ष्य हासिल गर्न सुरक्षित र सुलभ आवास निर्माणलाई प्रोत्साहन गरिनेछ ।
- सार्वजनिक-निजी साझेदारीमा ठूलो सङ्ख्यामा आवास तथा सहकारी आवासहरू निर्माण  गरिनेछ ।
- भवन तथा आवास निर्माणका क्षेत्रमा प्रयोग हुन सक्ने अंझ किफायती, सुरक्षित र वातावरणमैत्री निर्माण सामग्री र नवीनतम प्रविधिको प्रवर्द्धनका लागि नियमित अनुसन्धान र विकास कार्यमा शैक्षिक प्रतिष्ठानलाई परिचालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक, सडक बालबालिका लगायत जोखिममा रहेका व्यक्तिहरूका लागि विशेष सामाजिक आवासको विकास गरिनेछ ।
- बस्ती  तथा आवासलाई व्यवस्थित गर्न एकीकृत भूउपयोग योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- घर निर्माण गर्दा भवन निर्माण मापदण्ड पुरा गरी बनाउन थालिनेछ ।
- सार्वजनिक र निजी भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिताको कार्यान्वयनमा जोड  दिइनेछ ।
- स्थानीय प्रविधि र उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई प्राथमिकता दिई प्रचलित भवन डिजाइन र प्रविधिको लागि आवश्यक मापदण्डको विकास गरिनेछ ।
- सुरक्षित आवास एवं भवन निर्माणका लागि सिकर्मी तथा डकर्मी तालिमका साथै जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- समुदायको क्षमता अभिवृद्धि गरी भूकम्प लगायतका प्रकोपबाट हुने जीउधनको नोक्सानी तथा जोखिम न्यूनीकरण गर्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिका र वडा कार्यालयहरुको भवन निमार्ण गरी तीन वर्षभित्रमा सवै वडा कार्यालयहरु आफ्नै वडा भवनमा कार्यालय संचालन गरिनेछ । सवै वडा कार्यालयहरुको भवनको डिजाइनमा एकरुपता ल्याइनेछ ।
- नगरपालिकावाट नयां स्थापना गरिएका शहरी स्वास्थ्य क्लिनिक तथा स्वास्थ्य ईकाईहरुको जग्गा प्राप्त गरी तीन वर्ष भित्रमा भवन निर्माण गरी आफ्नै भवनबाट सेवा संचालन गरिनेछ ।
- नगरपालिकाभित्रका सवै निजी तथा सार्वजनिक घरहरुको हाउस नम्वरिङ प्रणाली सुरु गरिनेछ ।
- नक्सापास प्रणाली नगरभित्रका सवै निजी तथा सार्वजनिक भवन तथा संरचनालाई समेट्ने गरी नक्सापास सचेतना कार्यक्रम संचालन गरिनेछ । नक्सापासको दायरामा नआएका निजी तथा आवासीय घरलाई अभिलेखीकरण गर्ने अभियान संचालन गरिने छ । नक्सापास प्रणालीलाई अझ बढी व्यवस्थित गर्नको लागि विद्युतीय नक्सापास प्रणालीमा जाँदा रेर्कड व्यवस्थित हुने, सुशासन तथा पारदर्शिता कायम हुने र सेवाग्राहीलाई छिटो छरितो सेवा प्रदान गर्न सरल हुने हुंदा सोको लागि आवस्यक पूर्वाधार तयार गरीने छ । नगरपालिकामा नक्सापासको छुट्टै शाखा स्थापना गरिनेछ ।

- ☞ सुरक्षित भवन निर्माणका आचार संहिता तथा न्यूनतम मापदण्डहरु कार्यन्वयन गरिने छ।
- ☞ प्रकोपको जोखिममा रहेका बस्ति, भौतिक संरचना आदिलाई हटाइने, या अन्यत्र स्थानान्तरण गरिने छ।
- ☞ पुननिर्माण हुन बाकी रहकेका भौतिक संरचनाहरु निर्माण सम्पन्न गरिनेछ (नीजि आवास, सडक, पुल, सिँचाई, शैक्षिक संस्था, स्वास्थ्य संस्था, सरकारी भवन, धार्मिक संरचना, सामुदायीक भवन, खानेपानी)।
- ☞ नयाँ निर्माण हुने भौतिक संरचनाहरुला लैगिंकमैत्री, वालमैत्री तथा अपांगमैत्री निर्माण गरिनेछ।
- ☞ विभिन्न समुदायहरुमा अवस्थित सार्बजनिक सेवाका भवनहरुको जोखिम बिश्लेष्णका साथ क्षमता अभिबृद्दि गर्दै विपद व्यवस्थापन तथा पुर्बतायारिका लागि विकास गरिने नीति लिईने छ।

### ६.४.५ प्रमुख कार्यक्रमहरू

- ☞ भू उपयोग नीति तर्जुमा।
- ☞ भवन आवास निर्माण मापदण्ड (Building Code) कार्यान्वन।
- ☞ सार्वजनिक पूर्वाधार विकास कार्यक्रम।
- ☞ आवास तथा बस्ती सुरक्षा कार्यक्रम।
- ☞ सुरक्षित आवास निर्माणका लागि क्षमता विकास कार्यक्रम।
- ☞ एकीकृत बस्ती विकास कार्यक्रम।

### ६.४.६ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **उपलव्धीः** सार्वजनिक पूर्वाधार निर्माण र व्यवस्थापन सम्बन्धी नीतिहरू सरोकारवालाहरूको सहकार्यमा निर्माण गरी प्रभावकारी ढंगमा लागु भएको हुनेछ। | योजनावद्ध बस्ती तथा वसोवास, क्षेत्रको निर्माण (संख्या) | २ | ३ | ५ | ७ | ८ | १० |
| | भवन आचार संहिता लागू भई घर निर्माणमा सोको कार्यान्वयन (प्रतिशत) | ५० | ५० | ५५ | ७५ | १०० | १०० |
| | भवन आचारसंहिताको मापदण्ड तर्जुमा | ० | १ | ० | ० | ० | ० |
| **प्रतिफल नं. १:** | योजनावद्ध बस्ती | २ | ३ | ५ | ७ | ८ | १० |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| सार्वजनिक निर्माण कार्यहरू व्यवस्थित र सुरक्षित भई सुविधा सम्पन्न बस्ती को विकास भएको हुनेछ। | तथा वसोवास, क्षेत्रको निर्माण (संख्या) | | | | | | |
| | मापदण्ड अनुसार निर्माण भएका पूर्वाधार सम्बन्धी संरचना (प्रतिशत) | ७० | ७५ | ८० | ९० | १०० | १०० |
| | स्पष्ट मापदण्ड अनुरूप वजार क्षेत्रहरूको स्थापना (संख्या) | ० | १ | २ | ४ | ५ | ७ |
| | स्पष्ट मापदण्ड अनुरूप सवारी पार्किङ्, र वस विसौनीहरू निर्माण (संख्या) | ० | १ | ० | १ | ० | ० |
| | भवन आचार संहिताको तर्जुमा | ० | १ | ० | ० | ० | ० |
| | एकीकृत बस्ती विकासको अवधारणा अनुसार भौतिक योजना तर्जुमा भई लागू भएका आवास क्षेत्र (हे.) | ० | ० | ५ | १२ | १५ | ३० |

**अपेक्षित उपलब्धी**

☞ भवन तथा आवास निर्माणका क्षेत्रमा प्रयोग हुन सक्ने किफायती, सुरक्षित र वातावरणमैत्री निर्माण सामग्री र नवीनतम प्रविधिको प्रयोग भई सुरक्षित बस्ती विकास हुनेछन्।

☞ सार्वजनिक पूर्वाधार निर्माण र व्यवस्थापन सम्बन्धी नीतिहरू सरोकारवालाहरूको सहकार्यमा निर्माण भई प्रभावकारी ढंगमा लागू भएको हुनेछ।

## परिच्छेद ७: वन, वातावरण संरक्षण एवं विपद व्यवस्थापन

दक्षिणमा माहाभारत पर्बतको भावर क्षेत्रमा विभिन्न खोंच तथा बेंसीको क्षेत्रमा विभिन्न जातका बोट बिरूवाहरू, जडिबुटी, गैरकाष्ठ वन पैदावार, चराचुरूङ्गी, स्तनधारी तथा सरिसृप जीव लगायत अन्य जलचर थलचर प्राणीका साथै वस्पतिले पनि आश्रय पाएका छन् । यहाँ उष्ण (Tropical) र उपोष्ण (Sub-Tropical) प्रदेशीय साल, असना, कर्मा, जामुन, खयर, सल्ला लगायतको वन रहेको छ भने उत्तर तर्फ ससाना वनक्षेत्रहरू रहेका छन । यस नगरपालिको महाभारत पर्वत श्रृङ्खलामा समशीतोष्ण वन रहेको छ । समशीतोष्ण वनमा मुख्य गरी सल्ला (खोटे सल्ला, गोब्रे सल्ला, पाटुले सल्ला) एवं फाटफुट रूपमा उत्तीस, चिलाउने, लालीगुराँस प्रजातिहरू रहेका छन् । यहाँका बासिन्दाको आर्थिक अवस्थामा योगदान पुर्याउने उद्देश्य राखी सामुदायिक वनहरू संचालनमा छन । तथापि, यसबाट दैनिक आवश्यकता भन्दा व्यवसायतर्फ हालसम्म खासै योगदान पुग्न सकेको छैन । यसका अलावा बिना योजना निर्माण गरिएका र ट्र्याक खोलिएका सडकका कारण बिशेषगरी बर्षा याममा पहिरोको कारण धनजनको क्षति हुने गरेको छ । वन तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र वातावरणीय सुधार गर्ने र स्थानीय मानिसहरूलाई वनबाट प्राप्त हुने आर्थिक लाभ बढाउन र बिपद प्रतिकार्यमा समुदायमा सचेतनता र संलग्नता बढाउन यस योजनाको रणनीतिक लक्ष्य रहेको छ । यसका लागि नगरपालिकाले निम्नानुसारको दीर्घकालीन सोच तय गरेकोछ ।

**जैविक विविधताको संरक्षण र उत्थानशीलता विकासको आधार !**
**विपद् व्यवस्थापनमा समुदाय साझेदार!!**

यस दीर्घकालीन सोचका आधारमा वन, वातावरण संरक्षण एवं विपद व्यवस्थापन क्षेत्रको कार्यक्रम तथा बजेटहरूको व्यवस्था तय गरेमा यहाँका वासीहरूको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ ।

### ७.१ वन विकास तथा वातावरण संरक्षण

### ७.१.१ पृष्ठभूमि

चौतारा साँगाचोकगढी नगरपालिकामा कृषि, वन, नदी, ताल-तलैया तथा आवासीय समेत विविध प्रकारको भू-उपभोग पाइन्छ । त्यसमध्ये वनजङ्गल र खेतीपातीले अधिकांश भाग ढाकेको छ । यो नगरपालिकामा ३४.७४ वर्ग कि.मि अर्थात २१.०२ प्रतिशत भू-भाग वन जंगलले अगटेकोछ । महाभारत पर्वत श्रृङ्खलामा फैलिएको यो नगरपालिका वन, वन्यजन्तु तथा जैविक विविधताको दृष्टिकोणले निकै धनी रहेको छ । यहाँ ८ वटा पारिस्थितिक प्रणाली, ५ किसिमका वन जंगलहरु रहेका छन् । वन्यजन्तुहरुमा ३२ प्रजातीका स्तनधारीहरु, ३०० प्रजातीका चराहरु, २२ प्रजातिका सरिसृप, ६ प्रजातिका उभयचरहरू पाईन्छन्

यस नगरपालिकामा पर्ने वार्डहरूलाई हेर्नको लागि समुदाय स्तरमा रेन्जपोष्टहरू रहेका छन् । गैरकाष्ठ वन पैदावरहरूमा दालचिनी, काउलो, बावियो (सवाई घाँस), टिमुर, काफल, खोटो, चिउरी आदि समेत पाइन्छन् ।

### ७.१.२ समस्या तथा चुनौती

- वनजंगल सम्बन्धी उत्पादनको चोरी निकासी
- जडीवुटीको पहिचान, संरक्षण

- ☞ रैथाने तथा लोपोन्मुख वनस्पति तथा वन्यजन्तु
- ☞ वन डढेलो आगलागी
- ☞ विपद् तथा प्रकोप
- ☞ उचित फोहर व्यवस्थापन
- ☞ वन्यजन्तु बिशेषगरी बाँदरबाट अधिकतम मात्रामा फलफूल र खेतीबालीको क्षति

### ७.१.३ सम्भावना तथा अवसर

- ☞ नपाको कूल क्षेत्रफलमध्ये अधिकाशं वन क्षेत्रले ओगटेको
- ☞ कूल वनक्षेत्रको अधिकाधिक वनक्षेत्र सामुदायिक तथा कबुलियती वनको रूपमा व्यवस्थापन
- ☞ वनले कार्वन उत्सर्जन न्यूनीकरणमा महत्वपुर्ण भुमिका खेल्ने हुँदा सामुदायिक तथा राष्ट्रिय वनहरूले REDD+ मार्फत कार्वन व्यापारमा जाने सम्भावना
- ☞ महत्वपूर्ण जडिवुटी प्रजातीको संरक्षण तथा व्यवस्थापन तथा निजी जग्गामा खेती विस्तार
- ☞ महत्वपुर्ण गैरकाष्ठ वन पैदावारहरूको प्रशोधन तथा Value addition
- ☞ प्राकृतिक स्रोत साधन सम्बन्धी वन्ने र वनेका नीति नियमहरूमा जनताका पक्षमा थप पैरवी
- ☞ राष्ट्रिय तथा सामुदायिक वनहरुमा वृक्षारोपण
- ☞ जैविक विविधताको संरक्षण
- ☞ कृषि वन तथा निजी वन तिर उन्मूख
- ☞ नदी उकास क्षेत्रमा वन स्थापना

### ७.१.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच**

यस नगरपालिकामा वन, वातावरण संरक्षण एवं विपद व्यवस्थापन विकासकालागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

**दीगो प्राकृतिक स्रोत र साधनको परिचालन !**
**समुदायको संलग्नतामा वन तथा वातावरणको संरक्षण!!**

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस नगरपालिकाले समुदायको संलग्नतामा वृद्धि गर्ने उद्देश्य राखेको छ। उपयुक्त सोचलाई सफल पार्न कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरेमा यस नगरवासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

***लक्ष्य :***समुदायको संलग्नतामा वृद्धि गरी दीगो वन, वातावरण एवं जैविक व्यवस्थापनको अवधारणालाई कार्यान्वयन गरिनेछ।

***उद्देश्य :*** समुदायको संलग्नतामा थप वृद्धि गर्दै दीगो वन व्यवस्थापन र जैविक विविधताको संरक्षण तथा रोजगारीमा वृद्धि गर्ने।

## रणनीति

- ☞ वन क्षेत्रमा जथाभावी सडक खन्ने कार्यलाई निरुत्साहित गरिनेछ। योजनावद्ध रुपमा सडक तथा पूर्वाधार बनाउँदा क्षति भएका रुख विरुवाको अनुपातमा वृक्षारोपण गर्नुपर्ने गरी सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ।
- ☞ कृषि वनको अवधारणालाई विकास गर्दै वनजन्य, फलफुल र जडिबुटिटी नर्सरी निजी क्षेत्रसँगको साझेदारीमा स्थापना गरी विरुवा वितरणको व्यवस्था मिलाईनेछ।
- ☞ नगर तथा वडा क्षेत्रमा वातावरण संरक्षणको लागि हरियाली प्रबद्र्धन तथा विस्तार कार्यक्रम संचालन गरिनेछ।
- ☞ सामुदायिक वनहरुमा वैज्ञानिक वन व्यवस्थापन पद्धतिलाई अवलम्वन गरिनेछ।
- ☞ सामुदायिक वनको ब्यवस्थापनबाट प्राप्त काष्ठ गैरकाष्ठ वन पैदावारमा आधारित उद्यमको सहज प्रवद्र्धन र विकास गरिनेछ।
- ☞ काष्ठ प्रशोधन उद्योग, फर्निचर उद्योग स्थापना गरी रोजगारीको श्रृजना गरिनेछ।
- ☞ सामुदायिक वन तथा निजी वनबाट उत्पादन भएका काष्ठ तथा गैरकाष्ठ वन पैदावारको मुल्य वृद्धि (Value Adition) गर्ने कार्यमा जोड दिइनेछ।
- ☞ जनसहभागितामूलक कृषि वन ब्यवस्थापन पद्धतिलाई प्रोत्साहन गर्दै कार्यक्रम संचालन गर्न जोड दिइनेछ।
- ☞ वनजन्य उद्योग लगायत सीप विकास तालिममा स्थानीय सामुदायिक वन समूहका उपभोक्ताहरुलाई नै सहभागिता र परिचालन गर्ने नीति लिइनेछ।
- ☞ दीगो वन ब्यवस्थापन गरी वनको समुचित सदुपयोग र सोबाट आर्थिक उपार्जन गरी समूहको जिविकोपार्जन सुधारमा लगानी गर्ने नीति लिइनेछ।
- ☞ नगरभित्रका सामुदायिक वनहरुको प्रोफाइल तयार गरिनेछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको प्रथम संसोधन अनुसार सामुदायिक वनहरुको कार्ययोजना स्वीकृत गर्ने र सामुदायिक वनले काठ विक्री गरी प्राप्त गरेको आयमा १० प्रतिशत नगरपालिकाले पाउने ऐनमा भएको व्यवस्थालाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ। एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिने छ।
- ☞ वन व्यवस्थापन तथा सम्वद्र्धनमा क्षमता अभिवृद्धिको लागि उपभोक्ताहरुलाई अभ्यासमा आधारित प्राविधिक तालिम उपलब्ध गराइनेछ।
- ☞ वन कटान, गोलिया गर्ने, घाटगद्दी क्रियाकलापहरुमा प्रविधि तथा औजारहरुको प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।
- ☞ वन डँढेलो तथा वन अतिक्रमण नियन्त्रणका लागि वडा कार्यालय मार्फत स्थानीय संघ, संस्था, जनप्रतिनिधि, प्रहरी लगायतसँग आवश्यक समन्वय तथा परिचालन गरी डँढेलो नियन्त्रण अभियान निरन्तर चलाइनेछ।
- ☞ नर्सरी स्थापना तथा विरुवा उत्पादनको कार्य स्थानीय समूह तथा किसानहरुको सहभागितामा संचालन गर्न प्रोत्साहन गरिनेछ
- ☞ एक घर ५ फलफुल विरुवा अभियान लागू गरिनेछ।
- ☞ नदी किनारमा बाँस, अम्रिसो र निगालो वृक्षारोपण गरिनेछ र सार्वजनिक जग्गाहरुमा फलफूल तथा वहुउपयोगी प्रजातीको वृक्षारोपण गरी हुर्काउने व्यवस्था मिलाइनेछ।

### ७.१.५ प्रमुख कार्यक्रमहरू

- ☞ वन पैदावार उत्पादन, प्रशोधन तथा वजारीकरण सहयोग कार्यक्रम।
- ☞ वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम।
- ☞ चरणक्षेत्र विकास तथा संरक्षण कार्यक्रम।
- ☞ वन सम्बन्धी क्षमता अभिबृद्धि कार्यक्रम।
- ☞ सामुदायिक तथा कवुलिती वन उपभोक्ता क्षमता विकास कार्यक्रम।
- ☞ चिडियाखाना निर्माण तथा वन्यजन्तु व्यवस्थापन कार्यक्रम।

### ७.१.६ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **उपलब्धी :** समुदायको संलग्नतामा थप वृद्धि गर्दै दीगो वन व्यवस्थापन र भू संरक्षणका माध्यमबाट जैविक विविधताको संरक्षण भएको हुनेछ। | वनजंगलले ओगटेको क्षेत्रफल (प्रतिशत) | २१.०२ | २२ | २४ | २६ | २८ | ३० |
| | कृषि वन  समूह बिस्तार गर्ने (संख्या) | १० | १५ | १८ | २२ | २५ | ३० |
| | सकृय सामुदायिक तथा कबुलियती वन समुह संख्या | ७८ | ७८ | ७८ | ७८ | ७८ | ७८ |
| | जोखिममा परेको वन क्षेत्रमा तारबार (कि.मि.) | ० | १० | १० | १० | १० | १० |
| **प्रतिफल १:** वन अतिक्रमण नियन्त्रणका साथ साथै भूक्षय तथा बाढी पहिरोको नियन्त्रण | बनजंगलले ओगटेको क्षेत्रफल (प्रतिशत) | २१.०२ | २२ | २४ | २६ | २८ | ३० |
| | व्यवस्थित सामुदायिक तथा कबुलियती वन क्षेत्र (हेक्टर) | ६२३५ | ६२५० | ६५०० | ६८०० | ६९०० | ७००० |
| | निजी वन क्षेत्र (हेक्टर) | ३ | ५ | १० | १५ | २० | २५ |
| | जोखिममा परेको वन क्षेत्रमा तारबार (कि.मि.) | ० | १० | १० | १० | १० | १० |
| | खाली जमिनमा | ० | १० | १० | १० | १० | १० |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| समयमै भएको हुनेछ। | बृक्षारोपण (हे.) | | | | | | |
| | कृषि वन समूह बिस्तार गर्ने (संख्या) | १० | ५ | ५ | ५ | ५ | ५ |
| | सकृय सामुदायिक तथा कबुलियती वन समूह संख्या | ७८ | ७८ | ७८ | ७८ | ७८ | ७८ |
| | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र संख्या | १ | २ | ३ | ४ | ५ | ५ |
| | परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी प्रतिशत | ८२ | ८० | ७५ | ७० | ६० | ५० |
| | खाना पकाउनका लागि परम्परागत उर्जाको बिकल्पको रूपमा ग्याँस वा विजुलिको प्रयोग गर्ने घरधुरी प्रतिशत | १८ | २० | २५ | ३० | ४० | ५० |

**अपेक्षित उपलब्धी**

- ☞ वन फंडानी तथा अतिक्रमणको नियन्त्रणका साथै चरिचरणका लागि वैकल्पिक उपायहरू खोज्दै, वन पैदावारबाट र जडीवुटी खेतीका माध्यमबाट रोजगारीमा वृद्धी गर्ने र वन क्षेत्रको दीगो व्यवस्थापनका लागि समुदायको संलग्नतामा थप वृद्धि गर्दै दीगो वन व्यवस्थापन तथा जैविक विविधताको संरक्षण भएको हुनेछ।
- ☞ समुदायको संलग्नतामा थप वृद्धि गर्दै दीगो वन व्यवस्थापनका माध्यमबाट जैविक विविधताको संरक्षण तथा रोजगारीमा वृद्धी भएको हुनेछ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

स्वस्थ एवं समृद्ध जलाधार क्षेत्रले पानीको श्रोतलाई बचाउँदछ, वनजंगल, रुखविरुवा, जीवजन्तु, जनावरहरूलाई जोगाउँदछ भने माटोलाई मलिलो बनाउन मद्दत पुर्याउँदछ र आफैंमा समृद्ध समुदायको स्थापना गराउँदछ। तथापि यस नगरपालिकाका जलाधार क्षेत्रमामा भएका ठूला परिवर्तन जस्तैः रुख विरुवाको कटानी, झारपातहरूको फंडानी फोहरमैलाको अव्यबस्थित विसर्जन, बाटो तथा कंक्रिट घरहरूको निर्माणले जलाधार क्षेत्रमा क्षति पुगेकोछ र यसले पानीको स्रोतलाई पनि क्षति गरेकोछ। यसले गर्दा जमिनको अन्य सम्भावनाहरू जस्तै कृषिको उत्पादन, स्वस्थ समुदायको स्थापना, अन्य विभिन्न स्वास्थ्य समस्याहरू, भोकमरी तथा बसाई-सराई जस्ता समस्याहरू निम्त्याई रहेको छ। नगरपालिकामा पहिचान गरिएका ७

वटा नदी तथा खोलाहरू सुनकोशी, बलेफी खोला, कुभिन्डे खोला, इन्द्रावती, कुम्भेश्वर खोला, झ्याडी खोला, मागुवा खोलाहरूका आधारमा जलाधार क्षेत्रहरूमा उचित जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरी भू-क्षय, बाढी, पहिरो जस्ता समस्याहरूको समाधान गर्नुका साथै जलाधार क्षेत्रको जग्गाको उत्पादकत्व संरक्षण तथा भौतिक पूर्वाधारहरूको संरक्षण र वातावरणीय सेवामा सुधार ल्याउनु पर्ने आवश्यकता रहेको छ।

### ७.२.२ समस्या तथा चुनौती

यस नगरपालिकाको छुट्टै जलाधार व्यवस्थापन योजना र कार्यक्रम रहेको छैन र जमिन र जलाधार क्षेत्रको वैज्ञानिक तथा दीगो संरक्षण सुनिश्चित हुन सकेको छैन। भूसंरक्षणका लागि ठूलो परिमाणमा बजेट आवश्यक पर्ने र सोअनुसार स्रोत उपलब्ध नभएको हुँदा आवश्यक सबै ठाउँमा भूसंरक्षणका कार्यक्रमहरू सञ्चालन गर्न सकिने अवस्था रहेको छैन। सीमसार क्षेत्र सीमित मात्रामा रहेका छन् । जलाधार क्षेत्रको माथिल्लो क्षेत्रका गतिविधिबाट तल्लो तटीय क्षेत्रका गतिविधिमा असर पुग्न सक्ने अवस्था रहन्छ। यसर्थ माथिल्लो तथा तल्लो क्षेत्रका गतिविधिमा सामञ्जस्यता ल्याउनुपर्ने तथा यस्ता विषयसमेत मध्यनजर गरी जलाधार क्षेत्रको संरक्षणलाई उच्चतम महत्व प्रदान गरिएको भूउपयोग योजना तर्जुमा र कार्यान्वियन गर्नुपर्ने खाँचो रहेको छ। यसका अलावा केहि मुख्य समस्याहरूलाई तल दिईएकोछ।

- वर्षेनी आईरहने विपद् तथा प्रकोप
- बैज्ञानिक विपद् तथा प्रकोप व्यबस्थापनका लागू ३ तहका सरकारबीचमा सहकार्यको अभाव
- बनजंगल को कटानी र कंक्रीट निर्माणका कारण Water Recharse को दरमा कमि
- जलाधार क्षेत्र संरक्षणका लागि भौगोलिक सूचना प्रणाली (GIS) नक्साकंन हुन नसक्नु र सो अनुसार कार्यक्रमहरू नबनाईनु

### ७.२.३ सम्भावना तथा अवसर

- यो नगरपालिका जैविक विविधताको दृष्टिकोणले समेत धनी क्षेत्र रहेको हुँदा पर्यापर्यटनको प्रबर्द्धन गरी स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ।
- वृहत जलाधार क्षेत्रको संरक्षण
- नदी उकास नियन्त्रण
- जलाधार ब्यबस्थापनका लागि नगरपालिकाको उच्च प्राथमिकता
- परम्पतागत पोखरी, ताल तलैयाहरूको संरक्षणका लागि नगरपालिकाको उच्च प्राथमिकता

### ७.२.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच**

यस नगरपालिकामा भूसंरक्षण तथा जलाधार व्यवस्थापनका लागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

**बाढी पहिरोको जोखिमबाट भूमिको संरक्षण !**

**एकीकृत जलाधार विकास र व्यवस्थापन !!**

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस नगरपालिकाले समुदायको संलग्नतामा वृद्धि गर्ने उद्वेश्य राखेको छ । उपयुक्त सोचलाई सफल पार्न कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरेमा यस नगरवासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ ।

***लक्ष्य***

भूमिको दीगो व्यबस्थापनका लागि व्यबस्थित भू संरक्षण तथा जलाधार व्यवस्थापन गर्ने ।

***उद्देश्य***

भू संरक्षण तथा जलाधार व्यवस्थापन मार्फत भू क्षयको न्यूनीकरण, जलाधारको व्यवस्थापन तथा पानीका श्रोतहरुको संरक्षण गर्ने ।

**रणनीति**

- भौतिक पूर्वाधार विकास कार्य गर्दा भूःक्षय तथा प्रकोप न्यूनीकरण गर्न सम्वन्धित आयोजनामा न्यूनीकरणका योजना तथा कार्यक्रम समावेश गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- सिमसार तथा पानीको मुहान संरक्षणको लागि वोटविरुवाको संरक्षण, रोपण र ब्यवस्थापन कार्य संचालन गरिनेछ ।
- ग्रामिण तथा कृषि सडक निर्माण गर्दा Bio engineering पद्धतिबाट कार्य संचालन गर्ने गरी स्थानीय आवश्यकता र भू-क्षयको प्रकोपलाई न्यूनीकरण गर्ने गरी कार्य सञ्चालन गरिनेछ ।
- पहिरो तथा गल्छी नियन्त्रण कार्य गर्दा Bio engineering पद्धति अनुसार गरिने छ ।
- वातावरणमा असर पार्ने उद्योग स्थापना गर्दा स्थानीय तहको सहमति लिइने र EIA/IEE गरी वातावरणीय प्रभाव न्यूनीकरणका कार्यहरु संचालन गर्नुपर्ने नीति अवलम्वन गरिनेछ ।

**७.२.५ प्रमुख कार्यक्रम**

- जलश्रोत, सिमसार क्षेत्र तथा सार्वजनिक जमिन पहिचान, संरक्षण तथा विकास कार्यक्रम ।
- नदी तटवन्ध निर्माण कार्यक्रम ।
- सुरक्षित वस्ती विकास कार्यक्रम ।
- जलाधार संरक्षण तथा उपयोग सम्बन्धी क्षमता अभिबृद्धि कार्यक्रम ।

### ७.२.६ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **उपलब्धी :** दीगो भूव्यवस्थापनका माध्यमबाट जलाधार तथा भूसंरक्षणको भएको हुनेछ। | पहिरो नियन्त्रण गर्ने (स्थान) | २५ | ५ | ५ | ५ | ५ | ५ |
| | उपजलाधार क्षेत्र निर्धारण गरी व्यवस्थापन योजना वनाउने | ० | १ | २ | ४ | ५ | ६ |
| | क्षतिग्रस्त भूमी पुनरूत्थान (हे.) | ५० | २५ | २५ | २५ | २५ | २५ |
| | नदी खोला किनार संरक्षण ब्यवस्थापन गर्ने (कि.मि) | ० | १० | १० | १० | १० | १० |
| **प्रतिफल १:** भूक्षय तथा बाढी पहिरोको नियन्त्रण समयमै भएको हुनेछ। | उपजलाधार क्षेत्रमा जीर्ण साना सिचाई कुलो सरंक्षण (किमि) | ३० | १० | १० | १० | १० | १० |
| | उपजलाधार क्षेत्र निर्धारण गरी व्यवस्थापन योजना वनाउने | ० | १ | २ | ४ | ५ | ७ |
| | ताल तलैया पोखरीहरु संरक्षण | ० | १ | २ | ४ | ५ | ६ |
| | उपजलाधार क्षेत्रको GIS Database | ० | १ | २ | ४ | ५ | ७ |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| | तयार | | | | | | |
| | नदी खोला किनार संरक्षण ब्यवस्थापन गर्ने (कि.मि) | ० | १० | १० | १० | १० | १० |
| | पानी मुहान संरक्षण गर्ने (संख्या) | २० | ५ | ५ | ५ | ५ | ५ |
| | पहिरो नियन्त्रण गर्ने (स्थान) | २५ | १० | १० | १० | १० | १० |

**अपेक्षित उपलब्धी**

- समुदायहरुसंगको सहकार्यमा पानी मुहान, सिमसार, पोखरी, तालतलैया संरक्षण गर्दै जलश्रोतको उपयोग भएको हुनेछ।
- नदी तथा खोला किनाराहरुमा तटबन्ध निर्माण गरी जलाधार क्षेत्रको संरक्षण भएको हुनेछ।
- जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन भएको हुनेछ।
- भूक्षय तथा वाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्शाङ्कन गरी त्यस्ता क्षेत्रहरुमा मानव वसोवासका लागि बन्देज गरिनेछ।
- जथाभावी सडक एवं अन्य भौतिक पूर्वाधार निर्माण गर्ने कार्यलाई पूर्णत निषेध गरी वातावरण प्रभाव मूल्यांकन एवं डिपिआर पश्चात जियो इन्जिनियरिङ्ग प्रविधि अपनाई सडक एवं अन्य भौतिक पूर्वाधार निर्माण गर्ने परिपाटिको बिकास भएको हुनेछ।

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार विकासमा बृद्धि, प्राकृतिक श्रोतहरूको लगातारको दोहन, वनवातावरण सम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु लगायतका कारणले वातावरण माथि चाप बढ्न गएको छ। तीव्र रुपमा बढिरहेको जनसंख्या तथा अव्यवस्थित शहरीकरणका कारण शहरी क्षेत्रको फोहर व्यवस्थापन चुनौतीपूर्ण हुँदै गएको छ। परिणामस्वरुप पर्यावरणीय क्षयीकरणका कारण प्रदुषण तथा प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरु समेत विनाशको जोखिममा रहेका छन। सार्वजनिक स्थानहरु जस्तै नदी किनारहरु, सडक किनारा, मन्दिरहरु, शिक्षण संस्थाहरु, व्याापारिक तथा औद्योगिक प्रतिष्ठानहरु तथा निजी घर परिसरहरुमा खुल्ला फोहर फाल्ने कार्यले सामाजिक क्षेत्रमा नकारात्मक परिणामहरु ल्याउनुका साथै मानव स्वास्थ्यमा समेत गम्भीर असर पार्ने खतरा बढ्दै

गएको हुदा फाहोर मैलालाई स्रोतमा नै न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी ब्यबस्थित गर्न वान्छनीय भएको तथा सरसफाई एवं फोहरमैला ब्यबस्थापन गर्ने बिषय नेपाल सरकारले प्रतिबद्धता ब्यक्त गरेका दीगो बिकासको लक्ष्य समेत भएको सन्दर्भमा नगर कार्यपालिकाका बैठकबाट चौतारा साँगाचोकगढी नगरपालिकाको फोहरमैला ब्यबस्थापन तथा सरसफाई कार्यविधि २०७५ बनाई लागू गरेको छ।

### ७.३.२ समस्या तथा चुनौती

नगर क्षेत्रमा प्लाष्टिक तथा प्लाष्टिकजन्य पदार्थहरुको विसर्जन व्यवस्थित हुन नसक्दा र बजारीकरण हुँदै गएका क्षेत्रहरुमा प्लाष्टिक तथा प्लाष्टिकजन्य पदार्थहरु लगायत संस्थागत रुपमा (स्वास्थ्य संस्था, विद्यालय, कार्यालयहरु आदि) बाट दैनिक उत्सर्जन हुने फोहोरको उचित व्यवस्थापन हुन सकेको छैन र कतिपय अवस्थामा नदी तथा खोलामा लगेर फाल्ने प्रवृत्ति रहेको छ । कृषि क्षेत्रमा रसायनिक मलको प्रयोग सिफारिश गरिएको परिणाम अनुसार हुन नसक्दा एकातिर उत्पादन र उत्पादकत्व अपेक्षा अनुरुप हुन सकेको छैन भने अर्कातिर माटोको गुणस्तर खस्किरहेको छ। छरिएर रहेको वस्ती रहेको हुनाले वस्तिबाट आउने फाहोरलाई बस्तीस्तरमा नै ब्यबस्थापन गर्ने, कुहिने फोहोरलाई कम्पोष्ट मल र नकुहिनेलाई जलाउने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोरलाई ईन्सुलेटरका माध्यमबाट जलाउने व्यवस्था गर्न सकिएको छैन। वजार एवं घनाबस्तीबाट निस्कने फोहोर मैलालाई पनि उपयुक्त विसर्जनको माध्यमबाट व्यवस्थापन गर्न सकिएको छैन।

### ७.३.३ सम्भावना तथा अवसर

फोहोरमैला व्यबस्थापन र वातावरणप्रति स्थानीय नागरिकमा जिम्मेवारीबोध तथा जवाफदेहिता रहेको देखिन्छ । जलवायुजन्य अतिशय परिणाम तथा अनिश्चिततालाई सम्बोधन गर्न नगरपालिका तथा स्थानीय नागरिकहरूमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ, तथापि, सिमित स्रोत र साधनका बाबजुद पनि यो विषयहरूलाई व्यवस्थापन गर्न नगरपालका दत्तचित्त भएको देखिन्छ। अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार विकासमा बृद्धि, प्राकृतिक श्रोतहरूको अनियन्त्रित दोहन, वन वातावरण सम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु लगायतका कारणले वन क्षेत्रमाथि चाप बढ्न गएको छ, यसको समयोचित व्यबस्थापनका लागि नगरपालिकाले फोहोरमैला व्यबस्थापन ऐन तर्जुमा गरी अगाडी बढेको पाईन्छ।

### ७.३.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच**

यस नगरपालिकामा वातावरण तथा फोहोरमैला व्यवस्थापनका लागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

**पूर्ण सरसफाई, बाताबरण मैत्रि शहर !**
**स्वच्छ हराभरा चौतारा साँगाचोकगढी नगरवासीको रहर !!**

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस नगरपालिकाले समुदायको संलग्नतामा वृद्धि गर्ने उद्देश्य राखेको छ। उपयुक्त सोचलाई सफल पार्न कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरेमा यस नगरवासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

***लक्ष्य :*** फोहोरमैला व्यबस्थापनमा समुदायको संलग्नता वृद्धि गरी दीगो वाताबरण विकास गर्ने।

***उद्देश्य :*** फोहोरमैलाको प्रभावकारी व्यवस्थापन गरी स्वच्छ वातावरणको निर्माण गर्ने।

***रणनीति***

- ☞ वातावरण संरक्षण तथा फोहोर मैला व्यबस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड बनाई कार्यान्वयन र अनुगमन तथा नियमन गरिनेछ।
- ☞ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गरिनेछ।
- ☞ वातावरण संरक्षण तथा फोहोर व्यवस्थापन गर्ने
- ☞ ध्वनि तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीय अभिमुखीकरण कार्यक्रमहरु संचालन गरी सचेतना बिकास गरिनेछ।
- ☞ वातावरण सरसफाइ समूह समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छता कायम राखिनेछ। यसका लागि आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरिनेछ।
- ☞ सामुदायिक संस्थाहरुसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा पुन: प्रयोग जस्ता विधिहरु अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण गरिनेछ।
- ☞ वजार क्षेत्रहरुमा ढलहरु निर्माण र नगरवस्तीका घर आँगनवाट निस्कने फोहोरपानीलाई नजिकको खेतवारीमा सुरक्षित निकास व्यवस्था गरिनेछ।
- ☞ दलित, अति विपन्न समुदायको घरघरमा चर्पीको व्यवस्था गरी खुल्ला क्षेत्रमा हुने शौचलाई न्यूनीकरण, र सुधारिएको चुलो निर्माणमा सहयोग उपलव्ध गराउदै वातावरण संरक्षण गरिनेछ।
- ☞ निजीक्षेत्रसंगको सहकार्यमा बस्ती स्तरमा नै फोहोरमैला संकलन, प्रशोधन केन्द्र तथा बस्ती स्तरमा नै व्यवस्थित र सुरक्षित बनाइनेछ।

**७.३.५ प्रमुख कार्यक्रम**

- ☞ फोहोरमैला व्यवस्थापन नीति तर्जुमा।
- ☞ घरायसी फोहर व्यवस्थापन कार्यक्रम।
- ☞ वातावरण संरक्षण प्रबर्धन कार्यक्रम।
- ☞ सरसफाई पूर्वाधार विकास कार्यक्रम।
- ☞ घरभित्रको धुवाँमुक्त घरधुरी प्रबर्धन कार्यक्रम।

**७.३.६ अपेक्षित उपलब्धी तथा नतिजा खाका**

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| उपलब्धी : नगर क्षेत्र भित्र वातावरणीय विकास र स्वच्छता | फोहोरमैलाको व्यवस्थित र दीगो व्यवस्थापन भएका वार्ड (संख्या) | १ | २ | ३ | ५ | १० | १४ |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| स्थापित भएको हुनेछ। | निष्काशित फोहोरमैलाको औषत परिमाण (मे. टनमा) दैनिक | ५०० | ७५० | ८०० | १००० | १५०० | २५०० |
| **प्रतिफल १:** फोहोरमैलाको व्यवस्थित र दीगो व्यवस्थापन भई नगरभित्र स्वच्छ र रमणीय वाताबरण भएको हुनेछ। | फोहोरमैलाको व्यवस्थित र दीगो व्यवस्थापन भएका वार्ड (संख्या) | १ | २ | ३ | ५ | १० | १४ |
| | घरधुरीको फोहोरमैला व्यवस्थापनका लागि व्यबस्थित ल्याण्डफिल्ड साईट संख्या | १ | ० | ० | १ | १ | १ |
| | निष्काशित फोहोरमैलाको औषत परिमाण (मे. टनमा) | ५०० | ७५० | ८०० | १००० | १५०० | २५०० |
| | फोहोरमैला ब्यबस्थापनका लागि कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार (प्रतिशत) | ० | ५० | १०० | १५० | २०० | ५०० |

### अपेक्षित उपलब्धी

- वातावरण तथा फोहोर व्यबस्थापन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन भएको हुनेछ।
- ध्वनि तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीयहरुलाई अभिमुखीकरण कार्यक्रमहरु संचालन गरी सचेतना बिकास भएको हुनेछ।
- वातावरण सरसफाइ समूह समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम भएको हुनेछ।

- सामुदायिक संस्थाहरुसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरु अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमा न्यूनीकरण भएको हुनेछ।
- वजार क्षेत्रहरुमा ढलहरु निर्माण र नगरवस्तीका घर आँगनवाट निस्कने फोहोरपानीलाई नजिकको खेतवारीमा सुरक्षित निकास व्यवस्था भएको हुनेछ।
- निजीक्षेत्रसंगको सहकार्यमा बस्ती स्तरमा नै फोहोरमैला संकलन, प्रशोधन केन्द्र तथा बस्ती स्तरमा नै व्यवस्थित र सुरक्षित भएको हुनेछ।

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

सिन्धुपाल्चोक जिल्लामा ७१ स्थानका २४२ बस्तीहरु जोखिममा रहेको भूगर्भविद्को टोलीले गरेको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।जसमध्ये, चौतारा साँगाचोकगढी नगरपालिकाका ४ वटा बस्तीहरू जोखिममा रहेका छन । यस नगरपालिकामा अवस्थित वन जंगलहरु वर्षेनी डढेलोबाट प्रभावित भएको छ। जलवायु परिवर्तनबाट भएको तापक्रम बृद्धि, खडेरी, अनाबृष्टिका कारण डढेलोको प्रकोप वर्षेनी बढ्दै गईरहेको छ। डढेलोको प्रकोपबाट सरकाद्वारा ब्यवस्थित वन जंगल र सामुदायिक वनहरु दुवै प्रभावित भएका छन्। विभिन्न किसिमका विपद्को दृष्टिकोणले नगरपालिकाको ठूलो हिस्सा उच्च जोखिममा रहेको छ। नगर विपद् व्यवस्थापन योजना, २०७० तर्जुमा गरिएको छ। नगरपालिकाका सबै वडाहरूमा गरिएको प्रारम्भिक छलफलका आधारमा र नेपाल सरकारको स्थानीय निपद् तथा जलवायु उत्थान्शील योजना, निर्देशिका २०७४ मा भएका औजार प्रयोग गरी पहिरो तथा भूक्षय, आगलागी, खडेरी, हुरीबतास र महामारी यस नगरपालिकामा प्रमुख विपदको कारण रहको पाईन्छ। विपद्लाई नगरपालिकाले ब्यबस्थापनपन गर्न विपद् ब्यबस्थापन शाखाको स्थापना, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को तर्जुमा र बार्षिक कार्यक्रम, बजेट र नीति मार्फत प्रमुख प्राथमिकतामा राखेको पाईन्छ जस्तै: चौतारा साँगाचोकगढी नगरपालिका जनप्रतिनिधिहरुले आफुले पाउने सेवा सुबिधा कटौति गरी नगर बिपद ब्यबस्थापन कोषमा रकम जम्मा गर्ने गरेका छन्।

नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व दिइएको छ । विपद् जोखिम व्यवस्थापनको सवाललाई विकासका योजनासँग मूलप्रवाहीकरण गरी विपद् उत्थानशील समाज निर्माण गर्ने क्रममा जिम्मेवार निकायले पहलकदमी लिन आवश्यक भइसकेको छ। यस परिस्थितिमा विपद् जोखिम व्यवस्थापनलाई केन्द्रदेखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गर्दै दीगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग समुदाय एवं क्षेत्रको पहुँच र स्वामीत्व स्थापित हुनेगरी स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम परिचालन गर्दै विपद् जोखिम व्यवस्थापनलाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन आवश्यक छ।

यसका अलावा, जलवायु परिवर्तनका कारणले तापक्रममा वृद्धिको असरले स्थानीय कृषि उत्पादन, जनस्वास्थ्य लगायत हिमाली शृङ्खलाहरुमा हिउँ पग्लिँदै गएको र त्यसले नदीहरुमा सुक्खापनको वृद्धि भएकाले जनजीवनमा गम्भीर असर पारेको देखिन्छ। जलवायु परिवर्तनका कारण उत्पन्न परिस्थितिहरूसँग अब अनुकूलनले मात्र नथेग्ने स्तरका क्षतिहरू हुन थालेका र तिनको निराकरण गर्ने क्षमता र स्रोत आफ्नो पहुँचमा मात्र नभएको अवस्थामा स्थानीय सरकारहरूले यसका लागि साझेदारहरूसं हातेमालो गर्न जरूरी देखिन्छ।

### ७.४.२ समस्या तथा चुनौती

- ☞ अव्यवस्थित मानव वस्ती एवम प्राकृतिक स्रोत दोहन गर्ने उद्योगमा वृद्धि
- ☞ आपतकालीन परिस्थितिको लागि तयारी योजना नहुनु
- ☞ विपद् जोखिम न्यूनीकरणलाई प्राथमिकताको क्षेत्र मान्न नसक्नु (चेतनाको कमी)
- ☞ नगरपालिकाको विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐनको कार्यान्वयनको अभाव
- ☞ सम्पूर्ण क्षेत्र भूकम्पको जोखिममा रहेको छ

### ७.४.३ सम्भावना तथा अवसर

- ☞ जोखीम न्यूनीकरण, दीगो संरक्षण प्रणाली स्थापित।
- ☞ विपद् ब्यबस्थापन शाखाको स्थापना।
- ☞ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को तर्जुमा भईसकेको।
- ☞ विपद् जोखिम न्यूनीकरणका लागि बार्षिक कार्यक्रम, बजेट र नीतिको तर्जुमा गरिएको।
- ☞ क्षेत्रगत योजनाहरूमा अझ राम्रो र सुरक्षित दृष्टिकोण निर्माण गर्न विचार गर्दै।
- ☞ सामुदायिक उत्थानशिलतामा योगदान गर्ने परियोजनाहरूलाई विशेष प्राथमिकता दिँदै।

### ७.४.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**दीर्घकालीन सोच**

यस नगरपालिकामा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका लागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ।

**समुदायको संलग्नतामा विपदको व्यवस्थापन!**
**जलवायु उत्थानशीलता एवं जोखीमको न्यूनीकरण!!**

यस दीर्घकालीन सोच हासिल गर्नका लागि यस नगरपालिकाले समुदायको संलग्नतामा वृद्धि गर्ने उद्वेश्य राखेको छ। उपयुक्त सोचलाई सफल पार्न कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरेमा यस नगरवासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

***लक्ष्य :*** विपद् जोखिम न्यूनीकरणलाई समुदायको संलग्नता र नगरपालिकाको प्रमुख मुद्दामा पारी धनजनको क्षति हुनबाट बचाउने।

***उद्देश्य :*** समुदायको संलग्नतामा थप वृद्धि गर्दै विपद् जोखिममा न्यूनीकरण गर्ने।

***रणनीति***

- ☞ नगर स्तरीय विपद् व्यवस्थापनसँग सम्बन्धित नियमावली तथा विपद् कोष सञ्चालन कार्यविधि लगायतको नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ।

- ☞ विपद् व्यवस्थापनको लागि सम्बन्धित सरोकारवालाहरुबीच नियमित समन्वय गरी परिचालन गरिनेछ।
- ☞ वडा तथा नगरस्तरमा विपद् ब्यवस्थापन प्रति कार्ययोजना बनाइनेछ। सोको कार्यान्वयनको लागि सम्वन्धित सरोकारवाला निकायहरुसंग समन्वय गरी कार्य संचालन गर्ने व्यवस्था मिलाईनेछ।
- ☞ सम्भावित विपद् ब्यवस्थापनका लागि खोज तथा उद्धार,राहत सामग्रीको पूर्व भण्डारण गरी आवश्यकता अनुसार परिचालन गरिनेछ।
- ☞ प्राकृतिक विपद तथा महामारी जन्य अवस्थामा नगरबासीहरुको तत्काल खोज, उद्धार तथा स्वास्थ्य उपचारको लागि आपतकालीन उद्धार स्वास्थ्य टोली गठन गरी परिचालन गरिनेछ।
- ☞ विभिन्न संघ संस्थाहरुसंग समन्वयमा वडा तथा नगरस्तरमा तयार भएका विपद् व्यवस्थापन योजनाको कार्यान्वयन गरिनेछ।
- ☞ वारुणयन्त्र तयारी अवस्थामा राखी यसको सेवालाई भरपर्दो बनाइने छ, साथै यसको लागि जनशक्ति थप गरी क्षमता वृद्धि गरिनेछ।
- ☞ नगर तथा वडा स्तरीय विपद व्यवस्थापन समितिलाई परिचालन गरिनेछ।
- ☞ वन डँढेलो तथा वन अतिक्रमण नियन्त्रणका लागि जिल्ला बन कार्यालय, जिल्ला प्रशासन कार्यालय, नेपाल आर्मी, जिल्ला प्रहरी, स्थानीय संघ, संस्था, जनप्रतिनिधि, प्रहरी लगायतसँग आवश्यक समन्वय तथा परिचालन गरी डढेलो नियन्त्रण अभियानलाई निरन्तर चलाइनेछ।
- ☞ नगर भित्र अत्याधिक वन डढेलोको समस्या रहेकोले उक्त समस्या नियन्त्रण गर्न अग्नि रेखा कार्यक्रम सञ्चालन गरिनेछ।
- ☞ वन क्षेत्रमा जथाभावी सडक खन्ने कार्यलाई निरुत्साहित गरिनेछ। योजनावद्ध रुपमा सडक तथा पूर्वाधार बनाउँदा क्षति भएका रुख विरुवाको अनुपातमा वृक्षारोपण गर्नुपर्ने गरी सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ।
- ☞ जल तथा मौसमको सूचना नियमित रुपमा विश्लेषण तथा प्रबाह गरिनेछ।
- ☞ माथिल्ला तटीय क्षेत्र र तल्लो तटीय क्षेत्र बीच बाढी तथा हुरीबतासबारेमा पूर्व सूचना तथा पूर्व चेतावनी आदान प्रदान गरिनेछ ।

### ७.४.५ प्रमुख कार्यक्रम

- ☞ प्राकृतिक विपद् न्यूनीकरण कार्यक्रम।
- ☞ विपद जोखिम क्षेत्र नक्सांकन र विपद पूर्व सूचना उपकरण जडान कार्यक्रम।
- ☞ आपतकालीन उद्धारका साधन, सामग्री व्यवस्थापन तथा उद्धारकर्मी क्षमता विकास कार्यक्रम।
- ☞ जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रम।
- ☞ विपद व्यवस्थापन कोष स्थापना।
- ☞ अग्नि नियन्त्रण व्यवस्थापन
- ☞ विपद प्रतिकार्यात्मक सामाजिक सुरक्षा कार्यक्रम
- ☞ नगर आपतकालिन कार्य संचालन केन्द्र स्थापना कार्यक्रम

- ☞ वडा विपद् व्यवस्थापन समितिहरुको क्षमता विकास कार्यक्रम
- ☞ नदी र खोला आसपासका वस्तीहरुको लागि पूर्व सूचना प्रणाली जडान
- ☞ चट्याङ्ग तथा अल्पीकरणका क्रियाकलाप सम्बन्धी सचेतना कर्यक्रम
- ☞ चट्याङ न्यूनिकरण प्रविधिको व्यवस्थापन कार्यक्रम
- ☞ जंगली जनावर आतंक व्यवस्थापन कार्यक्रम (सञ्जाल गठन, परिचालन, जंगलमा फलफुल बिरुवा रोपन)
- ☞ जंगली जनावरको लागि जंगलमा आकाशे पानी संकलन पोखरी निर्माण कार्यक्रम
- ☞ विपद् जोखिम न्यूनीकरण सम्बन्धी क्षमता विकासका कार्यक्रम (खोज तथा उद्दार, प्राथमिक उपचार, क्षति तथा आवश्यकता विश्लेषण र लैंगिक समानता तथा सामाजिक समावेशीकरण)
- ☞ खोज तथा उद्दार, पूर्व सूचना प्रणाली सम्बन्धी आवश्यक सामाग्रीको व्यवस्थापन
- ☞ संकटासन्न समुदायको नक्साँकन कार्यक्रम

### ७.४.६ अपेक्षित उपलब्धी तथा नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **उपलब्धी : समुदायको संलग्नतामा थप वृद्धि गर्दै विपद् जोखिममा न्यूनीकरण भएको हुनेछ।** | आपतकालीन केन्द्रको स्थापना र संचालन (नगरपालिका) | ० | १ | १ | १ | १ | १ |
| | बिपद व्यवस्थापन योजना निर्माण र अद्यावधिक (संख्या) | १ | ० | ० | १ | ० | ० |
| **प्रतिफल १:** बिपद ब्यवस्थापन भई जनधनको क्षतिमा कमी आएको हुनेछ। | | | | | | | |
| | खुला क्षेत्र व्यवस्थापन | ६ | ८ | १० | १२ | १४ | १६ |
| | बिल्डिङ कोडको कार्यान्वयन (वार्ड संख्या) | १ | १ | १ | १ | १ | १ |
| | आगो निभाउने सामग्री र | १०० | १५० | २०० | २५० | ३०० | ३५० |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| | ब्यवस्थापन गर्ने (परिवार संख्या) | | | | | | |
| | बिपद् व्यवस्थापन योजना निर्माण /अद्यावधिक (संख्या) | १ | १ | १ | १ | १ | १ |
| | आगो निभाउने दमकल (संख्या) | १ | १ | १ | १ | १ | १ |
| | तालिम प्रप्त स्वमसेवक | ५ | १५ | २० | २५ | ३५ | ४० |

**अपेक्षित उपलब्धी**

☞ विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई कार्यान्वयन एवं अनुगमन भएको हुनेछ।

☞ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र पूर्व सूचना प्रणालीको व्यवस्था गरी सम्भावित जीऊ धनको क्षतिवाट जोगिन सर्वसाधारणहरुलाई पूर्व तयारी अवस्थामा राखिएको हुनेछ।

☞ विपद् व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरी जनमानसमा विपद पूर्वतयारी, उद्धार, पुनस्थापन क्षेत्रमा क्षमता अभिवृद्धि गरिएको हुनेछ।

☞ विपद् पश्चातको उद्धार र राहत सहितको प्रभावकारी प्रतिकार्य र दीगो बिकासमूलक पुनर्स्थापना र पुनर्निर्माणका लागि तयारी हालतमा रहने गरी ब्यबस्था गरिएको हुनेछ।

## परिच्छेद ८: संस्थागत विकास तथा सुशासन

सार्वजनिक सेवा प्रदायक निकायहरूलाई उत्तरदायी, पारदर्शी र भ्रष्टाचारबाट मुक्त राख्न स्थानीय तहमा तमाम कानूनहरू निर्माण त भएका छन्, तथापि अपेक्षित उद्देश्य यथोचित रूपमा हासिल हुन सकेको छैन। नेपालको संविधान २०७२ ले सार्वजनिक उत्तरदायित्वका आधारभूत संरचना तथा विशेषताहरूलाई आत्मसात गरेको छ। स्थानीय तह जनताको प्रत्यक्ष सरोकारको निकाय हो। यी निकायले के काम गर्दछन् ? कसरी गर्दछन् ? तिनको प्रभाव र परिणाम कस्तो परिरहेको छ ? भन्नेबारे जनता जान्न खोजिरहेका हुन्छन् । जिम्मेवार स्थानीय तहले जनताको यस्तो चासोको सम्बोधन गर्नुपर्दछ।

संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने प्रमुख दायित्व स्थानीय सरकारको रहेको छ। स्थानीय सरकारको फराकिलो अधिकार क्षेत्र, साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएको छ। स्थानीय तहमा जनप्रतिनिधिहरू निर्वाचित भई शासन व्यवस्था संचालन गरेको यथार्थता एकातिर छ भने अर्कोतर्फ पर्याप्त जनशक्तिको अभाव र नगरपालिकाको कमजोर संस्थागत क्षमताले गर्दा विकासका कामहरूले उल्लेखनीय गति लिन सकेको देखिंदैन। यद्यपि, नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरूको भवन तथा त्यसका लागि आवश्यकता अनुसारको भवन, फर्निचर, यातायात तथा उपकरणहरूको व्यवस्थाका लागि केहि काम भईरहेको छ भने जनप्रतिनिधिहरूलाई योजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा प्रचलित कानून आदि सम्बन्धी तालिमको व्यवस्था भैसकेको छ। नगरपालिकाको आन्तरिक स्रोतको वृद्धिको लागि आवश्यक योजना निर्माण गरी अगाडी बढने सोच नगरपालिकामा देखिन्छ। यसका लागि नगरपालिकाले निम्नानुसारको दीर्घकालीन सोच तय गरेको छ।

**सुशासन र स्थानीय स्वायत्ता !**
**जनमुखी प्रशासन तथा प्रविधि मैत्री सेवा प्रवाहको सुनिश्चितता !!**

यस दीर्घकालीन सोचका आधारमा संस्थागत विकास तथा सुशासन क्षेत्रको कार्यक्रम तथा बजेटहरूको व्यवस्था तय गरेमा यस नगरपालिकावासीहरूको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

### ८.१ संथागत सुशासन तथा क्षमता विकास

### ८.१.१ पृष्ठभूमि

बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा नवीनता अबलम्बन गर्न हाल सम्म नगरपालिकाले ४६ वटा कानुनहरू बनाईसकेकोछ । स्थानीय स्तरको समावेशी विकास र शासन प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्दै स्थानीय तहमा प्रतिबद्ध, सक्षम एवम् नेतृत्व विकासको वातावरण र जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई संघीय शासन प्रणालीलाई सुदृढीकरण गर्ने तथा सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने नगरपालिकाका सवै वडाहरूलाई कानुन सम्मत अधिकार प्रदान गरिएकोछ। यसका लागि नगरपालिकाको सँगठन ढाँचा तयार पारिएकोछ तथापि क्षमता विकासका कामहरू गर्न बाँकिनै छन। यसका अलावा नगरपालिकाले कर्मचारी व्यवस्थापन र अन्तर-सरकार, निजी तथा गैर सरकारी साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउनेतर्फ विशेष ध्यान दिंदै आएको पाईन्छ। यसलाई मध्यनजर गरी सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न स्थानीय कानून, नीति र सुशासन, सँगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ।

### ८.१.२ समस्या तथा चुनौती

नेपालको संविधान, नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन, संघीय कानून बमोजिम नगरपालिकाले अझै कृषि प्रसार तथा व्यवसाय प्रवर्द्धन, आधारभूत स्वास्थ्य तथा सरसफाई, पूर्वाधार विकास, महिला, बालबालिका र सशक्तीकरण लगायतका विषयमा ऐन, नीति, नियम, कार्यविधि निर्माण गर्न सकेको छैन । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सुसूचित गराउने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र सोको पालना अपेक्षाकृत कमजोर रहेको छ । सेवा प्रवाह र कार्यसम्पादनमा गैसस, निजी क्षेत्र र समुदायको साझेदारी हुन सकेको छैन । नगरपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यवसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्यहरूमा निजी र गैसस लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन । साथै संघ, प्रदेश र स्थानीय तह बिचको सहकार्यलाई जनचाहना बमोजिम बनाई कार्यमा हुने दोहोरोपन, फजुल खर्च र द्वन्द्वको न्यूनीकरण गर्न सकिएको छैन ।

### ८.१.३ सम्भावना तथा अवसर

बिनियोजन ऐन, आर्थिक ऐन, न्यायिक समितिको फैसला कार्यान्वयन कार्यविधिलाई व्यवस्थित गर्न बनेको ऐनहरू प्रमाणीकरण भई हालसम्म जम्मा ४६ वटा विषयगत ऐन, कानून, कार्यविधि तथा दिग्दर्शनहरु तयार गरी कार्यान्वयनमा ल्याइएको छ । यसैगरी नगर कार्यपालिकाबाट स्थानीय तहको अधिकार क्षेत्रका कार्यविभाजन तथा कार्यसम्पादन नियमावली, घ वर्गको निर्माण व्यवसाय नियमन कार्यविधि र शिक्षक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण भई अभ्यासमा रहेका छन् । सभाबाट न्यायिक समिति गठन भई स्थानीय विवाद समाधान प्रयास भैरहेकाछन् । सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिक समाज समेतको सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेबसाईट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास प्रारम्भ गरिएकोछ । यसका अलावा देहायका सम्भावना तथा अवसरहरू यस नगरपालिकामा पाईएका छन ।

- ☞ राजश्वको स्रोत र दायरा फराकिलो बनाउन थालनी गरीएको ।
- ☞ राजश्व प्रशासनलाई विद्युतीय प्रणालीमा आवद्ध गर्ने कार्य अगाडि बढाईएको ।
- ☞ हालसम्म यस नगरपालिकामा १,२२९ व्यवसायलाई करको दायरामा ल्याइएको ।
- ☞ नगरपालिकाको संगठन संरचना पुनरावलोकन अध्ययन कार्य (Organization and Management Survey) भएको ।
- ☞ कर्मचारीहरुको विद्युतीय हाजिर (Electronic) पुन: सञ्चालनमा ल्याईएको ।
- ☞ सम्पुर्ण करहरु अनलाईन प्रणालीबाट दाखिला गर्न (E-TDS) को थालनी गरीएको छ ।

### ८.१.४ उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### दीर्घकालीन सोच

यस नगरपालिकामा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका लागि विद्यमान अवसर र चुनौतीका आधारमा उल्लेखनीय उपलब्धीहरू हासिल गर्न देहायको दीर्घकालीन सोच तय गरिएको छ ।

**" प्रभावकारी सेवा प्रवाह, नागरिक मैत्री प्रशासन र चुस्त बित्तिय व्यवस्थापन !**
**चौतारासांगाचोक गढीको नारा, विकासमा साझेदारी र कर्ममा सुशासन !!**

यस दीर्घकालीन सोचका आधारमा संस्थागत विकास तथा शुसासन क्षेत्रको कार्यक्रम तथा बजेटहरूको व्यवस्था तय गरेमा यस नगरपालिकावासीको जनजीविकामा गुणात्मक सुधार आउनेछ भन्ने सर्वमान्य सहमति निर्माण भएको छ।

***लक्ष्य :*** प्रभावकारी सेवा प्रवाहका लागि नगरपालिकाको संस्थागत क्षमता विकास गरिनेछ।
***उद्देश्य :*** स्थानीय स्तरमा प्रवाह हुने सवै संघसंस्थाका सेवाहरूलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी बनाउने ।
***रणनीति***

- ☞ स्थानीय कानून, नीति, नियम, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने।
- ☞ मध्यस्थताद्वारा स्थानीय विवादहरूको समाधान, कानूनी साक्षरता तथा मेलमिलाप माध्यमद्वारा समुदाय तहमा शान्ति र सामाजिक सद्भाव कायम गर्ने।
- ☞ स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राही मैत्री बनाउन कार्यविधि निर्माण गरी सेवा प्रवाहलाई व्यवस्थित गर्ने।
- ☞ राजस्वको आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित रही व्यवस्थित गर्ने।
- ☞ आन्तरिक राजस्व वृद्धि गर्ने साथै कर प्रणालीलाई सरल र पारदर्शी बनाउदै क्रमशः स्मार्ट कर प्रणाली लागू गर्ने।
- ☞ नगरपालिकाभित्र रहेका सबै व्यवसायहरूलाई करको दायरा भित्र ल्याउन व्यवसाय दर्तालाई अभियानको रूपमा संचालन गरिने।
- ☞ व्यवसाय करको प्रभावकारी संकलन र व्यवस्थापनको लागि व्यवसाय कर असुली रणनीति तयार गरी वडा तथा नगरस्तरीय कार्यक्रम सञ्चालन गरिने छ।
- ☞ गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग साझेदारी विकास गर्ने।
- ☞ योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने।
- ☞ प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ र सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्तिसहितको नागरिक वडा पत्र क्रमशः कार्यान्वयन गर्ने ।
- ☞ मोबाइल एप्सबाट पञ्जीकरणको व्यवस्था तथा विद्युतीय नागरिक वडापत्रको व्यवस्था मिलाउने।
- ☞ आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण खुलेको होर्डिङ बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य बनाउने।
- ☞ नगरपालिकाको संस्थागत क्षमता विकास गर्न नव निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अभिमुखीकरण, तालिम, गोष्ठी, अध्ययन भ्रमण जस्ता कार्यक्रमहरू सञ्चालन गरिने।

### ८.१.५ कार्यक्रम तथा आयोजना

- ☞ ऐन नियम तर्जुमा तथा क्षमता विकास कार्यक्रम।
- ☞ सामाजिक जवाफदेहीता प्रबर्धन कार्यक्रम।
- ☞ निर्मित कानूनको संचार माध्यमबाट प्रचार प्रसार।
- ☞ किसान समूह, महिला समूह जस्ता सामुदायिक संस्थाहरूको सशक्तिकरण।

## ८.१.६ नतिजा खाका

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| **उपलब्धी :** स्थानीय स्तरमा प्रवाह हुने सवै संघसंस्थाका सेवाहरूलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी भएको हुनेछ | नपाको क्षमता विकास योजना निर्माण र अद्यावधिक | ० | निर्माण | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन |
| | नगर विकास प्रथम पञ्चवर्षिय योजना निर्माण र मद्यावधिक मूल्यांकन | ० | निर्माण | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन |
| | नगरिक वडा पत्र अनुसार सेवा प्रवाह (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | मेलमिलाप केन्द्रहरूका स्थापना | ८ | १२ | १४ | १४ | १४ | १४ |
| **प्रतिफल नं. १:** स्थानीय शासनका साझेदारहरूको संस्थागत क्षमता विकास भएको हुनेछ। | न्यूनतम् भौतिक पूर्वाधार सहित आफ्नै कार्यालय भवन भएका वार्ड कार्यालय (संख्या) | १३ | १४ | १४ | १४ | १४ | १४ |
| | नपाको कम्प्युटरमा आधारित अभिलेख प्रणाली मार्फत सेवा प्रदान गर्ने (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | ईन्टरनेट सुविधासहित आफ्नै वेवसाइट भई नियमित सेवा उपलव्ध गराउने वार्ड (संख्या) | १४ | १४ | १४ | १४ | १४ | १४ |
| | ईन्टरनेट सुविधा उपलब्ध स्रोत केन्द्र र विद्यालय तथा सामुदायिक अध्ययन केन्द्र र टेली सेन्टर (प्रतिशत) | २ | ३ | ५ | १० | १५ | २५ |
| | आवश्यक र दरबन्दी अनुसार न.पा.का. मा कार्यरत मानव संसाधन परिपूर्ति (प्रतिशत) | ८९ | ९० | ९२ | ९४ | ९५ | ९८ |
| **प्रतिफल नं. २:** स्रोत परिचालनमा स्थानीय तहको क्षमता अभिवृद्धि भई योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, प्रभावकारी भएको हुनेछ। | स्वीकृत बजेट तथा खर्चको नियमित सार्वजनिक वेबसाइट, संचार माध्यम, सूचना पाटी नपा र १४ वटै वडा (साप्ताहिक संख्या) | १ | १ | १ | १ | १ | १ |
| | नपाको कूल बजेटमा स्थानीय स्रोतको योगदान (राजश्व बाँडफाँड सहित) (प्रतिशत) | २२ | २५ | २७ | २८ | ३० | ४० |
| | नपाको आन्तरिक आयको वृद्धि -प्रतिशत) | १० | १० | २० | ३५ | ४० | ५० |
| | नपाको कूल बजेटमा गै.स.स. | ० | ० | ६ | ७ | ९ | १० |

| विवरणात्मक संक्षेप | सूचकहरू | २०७९/०८० आधार वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ (लक्षित वर्ष) |
|---|---|---|---|---|---|---|---|
| | र विकास साझेदारको स्रोत (प्रतिशत) | | | | | | |
| | रणनीतिक योजना तर्जुमा भएका विषयगत क्षेत्रहरू (संख्या) | १ | २ | ३ | ४ | ५ | ५ |
| **प्रतिफल नं. ३:** स्थानीय शासन तथा निर्णय प्रक्रिया सहभागितामूलक , पारदर्शी र जवाफदेही भएको हुनेछ । | आवश्यक ऐन, नियम, नीति तथा निर्देशिका र संरचना, विधिहरूको निर्माण (संख्या) | ४६ | ५० | ७५ | १०० | १०० | १०० |
| | नियमित सार्वजनिक सुनुवाई आयोजना गरी प्रतिवद्धता कार्यान्वयन गर्ने वार्ड (संख्या) | १४ | १४ | १४ | १४ | १४ | १४ |
| | नपाबाट प्रदान गर्ने सेवा सुविधाबाट सन्तुष्ट सेवाग्राही (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | नपा क्षेत्रमा क्रियाशील नागरिक समाजका संस्था (संख्या) | ५ | ६ | ७ | ८ | ९ | १० |
| | स्थानीय न्यायिक समितिबाट निर्क्यौल हुने कूल मुद्धाको दर (प्रतिशत) | ४५ | ७५ | ८० | १०० | १०० | १०० |
| | नगरपालिका लगायत वडा स्तरको सेवा प्रवाह सुची डिजिटल डिस्प्ले वोर्ड मार्फत जनतालाई सुचित गरिएको । (डिजिटल डिस्प्ले वोर्ड संख्या) | १ | ३ | ५ | ६ | ० | ० |
| | नागरिक बडापत्र राखिएका वडा सँख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |
| | नगरपालिकाले वार्षिक योजनामा तर्जुमा गरेका परियोजना मध्ये समयमै सम्पन्न (प्रतिशत) | ८० | ८५ | ९० | १०० | १०० | १०० |

## अपेक्षित उपलब्धीहरू

- ☞ स्थानीय स्तरमा प्रवाह हुने सवै संघसंस्थाका सेवाहरूलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी भएको हुनेछ ।
- ☞ स्थानीयस्तरका सरोवारवाला निकायहरू, सामाजिक संघ-सँगठन, विभिन्न समिति तथा उप-समितिहरूको संस्थागत क्षमता विकास र योजना कार्यान्वयनमा जिम्मेवारी र अपनत्व सृजना भएको हुनेछ ।

## ८.२ न्याय तथा कानून

नेपालको संविधान, २०७२ ले स्थानीय अधिकार क्षेत्रको विवाद निरुपण गर्नका लागि न्यायिक समितिको व्यवस्था गरेको छ। जसलाई स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ८ को दफा ४७ ले निरुपण वा मेलमिलापको माध्यमबाट समाधान गर्न सकिने २ फरक प्रकृतिका विवादलाई उपदफा (१) र (२) मा विभाजन गरेको छ। समाजमा देखिएका विवादहरुलाई संवादको माध्यमबाट समाधान गरि दिगो शान्ति स्थापना गर्ने उद्देश्यका साथ मेलमिलापको अवधारणा नेपालमा अवलम्बन हुँदै आइरहेको छ। "ढिला न्याय दिनु भनेको न्याय नदिनु सरह हो," भन्ने मान्यतालाई आत्मसात गर्दै न्यायिक समितिका कार्यहरुलाई अगाडि बढाउदै लैजाने न्यायिक समितिको जिम्मेवारी रहेको छ। नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र रहेर आवश्यकता बमोजिमका ऐन कानून तथा कार्यविधिहरु निर्माण गरेको छ भने सोही कानूनको अधिनमा रही विभिन्न कार्य सम्पादन गरिएको छ।

**मुख्य सम्भावना र अवसरहरु**

स्थानीय तहमा कानून निर्माणको संवैधानिक अधिकार निक्षेपण गरिएको।

संविधानमा न्यायिक समितिको परिकल्पना गरिएको।

न्याय सम्पादनमा स्थानीय नागरिकहरुको पहुँच बढ्नु।

स्थानीय तहबाट न्यायिक मुद्धाको निरुपण सहज ढंगबाट हुनु।

न्याय र कानून प्रति जनचेतना वृद्धि हुँदै जानु।

**प्रमुख समस्या र चुनौतीहरु**

नागरिकहरुमा कानूनी साक्षरता र ज्ञानको कमी हुनु।

न्यायिक समितिका पदाधिकारीहरु जनप्रतितिधि हुने व्यवस्थाले निष्पक्ष न्याय सम्पादनमा समस्या उत्पन्न हुन सक्ने। दीर्घकालीन सोच : चौतारा साँगाचोकगढी नगर :न्यायिक सुशासनमा पारदर्शिता

***लक्ष्य :*** समतामुलक न्याय सम्पादन गर्ने।

**उद्देश्यहरु :** न्यायिक निरुपणका माध्यमबाट दिगो शान्ति स्थापना गर्ने।

रणीनीति : न्यायिक निरुपणलाई प्रभावकारी, पारदर्शी र सबल बनाउने।

**कार्यनीति :**

- ☞ मेलमिलाप सम्बन्धी आधारभूत तालिम, न्याय सम्पादनमा संलग्न व्यक्तिहरुलाई कानूनी साक्षरता तालिम लगायतका अन्य तालिम कार्यक्रमहरु संचालन गरी कानूनी साक्षरता वृद्धि गरिनेछ।
- ☞ नगरपालिका स्तरमा न्यायिक असल अभ्यासहरुको आदानप्रदान गरिनेछ।

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

प्रथम पञ्चवर्षिय योजना कार्यान्वयनका लागि वित्तीय, मानवीय तथा भौतिक स्रोतको व्यवस्थापन महत्वपूर्ण छ । कतिपय अवस्थामा आवश्यकताअनुसार वित्तीय र मानवीय स्रोत उपलब्ध हुन नसक्दा योजनाले साकार रुप लिन सकेको हुंदैन । यसका लागि नगरपालिकाको इच्छाशक्ति, उपयूक्त रणनीति र कार्यान्वयन क्षमता आवश्यकता पर्दछ । यसवारेमा यस परिच्छेदमा कार्यान्विनका लागि आवश्यक पर्ने मनवीय स्रोत तथा उपलब्ध वित्तीय स्रोतको अवस्थाका बारेमा चर्चा गरिएको छ ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट नवगठित यस गाउँपालिकाको २०७४ बैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचतबाट निर्वाचित नगर कार्यपालिका मार्फत नगरपालिकाको कार्य संचालन हुदैआएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित संगठन संरचना अनुसार गाउँपालिकामा ७ वटा शाखाहरू (प्रशासन, योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास तथा वातावरण शाखा, सामाजिक विकास शाखा, पशू सेवा शाखा, कानून शाखा, कृषि विकास शाखा, आर्थिक प्रशासन शाखा) १३ वटा शाखा र १४ वटा वडा कार्यालय समेत संचालनमा आएकाछन । तर हालसम्म प्रस्तावित संगठन संरचना अनुसार कर्मचारीको व्यवस्था भएको छैन । हाल नगरपालिकामा ४६ जना कर्मचारी कार्यरत रहेका छन् । जसमध्ये ११ जना अधिकृत स्तरका र अन्य सो भन्दा तललो तहका कर्मचारीहरू रहेका छन ।

नगरपालिकामा पदाधिकारी तथा कर्मचारीका अतिरिक्त स्थानीय स्तरमा कार्यरत अन्य संस्थाका कर्मचारी, उपभोक्ता समिति तथा आमनागरिकसमेत यस नगरपालिकाका मानव संशाधनका रुपमा रहेका छन्। आवधिक विकास योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न संघीय शासन व्यवस्था अनुसार संवैधानिक अधिकारसहित स्थापित यस नगरपालिकाले तत्काल संवैधानिक व्यवस्था बमोजिमको कार्यविभाजन तथा कार्यसम्मादन नियमावली तयार तथा स्वीकृत गरी लागू गरेको देखिन्छ । यसैगरी वडा कार्यालय समेत गाउँ कार्यपालिकाबाट प्रवाह गर्ने सेवा सुविधा र सम्पादन गर्ने कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार गरी लागु गर्नुपर्ने देखिन्छ ।

नगरपालिकाको प्रथम प्रथम पञ्चवर्षिय योजना लक्ष्य, उद्देश्य एवम्विषय क्षेत्रगत लक्ष्य, उद्देश्य प्राप्त गर्न प्रस्तुत कार्यक्रम संचालन गर्न कुल १०४ जना मानव संशाधनको आवश्यकता रहने प्रस्ताव गरिएको छ । उक्त मानव संशासन स्थानीय सेवा संचालनको नियमित प्रक्रिया, सेवा करार र सेवा खरिद गरी व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

## ९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

आगामी ५ वर्ष अवधिमा विकासका समस्त गतिविधिहरूलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न र सेवा प्रवाहलाई प्रभावकारी र सयम सापेक्ष बनाउन विगयगत रूपमा तलको बजेट प्रस्तावित गरिएको छ ।

## तालिका ९.१: नगरपालिकाको विगत ४ वर्षको बजेट विश्लेषण

| शिर्षक | आ.व. २०७६।०७७ | आ. व. २०७७।०७८ | आ.व. २०७८।०७९ | आ.व. २०७९।०८० |
|---|---|---|---|---|
| संघिय सरकार समानिकरण अनुदान | २०१७००००० | १९७२००००० | २०३१००००० | २१४३०० |
| संघिय सरकार राजस्व बाँडफाँड | ११२२००००० | १०३०९२२७० | १०३८१८००० | १०६३७१ |
| संघिय सरकार विशेष अनुदान | ० | ० | २९१००००० | १२० |
| संघिय सरकार समपुरक अनुदान | १६००००००० | ५००००००० | ८३०००००० | ९० |
| संघिय सरकार ससर्त अनुदान चालु | ३१८८००० | ३७८२००००० | ३८५६००००० | ४१९५ |
| संघिय सरकार ससर्त अनुदान पुँजीगत | ० | ० | ८४०००००० | २८०० |
| प्रदेश सरकार समानिकरण अनुदान | १०५९१००० | १०५४४००० | १८२४८००० | १३१२८ |
| प्रदेश सरका राजस्व बाँडफाँड | ८९४०४४०० | ५४७९०००० | ९७२२९२९० | ८०४७५ |
| प्रदेश सरकार ससर्त अनुदान | ३०९५००० | १९०८९००० | २४३६४००० | १५५१६ |
| प्रदेश सरकार विशेष अनुदान | ० | ५०००००० | ३०००००० | २६६७ |
| प्रदेश सरकार समपुरक अनुदान | २०००००००० | २१०००००० | ३०००००००० | २३६६७ |
| सामाजिक सुरक्षा | १५५००००००० | ० | ० | २२००३ |
| आन्तरीक राजस्व | २०३३१५६०० | २१३४७३७३० | २४३३००००० | ५१६६७ |
| गत वर्षको अल्या | ६०८२४००० | ० | ३१२४२७१० | ३०६८९ |
| **जम्मा** | **८७५३१८०००** | **१०५२३८९०००** | **११८५७०२०००** | **५६७६८८** |

**तालिका ९.२: प्रथम पञ्चवर्षिय योजना २०८०/०८१ - २०८४/०८५ सम्मका लागि नगरपालिकामा प्राप्त हुन सक्ने बजेटको स्रोत (रू. हजारमा)**

| सि. नं. | शिर्षक | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संघ सशर्त अनुदान चालु | ४४९,८००,००० | ४७२,२९०,००० | ४९५,९०४,५०० | ५२०,६९९,७२५ | ५४६,७३४,७११ | **२,४८५,४२८,९३६** |
| २ | संघ सशर्त अनुदान पुंजीगत | १२,६००,००० | १३,२३०,००० | १३,८९१,५०० | १४,५८६,०७५ | १५,३१५,३७९ | **६९,६२२,९५४** |
| ३ | संघ समपुरक अनुदान | ८,०००,००० | ८,४००,००० | ८,८२०,००० | ९,२६१,००० | ९,७२४,०५० | **४४,२०५,०५०** |
| ४ | संघ विशेष अनुदान | १६,०००,००० | १६,८००,००० | १७,६४०,००० | १८,५२२,००० | १९,४४८,१०० | **८८,४१०,१००** |
| ५ | संघ समानीकरण | १८४,२००,००० | १९३,४१०,००० | २०३,०८०,५०० | २१३,२३४,५२५ | २२३,८९६,२५१ | **१,०१७,८२१,२७६** |
| ६ | संघ राजश्व बाँडफाँड | १२३,२३१,००० | १२९,३९२,५५० | १३५,८६२,१७८ | १४२,६५५,२८६ | १४९,७८८,०५१ | **६८०,९२९,०६५** |
| ७ | प्रदेश विशेष अनुदन | २०,०००,००० | २१,०००,००० | २२,०५०,००० | २३,१५२,५०० | २४,३१०,१२५ | **११०,५१२,६२५** |
| ८ | प्रदेश सशर्त अनुदान | २३,४४२,००० | २४,६१४,१०० | २५,८४४,८०५ | २७,१३७,०४५ | २८,४९३,८९८ | **१२९,५३१,८४८** |
| ९ | प्रदेश समपुरक अनुदान | २५,०००,००० | २६,२५०,००० | २७,५६२,५०० | २८,९४०,६२५ | ३०,३८७,६५६ | **१३८,१४०,७८१** |
| १० | प्रदेश समानीकरण | २०,५८१,००० | २१,६१०,०५० | २२,६९०,५५३ | २३,८२५,०८० | २५,०१६,३३४ | **११३,७२३,०१७** |
| ११ | प्रदेश राजश्व बाँडफाँड | १२३,५२३,४०० | १२९,६९९,५७० | १३६,१८४,५४८ | १४२,९९३,७७६ | १५०,१४३,४६५ | **६८२,५४४,७५९** |
| १२ | आन्तरिक स्रोत ( दहत्तर बहत्तर) | २२५,४००,००० | २३६,६७०,००० | २४८,५०३,५०० | २६०,९२८,६७५ | २७३,९७५,१०९ | **१,२४५,४७७,२८४** |
| १३ | घरजग्गा रजिष्टेशन बाँडफाँड | १०,०००,००० | १०,५००,००० | ११,०२५,००० | ११,५७६,२५० | १२,१५५,०६३ | **५५,२५६,३१३** |
| १४ | अल्या रकम | २८,४२२,६०० | २९,८४३,७३० | ३१,३३५,९१७ | ३२,९०२,७१२ | ३४,५४७,८४८ | **१५७,०५२,८०७** |
| १५ | नगर तथा वडाको आन्तरिक आय | २०,०००,००० | २१,०००,००० | २२,०५०,००० | २३,१५२,५०० | २४,३१०,१२५ | **११०,५१२,६२५** |
| **जम्मा** | | **१,२९०,२००,०००** | **१,३५४,७१०,०००** | **१,४२२,४४५,५००** | **१,४९३,५६७,७७५** | **१,५६८,२४६,१६४** | **७,१२९,१६९,४३९** |

प्रथम पञ्चवर्षिय योजना २०८०/०८१ देखि २०८४/०८५ सम्मको अनुमानित लगानी र सोही समयमा नगरपालिका भित्रको खर्च सम्बन्धी बजेटको प्रक्षेपण ७ अर्व १२ करोड ९१ लाख ६९ हजार ४ सय ३९ रूपैंया गरिएको छ।

## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

प्रथम पञ्चवर्षिय योजनाकालागि लगानी अनुमान गर्दा नगरपालिकाको आयोजनामा संचालन गरिएको योजना तर्जुमा कार्यशालामा राजनैतिक दलका नेतृत्व, सम्बन्धित विषयगत निकायका प्रमुख, सम्मिलित समूहले आ-आफ्ना विषयगत कार्यक्रममा जनचाहना रूअनुरूप आएका र गरिएका परिबर्तन, विगतको आय प्रवृत्ति र खर्च गर्ने क्षमताका आधारमा समेत निर्धारण गरेका कार्यक्रमहरू र अनुमान गरेको खर्च रकमलाई नै मुख्य आधार लिइएकोछ। यसैगरी संभावित आन्तरिक राजस्व, संघीय तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हुने संघीय सरकारको वित्तिय समानीकरण अनुदान, प्रदेश सरकारको

वित्तिय समानीकरण अनुदान, संघीय सरकारको सशर्त अनुदान, संघीय सरकारको राजश्व बाँडफाँड, प्रदेश सरकारको सवारी साधनको कर बाँडफाँड, प्रदेश सरकारको थप अनुदान आदिलाई लिईएको छ । अपुग रकमको सम्बन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका गैर सरकारी संस्थाहरूले परिचालन गर्ने संभावित स्वदेशी तथा वैदेशिक रकम, सहकारीहरू, विभिन्न प्रतिनिधिमूलक संघसंस्था तथा निजीक्षेत्रले परिचालन गर्ने रकमबाट सामन्जस्यता कायम गरिनेछ ।

**तालिका ९.३: प्रथम पञ्चवर्षिय योजना २०८०/०८१ - २०८४/०८५ का लगि खर्च हुन सक्ने बजेटको प्रक्षेपण**

**(बजेट रू. हजारमा)**

| क्र.स | विषयगत क्षेत्र | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ | जम्मा परिणाम |
|---|---|---|---|---|---|---|---|
| १ | संघ सशर्त अनुदान चालू | ४४९,८००,००० | ४७२,२९०,००० | ४९५,९०४,५०० | ५२०,६९९,७२५ | ५४६,७३४,७११ | **२,४८५,४२८,९३६** |
| २ | संघ सशर्त अनुदान पुँजीगत | १२,६००,००० | १३,२३०,००० | १३,८९१,५०० | १४,५८६,०७५ | १५,३१५,३७९ | **६९,६२२,९५४** |
| ३ | संघ समपुरक अनुदान | ८,०००,००० | ८,४००,००० | ८,८२०,००० | ९,२६१,००० | ९,७२४,०५० | **४४,२०५,०५०** |
| ४ | संघ समपुरक अनुदान (नगरले व्यहोर्ने) | ८,०००,००० | ८,४००,००० | ८,८२०,००० | ९,२६१,००० | ९,७२४,०५० | **४४,२०५,०५०** |
| ५ | संघ विशेष अनुदान | १६,०००,००० | १६,८००,००० | १७,६४०,००० | १८,५२२,००० | १९,४४८,१०० | **८८,४१०,१००** |
| ६ | प्रदेश विशेष अनुदन | २०,०००,००० | २१,०००,००० | २२,०५०,००० | २३,१५२,५०० | २४,३१०,१२५ | **११०,५१२,६२५** |
| ७ | प्रदेश सशर्त अनुदान | २३,४४२,००० | २४,६१४,१०० | २५,८४४,८०५ | २७,१३७,०४५ | २८,४९३,८९८ | **१२९,५३१,८४८** |
| ८ | प्रदेश समपुरक अनुदान | २५,०००,००० | २६,२५०,००० | २७,५६२,५०० | २८,९४०,६२५ | ३०,३८७,६५६ | **१३८,१४०,७८१** |
| ९ | विपद् व्यवस्थापन | ६,५००,००० | ६,८२५,००० | ७,१६६,२५० | ७,५२४,५६३ | ७,९००,७९१ | **३५,९१६,६०३** |
| १० | स्वास्थ्य | ३०,०००,००० | ३१,५००,००० | ३३,०७५,००० | ३४,७२८,७५० | ३६,४६५,१८८ | **१६५,७६८,९३८** |
| ११ | रोजगार | ६,०००,००० | ६,३००,००० | ६,६१५,००० | ६,९४५,७५० | ७,२९३,०३८ | **३३,१५३,७८८** |
| १२ | कृषि सेवा | ३५,०००,००० | ३६,७५०,००० | ३८,५८७,५०० | ४०,५१६,८७५ | ४२,५४२,७१९ | **१९३,३९७,०९४** |
| १३ | पशु सेवा | १५,०००,००० | १५,७५०,००० | १६,५३७,५०० | १७,३६४,३७५ | १८,२३२,५९४ | **८२,८८४,४६९** |
| १४ | शिक्षा, युवा तथा खेलकुद | ४९,०००,००० | ५१,४५०,००० | ५४,०२२,५०० | ५६,७२३,६२५ | ५९,५५९,८०६ | **२७०,७५५,९३१** |
| १५ | पूर्वाधार | ८७,५००,००० | ९१,८७५,००० | ९६,४६८,७५० | १०१,२९२,१८८ | १०६,३५६,७९७ | **४८३,४९२,७३४** |
| १६ | सिंचाई | १५,०००,००० | १५,७५०,००० | १६,५३७,५०० | १७,३६४,३७५ | १८,२३२,५९४ | **८२,८८४,४६९** |
| 17 | खानेपानी | १५,०००,००० | १५,७५०,००० | १६,५३७,५०० | १७,३६४,३७५ | १८,२३२,५९४ | **८२,८८४,४६९** |
| १८ | म्याचिङ फण्ड | २०,०००,००० | २१,०००,००० | २२,०५०,००० | २३,१५२,५०० | २४,३१०,१२५ | **११०,५१२,६२५** |
| १९ | लक्षित वर्ग | १७,०००,००० | १७,८५०,००० | १८,७४२,५०० | १९,६७९,६२५ | २०,६६३,६०६ | **९३,९३५,७३१** |

| क्र.स | विषयगत क्षेत्र | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ | जम्मा परिणाम |
|---|---|---|---|---|---|---|---|
| २० | वन वातावरण | १०,०००,००० | १०,५००,००० | ११,०२५,००० | ११,५७६,२५० | १२,१५५,०६३ | **५५,२५६,३१३** |
| २१ | उद्योग तथा वाणिज्य | १,०००,००० | १,०५०,००० | १,१०२,५०० | १,१५७,६२५ | १,२१५,५०६ | **५,५२५,६३१** |
| २२ | लघु उद्यम | २,५००,००० | २,६२५,००० | २,७५६,२५० | २,८९४,०६३ | ३,०३८,७६६ | **१३,८१४,०७८** |
| २३ | पर्यटन तथा सँस्कृति | ८,५००,००० | ८,९२५,००० | ९,३७१,२५० | ९,८३९,८१३ | १०,३३१,८०३ | **४६,९६७,८६६** |
| २४ | नगर पूर्वाधार | १०,०००,००० | १०,५००,००० | ११,०२५,००० | ११,५७६,२५० | १२,१५५,०६३ | **५५,२५६,३१३** |
| २५ | सहकारी | १,०००,००० | १,०५०,००० | १,१०२,५०० | १,१५७,६२५ | १,२१५,५०६ | **५,५२५,६३१** |
| २६ | न्यायिक समिति | २,०००,००० | २,१००,००० | २,२०५,००० | २,३१५,२५० | २,४३१,०१३ | **११,०५१,२६३** |
| २७ | आई.ई.ई, डि.पि.आर, सफ्टवेयर स्तरोन्नती | ३,०००,००० | ३,१५०,००० | ३,३०७,५०० | ३,४७२,८७५ | ३,६४६,५१९ | **१६,५७६,८९४** |
| २८ | सूचना प्रविधि तथा संचार | २,५००,००० | २,६२५,००० | २,७५६,२५० | २,८९४,०६३ | ३,०३८,७६६ | **१३,८१४,०७८** |
| २९ | नगर गौरवको योजना | १०,०००,००० | १०,५००,००० | ११,०२५,००० | ११,५७६,२५० | १२,१५५,०६३ | **५५,२५६,३१३** |
| ३० | प्रभावित क्षेत्र | ७,५००,००० | ७,८७५,००० | ८,२६८,७५० | ८,६८२,१८८ | ९,११६,२९७ | **४१,४४२,२३४** |
| ३१ | विविध कार्यक्रम | ४,९९८,००० | ५,२४७,९०० | ५,५१०,२९५ | ५,७८५,८१० | ६,०७५,१०० | **२७,६१७,१०५** |
| ३२ | वडास्तरीय योजना (१-१४ वडामा) | ११९,०००,००० | १२४,९५०,००० | १३१,१९७,५०० | १३७,७५७,३७५ | १४४,६४५,२४४ | **६५७,५५०,११९** |
| 33 | चालु खर्च | १४०,०००,००० | १४७,०००,००० | १५४,३५०,००० | १६२,०६७,५०० | १७०,१७०,८७५ | **७७३,५८८,३७५** |
| ३४ | कर्मचारी कल्याणकारी कोष | ५,०००,००० | ५,२५०,००० | ५,५१२,५०० | ५,७८८,१२५ | ६,०७७,५३१ | **२७,६२८,१५६** |
| ३५ | शहिद परिवार कार्यक्रम | १,०००,००० | १,०५०,००० | १,१०२,५०० | १,१५७,६२५ | १,२१५,५०६ | **५,५२५,६३१** |
| ३६ | मागमा आधारित | १०,०००,००० | १०,५००,००० | ११,०२५,००० | ११,५७६,२५० | १२,१५५,०६३ | **५५,२५६,३१३** |
| ३७ | सामी परियोजना | २००,००० | २१०,००० | २२०,५०० | २३१,५२५ | २४३,१०१ | **१,१०५,१२६** |
| ३८ | आन्तरिक स्रोतबाट प्रदेशमा जाने ४० प्रतिशत | ९०,१६०,००० | ९४,६६८,००० | ९९,४०१,४०० | १०४,३७१,४७० | १०९,५९०,०४४ | **४९८,१९०,९१४** |
| 39 | आर्थिक सहायता | ३,०००,००० | ३,१५०,००० | ३,३०७,५०० | ३,४७२,८७५ | ३,६४६,५१९ | **१६,५७६,८९४** |
| **कुल जम्मा अनुमान** | | **१,२९०,२००,०००** | **१,३५४,७१०,०००** | **१,४२२,४४५,५००** | **१,४९३,५६७,७७५** | **१,५६८,२४६,१६४** | **७,१२९,१६९,४३९** |

## ९.५ स्रोत परिचालन रणनीति

### क. आन्तरिक श्रोत र साधन पहिचान तथा परिचालन

- ☞ आन्तरिक श्रोत (राजस्व, कर, सेवा तथा शुल्ल) का क्षेत्र पहिचान परिचालन गर्ने ।
- ☞ नगरपालिकाको संभावित कर, राजस्व र शुल्कका श्रोतहरूलाई करको दायरामा ल्याउने ।
- ☞ आवश्यकता अनुसार राजस्व संकलन केन्द्रको स्थापना गर्ने तथा साझेदारीमा राजस्व संकलन गर्ने
- ☞ ढुङ्गा, गिटी, बालुवा उपलब्ध हुने क्षेत्रसम्म पुग्ने लिङ्क बाटो निर्माण गरी थप राजस्व सङ्कलन गर्न सकिने ।
- ☞ बिस्तार हुँदै गएको नयाँ बजार केन्द्र को पहिचान गरी राजस्व परिचालनको योजना तर्जुमा गर्ने ।
- ☞ घर जग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व बाँडफाँडको रकममा वृद्धि गर्न मालपोत कार्यालयबाट तोकिने न्यूनतम मूल्यांकनलाई बढी व्यवहारिक बनाउने ।
- ☞ नगरपालिकाबाट प्रदान गरिने विभिन्न किसिमका सिफारिसमा लिने दस्तुरको पुनरावलोकन गरी थप राजस्व प्राप्त गर्न सकिने ।
- ☞ स्थानीय सेवा शुल्क नीति तयार गरी लागू गर्ने ।
- ☞ स्थानीय सेवा, शुल्क तथा राजस्व संकलन तथा परिचालनलाई प्रभावकारी बनाउन अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउने ।

### ख. अन्य श्रोत परिचालन तथा व्यवस्थापन

- ☞ संभाव्यताका आधारमा दीर्घकालीन आयोजनाहरू संचालनमा लगानी गर्न प्राथमिकता दिने ।
- ☞ विकास साझेदार, गैसस तथा निजी क्षेत्रसँग साझेदारी वृद्धि गर्ने ।
- ☞ संघ तथा प्रदेशसँग थप श्रोतको लागि अनुरोध गर्ने ।
- ☞ स्थानीय श्रम, श्रोत र साधन परिचालन तथा जनसहभागिता वृद्धि गर्ने ।
- ☞ सेवा प्रवाहमा निजी क्षेत्र, गैसस परिचालन तथा साझेदारीमा जोड दिने ।
- ☞ नगरपालिका र निजीक्षेत्र बीच संयुक्त लगानीका क्षेत्रको खोजी गर्ने ।
- ☞ भाषा, संस्कृति तथा पर्यटन प्रवर्द्धन तथा विकासको लागि स्थानीय निकायको लगानी वृद्धि गर्ने ।
- ☞ पर्यटन विकासको लागि नेपाल पर्यटन बोर्ड, सम्बन्धित मन्त्रालयहरू, छिमेकी स्थानीय तहहरूसँग सहकार्य गर्ने ।
- ☞ बाणिज्य क्षेत्रको विकास तथा पर्यटन क्षेत्रको प्रवर्द्धनको लागि निजी क्षेत्रको लगानी वृद्धि गर्ने ।
- ☞ प्राविधिक शिक्षालय संचालनमा निजी क्षेत्रको लगानी वृद्धि गर्न प्रोत्साहन गर्ने ।
- ☞ खेलकूद विकास र प्रवर्द्धनमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने ।
- ☞ युवाहरूको क्षमतावृद्धि तथा स्वरोजगार प्रवर्द्धनको लागि विकास साझेदारसँग साझेदारी गर्ने ।
- ☞ गैसस तथा सामुदायमा आधारित संस्थाहरूसँग साझेदारी र सहयोग परिचालन गर्ने ।
- ☞ स्थानीय श्रोत, साधन तथा जनसहभागिता वृद्धि गर्ने ।

### ग. अन्तर सरकारी सम्बन्ध

नगरपालिकाको एकल प्रयासले मात्र विकासको उद्देश्य तथा उपलब्धी हासिल गर्न प्रायः असंभव छ। नगरपालिकाको विकासको सम्बन्धित क्षेत्रको तुलनात्मक लाभका विषयगत क्षेत्रमा विकास र लगानी आवश्यक छ। यस प्रकारका तुलनात्मक लाभका क्षेत्रहरूमा सम्बन्धित नगरपालिकाहरूलाई समेत लाभ पुग्ने क्षेत्र तथा आयोजनामा केन्द्रिय लगानी जुटाउन आवश्यक छ। यस नगरपालिकाको सन्दर्भमा प्रथम पञ्चवर्षिय योजनाको लक्ष्य हासिल गर्न र सहयोग पुर्याउन पर्यटन, उद्योग, संरक्षण क्षेत्र व्यवस्थापन, पूर्वाधार, सिप विकासका लागि छिमेकी स्थानीय तहहरूसँग निरन्तर सम्पर्क र समन्वय गरी योजना तर्जुमा, लगानी, कार्यान्वयन र अनुगमन गरिनेछ।

### घ. प्रथम पञ्चवर्षिय योजना र अन्य योजना बीच अन्तरसम्बन्ध

प्रथम पञ्चवर्षिय योजनाको राष्ट्रिय योजना, राष्ट्रियस्तरमा विषयगत दीर्घकालीन योजनाहरू, प्रदेशस्तरीय विषयगत गुरूयोजनासँग तादाम्यता, नीतिगत र कार्यगत समन्वय एवं उचित संबन्धमा कायम हुनु आवश्यक छ। एकातर्फ स्थानीय चाहना, आवश्यकता र मागले योजनाको प्रारूप प्राप्त गर्ने र अर्कोतर्फ राष्ट्रिय नीति, लक्ष्य, प्राथमिकता र कार्यक्रमहरू वास्तविक रूपमा कार्यान्वयन हुने हुँदा स्थानीय तथा प्रदेशस्तरका नीति तथा योजना र राष्ट्रिय, नीति, योजना र कार्यक्रम भेट हुने साझा थलो हो। तसर्थ, स्थानीय, प्रदेश र केन्द्रिय योजनाबीच उचित तालमेल, सम्बन्ध र एकीकरण हुन जरूरी छ। प्रथम पञ्चवर्षिय योजनालाई राष्ट्रिय नीति, विभिन्न राष्ट्रिय विषयगत गुरूयोजना तथा प्रदेशका विषयगत गुरूयोजनाहरूको परिपुरक तथा परिपोषकको रूपमा प्रस्तुत गरिएको छ।

## ९.६ प्रथम पञ्चवर्षिय योजना कार्यान्वयन

नेपालमा योजना तर्जुमाको पद्धतिलाई संस्थागत रूपमा स्थापीत गरेको भएतापनि अनुगमन तथा मूल्याङ्कन कमजोर भएको राष्ट्रिय रूपमै स्वीकारिएकोछ। तथापि, यस नगरपालिकाको प्रथम पञ्चवर्षिय योजनालाई योजनाको प्रतिफलमा आधारित अनुगमन तथा सहभागितामूलक लेखाजोखा पद्धति अवलम्बन गरी प्रतिफल मापन तथा योजना प्रभावकारिताको मूल्याङ्कन गरिनेछ। आवधिक नगर योजनाको अनुगमनलाई नियमित कार्यक्रमका रूपमा स्थापित गरी स्थानीयस्तरदेखि राष्ट्रिय स्तरसम्मका विभिन्न तहका सरोकारवालाहरू र तेस्रो पक्षसमेतको सहभागिता गरिनेछ। यस अन्तर्गत प्रतिफलमा आधारित प्रस्तावित अनुगमन खाका अनुसार पटके तथा नियमित अनुगमन, वार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्यांकन गरिनेछ। योजनाको स्वतन्त्र तथा तटस्थ तेस्रो पक्षबाट समेत लेखाजोखा गरिनेछ।

## ९.७ अनुगमन तथा मूल्याङ्कन

प्रथम पञ्चवर्षिय योजनाको अनुगमन तथा मूल्यांकन प्रयोजनका लागि विद्यमान कानुनी व्यवस्था तथा प्रचलनका आधारमा देहायका संरचना प्रस्ताव गरिएको छ।

***<u>अनुगमन समिति</u>***

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ को ४ख(५) मा व्यवस्था भएअनुरूप गठन हुने सुपरीवेक्षण तथा अनुगमन समितिलाई सक्रिय तुल्याई नगरपालिकाका योजना वा कार्यक्रम तर्जुमा गर्दा अनुमान गरिएका स्रोत साधनहरूको

परिचालन लक्ष्य अनुरूप भए नभएको, आयोजनाको कार्यान्वयन तालिका अनुसार भए नभएको एकिन गरी आयोजनाहरूलाई अपेक्षित गति र दिशा प्रदान गर्न यस समितिलाई सक्रिय तुल्याइने छ।

***अनुगमन उपसमिति***

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ मा व्यवस्था भएअनुरूप सुपरीवेक्षण तथा अनुगमन उपसमिति गठन गरिनेछ। यस उपसमितिले नगरपालिकामा सञ्चालित आयोजनाहरूको नियमित अनुगमन तालिका तर्जुमा र कार्यान्वयन गरी तथ्यांक व्यवस्थापन, नियमित अद्यावधिक तथा प्रशोधन गर्ने व्यवस्था गरी हालको स्थितिबाट नगरपालिकाको प्रगति कति अगाडि बढ्यो भन्ने विश्लेषण गर्ने आधार तयार प्रस्तुत गर्नेछ। उपसमितिबाट हुने अनुगमनलाई बढी सहभागितामूलक बनाउन अनुगमन तथा सुपरिवेक्षण क्रियाकलापहरूमा नगरपालिकाका अन्य सरोकारवालाहरूलाई समेत आमन्त्रण गरिनेछ।

अनुगमनको समन्वय गर्ने सम्पूर्ण जिम्मेवारी योजना तथा अनुगमन शाखाको हुनेछ। योजना तथा अनुगमन शाखासँग प्रत्यक्ष समन्वयमा रहेर अन्य विषयगत निकायहरूले सम्बन्धित विषय क्षेत्रको अनुगमनको कार्य गर्नेछन्। योजना तथा अनुगमन शाखालाई भौतिक एवं मानवीय श्रोत साधनले सम्पन्न बनाइनेछ। त्यस अतिरिक्त अनुगमन गर्ने कार्यालय, व्यक्तिको आचारसंहिता निर्माण तथा अनुगमन कार्यका लागि आवश्यक पर्ने क्षमता विकासको व्यवस्था नगरपालिकाले मिलाउनेछ।

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

प्रथम पञ्चवर्षिय योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रियागत अनुगमन गरिनेछ। प्रक्रियागत अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गर्नेछ। नगरपालिका स्थानीय सरकार समेत भएको हुँदा अनुगमन मूल्यांकन शाखा गठन गरी छुट्टै कर्मचारीको व्यवस्था गर्नु उपयुक्त देखिन्छ। प्रस्तावित यस शाखाले निम्नअनुसार समितिसँगको समन्वयमा आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी वहन गर्नेछ।

- नगर कार्यपालिका तथा विषयगत समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा उपशाखा, परियोजना, संघ, संस्था
- तेश्रो पक्ष (नागरिक समाज संस्था तथा व्यक्ति)

### ९.७.२ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका औजार तथा विधि देहायअनुसार रहनेछ।

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना
- नागरिक अनुगमन

तथापि, तलका केहि विधीहरूलाई नगरपालिकामा संस्थागत रूपमा अगाडि बढाईएको छ।

## *नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा*

अनुगमन तथा सुपरीवेक्षण समिति र संयुक्त अनुगमन समितिसँग समन्वय गरी सहभागितामूलक प्रक्रिया बमोजिम प्रतिफलमा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुगमन योजना तर्जुमा गरी योजनाको समीक्षा, प्रतिफल तथा कार्यसम्पादनको मापन गरिनेछ। यस प्रकारको अनुगमनमा सहभागितामूलक अनुगमन प्रक्रिया तथा सरोकारवालाको संलग्नता रहनेछ। यसका साथै तेश्रो पक्ष वा विषयविज्ञले यस प्रक्रियामा सहजिकरण गर्नेछन।

## *मध्यावधि मूल्याङ्कन*

प्रथम पञ्चवर्षिय योजनामा निर्धारित लक्ष्य, उद्देश्य, सूचक र नीतिहरूका आधारमा यसको मध्यावधि मूल्यांकन हुनेछ। मध्यावधि मूल्याङ्कन प्रतिफलमा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा प्रतिवेदन तथा सूचनाको आधारमा सहभागितामूलक प्रक्रियाबाट गरिनेछ। मूल्याङ्कनमा अनुगमन तथा सुपरीवेक्षण समितिको प्रमुख भूमिका हुनेछ। मूल्याकंनको सहजिकरण योजना तर्जुमा तथा अनुगमनमा सम्बन्धी दख्खल भएका र अनुभवी पेशाविद्को समूह संलग्न हुनेछन्।

## *अन्तिम मूल्याङ्कन*

प्रथम पञ्चवर्षिय योजनाको समयावधि समाप्त भएपछि योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा विषयगत उपलब्धीहरू हासिल भए नभएको प्रतिफलमा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार मापन तथा लेखाजोखा गरिनेछ। योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा दख्खल भएका तेश्रो पक्षका अनुभवी पेशाविदहरूको संलग्नता र सहजिकरणमा अन्तिम मूल्याङ्कन गरिनेछ। यस प्रकार गरिएको अन्तिम मूल्याङ्कनको प्रतिवेदन सार्वजनिक गरिनेछ ।

# अनुसूची तालिका

## अनुसूची - १: समस्या विश्लेषण तालिका

### १. आर्थिक विकास

| समस्याहरु | समस्याका कारणहरु | समाधानका उपायहरु |
|---|---|---|
| **१.१ कृषि, सिचाई तथा पशु विकास** | | |
| • कृर्षि उत्पादन तथा उपादकत्वमा कमि | • भरपर्दो सिचाइ सुविधाको न्यूनता | • साना तथा मझौला सिचाइ आयोजना यथाशिग्र सम्पन्न गर्नु पर्ने, कृर्षि वजार ऐन बनाई यथाशिघ्र लागु हुनु पर्ने, कृषि उत्पादनको न्यूनतम मूल्य तोकिनु पर्ने र अनुदानको व्यवस्था |
| • माटोको उर्वरा शक्तिमा ह्रास | • जथाभावि रूपमा रसायनिक मलको प्रयोग र कम्पोष्टिङ नगरिनु | • समय समयमा माटोको उपचार गर्ने,अर्गानिक मल निर्माण तथा व्यवस्थापन सम्वन्धी तालिम |
| • आधुनिक उपकरण तथा उन्नत विउको अभाव | • लगानीको अभाव<br>• रैथाने जातका बिउहरू लोप हुनु | • लगानी वढाउने र मेसिनजन्य उद्योगको व्यवस्थापन, स्थानीय जातका वीउ उत्पादनलाई नीति वनाई उत्पादनमा प्राथमिकता दिने |
| • कृषकले समयमा कृषि सेवा नपाउनु | • कृषि प्राबिधिकको अभाव | • कृषि सम्बन्धी जनशक्ति र आर्थिक स्रोत वढाउनु |
| • स्थानीय जात वीउहरु लोप हुदै जानु। | • जनचेतनाको अभाव | • प्रत्यक वडा अनुसार कृषि सेवाकेन्द्रको स्थापना हुनु पर्ने |
| • सुहाउदो जलवायु अनुसारको फलफुल खेतीको विकास नहुनु | • फलफुल खेतीको विकासलाई प्राथमिकतामा नपारिनु | • स्थान सुहाँउदो र जलवायु अनुसारको फलफुलका जातहरूको विकास गर्ने |
| • वर्षभरी सिंचाइ सेवा उपलब्ध हुने पानीको मुहानको पहिचान तथा संरक्षण नहुनु | • जलवायू परिवर्न,अनियन्त्रित सहरीकरण र वस्ति विकास | • सहरीकरण र वस्ति विकासको आवश्यकता अनुसार निमन हुनुपर्ने |
| • संचालित सिचाइ सेवा | • लगानी तथा प्राविधिक ज्ञानको कमि | • लगानीमा बृद्धि तथा प्राविधिक ज्ञानको |

| समस्याहरु | समस्याका कारणहरु | समाधानका उपायहरु |
|---|---|---|
| उपलब्ध गराउने संरचनाहरुको उचित मर्मत संभार र संचालनमा कमी | | अद्धयाबधिक |
| • सिचाइ सेवा उपलब्ध गराउने कार्यालयका कार्यक्रमहरु विचमा समन्वय र सन्तुलन नहुनु | • संस्थागत विकास अबधारणाको कमि | • समन्वय र सम्बन्ध विकासमा जोड दिनु पर्ने |
| **१.२ उद्योग वाणिज्य, बैंकिङ् र सहकारी** | | |
| **समस्याहरु** | **समस्याका कारणहरु** | **समाधानका उपायहरु** |
| • लघु तथा घरेलु उद्योगहरु विस्तापीत हुनु | • स्थानीय स्रोत तथा साधनहरुको परिचालनमा कठिनाइ,<br>• परिमाणत्मक उत्पादनमा कमी र<br>• उद्यमशिलताको अभाव | • उद्यमशिलताको विकास गर्दै उद्यम विकासका लागी एकिकृत रुपमा प्राविधिक सहयोग उपलब्ध गराउने ( तालिम, ऋणमा पहुच, उपयुक्त प्रविधि, वजारीकरण) |
| • उद्योग स्थापनाका लागी पकेट क्षेत्र पहिचान हुन नसक्नु | • नीतिगत समस्या,<br>• लगानी र वजारको अभाव | • उपयुक्त नीतिगत व्यवस्था हुनु पर्ने |
| • औद्योगीक विकास हुन नसक्नु | • नियमित विद्यूत आपुर्ती नहुनु,<br>• दक्ष जनशक्तिको अभाव, पूर्वाधारको कमी<br>• लगानीका लागी पयाप्त पूजीको कमी | • विद्यूत आपुर्ति नियमित हुनु पर्ने, दक्ष जनशक्तिको लागी तालिम दिनु पर्ने, कच्चा पदार्थमा भन्सार दर न्यून हुनु पर्ने, आवश्यक पूर्वाधारको व्यवस्था हुनु पर्ने, वित्तिय संस्थाहरुवाट सहुलियत व्याजदरमा छिटो छरितो ऋणको व्यवस्था हुनु पर्ने |
| • सम्पुर्ण उद्योगी व्यवसायीहरुलाई करको दायरा भित्र समे्न नसक्नु | • उद्योगको लगानी तथा विक्रिको आधारमा करको व्यवस्था नहुनु<br>• कर वारे सचेतना गर्न नसक्नु | • लगानी तथा विक्रिको आधारमा कर तिर्ने व्यवस्था हुनु पर्ने<br>• करवारे शसक्त रुपमा सचेतना फैलाउनु पर्ने |
| • विक्रि कक्ष तथा वजारको अभाव | • उद्योगको क्षेत्रमा काम गर्ने निकाय वीच समन्वयको कमी | • सम्वधित निकायहरु विच समन्वय गरी संचालनमा ल्याउनु पर्ने |
| • ग्रामिण क्षेत्रहरुमा बैंकहरुको पहुंच न्यून हुनु | • आवश्यकता अनुसार शाखाको विस्तार नहुनाले जनशक्तिको कमी, | • आवश्यकता अनुसार शाखा तथा जनशक्तिको व्यवस्था हुनु पर्ने, सरकारी |

| समस्याहरु | समस्याका कारणहरु | समाधानका उपायहरु |
|---|---|---|
| | सरकारी निती कार्यान्वयन हुन नसक्नु, ग्रामिण जनतामा बैंकको सेवा वारे सचेतनाको अभाव | नीतिको कार्यान्वयन हुनु पर्ने, ग्रामिण जनतालाई बैंक तथा जनतालाई सचेत गराउनु पर्ने |
| • सहकारीहरुलाई उपयुक्त अनुदानको कमी | • सहकारी नीतिको कमी | • सहकारी नीतिमा समय साक्षेप सुधार हुनु पर्ने |
